गण्डकी प्रदेश सभा

सार्वजनिक लेखा समिति

पोखरा, नेपाल

बार्षिक प्रतिवेदन, २०८३

प्रदेश सभा सचिवालय

गण्डकी प्रदेश सभा

नदिपुर, पोखरा

फोनः **061-570800, 061-571535**

ईमेलः gandakiprovince@gmail.com

सार्वजनिक लेखा समितिको माननीय सभापतिको मन्तव्य

माननीय सभामुख महोदय,

नेपालको संविधानको धारा १९३ एवम् गण्डकी प्रदेश सभा नियमावली, २०८० को नियम १५२ मा प्रदेश सभाको कार्यप्रणालीलाई व्यवस्थित गर्न, प्रदेश सरकारलाई जनताप्रति उत्तरदायी र जवाफदेही बनाउन, सरकारबाट भए गरेका काम कारबाहीको अनुगमन, मूल्याङ्कन र निगरानी गरी आवश्यक राय सल्लाह र निर्देशन दिन समिति वा विशेष समिति गठन गर्न सक्ने व्यवस्था रहेको छ। गण्डकी प्रदेश सभा नियमावली, २०८० नियम १५३ मा गण्डकी प्रदेश सभामा रहने ४ (चार) वटा विषयगत समिति र उक्त समितिहरुको कार्यक्षेत्र निर्दिष्ट गरिएको छ। सोही अनुसार गण्डकी प्रदेश सभाको मिति २०८० साउन ३० गतेको बैठकबाट यो समितिको गठन भएको हो।

सार्वजनिक लेखा समितिको कार्यक्षेत्रभित्र विभिन्न निकायका सार्वजनिक लेखासँग सम्बन्धित विषयमा अध्ययन तथा महालेखापरीक्षकको वार्षिक प्रतिवेदनले औँल्याएका बेरुजु सम्बन्धी विषयहरु रहेको कुरा सम्मानित सभालाई अवगत नै छ। सोही अनुसार प्रदेश सरकारका मन्त्रालय र मातहतका निकायको सार्वजनिक लेखासँग सम्बन्धित नीति तथा कार्यक्रम, स्रोत परिचालन, व्यवस्थापन र अन्य यस्तै क्रियाकलापको मूल्याङ्कन गरी प्रदेश सरकारलाई जनउत्तरदायी र जवाफदेही बनाउनका लागि आवश्यक अनुगमन र मूल्याङ्कन गरी राय सल्लाह र निर्देशन दिनु समितिको मुख्य कार्य रहेको छ। महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा उल्लिखित बेरुजुको जाँच गरी महालेखापरीक्षकद्वारा सम्पादित कार्यहरु र सो सम्बन्धमा सम्बन्धित निकायबाट हुनु पर्ने काम कारबाही कानूनसङ्गत र औचित्यपूर्ण तवरबाट भए नभएको सम्बन्धमा समेत अध्ययन गरी आवश्यक निर्देशन दिने तथा समितिको कार्यक्षेत्र भित्रका विषयमा प्राप्त उजुरी, निवेदन, सञ्चार माध्यमले औँल्याएका सरोकारवालाहरुले राखेका चासोका विषय र समिति आफैँले समेत अध्ययन अनुगमनका क्रममा देखिएका नियमित र व्यवस्थित नभएका विषयहरुमा छलफल गरी आवश्यक निर्देशन दिने लगायतका कार्यक्षेत्र रहेका छन। समितिले विनियोजन कुशलता, कार्यान्वयन दक्षता, वित्तीय अनुशासन र सुशासन कायम गर्न क्षेत्रगत विषयमा विभिन्न निर्देशन तयार गरी सम्बन्धित मन्त्रालय तथा निकायमा पठाई आवश्यक कामकारबाही अघि बढाइएको छ।

माननीय सभामुख महोदय,

महालेखापरीक्षकको सातौँ वार्षिक प्रतिवेदन, २०८२ उपर दफावार छलफल गरी सार्वजनिक निकायले विनियोजित बजेट खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, पारदर्शीता, प्रभावकारिता र औचित्यताका आधारमा गरे नगरेको, आर्थिक अनुशासन उल्लङ्घनकर्तालाई कानूनको दायराभित्र ल्याई सुशासन अभिवृद्धिका लागि अवलम्बन गरिएका प्रयासहरुको सम्बन्धमा अध्ययन गरी उल्लिखित कार्यहरुलाई दक्षतापूर्वक सञ्चालन गर्न, गराउन अवलम्बन गर्नुपर्ने नीति वा कार्यप्रणालीबारे खुलाई समितिद्वारा दिइएको विभिन्न निर्देशन तथा सम्पादित कार्यहरुलाई प्रस्तुत वार्षिक प्रतिवेदन, २०८३ मा समेटिएको छ।

प्रदेशमा बेरुजुको आकार बढ्दै गइरहेको अवस्थामा महालेखापरीक्षकको सातौँ वार्षिक प्रतिवेदनमा उल्लिखित बेरुजु फछ्र्यौट, न्यूनीकरण तथा नियन्त्रणका लागि समितिले योजनावद्ध ढङ्गबाट सरोकारवाला मन्त्रालय, कार्यालय, सचिवालय, आयोग तथा प्रतिष्ठानका विभागीय प्रमुख र लेखा उत्तरदायी अधिकृतसँग निरन्तर रुपमा छलफल गरिएको व्यहोरा अवगत नै छ । यस अवधिमा विभिन्न मन्त्रालयहरु, संवैधानिक निकाय, समिति तथा सचिवालयको नाममा रहेको उक्त प्रतिवेदनमा उल्लिखित बेरुजु उपर दफावार छलफल गरी नीतिगत तथा प्रणालीगत विषयहरुमा देखिएका कमि कमजोरीहरु सुधार गर्न, बेरुजु फछ्र्यौट गर्न र सुशासन तथा आर्थिक अनुशासन कायम गर्न आवश्यक राय, सुझाव तथा निर्देशनहरु दिइएको छ ।

महालेखापरीक्षकको प्रतिवेदनका सम्बन्धमा विभिन्न मितिमा भएका छलफलका आधारमा समितिले विभिन्न सुधारका विषयहरु समेत पहिचान गरेको छ । गण्डकी प्रदेश सरकारबाट प्रदान गरिने आर्थिक सहायता, कृषि, शिक्षा, युवा तथा खेलकुद, उद्योग तथा पर्यटन लगायतका कार्यक्रम मार्फत अनुदान वितरणमा दोहोरोपना आउन नदिन अनुदान प्राप्त गर्ने व्यक्ति, संस्था, रकम, उद्देश्य र कार्यक्षेत्रको विवरण मन्त्रालयको वेबसाइटमार्फत सार्वजनिक गरी पारदर्शिता कायम गर्ने, विभिन्न मन्त्रालय तथा निकायहरूले कन्टिजेन्सी शीर्षकबाट खर्च गर्दा आयोजनागत अभिलेख राखी चालु खर्चमा मितव्ययिता कायम गर्न एवम् बजेट रकमान्तरको दुरुपयोग रोक्न अबण्डा शीर्षकमा बजेट राखी आर्थिक वर्षको अन्तमा खर्च गर्ने प्रवृत्तिको अन्त्य गर्न तथा वित्तीय व्यवस्थापनका सिद्धान्त अनुसार बजेट विनियोजन र खर्चबीचको सम्बन्धलाई परिणाममुखी बनाई सार्वजनिक स्रोतको मितव्ययी उपयोगमा जोड दिन निर्देशन दिइएको छ ।

प्रदेश सरकारको राजस्वको नयाँ श्रोतहरु पहिचान तथा करको दायरामा विस्तार गरी सरकारको आम्दानी बृद्धि र पुँजीगत खर्च गर्ने क्षमता बढाउन हालको कार्यप्रणालीमा व्यापक सुधार गर्न, प्रदेश सभाले स्वीकृत बजेट तथा कार्यक्रम शीर्षकमा रकमान्तर तथा स्रोतान्तर गर्ने प्रवृत्तिलाई नियन्त्रण गर्न, सार्वजनिक खरिद कार्यलाई खुला, पारदर्शी, प्रतिष्पर्धी, वस्तुनिष्ठ र विश्वसनीय बनाउन एउटै योजना कार्यक्रमको बजेटलाई स्लाइसिङ (टुक्र्याउने) र प्याकेजिङ गरी गरिने खरिद कार्यलाई नियन्त्रण गरी वित्तीय सुशासन कायम गर्न, प्रदेश सरकारले प्रदान गरेको क्षेत्रगत अनुदानको उपलब्धी मापन गरी अनुदानलाई खुला, पारदर्शी, वस्तुनिष्ठ, लागतप्रभावी, प्रतिफलमूलक र लक्षित वर्ग केन्द्रित तथा विश्वसनीय बनाउन मापदण्ड सहितको उपयुक्त कार्यविधि तयार गरी विवेकपूर्ण ढङ्गले अनुदान वितरण गर्न, कार्यालयसँग विशेषज्ञ जनशक्ति उपलब्ध हुँदाहुँदै पनि परामर्श सेवा खरिद गरी गरिने कार्य तत्काल नियन्त्रण गर्न, बेरुजु फछ्र्यौटको कार्यलाई प्राथमिकतामा राखी कार्यान्वयन गर्न साथै प्रदेश गौरवका आयोजनाहरु तोकिएको लक्ष्य अनुरुप समयमै सम्पन्न हुने गरी पर्याप्त बजेट विनियोजन गर्नुपर्ने लगायतका विषयमा समितिमा एकमत रहेको छ ।

माननीय सभामुख महोदय,

वार्षिक विनियोजित रकम, त्यसको खर्च, आयोजना कार्यान्वयनमा ढिला सुस्तीका कारण समयमा सम्पन्न हुन नसकेको अवस्था र यसमा सरकारका सम्बन्धित विषयगत मन्त्रालय र निकायको बेलैमा ध्यान पुग्न नसकेको सम्बन्धमा मन्त्रालयका माननीय मन्त्री र सचिवको उपस्थितिमा गम्भिर छलफल गरिएको छ । साथै सबै मन्त्रालय र निकायमा रहेको बेरुजु रकमको बारेमा छलफल गरी नियमित गर्नुपर्ने, असुल गर्नुपर्ने र पेश्की बेरुजुको बारेमा समितिमा व्यापक छलफल गरी तत् तत् निकायलाई तत्काल आवश्यक कागजात सहित समितिबाट भएको निर्णय कार्यान्वयन गर्नका लागि निर्देशन गरिसकिएको व्यहोरा सम्मानित सभामा अवगत गराउन चाहन्छु । त्यसैगरी प्रदेश सरकारले अनुगमन मुल्याङ्कनमा गरेको खर्च र सोको उपलब्धी, आर्थिक विषयसँग सम्बन्धित कानूनहरुको पालना भए नभएको र समितिले समय समयमा दिएका निर्देशनहरुको कार्यान्वयनको अवस्थाको नियमित निगरानी गर्ने विषयलाई समेत आगामी दिनमा प्राथमिकतामा राखी कार्यान्वयन गर्दै लैजाने व्यहोरा समेत सभालाई जानकारी गराउन चाहन्छु ।

अन्त्यमा, समितिको कार्यलाई मार्गदर्शन गर्नुहुने माननीय सभामुखज्यू र माननीय उपसभामुखज्यू प्रति म हार्दिक आभार व्यक्त गर्दछु । साथै समितिका हरेक क्रियाकलापहरुमा सक्रियतापूर्वक सहभागी भई आ-आफ्नो भूमिका निर्वाह गर्नु हुने समितिका सम्पूर्ण माननीय सदस्यहरुलाई हार्दिक धन्यवाद दिन चाहन्छु । समितिका विभिन्न बैठकहरुमा उपस्थित भई प्रदेश सरकारका काम कारबाहीका बारेमा जानकारी एवं समितिका निर्देशनहरु कार्यान्वयनमा सहयोग पुऱ्याउनु हुने गण्डकी प्रदेश सरकारका माननीय मुख्यमन्त्रीज्यू, माननीय मन्त्रीज्यूहरु, प्रदेश सरकारका प्रमुख सचिव, सचिव लगायत मन्त्रालय र मातहतका निकायका कर्मचारीहरुलाई समिति र मेरो तर्फबाट हार्दिक आभार प्रकट गर्दछु । समितिको काममा समन्वयात्मक सहयोग पुऱ्याउनु हुने गण्डकी प्रदेश सभा सचिव एवं प्रतिवेदन तयारीमा प्रत्यक्ष, अप्रत्यक्ष सहयोग पुऱ्याउनु हुने यस समितिका सचिव लगायत सम्पूर्ण कर्मचारीहरु, पत्रकार मित्रहरु र विभिन्न संघ संस्थाका प्रतिनिधिहरु समेतलाई समितिको तर्फबाट म हार्दिक धन्यवाद दिन चाहन्छु ।

माननीय सभामुख महोदय,

माननीय सभामुख महोदयको अनुमतिले अब म गण्डकी प्रदेश सभा नियमावली, २०८० को नियम १६८ को उपनियम (१) बमोजिम सार्वजनिक लेखा समितिको वार्षिक प्रतिवेदन, २०८३ सम्मानित सभा समक्ष स्वीकृतिका लागि पेस गर्दछु ।

धन्यवाद ।

मितिः २०८३ साल जेठ २९ गते, शुक्रवार

(सुधिर कुमार पौडेल)
सभापति
सार्वजनिक लेखा समिति
गण्डकी प्रदेश सभा

विषय सूची

पेज नं.

खण्ड एक : सार्वजनिक लेखा समितिको परिचय **१-३**

१.१. सार्वजनिक लेखा समितिको परिचय १

१.२. सार्वजनिक लेखा समितिको कार्यक्षेत्र १

१.३. सार्वजनिक लेखा समितिको काम, कर्तव्य र अधिकार १-२

१.४. सार्वजनिक लेखा समितिमा रहनु भएका माननीय सदस्यहरुको नामावली २

१.५. समिति सचिवालय ३

खण्ड दुई : सार्वजनिक लेखा समितिले आर्थिक वर्ष २०८२/०८३ मा गरेका मुख्य-मुख्य गतिविधि **४-२१**

२.१. गतिविधि सारांश ४

२.२. महालेखा परीक्षकको प्रतिवेदन छलफलको लागि समितिले अपनाएको कार्यविधि ४-५

२.३. सार्वजनिक लेखा समितिको आर्थिक वर्ष २०८२/०८३ का बैठकका निर्णयहरु ५-१५

२.४. समितिमा माननीय सदस्यको उपस्थिति विवरण १६

२.५. निर्णय कार्यान्वयनको अवस्था १७-२०

२.६. कार्यप्रगति विवरण २१

खण्ड तीन : महालेखा परीक्षकको सातौं प्रतिवेदनमा उल्लिखित बेरुजु, मन्त्रालयको जवाफ र समितिको निर्णय **२३-१४०**

३.१. गण्डकी प्रदेश सभा सचिवालय २३-२५

३.२. मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय २५-३२

३.३. आर्थिक मामिला मन्त्रालय ३२-४७

३.४. उर्जा,जलस्रोत तथा खानेपानी मन्त्रालय ४८-६२

३.५. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय ६२-७७

३.६. कृषि तथा भूमि व्यवस्था मन्त्रालय ७७-८७

३.७. भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय ८७-११६

३.८. सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय ११६-१२९

३.९. प्रदेश नीति तथा योजना आयोग १२९-१३८

३.१०. प्रदेश लोक सेवा आयोग १३८-१३९

३.११ मुख्य न्याधिवक्ताको कार्यालय १३९-१४०

खण्ड चार : निष्कर्ष र सुझाव

४.१. महालेखा परीक्षकको सातौं प्रतिवेदनका सम्बन्धमा समितिको निष्कर्ष र सुझाव १४१-१४४

अनूसूची (फोटोहरु)

अनूसुची १ - सार्वजनिक लेखा समितिका पदाधिकारी

अनूसुची २ - सचिवलायका कर्मचारीहरु

अनूसुची ३ - सार्वजनिक लेखा समितिको बैठकका केही झलकहरु

खण्ड एक
सार्वजनिक लेखा समितिको परिचय

१.१. सार्वजनिक लेखा समितिको परिचय

संसदीय अभ्यासको एक महत्त्वपूर्ण विशेषता संसदीय समितिहरूको व्यवस्था हो। नेपालको संविधानको धारा १९३ मा प्रदेश सभाको कार्यप्रणालीलाई व्यवस्थित गर्न प्रदेश सभाले विभिन्न समितिहरु गठन गर्न सक्ने व्यवस्था छ। उक्त व्यवस्था अनुसार प्रदेश सभा नियमावली, २०८० को नियम १५२ ले विभिन्न चार विषयगत समितिको व्यवस्था गरेको छ। यि विषयगत समितिमध्ये सार्वजनिक लेखा समिति एक महत्वपूर्ण समिति रहेको छ। नियमावलीको व्यवस्था अनुसार नै मिति २०८० साल साउन ३० गते गठन भई गण्डकी प्रदेश सभा, सार्वजनिक लेखा समितिले आफ्नो कार्यक्षेत्र अनुसारका कामकारवाही निरन्तर सम्पादन गर्दै आएको छ।

विश्व इतिहासलाई हेर्ने हो भने सार्वजनिक लेखा समितिको गठन बेलायतमा सन् १८६१ मा भएको थियो। सदनमा रहेको दलीय उपस्थितिको प्रतिनिधित्व हुने गरी बढीमा १५ सदस्य रहने उक्त समितिले गैरराजनीतिक रूपमा काम गर्ने अपेक्षा गरिएको थियो। राज्यकोषको खर्च संसदले चाहेबमोजिम होस् भनी त्यसको सुनिश्चितता गर्नु र सरकारी कोषको प्रभावकारी र मितव्ययितापूर्वक खर्च भए नभएको जाँच पड्ताल गर्नु सार्वजनिक लेखा समितिको प्रमुख कार्य रहेको थियो। बेलायतमा स्थापित परम्परा अनुसार सार्वजनिक लेखा समितिको सभापति संसदमा विपक्षी दललाई दिने गरिएको छ।

नेपालमा सार्वजनिक लेखा समितिको इतिहास २०१६ सालदेखि नै सुरुवात भएको पाइन्छ। २०१६ सालमा निर्वाचित प्रतिनिधि सभामा सार्वजनिक लेखा समितिको व्यवस्था थियो। नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ६४ मा सार्वजनिक लेखा समितिको संवैधानिक व्यवस्था नै गरिएको थियो । राज्य पुनर्संरचनामा गएसँगै नेपालको संविधानले प्रत्येक प्रदेशमा एक प्रदेश सभा रहने तथा प्रदेश सभाले विषयगत समिति गठन गर्न सक्ने व्यवस्था गरेको छ। सोही व्यवस्था अनुसार गण्डकी प्रदेश सभा नियमावली, २०८० ले वढीमा १५ सदस्य रहने गरी सार्वजनिक लेखा समिति गठन गर्न सक्ने व्यवस्था गरेको छ । नियमावलीको व्यवस्था अनुसार समितिमा १५ जना सदस्य रहने गरी गण्डकी प्रदेश सभाको सार्वजनिक लेखा समिति गठन भएको छ ।

१.२. सार्वजनिक लेखा समितिको कार्यक्षेत्र

गण्डकी प्रदेश सभा नियमावली, २०८० को नियम १५३ अनुसार सार्वजनिक लेखा समितिको कार्यक्षेत्र सार्वजनिक लेखा, महालेखा परीक्षकको वार्षिक प्रतिवेदन र सार्वजनिक लेखा सम्बन्धी विषय र निकाय रहेको छ ।

१.३. सार्वजनिक लेखा समितिको काम, कर्तव्य र अधिकार

गण्डकी प्रदेश सभा नियमावली, २०८० को नियम १५८ बमोजिम समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार रहेको छ ।

(क) प्रदेश सरकारका मन्त्रालय र अन्तर्गतका निकायको सार्वजनिक लेखासँग सम्बन्धित नीति तथा कार्यक्रम, श्रोत परिचालन, व्यवस्थापन र अन्य यस्तै क्रियाकलापको मूल्याङ्कन गरी सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिने तथा समुचित टिप्पणी, सिफारिस र निर्देशन सहितको वार्षिक प्रतिवेदन सभामा पेस गर्ने,

(ख) प्रदेश सरकारलाई जनउत्तरदायी र जवाफदेही बनाउनका लागि प्रदेश सरकारबाट भए गरेका काम कारबाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन वा राय सुझाव दिने,

(ग) सार्वजनिक लेखा समितिले सभामा पेस गरिएको महालेखा परीक्षकको वार्षिक प्रतिवेदनमा उल्लिखित बेरुजुको जाँच गरी महालेखा परीक्षकद्वारा सम्पादित काम कारबाही र सो सम्बन्धमा सम्बन्धित निकायबाट हुनु पर्ने काम कारबाही कानूनसङ्गत र औचित्यपूर्ण तवरबाट भए नभएको सम्बन्धमा समेत अध्ययन गरी आवश्यक निर्देशन दिने,

(घ) सरकारद्वारा समय-समयमा गठन हुने छानबिन आयोग, समिति र जाँचबुझ आयोग, समितिद्वारा प्रस्तुत प्रतिवेदन कार्यान्वयनको अनुगमन गरी सम्बन्धित निकायलाई आवश्यक राय, सल्लाह र निर्देशन दिने,

(ण) समितिको कार्यक्षेत्रभित्रका विषयमा प्राप्त उजुरी, निवेदन, सञ्चार माध्यममा आएका विषय, सरोकारवालाको चासो एवम् समितिले आवश्यक ठानेका विषयमा जाँच गरी आवश्यक निर्देशन दिने,

(च) प्रदेश भित्रका सरकारी निकायको सार्वजनिक सम्पत्तिको हिनामिना भए नभएको अध्ययन, अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन, राय वा सुझाव दिने र सभामा प्रतिवेदन पेस गर्ने,

(छ) समितिको सिफारिसमा सभामुखबाट अनुमोदित बजेट र कार्यक्रमको अधीनमा रही आफ्नो कार्यक्रम सञ्चालन गर्ने,

(ज) सार्वजनिक वा सरकारी आय व्यय, खर्च प्रणाली, सार्वजनिक सम्पत्ति, ऋण सहायताको कानुन अनुसार सुरक्षा, व्यवस्थापन र सञ्चालनको नियमनलाई दायरा मानिने,

(झ) समितिले दिएको निर्देशन कार्यान्वयन भए नभएको सम्बन्धमा अध्ययन गरी सभामा प्रतिवेदन पेस गर्ने,

(ञ) सभाद्वारा तोकिएको अन्य कार्य गर्ने ।

१.४. आर्थिक वर्ष २०८२/८३ मा सार्वजनिक लेखा समितिमा रहनु भएका माननीय सदस्यको नामावली

क्र.सं.	नाम, थर	पदाधिकार	कैफियत
१	मा. सुधिर कुमार पौडेल	सभापति	
२	मा. कल्पना तिवारी	सदस्य	
३	मा. कृष्ण प्रसाद पाठक	सदस्य	मिति २०८३।०२।१३ देखि
४	मा. गोविन्द बहादुर नेपाली	सदस्य	मिति २०८३।०१।०२ सम्म
५	मा. जित प्रकाश आले मगर	सदस्य	
६	मा. जित बहादुर शेरचन	सदस्य	मिति २०८३।०१।०२ सम्म
७	मा. डा. टक राज गुरुङ्ग	सदस्य	मिति २०८३।०२।१३ देखि
८	मा. टिका कुमारी बस्याल	सदस्य	
९	मा. नन्दकला दमै नेपाली	सदस्य	
१०	मा. द्रोण कुमार कुँवर	सदस्य	
११	मा. पञ्चराम गुरुङ	सदस्य	
१२	मा. फणिन्द्र देवकोटा	सदस्य	मिति २०८३।०२।१३ देखि
१३	मा. निर्मला थापा	सदस्य	
१४	मा. बेद बहादुर गुरुङ	सदस्य	
१५	मा. भिम बहादुर कार्की	सदस्य	मिति २०८३।०१।०२ सम्म
१६	मा. रेशम बहादुर जुग्जाली	सदस्य	
१७	मा. सरस्वती गुरुङ	सदस्य	
१८	मा. सुशिला सिंखडा	सदस्य	

१.५. समिति सचिवालय

गण्डकी प्रदेश सभा नियमावली, २०८० को नियम १७१ मा समिति सचिवालयको व्यवस्था रहेको छ । उक्त नियममा प्रदेश सभा सचिवालय अन्तर्गत प्रत्येक समितिको सचिवालय रहने, प्रदेश सभा सचिव प्रत्येक समितिको पदेन सचिव हुने, सचिवले आफू मातहतको अधिकृतलाई सभाको कुनै समितिको सचिव भई काम गर्न तोक्न सक्ने र समितिको सचिवले समितिको कार्य सम्पादनमा सहयोग पुर्याउन सभापतिसँगको समन्वय गरी सम्बन्धित मन्त्रालय, विभाग वा निकायकसँग आवश्यक जानकारी माग गर्न सक्ने व्यवस्था गरेको छ । सोही व्यवस्था अनुसार सार्वजनिक लेखा समिति सचिवालयमा निम्नानुसारका कर्मचारी कार्यरत रहेका छन् ।

क्र.स.	**पद**	**नाम थर**	**समिति सचिवालयमा जिम्मेवारी**
१	प्रदेश सभा सचिव	श्री गोविन्द पौडेल	पदेन सचिव
२	लेखा अधिकृत	श्री पदमराज बराल	समिति सचिव
३	अधिकृत छैठौं	श्री चन्द्रकला बस्नेत	अधिकृत कर्मचारी
४	सहायक लेखापाल चौथौं	श्री जागृती गिरी	सहायक कर्मचारी
५	माइक संचालक	श्री कल्पना त्रिपाठी	सहायक कर्मचारी
६	कार्यालय सहयोगी	श्री धन बहादुर प्याकुरेल	कार्यालय सहयोगी

खण्ड दुई

सार्वजनिक लेखा समितिले हालसम्म सम्पन्न गरेका मुख्य-मुख्य गतिविधि

२.१. गतिविधि सारांश

गण्डकी प्रदेश सभाका ४ वटा विषयगत समिति मध्येको एक समिति सार्वजनिक लेखा समिति हो। प्रदेश सभा नियमावली, २०८० को नियम १५२ ले व्यवस्था गरे बमोजिम यो समिति गठन भई २०८० असोज २१ मा पहिलो बैठक बसेको थियो। यस आर्थिक वर्षमा समितिले महालेखा परीक्षकको सातौं प्रतिवेदन, २०८२ मा औंल्याइएको बेरुजु उपर गण्डकी प्रदेश सरकारका पदाधिकारी, गण्डकी प्रदेशका लागि जिम्मेवार नायब महालेखापरीक्षक, महालेखा परीक्षकको कार्यालयका प्रतिनिधि लगायतका सरोकारवालाहरुसँग छलफल गरी देखिएका बेरुजु सम्परीक्षण तथा फरफारक गर्ने, नियमित गर्ने लगायतका कार्यमा सम्बन्धित लेखाउत्तरदायी अधिकृत, प्रदेश सरकार र अन्य सम्बन्धित व्यक्ति तथा निकायहरुलाई निर्देशन दिन गण्डकी प्रदेशका मन्त्रालय/कार्यालय/सचिवालय/आयोग/प्रतिष्ठानहरुसँग बैठक बसी निर्देशन दिने तथा पत्राचार गर्ने कार्य गरेको छ। सो कार्यको अन्तिम चरणमा सम्बन्धित मन्त्रालयका मन्त्री तथा लेखाउत्तरदायी अधिकृतसँग महालेखा परीक्षकको प्रतिवेदनमा औंल्याइएका बेरुजु सम्बन्धमा समितिले त्रिपक्षीय छलफल तथा अन्तरक्रिया गरी निर्देशन दिने कार्य गरेको छ। नियमानुसार आवश्यक प्रक्रिया पूरा गरी प्रतिवेदन पेश भई समितिबाट पारित गरिको छ ।

यस अवधिमा समितिले, बेरुजु फस्यौंटमा तदारुकताका साथ कार्ययोजना बनाई कार्य गर्न र समयमै सम्परीक्षण गराई फरफारक गर्न/गराउन, अनुदान तथा चन्दा आदिको जानकारी सम्बन्धित मन्त्रालयको वेभसाइटमा सार्वजनिक गर्न तथा आर्थिक प्रशासन सञ्चालन गर्दा कम भन्दा कम बेरुजु कायम गर्ने गराउने तर्फ ध्यान दिन समेत निर्देशन दिईएको छ। त्यसै गरी प्रदेशको आर्थिक गतिविधिको विषयमा राजस्व संकलन, वजेट खर्चको प्रवृति, सेवा प्रवाहको अवस्था, कार्यक्रम कार्यान्वयनको अवस्था, प्रत्यक्ष अनुदानवाट प्राप्त उपलब्धी, अनुगमनको प्रभावकारीता जस्ता विभिन्न क्षेत्रहरुका सन्दर्भमा आर्थिक मामिला मन्त्री र आर्थिक मामिला मन्त्रालयका सचिवसँग समेत छलफल गरी विभिन्न विषयमा निर्देशन दिएको छ। साथै प्रदेश गौरवका आयोजना अन्तरर्गत रहेका शालिग्राम करिडोर र कोरोला-पोखरा-त्रिवेणी लोकमार्गको स्थलगत अनुगमन तथा निरीक्षण गरी सरोकारवालाहरुसँग अन्तरक्रिया एवम् छलफल गरी प्रतिवेदन पेश गरिएको छ जस अन्तर्गत सो अनुगमनको क्रममा देखिएका सबल र दुर्बल पक्षका विषयहरुलाई प्रतिवेदनमा समावेश गरिएको छ।

२.२. महालेखा परीक्षकको प्रतिवेदन छलफलको लागि समितिले अपनाएको कार्यविधि

आर्थिक वर्ष २०८२/८३ मा समितिले महालेखा परीक्षकको सातौं प्रतिवेदन, २०८२ माथि अध्ययन र छलफलको सुरुवात मिति २०८२ साल माघ ७ गतेको ५३ औं बैठकवाट भएकोमा हालसम्म २२ वटा बैठक बसी कुल ७४ औं बैठक बसिसकेको छ। यस आ.व.मा समितिमा प्राप्त भएको महालेखा परीक्षकको सातौं प्रतिवेदन, २०८२ माथि छलफलका लागि कार्ययोजना बनाई प्रत्येक बैठकको स्वीकृत कार्यसूची अनुसार पहिलो चरणमा मन्त्रालयका लेखा उत्तरदायी अधिकृत, महालेखा परीक्षकको कार्यालयका प्रतिनिधिसँग समितिका माननीय सदस्यहरुले त्रिपक्षीय बैठक बसी प्रदेशका मन्त्रालय/कार्यालय/सचिवालय/आयोग/प्रतिष्ठानहरुका लेखा उत्तरदायी अधिकृतलाई बेरुजु फछ्यौंट सम्बन्धी निर्देशन र पत्राचार गरिएको थियो। दोस्रो चरणमा सम्बन्धित मन्त्रालयका मन्त्रीहरुलाई समेत उपस्थित गराई अन्तिम निर्देशन दिने कार्य गरिएको थियो।

मिति २०८३ साल जेठ १२ गते विहान ८.०० बजे समितिको ७१ औं (यस आ.व. अनुसार १९ औं) बैठकको निर्णयानुसार प्रदेश गौरवका आयोजना अन्तर्गत रहेका शालिग्राम करिडोर र कोरोला-पोखरा-त्रिवेणी लोकमार्गका वरिपरि प्रदेश सरकारद्वारा संचालित योजनाहरुको स्थलगत अनुगमन तथा निरीक्षण गरेको थियो।

महालेखा परीक्षकको प्रतिवेदन छलफल गर्न समितिले अपनाइएका चरणहरुः-

१. सार्वजनिक लेखा समिति तथा महालेखा परीक्षकको प्रतिनिधिबिच महालेखा परीक्षकको सातौं प्रतिवेदन उपर छलफल ।

२. मन्त्रालयहरुका लेखा उत्तरदायी अधिकृतसँग बेरुजु फछ्र्यौटको प्रगति र समस्याका विषयमा समितिमा छलफल।

३. लेखा उत्तरदायी अधिकृत र महालेखापरीक्षकका प्रतिनिधि सहित समितिमा छलफल र निर्देशन।

४. सम्बन्धित मन्त्रालयका मन्त्रीज्यू तथा मन्त्रालयका लेखा उत्तरदायी अधिकृत सहितको उपस्थितिमा समितिमा छलफल गरी प्रतिवेदनलाई अन्तिम निर्णय गर्ने।

५. सार्वजनिक लेखा समितिको वार्षिक प्रतिवेदन सभामा पेश ।

२.३. सार्वजनिक लेखा समितिको आर्थिक वर्ष २०८२/०८३ का बैठकका निर्णयहरु

<u>समिति तर्फ</u>

बैठक संख्या	बैठक बसेको मिति	मुख्य-मुख्य संक्षिप्त निर्णय विवरण
१(५३)	२०८२।१०।०७	१. "महालेखा परीक्षकको सातौं वार्षिक प्रतिवेदन, २०८२" उपर नायब महालेखा परीक्षकको उपस्थितिमा छलफल तथा अन्तरक्रिया गरियो। २. नायब महालेखा परीक्षकको उपस्थितिमा "महालेखा परीक्षकको सातौं वार्षिक प्रतिवेदन, २०८२" मा उल्लिखित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेशसँग सम्बन्धित बेरुजु सम्बन्धमा उक्त मन्त्रालयका लेखा उत्तरदायी अधिकृतसँग दफावार छलफल तथा अन्तरक्रिया गरियो। ३. "महालेखा परीक्षकको सातौं वार्षिक प्रतिवेदन, २०८२" मा उल्लिखित कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेशसँग सम्बन्धित बेरुजु सम्बन्धमा दफावार छलफल गर्न समितिको बैठक मिति २०८२ साल माघ ८ गते बिहान ८.०० बजे बस्ने निर्णय गरियो। ४. मिति २०८२ साल भाद्र २३ र २४ गते भएको जेनजी आन्दोलनको क्रममा गण्डकी प्रदेशभित्र रहेका विभिन्न सरकारी संरचनाहरुमा पुगेको क्षतिको पूर्ण विवरण मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेशसँग माग गर्ने निर्णय गरियो।
२(५४)	२०८२।१०।०८	१. नायब महालेखा परीक्षकको उपस्थितिमा "महालेखा परीक्षकको सातौं वार्षिक प्रतिवेदन, २०८२" मा उल्लिखित कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयसँग सम्बन्धित बेरुजु सम्बन्धमा उक्त मन्त्रालयका लेखा उत्तरदायी अधिकृतसँग दफावार छलफल तथा अन्तरक्रिया गरियो। २. कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय लगायत मातहत निकायहरुबाट "कृषि अनुदान" शिर्षक अन्तर्गत प्रदान गरिएको अनुदानको रकम, अनुदान पाउने व्यक्ति/संघ

बैठक संख्या	बैठक बसेको मिति	मुख्य-मुख्य संक्षिप्त निर्णय विवरण
		संस्था/निकायको नाम, ठेगाना, मिति तथा अनुदान कार्यक्रम समेतको विवरण मन्त्रालयको वेभसाइटमा पन्ध्र (१५) दिन भित्र प्रकाशन गरी यस समितिलाई जानकारी गराउन निर्देशन कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयलाई दिने निर्णय गरियो। ३. "महालेखा परीक्षकको सातौं वार्षिक प्रतिवेदन, २०८२" मा उल्लिखित उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय, गण्डकी प्रदेशसँग सम्बन्धित बेरुजु सम्बन्धमा दफावार छलफल गर्न समितिको बैठक मिति २०८२ साल माघ ९ गते बिहान ८.०० बजे बस्ने निर्णय गरियो।
३(५५)	२०८२।१०।०९	१. नायब महालेखा परीक्षकको उपस्थितिमा "महालेखा परीक्षकको सातौं वार्षिक प्रतिवेदन, २०८२" मा उल्लिखित उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयसँग सम्बन्धित बेरुजु सम्बन्धमा उक्त मन्त्रालयका लेखा उत्तरदायी अधिकृतसँग दफावार छलफल तथा अन्तरक्रिया गरियो। २. कन्टिजेन्सी खर्च गर्दा नापी किताबमा उल्लेख गर्ने र कन्टिजेन्सीमा भएको खर्च आयोजनागत रुपमा अभिलेख राख्ने तथा चालु खर्चमा मितव्ययिता कायम गरी खर्च गर्ने निर्देशन दिने निर्णय गरियो। ३. सार्वजनिक लेखा समितिको बैठक अर्को सूचना नभएसम्मका लागि स्थगित गर्ने निर्णय गरियो।
४(५६)	२०८२।१२।२१	१. "महालेखा परीक्षकको सातौं वार्षिक प्रतिवेदन, २०८२" उपर स्वास्थ्य मन्त्रालयको मन्त्रालयगत बेरुजु उपर महालेखा परीक्षकको कार्यालयको प्रतिनिधि (निर्देशक) र मन्त्रालयका लेखा उत्तरदायी अधिकृतको उपस्थितिमा छलफल तथा अन्तरक्रिया गरियो। २. "महालेखा परीक्षकको सातौं वार्षिक प्रतिवेदन, २०८२" मा उल्लेखित सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयगत अन्तर्गत बुदाँ न. १०.३ मा उल्लेखित वेभमा आधारित विद्युत्तीय स्वास्थ्य सूचना प्रणालीको बेरुजु सम्बन्धमा स्वास्थ्य निर्देशनालय सहित १२ स्वास्थ्य कार्यालयहरुबाट ३८२ स्वास्थ्य संस्थाको लागि भुक्तानी भएको रु. ६२ लाख ७० हजार सम्बन्धमा थप छानविन गरी दोहोरो भुक्तानी भए नभएको एकिन गरी ३० दिनभित्र सार्वजनिक लेखा समितिलाई प्रतिवेदन सहित जानकारी दिने निर्देशन गरियो । ३. "महालेखा परीक्षकको सातौं वार्षिक प्रतिवेदन, २०८२" मा सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय अन्तर्गतको एकीकृत बेरुजु कायम भएकोमा दुईवटा मन्त्रालयको मन्त्रालयगत बेरुजु छुट्याई स्वास्थ्य मन्त्रालय अन्तर्गत कायम भएको बेरुजुको विवरण यस समितिलाई उपलब्ध गराउन निर्देशन गरियो। ४. समितिको आगामी बैठक मिति २०८२ साल चैत्र २२ गते दिनको १.०० बस्ने निर्णय गरियो।
		१. "महालेखा परीक्षकको सातौं वार्षिक प्रतिवेदन, २०८२" उपर सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयको मन्त्रालयगत बेरुजु उपर महालेखा परीक्षकको कार्यालयको

बैठक संख्या	बैठक बसेको मिति	मुख्य-मुख्य संक्षिप्त निर्णय विवरण
५(५७)	२०८२।१२।२२	प्रतिनिधि (निर्देशक) र मन्त्रालयका प्रतिनिधिको उपस्थितिमा छलफल तथा अन्तरक्रिया गरियो। २. मन्त्रालयले सामुदायिक क्याम्पस तथा विद्यालयहरुलाई अनुदान वितरणका कार्यक्रम सञ्चालन गर्दा सम्बन्धित स्थानीय तहसँगको समन्वयमा स्थानीय तहका कार्यक्रमसँग दोहोरो नपर्ने गरी सामुदायिक क्याम्पस तथा विद्यालयहरुसँग सम्झौता गरेर मात्र अनुदान वितरण गर्नुपर्ने निर्देशन गरियो । ३. मन्त्रालयले युवा उद्यम तथा स्वरोजगार कार्यक्रम अन्तर्गत वितरण गरिएको अनुदान रकम प्राप्त गर्ने व्यक्ति तथा संस्थाको विवरण मन्त्रालयको बेभसाईटमा सार्वजनिक गरी ३५ दिनभित्र यस समितिलाई जानकारी दिन निर्देशन गरियो । ४. मन्त्रालयले आर्थिक वर्ष २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रममा समाबेश नभएको बाह्रखरी गल्फ प्रतियोगिताको सातौं खेल सञ्चालन गरेबापत एक मिडियालाई रु. ९ लाख ४६ हजार भुक्तानी गरेको यथार्थ विवरण मन्त्रालयको रायसहित ३० दिनभित्र यस समितिलाई उपलब्ध गराउन निर्देशन गरियो । ५. "महालेखापरीक्षकको सातौं वार्षिक प्रतिवेदन, २०८२" गण्डकी विश्वविद्यालय अन्तर्गतको बुदाँ नं. १६ मा उल्लेख भए बमोजिम विश्वविद्यालय ऐन, २०७६ को दफा ३३(१) मा विश्वविद्यालयको आफ्नो छुट्टै कोष हुने व्यवस्था बमोजिम गण्डकी विश्वविद्यालयले कल्याणकारी कोष खडा गरी रकम जम्मा गरेकोमा उक्त कोषको सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा आवश्यक कानून बमोजिमको कार्यविधि तयार गरी कोष सञ्चालन गर्न गण्डकी विश्वविद्यालयलाई निर्देशन गरियो । ६. "महालेखा परीक्षकको सातौं वार्षिक प्रतिवेदन, २०८२" मा सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय अन्तर्गतको एकीकृत बेरुजु कायम भएकोमा दुईवटा मन्त्रालयको मन्त्रालयगत बेरुजु छुट्टयाई सामाजिक विकास मन्त्रालय अन्तर्गत कायम भएको बेरुजुको विवरण यस समितिलाई उपलब्ध गराउन निर्देशन गरियो। ७. समितिको आगामी बैठक मिति २०८२ साल चैत्र २३ गते विहान ११.०० बस्ने निर्णय गरियो।
६(५८)	२०८२।१२।२३	१. "महालेखा परीक्षकको सातौं वार्षिक प्रतिवेदन, २०८२" उपर भौतिक पूर्वाधार बिकास तथा यातायात ब्यवस्था मन्त्रालयको मन्त्रालयगत बेरुजु उपर महालेखा परीक्षकको कार्यालयको प्रतिनिधि (निर्देशक) र मन्त्रालयका लेखा उत्तरदायी अधिकृतको उपस्थितिमा छलफल तथा अन्तरक्रिया गरियो । २. मन्त्रालय तथा मातहतका निकायहरुबाट कन्टिजेन्सी रकम खर्च गर्दा आयोजनागत रुपमा अभिलेख राखि नापी किताबमा समेत उल्लेख गरी खर्च गर्न निर्देशन गरियो। ३. मन्त्रालय मातहत रहेका यातयात व्यवस्था कार्यालयहरुबाट सवारी साधनको दर्ता सम्बन्धी विकास गरेको सवारी व्यवस्थापन सूचना प्रणाली (TMIS) लाई अद्यावधिक गरी राजस्व दाखिला गर्ने आर.आई.एम.एस., अनलाईन सर्भर भि.आर.एस. र टि.एम्.आइ.एस. बीच एकरुपता कायम हुने गरी प्रणालीको विकास गरी कार्यान्वयन

बैठक संख्या	बैठक बसेको मिति	मुख्य-मुख्य संक्षिप्त निर्णय विवरण
		गर्न निर्देशन गरियो । ४. यातयात व्यवस्था कार्यालय (चालक अनुमती) कास्कीको स्वामित्वमा रहेको जग्गा बहालमा लिने गरी सामुदायिक अस्पातालसँग २०७१ असार २५ मा भएको सम्झौता अनुसारको हालसम्म बुझाउन बाँकी सम्मूर्ण रकम असुल गरी सोको यर्थाथ विवरण ३५ दिनभित्र यस समितिलाई जानकारी दिन निर्देशन गरियो । ५. समितिको आगामी बैठक मिति २०८२ साल चैत्र २४ गते विहान ८.०० बस्ने निर्णय गरियो।
७(५९)	२०८२।१२।२४	१. "महालेखा परीक्षकको सातौं वार्षिक प्रतिवेदन, २०८२" उपर उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको मन्त्रालयगत बेरुजु उपर महालेखा परीक्षकको कार्यालयको प्रतिनिधि (निर्देशक), मन्त्रालयका लेखा उत्तरदायी अधिकृतको उपस्थितिमा छलफल तथा अन्तरक्रिया गरियो । २. बजार अनुगमन नियमावली, २०७६ ले तोकेको सबै क्षेत्र समेट्ने उपयुक्त नमूना छनौट विधि प्रयोग गरी बैज्ञानिक आधारमा नमूना छनौट गरी नियमित बजार अनुगमन गर्ने र उक्त बजार अनुगमनबाट प्राप्त हुने राजस्व प्रदेश सरकारको सञ्चित कोषमा जम्मा हुने आवश्यक व्यवस्थापन मिलाउनुका साथै बजार अनुगमन लक्ष्य पुरा गर्ने प्रयोजनका लागि मात्रै सिमित नगरी अनुगमन मार्फत विद्यमान समस्याहरु पहिचान गरी ती समस्या समाधान गर्ने उद्देश्य राखि कार्यक्रम तयार गरी कार्यान्वयन गर्न उद्योग तथा पर्यटन मन्त्रालयलाई निर्देशन गरियो। ३. "महालेखापरीक्षकको सातौं वार्षिक प्रतिवेदन, २०८२" वन तथा वातावरण मन्त्रालय अन्तर्गतको बुदाँ नं. १७ मा उल्लेख भए अनुसार वन नियमावली, २०७९ को नियम ९० मा विकास आयोजना सञ्चालनको लागि राष्ट्रिय वन क्षेत्रको कुनै भाग तोकिए बमोजिम उपलब्ध गराउन सकिने व्यवस्था बमोजिम वनको भोगाधिकार दिएका आयोजनाहरुको अभिलेख राखी उक्त आयोजनाहरुबाट प्राप्त हुने रोयल्टी रकम यथासक्य असुल उपर गरी यस समितिलाई जानकारी गराउन निर्देशन गरियो । ४. "महालेखापरीक्षकको सातौं वार्षिक प्रतिवेदन, २०८२" वन तथा वातावरण मन्त्रालय अन्तर्गतको बुदाँ नं. १८ मा उल्लेख भए अनुसार वन नियमावली, २०७९ को नियम ९० बमोजिम भोगाधिकार प्रदान गर्दा भोगधिकार प्रदान गरिएको क्षेत्रफल बराबर सट्टाभर्ना स्वरुप जग्गा प्राप्त गरी प्रति हेक्टर १ हजार ६ सयका दरले वृक्षारोपण गरी सम्बन्धित वन कार्यालयलाई हस्तान्तरण गर्नुपर्ने र सो बमोजिम गर्न नसकेमा सो कार्यको लागि लाग्ने लागत गणना गरी बन विकास कोषमा रकम जम्मा गर्नुपर्ने व्यवस्था भए बमोजिम वन तथा वातावरण मन्त्रालयले वन विकास कोषमा दाखिला हुनुपर्ने सम्पूर्ण रकम वन विकास कोषमा दाखिला गर्न लगाई सोको विवरण यस समितिलाई ३५ दिनभित्र जानकारी गराउन निर्देशन गरियो । ५. डिभिजन वन कार्यालय कास्कीको एक सामुदायिक वनमा वन्यजन्तु लक्षित उपयुक्त प्रजातीको वृक्षारोपण सहित आर्थिक वर्ष २०८०/०८१ मा रु. १६ लाख ५१ हजार

बैठक संख्या	बैठक बसेको मिति	मुख्य-मुख्य संक्षिप्त निर्णय विवरण
		वजेट व्यवस्था भएकोमा रु. ९ लाख ८० हजारको कार्य भएकोमा उक्त कार्यको प्रगती विवरण सहित यथार्थ विवरण १५ दिनभित्र यस समितिलाई जानकारी गराउन बन तथा वातावरण मन्त्रालयलाई निर्देशन गरियो । ६. बन तथा भू-संरक्षण विभाग र नेपाल विद्युत प्राधिकरण, बर्दघाट सर्दी १३२ के.भी. प्रसारण लाईन आयोजनाबीच भएको सम्झौताको शर्त नं. ५ मा आयोजनाले प्रसारण लाईनमा अस्थायी तवरले प्रयोग गर्न २५.२८ हेक्टर वन क्षेत्रको बाँकी वन रोयल्टी रकम असुल गरी यस समितिलाई एक महिनाभित्र जानकारी गराउन वन तथा वातावरण मन्त्रालयलाई निर्देशन गरियो। ७. समितिको आगामी बैठक मिति २०८२ साल चैत्र २४ गते विहान ११.०० बस्ने निर्णय गरियो।
८(६०)	२०८२।१२।२५	१. "महालेखा परीक्षकको सातौं वार्षिक प्रतिवेदन, २०८२" उपर आर्थिक मामिला मन्त्रालयको मन्त्रालयगत बेरुजु सम्बन्धी महालेखा परीक्षकको कार्यालयको प्रतिनिधि (निर्देशक), मन्त्रालयका लेखा उत्तरदायी अधिकृतको उपस्थितिमा छलफल तथा अन्तरक्रिया गरियो । २. आर्थिक वर्ष २०८०/०८१ मा वित्तीय व्यवस्था अन्तर्गत रु. ५० करोड विनियोजन गरेकोमा प्रदेशको वित्तीय व्यवस्थापन दायित्व (ऋणको साँवा र ब्याज) भुक्तानी गर्नुपर्ने दायित्व नरहेको अवस्थामा सो शीर्षक अन्तर्गत घरेलु विकास समिति तर्फका कर्मचारीको दायित्व बहनमा खर्च भएको बजेट रकम रु. २९ लाख १३ हजारको यथार्थ विवरण १५ दिनभित्र यस समितिलाई जानकारी गराउन निर्देशन दिने निर्णय गरियो । ३. समितिको आगामी बैठक अर्को सूचना नभएसम्मको लागि स्थगित गरियो।
९(६१)	२०८३।०१।१४	१. "महालेखा परीक्षकको सातौं वार्षिक प्रतिवेदन, २०८२" मा औंल्याइएको प्रदेश नीति तथा योजना आयोग गण्डकी प्रदेश सम्बन्धी बेरुजु उपर आयोगका प्रतिनिधिको उपस्थितिमा छलफल तथा अन्तरक्रिया गरियो। २. प्रदेश नीति तथा योजना आयोगले आयोजना बैंकमा योजना प्रविष्टि गर्दा हालका प्रावधानहरुलाई सरलीकृत गरी आयोजना बैंकमा प्रविष्टि गर्नुपर्ने व्यवस्था मिलाउनु पर्दछ। आयोजनाको पहिचान, मूल्याङ्कन, छनौट तथा प्राथमिकिकरण प्रक्रिया प्रभावकारी बनाउँदै उपलब्ध साधन र श्रोतको अधिकतम र दक्षतापूर्वक उपयोग हुने गरी आयोजना प्रविष्टिको स्पस्ट आधार तथा मापदण्ड बनाई आयोजना बैंकको कार्यन्वयन गर्न निर्देशन दिने निर्णय गरियो । ३. प्रदेश नीति तथा योजना आयोगको (गठन तथा कार्यसञ्चालन) आदेश, २०७८ बमोजिम आयोगबाट अध्ययन, अनुसन्धान तथा अन्वेषण सम्बन्धी कार्य गर्दा सम्बन्धित मन्त्रालय तथा निकायको कार्यक्षेत्रका विषयमा सम्बन्धित मन्त्रालय तथा निकायसँग आवश्यक समन्वयका साथ अध्ययन प्रतिवेदन तयार गर्न र प्रतिवेदन कार्यान्वयन गर्न

बैठक संख्या	बैठक बसेको मिति	मुख्य-मुख्य संक्षिप्त निर्णय विवरण
		निर्देशन दिने निर्णय गरियो । ४. प्रदेश विकास समस्या समितिले हालसम्म मन्त्रालयगत रुपमा गरेका निर्णयहरु र निर्णय कार्यान्वयनको यथार्थ अवस्थाको जानकारी १५ दिनभित्र यस समितिलाई उपलब्ध गराउन नीति तथा योजना आयोगलाई निर्देशन दिने निर्णय गरियो । ५. मन्त्रालय तथा निकायले अध्ययन, अनुसन्धान तथा अनुगमन प्रतिवेदनहरु आयोजनागत रुपमा तयार पारी ती प्रतिवेदनहरुको आधारमा वार्षिक एकीकृत प्रतिवेदन तयार पार्ने व्यवस्था गर्न प्रदेश नीति तथा योजना आयोगलाई निर्देशन दिने निर्णय गरियो । ६. समितिको आगामी बैठक मिति २०८३ साल वैशाख १५ गते विहान ११.०० बस्ने निर्णय गरियो।
१० (६२)	२०८३।०१।१५	१. "महालेखा परीक्षकको सातौं वार्षिक प्रतिवेदन, २०८२" मा उल्लिखित भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयको बेरुजु सम्बन्धमा माननीय मन्त्री, लेखा उत्तरदायी अधिकृत र समितबीच मन्त्रालयको प्रतिक्रिया र समितिले दिने निर्देशन सम्बन्धमा दफावार छलफल तथा अन्तरक्रिया गरियो। २. प्रदेश गौरवका आयोजनाको रुपमा रहेको शालिग्राम करिडोरको बाँकी खण्डको स्तरोन्नति र रणनीतिक महत्वको सडक (बुद्दसिंह मार्ग निर्माण, तनहुँको भिमाददेखि नवलपुरको डेढगाउँ र नवलपुरको डेढगाउँ झ्यालबास खण्ड) अन्तर्गत बजेट व्यवस्था गरीएको भए तापनि बजेट खर्च नगरेको सन्दर्भमा बजेटमा समावेश भएका योजना र कार्यक्रमहरुको तदारुकताका साथ कार्यान्वयन गर्न निर्देशन दिने निर्णय गरियो। ३. महालेखा परीक्षकको प्रतिवेदनमा उल्लिखित कन्टिजेन्सी खर्च गर्दा आयोजनागत तथा एकीकृत आयोजनाहरुको वार्षिक प्रतिवेदनमा समेत अभिलेख राख्नुपर्ने भनी समितिबाट निर्देशन दिइएकोमा सोको कार्यान्वयन गर्न गराउन निर्देशन दिने निर्णय गरियो। ४. भौतिक पुर्वाधार विकास मन्त्रालय वा निकायबाट निर्माण भएका सडक संरचनाहरुको अपनत्व हुने व्यवस्था मिलाउन निर्देशन दिने निर्णय गरियो। ५. समितिको आगामी बैठक मिति २०८३ बैशाख १६ गते विहान ९: ०० बजे बस्नेगरी यो बैठक स्थगित गरियो।
११ (६३)	२०८३।०१।१६	१. "महालेखा परीक्षकको सातौं वार्षिक प्रतिवेदन, २०८२" मा उल्लिखित कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको बेरुजु सम्बन्धमा माननीय मन्त्री, लेखा उत्तरदायी अधिकृत र समितिबीच मन्त्रालयको प्रतिक्रिया र समितिले दिने निर्देशन सम्बन्धमा दफावार छलफल तथा अन्तरक्रिया गरियो। २. प्रदेश सरकारबाट सहकारी संस्थाको दर्ता तथा नियमन गर्न गठित सहकारी रजिष्टारको कार्यालयलाई सहकारी संस्थाहरुको प्रकृतिअनुसारको नियमन सुनिश्चित गर्न आवश्यक मानवस्रोत व्यवस्थापन तथा संरचनात्मक सुधारका लागि कृषि, भूमि व्यवस्था तथा

बैठक संख्या	बैठक बसेको मिति	मुख्य-मुख्य संक्षिप्त निर्णय विवरण
		सहकारी मन्त्रालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई निर्देशन दिने निर्णय गरियो। ३. कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयको जग्गा चक्लावन्दी कार्यक्रम अन्तर्गत ५ हजार ४२० रोपनी जग्गा एकीकृत गरी विभिन्न सहकारी संस्था तथा कृषक समूहका लागि पूर्वाधार निर्माण गर्न रु.३ करोड ६५ लाख २३ हजार खर्च भएकोमा सोको एकीकृत अभिलेख राख्ने, कार्यक्रमको प्रभावकारिता मूल्याङ्कन गर्ने एवम् स्वीकृत अभिलेख तथा बेरुजु नियमित गर्न चक्लावन्दी गर्दा एकीकृत गरिएको जमिनलाई छुट्याई कृषकहरुलाई हस्तान्तरण गर्न आवश्यक कानून निर्माण गर्न निर्देशन दिने निर्णय गरियो। ४. स्याङ्जाको राम्दी र तनहुँको आबुँखैरेनीमा कृषि उपज वस्तुको विषादी मापन (क्वानटाइन) कार्य सुचारु गर्न निर्देशन दिने निर्णय गरियो। ५. समितिको आगामी बैंठक मिति २०८३ बैशाख १७ गते दिनको १२:०० बजे बस्नेगरी यो बैठक स्थगित गरियो।
१२ (६४)	२०८३।०१।१७	१. "महालेखा परीक्षकको सातौं वार्षिक प्रतिवेदन, २०८२" मा उल्लिखित बेरुजु सम्बन्धमा प्रदेश लोकसेवा आयोगका लेखा उत्तरदायी अधिकृत, गण्डकी प्रदेश सभा सचिवालयका लेखा उत्तरदायी अधिकृत, मुख्य न्यायाधिवक्ताको कार्यालयका प्रतिनिधि र समितबीच सम्बन्धित आयोग/सचिवालय/कार्यालयको प्रतिक्रिया र समितिले दिने निर्देशनबारे दफावार छलफल तथा अन्तरक्रिया गरियो। २. प्रदेश लोकसेवा आयोगले सञ्चालन गर्ने परीक्षासम्बन्धी वार्षिक कार्यतालिका निर्माण गर्दा प्रदेश सरकारअन्तर्गतका मन्त्रालय तथा निकायहरूको अधिक कार्यव्यस्त रहने समयलाई मध्येनजर गर्दै प्रदेश सरकारसँग आवश्यक समन्वय गरी मन्त्रालय तथा निकायको नियमित कार्यसम्पादनमा सम्भव भएसम्म बाधा नपर्ने गरी कार्यतालिका तयार गर्न प्रदेश लोकसेवा आयोगलाई निर्देशन दिने निर्णय गरियो। ३. समितिको आगामी बैंठक मिति २०८३ बैशाख १७ गते दिनको २: ०० बजे बस्नेगरी यो बैठक स्थगित गरियो।
१३ (६५)	२०८३।०१।१८	१. "महालेखा परीक्षकको सातौं वार्षिक प्रतिवेदन, २०८२" मा उल्लेखित बेरुजु सम्बन्धमा स्वास्थ्य मन्त्रालयका माननीय मन्त्रि, मन्त्रालयका लेखा उत्तरदायी अधिकृत र समितबिच सम्बन्धित मन्त्रालयको प्रतिक्रिया र समितिले दिने निर्देशनबारे दफावार छलफल तथा अन्तरक्रिया "महालेखा परीक्षकको सातौं वार्षिक प्रतिवेदन, २०८२" मा उल्लिखित बेरुजु सम्बन्धमा स्वास्थ्य मन्त्रालयका माननीय मन्त्री, मन्त्रालयका लेखा उत्तरदायी अधिकृत र समितिबीच सम्बन्धित मन्त्रालयको प्रतिक्रिया र समितिले दिने निर्देशनबारे दफावार छलफल तथा अन्तरक्रिया गरियो।

बैठक संख्या	बैठक बसेको मिति	मुख्य-मुख्य संक्षिप्त निर्णय विवरण
		२. प्रदेश अन्तर्गतका प्रादेशिक अस्पातालहरुमा हालसम्म प्रयोग नभएका वा मर्मत गरी प्रयोग गर्न सकिने स्वास्थ्य उपकरणहरुको उचित व्यवस्थापन गरी स्वास्थ्य सेवा प्रवाहलाई प्रभावकारी बनाउन स्वास्थ मन्त्रालयलाई निर्देशन दिने निर्णय गरियो। ३. समितिको आगामी बैंठक मिति २०८३ बैशाख २१ गते विहान ११:०० बजे बस्नेगरी यो बैठक स्थगित गरियो।
१४ (६६)	२०८३।०१।२१	१. "महालेखा परीक्षकको सातौं वार्षिक प्रतिवेदन, २०८२" मा उल्लिखित बेरुजु सम्बन्धमा उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयका माननीय मन्त्री, मन्त्रालयका लेखा उत्तरदायी अधिकृत र समितिबीच सम्बन्धित मन्त्रालयको प्रतिक्रिया र समितिले दिने निर्देशनबारे दफावार छलफल तथा अन्तरक्रिया गरियो। २. "संघ, प्रदेश र स्थानीय तहको आयोजना वर्गीकरणको आधार र मापदण्ड, २०८०" बमोजिम प्रदेश सरकारको कार्यक्षेत्रभित्र पर्ने सिँचाई र खानेपानी आयोजनाको सञ्चालन मापदण्डमा पुन: विचार गर्नको लागि संङ्घीय सरकारसँग आवश्यक समन्वय गर्न मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयलाई निर्देशन दिने निर्णय गरियो। ३. महालेखा परीक्षकको प्रतिवेदनमा उल्लिखित कन्टिजेन्सी खर्च गर्दा आयोजनागत तथा एकीकृत आयोजनाहरुको वार्षिक प्रतिवेदनमा समेत अभिलेख राख्नुपर्ने भनी समितिबाट निर्देशन दिइएकोमा सोको कार्यान्वयन गर्न गराउन निर्देशन दिने निर्णय गरियो। ४. समितिको आगामी बैंठक मिति २०८३ बैशाख २२ गते विहान ११:०० बजे बस्नेगरी यो बैठक स्थगित गरियो।
१५ (६७)	२०८३।०१।२२	१. "महालेखा परीक्षकको सातौं वार्षिक प्रतिवेदन, २०८२" मा उल्लिखित बेरुजु सम्बन्धमा सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयका माननीय मन्त्री, मन्त्रालयका लेखा उत्तरदायी अधिकृत, गण्डकी विश्वविद्यालयका निमित्त रजिष्टार र समितिबीच सम्बन्धित मन्त्रालय र विश्वविद्यालयको प्रतिक्रिया र समितिले दिने निर्देशनबारे दफावार छलफल तथा अन्तरक्रिया गरियो। २. गण्डकी विश्वविद्यालयले हालसम्म कुनै पनि कलेजलाई सम्बन्धन नदिएको सन्दर्भमा विश्वविद्यालयले सम्बन्धन दिनको लागि उपयुक्त मापदण्ड, विधि र प्रकिया अपनाई आवश्यकताअनुसार मापदण्ड पुरा गरेका कलेजलाई सम्बन्धन दिने व्यवस्था गर्न विश्वविद्यालयलाई निर्देशन दिने निर्णय गरियो। ३. समितिको आगामी बैंठक मिति २०८३ बैशाख २४ गते विहान ८:०० बजे बस्नेगरी यो बैठक स्थगित गरियो।
१६ (६८)	२०८३।०१।२४	१. "महालेखा परीक्षकको सातौं वार्षिक प्रतिवेदन, २०८२" मा उल्लिखित बेरुजु सम्बन्धमा आर्थिक मामिला मन्त्री, मन्त्रालयका कर्मचारी, प्रदेश लेखा नियन्त्रक र समितिबीच

बैठक संख्या	बैठक बसेको मिति	मुख्य-मुख्य संक्षिप्त निर्णय विवरण
		सम्बन्धित मन्त्रालय/ कार्यालयले दिने प्रतिक्रिया र समितिले दिने निर्देशनबारे दफावार छलफल तथा अन्तरक्रिया गरियो। २. प्रदेश सरकारबाट पुँजीगत अनुदान उपयोग गरेका संघ- संस्थाहरु विघटन भएको अवस्थामा सो अनुदानबाट खरिद तथा निर्माण गरिएको पुँजीगत सम्पत्तिमा प्रदेश सरकारको अधिकार स्थापित हुने गरी आवश्यक व्यवस्था गर्न आर्थिक मामिला मन्त्रालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई निर्देशन दिने निर्णय गरियो। ३. वित्तीय व्यवस्था अन्तर्गत वजेट विनियोजन गरी प्रदेशको वित्तीय व्यवस्थापन दायित्व भुक्तानी गर्नुपर्ने दायित्व नरहेको अवस्थामा घरेलु विकास समितितर्फका कर्मचारीको दायित्व बहनमा रु २९ लाख १३ हजार रकमान्तर गरी खर्च गरेकोमा यस्तो खर्चमा नियन्त्रण गर्न निर्देशन दिने निर्णय गरियो। ४. प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम २९(१) भएको ब्यवस्था बमोजिम पहिला बजेट विनियोजन नभएको खर्च शिर्षकमा रकमान्तर गर्न नपाईने व्यवस्था भएकोमा मन्त्रालयका बिभिन्न योजनामा रकमान्तर गरी खर्च गरेको हुदा कानुनले तोके बमोजिम मात्र रकमान्तर गर्ने व्यवस्था गर्न निर्देशन दिने निर्णय गरियो। ५. अर्थ विविधमा अवण्डा बजेट राखी वर्षान्तमा रकमान्तर गरेर खर्च गर्ने परिपाटीको अन्त्य गर्न निर्देशन दिने निर्णय गरियो। ६. समितिको आगामी बैंठक मिति २०८३ बैशाख २५ गते विहान ८:०० बजे बस्नेगरी यो बैठक स्थगित गरियो ।
१७ (६९)	२०८३।०१।२५	१. महालेखा परीक्षकको सातौं वार्षिक प्रतिवेदन, २०८२” मा उल्लिखित बेरुजु सम्बन्धमा उद्योग तथा पर्यटन मन्त्रालय, वन तथा वातावरण मन्त्रालयका माननीय मन्त्री, मन्त्रालयका लेखा उत्तरदायी अधिकृत र समितिबीच सम्बन्धित मन्त्रालयको प्रतिक्रिया र समितिले दिने निर्देशनबारे दफावार छलफल तथा अन्तरक्रिया गरियो। २. राउण्ड फेवा, भ्यू फेवा, मर्दी हिमाल ट्रेक लगायतका पैदलमार्गलाई व्यवस्थित गरी पदयात्रा गर्नका लागि बाटो मर्मत संभार गर्न तथा पहिरोले लडेका, बुढा भएर ढलेका रुख विरुवाहरुलाई हटाई पर्यटकहरुलाई बाटो सहज बनाउन निर्देशन दिने निर्णय गरियो। ३. उद्योग तथा पर्यटन मन्त्रालय एवम् वन तथा वातावरण मन्त्रालयको बेरुजु छुट्याई ३५ दिनभित्र यस समितिलाई जानकारी गराउन निर्देशन दिने निर्णय गरियो । ४. समितिको आगामी बैंठक अर्को सूचना नभएसम्मका लागि स्थगित गरियो।
१८ (७०)	२०८३।०२।०५	१. “महालेखा परीक्षकको सातौं वार्षिक प्रतिवेदन, २०८२” मा उल्लिखित बेरुजु सम्बन्धमा गण्डकी प्रदेश नीति तथा योजना आयोगका माननीय उपाध्यक्ष, आयोगका लेखा

बैठक संख्या	बैठक बसेको मिति	मुख्य-मुख्य संक्षिप्त निर्णय विवरण
		उत्तरदायी अधिकृत र समितिबीच सम्बन्धित आयोगको प्रतिक्रिया र समितिले दिने निर्देशनबारे दफावार छलफल तथा अन्तरक्रिया गरियो। २. प्रदेश गौरव तथा रुपान्तरणकारी आयोजना पहिचान गर्दा पर्याप्त सम्भाव्यता अध्ययन गरेर मात्र प्रदेश गौरवका आयोजनामा समावेश गरी पर्याप्त बजेटको सुनिश्चितता, दक्ष जनशक्तिको व्यवस्था, निकायगत समन्वय, प्रभावकारी अनुगमन र मुल्याङ्कन गरी आयोजना कार्यान्वयन गर्न निर्देशन दिने निर्णय गरियो । ३. समितिको आगामी बैंठक अर्को सूचना नभएसम्मका लागि स्थगित गरियो ।
१९ (७१)	२०८३।०२।१२	१. "महालेखा परीक्षकको सातौं वार्षिक प्रतिवेदन, २०८२" मा उल्लिखित बेरुजु तथा समसामयिक विविध विषय सम्बन्धमा सार्वजनिक लेखा समितिका माननीय सदस्यहरुबीच छलफल तथा अन्तरक्रिया गरियो। २. प्रदेश सरकारको गौरवको आयोजना अन्तर्गत रहेको शालिग्राम करिडोर र आसपासमा रहेका प्रदेश सरकारको अनुदान र लगानीबाट संचालित विभिन्न योजनाहरुको मिति २०८३/०२/१४ गतेदेखि १८ गतेसम्म स्थलगत अध्ययन तथा अवलोकन गर्ने निर्णय गरियो। ३. समितिको आगामी बैंठक अर्को सूचना नभएसम्मका लागि स्थगित गरियो।
२० (७२)	२०८३।०२।२१	१. भौतिक पुर्वाधार बिकास तथा यातायात व्यवस्था मन्त्रालयका मन्त्री, लेखा उत्तरदायी अधिकृत र समितिवीच प्रदेश गौरवको आयोजना अन्तर्गत रहेको शालिग्राम करिडोर र कोरोला- पोखरा- त्रिवेणी लोकमार्ग को सम्वन्धमा विस्तृत छलफल तथा अन्तरक्रिया गरियो। २. प्रदेश सरकारको गौंरवको आयोजना अन्तर्गत रहेको शालिग्राम करिडोरको तनहु र नवलपुर खण्डको काम सुस्त अवस्थामा रहेको हुँदा आवश्यक वजेट व्यवस्था गरी समयमा नै कार्य सम्पन्न गर्न भौतिक पुर्वाधार बिकास तथा यातायात व्यवस्था मन्त्रालयलाई निर्देशन दिने निर्णय गरीयो। ३. गण्डकी प्रदेश सरकारको प्राथमिकतामा रहेको प्रदेश गौरवका आयोजना अन्तर्गत रहेको कोरोला- पोखरा- त्रीवेणी आर्थिक करिडोरको स्तरोन्नति लगाएत बाँकी निर्माणका कार्यलाई उच्च प्राथमिकतामा राखि आवश्यक बजेट ब्यवस्था गरी कार्य गर्न मन्त्रालयलाई निर्देशन दिने निर्णय गरियो। ४. समितिको आगामी बैठक २०८३ जेठ २२ गते विहान ८.०० बजे बस्ने गरी यो बैठक स्थगित गरियो।
२१ (७३)	२०८३।०२।२२	१. प्रदेश गौरवका आयोजना अन्तर्गतका शालिग्राम करिडोर र कोरोला-पोखरा-त्रिवेणी लोकमार्गको अनुगमन पछि सोको प्रतिवेदन माथि छलफल गरियो।

बैठक संख्या	बैठक बसेको मिति	मुख्य-मुख्य संक्षिप्त निर्णय विवरण
		२. महालेखा परीक्षकको प्रतिवेदनमा औंल्याएका बेरुजु सम्बन्धमा स्वास्थ्य मन्त्रालय र भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयबाट प्राप्त बेरुजुको विवरण सहितका टिप्पणी माथि छलफल गरियो। ३. महालेखा परीक्षकको छैटौं वार्षिक प्रतिवेदनमा उल्लिखित प्रदेश अस्पताल जोमसोम, मुस्ताङ्गको भवन निर्माण कार्य सम्झौतामा तोकिएको म्याद भित्र काम सम्पन्न नगरेको र म्याद समेत थप नभएको हुँदा पूर्व निर्धारित क्षतिपूर्ति रु.८६,८५,०००/- असुल उपर गर्नुपर्ने भनी कायम रहेको बेरुजु सम्बन्धमा उक्त बेरुजु रकम संचित कोषमा दाखिला गरी भौचर प्राप्त भएको हुँदा उक्त बेरुजु संपरीक्षणका लागि सम्बन्धित अस्पतालबाट NAMS प्रणाली मार्फत पेश गरी फर्छ्यौट गर्न निर्देशन दिने निर्णय गरियो। ४. समितिको आगामी बैठक २०८३ जेठ २४ गते दिनको ३.०० बजे बस्ने गरी यो बैठक स्थगित गरियो।
२२ (७४)	२०८३।०२।२४	१. "महालेखा परीक्षकको सातौं वार्षिक प्रतिवेदन, २०८२" मा उल्लिखित बेरुजु सम्बन्धमा माननीय मुख्यमन्त्री, मन्त्रालयका लेखाउत्तरदायी अधिकृत र समितिबीच मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले दिने प्रतिक्रिया र समितिले दिने निर्देशनबारे दफावार छलफल तथा अन्तरक्रिया गरियो। २. मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले प्रदेश आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७६ बमोजिम वितरण गरेको आर्थिक सहायताको निकासा पश्चात् ३० दिनभित्र अनुदान प्राप्त गर्ने व्यक्ति/संस्थाको यथार्थ विवरण वेभसाइटमा सार्वजनिक गर्न निर्देशन दिने निर्णय गरियो। ३. बहुवर्षीय योजनाको सम्बन्धमा महालेखा परीक्षकको वार्षिक प्रतिवेदनमा उल्लिखित ४१७ वटा बहुवर्षीय योजनाहरुमा रु.१५ अर्ब ८५ करोड ७९ लाख बराबरको श्रोत सुनिश्चितता भएको र प्रदेश सरकारको कुल राजस्व संकलन रु.११ अर्ब ४३ करोड २२ लाख ६९ हजार रहेको सम्बन्धमा महालेखा परीक्षकको कार्यालयसँग समन्वय गरी उक्त तथ्याङ्कको यर्थाथ विवरण लिई असार १५ गते भित्र यस समितिमा जानकारी गराउन निर्देशन दिने निर्णय गरियो। ४. समितिको आगामी बैठक अर्को सूचना नभएसम्मका लागि स्थगित गरियो।

२.४. समितिमा माननीय सदस्यको उपस्थिति विवरण

समितिको कार्यसम्पादनको शिलशिलामा विभिन्न समयमा बसेको समिति बैठकहरुमा उपस्थित माननीयहरुको उपस्थिति विवरण (२०८२ साल माघ ७ गतेदेखि २०८३ साल जेठ २८ गतेसम्म)

क्र.सं.	नाम, थर	कूल बैठक संख्या	उपस्थित बैठक संख्या	अनुपस्थित बैठक संख्या
१	मा. सुधिर कुमार पौडेल	२२	२२	०
२	मा. कल्पना तिवारी	२२	१७	५
३	मा. कृष्ण प्रसाद पाठक	३	२	१
४	मा. गोविन्द बहादुर नेपाली	१९	१९	०
५	मा. जित प्रकाश आले मगर	२२	१९	३
६	मा. जित शेरचन	१९	१६	३
७	मा. डा. टक राज गुरुङ्ग	३	१	२
८	मा. टिका कुमारी बस्याल	२२	१५	७
९	मा. नन्दकला दमै नेपाली	२२	२१	१
१०	मा. द्रोण कुमार कुँवर	२२	११	११
११	मा. पञ्चराम गुरुङ	२२	१९	३
१२	मा. फणिन्द्र देवकोटा	३	२	१
१३	मा. निर्मला थापा	२२	२२	०
१४	मा. बेद बहादुर गुरुङ	२२	१९	३
१५	मा. भिम बहादुर कार्की	१९	१९	०
१६	मा. रेशम बहादुर जुग्जाली	२२	१५	७
१७	मा. सरस्वती गुरुङ	२२	१६	६
१८	मा. सुशिला सिंखडा	२२	२१	१

नोटः- मिति २०८३/०१/०२ गतेसम्म माननीय गोविन्द बहादुर नेपाली, माननीय जित बहादुर शेरचन तथा माननीय भिम बहादुर कार्की सार्वजनिक लेखा समितिमा रहनु भएको साथै, मिति २०८३/०२/१३ गतेदेखि माननीय कृष्ण प्रसाद पाठक, माननीय डा. टकराज गुरुङ्ग तथा माननीय फणिन्द्र देवकोटा समितिमा सामेल हुनु भएको छ।

२.५. निर्णय कार्यान्वयनको अवस्था

क्र.सं.	मन्त्रालय/निकाय	निर्णय कार्यान्वयनको अवस्था
१	**स्वास्थ्य मन्त्रालय** १. गण्डकी प्रदेश सभा सचिवालय, गण्डकी प्रदेश, पोखराको च.नं. ३५४, मिति २०८२/१२/३० को पत्रानुसार "महालेखा परीक्षकको सातौं वार्षिक प्रतिवेदन, २०८२" मा उल्लेखित सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयगत अन्तर्गत बुदाँ न. १०.३ मा उल्लेखित वेभमा आधारित विद्युत्तीय स्वास्थ्य सूचना प्रणालीको बेरुजु सम्बन्धमा स्वास्थ्य निर्देशनालय सहित १२ स्वास्थ्य कार्यालयहरुबाट ३८२ स्वास्थ्य संस्थाको लागि भुक्तानी भएको रु ६२ लाख ७० हजार सम्बन्धमा थप छानविन गरी दोहोरो भुक्तानी भए नभएको एकिन गरी ३० दिनभित्र सार्वजनिक लेखा समितिलाई प्रतिवेदन सहित जानकारी दिने	**सार्वजनिक लेखा समितिको निर्देशन बमोजिम प्राप्त भएको कार्यान्वयनको अवस्थाः-** १. नेपालको राष्ट्रिय स्वास्थ्य नीति, २०७६ ले स्वास्थ्य सूचना प्रणालीलाई आधुनिक र गुणस्तरीय बनाउने प्रतिबद्धता जनाउँदै सेवाग्राहीका विवरणहरूलाई विद्युतीय माध्यमबाट अभिलेखीकरण गर्ने नीति लिएको छ। गण्डकी प्रदेश स्वास्थ्य नीति, २०७८, प्रथम तथा दोस्रो पञ्चवर्षीय योजनाले पूर्ण डिजिटल अभिलेख र प्रतिवेदन प्रणाली (e-HMIS र EMR) विकास गर्ने कुरालाई प्राथमिकतामा राखेका छन्। जनस्वास्थ्य सेवा ऐन, २०७५ र गण्डकी प्रदेश संसदबाट पारित जनस्वास्थ्य सेवा ऐन २०८२ ले विद्युतीय स्वास्थ्य सूचना प्रणालीको विकास र प्रयोगलाई कानुनी रूपमै निर्देशित गरेका छन् । यी नीतिगत व्यवस्थाको परिकल्पना अनुरूप गण्डकी प्रदेशमा डिजिटल स्वास्थ्य प्रणाली कार्यान्वयनको जग तयार गरिएको हो। २. छानबिनको मुख्य विषयः गण्डकी प्रदेश सभा सचिवालय, गण्डकी प्रदेश, पोखराको च.नं. ३५४, मिति २०८२/१२/३० को पत्रानुसार सार्वजनिक लेखा समितिले दिएको निर्देशन अनुसार यो प्रतिवेदन तयार गरिएको छ। महालेखा परीक्षकको सातौं वार्षिक प्रतिवेदन, २०८२ मा उल्लेख भएअनुसार eHMIS को बेरुजु सम्बन्धमा साविकको स्वास्थ्य निर्देशनालय सहित ११ स्वास्थ्य कार्यालयहरूबाट ३८२ वटा स्वास्थ्य संस्थाका लागि भुक्तानी भएको रकम रु. ६२ लाख ७० हजारको सम्बन्धमा दोहोरो भुक्तानी भए वा नभएको यकिन गरी जानकारी माग गरिएको थियो। ३. दोहोरो भुक्तानीसँग सम्बन्धित विवरणः छानबिन तथा यस प्रादेशिक जनस्वास्थ्य केन्द्रमा प्राप्त विवरणहरूबाट कुनै पनि एउटै स्वास्थ्य संस्थाका लागि दोहोरो भुक्तानी भएको देखिँदैन। गण्डकी प्रदेश सरकार मातहतका स्वास्थ्य निर्देशनालय (साविक), जिल्ला स्वास्थ्य कार्यालयहरू र स्थानीय तहहरू स्वतन्त्र खर्च केन्द्र हुन् । बजेटको परिधिमा रही प्रचलित खरिद कानुनबमोजिम आपूर्तिकर्तासँग छुट्टाछुट्टै सम्झौता गरी प्रणाली सञ्चालन गरेका हुन्। तत्कालीन सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयको कार्यक्रम सञ्चालन मापदण्डअनुसार, स्वास्थ्य कार्यालयहरूको बजेटले समेट्ने पालिका बाहेकका पालिकाहरू अन्तर्गतका स्वास्थ्य संस्थाहरूलाई छनौट गरी यो कार्यक्रम लागू गरिएको थियो, जसले गर्दा एउटै संस्थामा दुईवटा निकायबाट रकम भुक्तानी भएको छैन। ३. भुक्तानीको यथार्थ विवरणः विभिन्न १२ वटा निकायहरू स्वास्थ्य निर्देशनालय (साविक), स्वास्थ्य कार्यालयहरू र स्थानीय तहहरू) बाट जम्मा ३८२ स्वास्थ्य संस्थाका लागि कूल रु. ६२,७०,२२० भुक्तानी भएको हो। यसमा साविकको प्रादेशिक स्वास्थ्य निर्देशनालयबाट रु. ९,८३,१०० र स्वास्थ्य कार्यालयहरु

	निर्देशन।"	तथा स्थानीय तहहरूबाट रु. ५२,८७,१२० भुक्तानी भएको देखिन्छ। सो विवरणको विस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरीएको छ।
२	**सामाजिक विकास, युवा तथा खेलकूद मन्त्रालय**	गण्डकी प्रदेश सभा सचिवालय, सार्वजनिक लेखा समितिको प.सं. २०८२/८३. च.नं. ३५५ मिति २०८२/१२/३० का निर्देशन सम्बन्धमा यस मन्त्रालयबाट भए गरेका कार्यहरूको विवरण देहाय बमोजिम प्रस्तुत गरिएको छः १. यस मन्त्रालय अन्तर्गतका अनुदान वितरण कार्यक्रम संचालन गर्दा कार्यक्रम दोहोरो नपर्ने गरी स्थानीय तहसँग आवश्यक समन्वय गरी त्रिपक्षीय सम्झौता मार्फत कार्यान्वयन गर्ने गरी मातहतका निकायहरूलाई निर्देशन दिइएको छ । २. युवा उद्यम तथा स्वरोजगार कार्यक्रम अन्तर्गत अनुदान प्राप्त गर्ने ५८ जना उद्यमीहरूको नाम, ठेगाना, पान नम्बर र अनुदान रकम सहितको विस्तृत विवरण मन्त्रालयको वेबसाइटमा सार्बजनिक गरी यसै पत्रसाथ संलग्न राखिएको छ । (विवरण अनुसूची १ मा संलग्न छ। ३. आर्थिक वर्ष २०८०/८१ को स्वीकृत वार्षिक कार्यक्रममा समावेश नभएको बाह्रखरी गल्फ प्रतियोगिताको मिडिया प्रचार-प्रसार बापत भुक्तानी गरिएको रु. ९,४६,०००/- को सम्बन्धमा महालेखा परीक्षकको प्रतिवेदनमा औंल्याइएका कैफियतहरूका आधारमा आवश्यक पुष्टयाईंका कागजातहरू यसै पत्रसाथ संलग्न राखि पठाइएको व्यहोरा अनुरोध छ । ४. महालेखा परीक्षकको सातौं वार्षिक प्रतिवेदनमा सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयको नाममा एकीकृत रूपमा कायम भएको बेरुजुमध्ये सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय तर्फको बेरुजुलाई छुट्टै पहिचान गरी सोको अद्यावधिक लगत यसैसाथ संलग्न गरिएको छ। मन्त्रालय र मातहतका कार्यालयहरूबाट सञ्चालनहुने सबै अनुदानमूलक कार्यक्रमहरू कार्यान्वयन गर्दा देहायका कानूनी प्रावधानहरूको अनिवार्य पालना गर्न यो निर्देशन जारी गरिएको छः १. दोहोरोपनको अन्त्यः एउटै योजना वा कार्यक्रममा स्थानीय तह, प्रदेश र सङ्घबाट दोहोरो बजेट परी सरकारी रकमको दुरुपयोग हुन नदिन सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तर सम्बन्ध) ऐन, २०७७ को दफा २२ र गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३७ (च) बमोजिम कार्यक्रम दोहोरो नपरेको यकिन गरी स्थानीय तहसँग अनिवार्य समन्वय गर्नुपर्नेछ । २. विपक्षीय सम्झौताः महालेखा परीक्षकको सातौं वार्षिक प्रतिवेदनले औंल्याए बमोजिम अनुदान वितरणमा जवाफदेहिता सुनिश्चित गर्न सम्बन्धित मन्त्रालय/कार्यालय, सम्बन्धित स्थानीय तह र लाभग्राही संस्था (विद्यालय/क्याम्पस/फर्म) बीच अनिवार्य रूपमा त्रिपक्षीय सम्झौता गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ । ३. लागत अनुमान र प्राविधिक प्रमाणीकरणः गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३६ (५) र ३७ (झ) बमोजिम अनुदान प्राप्त गर्ने संस्थाले तयार गरेको लागत अनुमान र कार्य सम्पन्न प्रतिवेदन प्राविधिक कर्मचारीबाट पेश भइ अनिवार्य रूपमा कार्यालय प्रमुखबाट प्रमाणित भएको हुनुपर्नेछ । ४. अनुगमन र प्रतिवेदनः नियमावलीको नियम ६८ र बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७ को बुँदा नं. २३(१) बमोजिम अनुदानको उपयोग र प्रभावकारिताको

		नियमित अनुगमन गरी प्रतिवेदन पेश गरेपछि मात्र नियमानुसार अन्तिम भुक्तानीको प्रक्रिया अगाडि बढाउनुपर्नेछ । उपरोक्त निर्देशन र कानूनी व्यवस्थाको बर्खिलाप हुने गरी अनुदान वितरण गरिएको पाइएमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ५४ बमोजिम सम्बन्धित पदाधिकारी कारी जिम्मेवार हुने व्यहोरा समेत जानकारी गराउदछु।
३	**वन तथा वातावरण मन्त्रालय**	**निर्देशन कार्यान्वयनको अवस्थाः-** उल्लेखित मानव बांदर द्वन्द व्यवस्थापन कास्की जिल्लाको पोखरा महानगरपालिका वडा नम्वर १९, ठुलो ढुङ्गा पातलथुम तिन्तरो बैकुण्ठे सामुदायिक बन उपभोक्ता समूह बाट तपसिलमा उल्लेखित मानव-बाँदर द्वन्द व्यवस्थापन कार्य भएको छ। Forest Area Clearance(Jhadi Butyan etc) 2.5 hec. मा रु ८५२००/०० Surveying, Maping & Point Loctaion of Plantation 2.5 hec. मा रु 89460/00 Plantation 1600 Plant/ hec 4110 Plant को रु 141255/00 Planting work 2.5 hec.50-852 का रु 42600/00 Bamboo Tray for protecting 1000*200 को रु 200000/00 Menasuner Transport and Application plant upto 800*1.12 को रु.८,९६००/- Instrument Purchasing को रु 2,6053.99 Contingency को रु 35286.08 गरि जम्मा रु. 8,82,152.08 खर्च भएको छ । डिभिजन कार्यालय नवलपुर वन तथा भू-संरक्षण विभाग र नेपाल विद्युत प्राधिकरण, बर्दघाट सर्दी १३२ के.भी. प्रशारण लाईन आयोजनाबीच भएको सम्झौताको शर्त नं. ५ मा आयोजनाले प्रसारण लाईनमा अस्थायी तवरले प्रयोग गर्न २५.२८ हेक्टर वन क्षेत्रको रु.१४ लाख ७० हजार रोयल्टी प्राप्त गर्नुपर्नेमा ४ वर्षमा रु.९३ हजार मात्र प्राप्त गरेकोले नपुग रु.१३ लाख ७७ हजार वन रोयल्टी असुल गर्नुपर्दछ। Mansure Transport & Aplication Plant upto 800*112 को रु 89600/00 Transportation Plant 7*1000 को रु 70000/00 Instrument Purchasing को रु 2,6053.99 Contingency को रु 35286.08 गरि जम्मा रु 882152.08 खर्च भएको छ । डिभिजन वन कार्यालय नवलपुरले आ.ब. २०७६/७७ देखि नेपाल विद्युत प्राधिकरण, १३२ के भी प्रशारण लाईन आयोजनाबीच संझौता भइ २०८०/८९ सम्म रु१४६८६९३ भैसकेको र आ.व. २०८१/८२ र २०८२/८३ को रु १४०७२०५/८० वन रोयल्टी दाखिला मिति २०८३/०१/०४ मा पत्राचार भएको छ।
४	भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय	१. यस मन्त्रालयको च.नं ८७७, मिति २०८२/१२/२७ को पत्रबाट यस मन्त्रालय मातहतका कार्यालयहरुलाई कन्टेन्जेन्सी खर्च गर्दा सम्बन्धित योजनाको नापी किताबमा अनिबार्य रुपमा प्रविष्ट गरी योजनागत रुपमा प्रचलित कानुन बमोजिमको ढाँचामा अभिलेखिकरण गर्न निर्देशन दिईएको। २. यातायात व्यवस्था कार्यालयहरुले हाल प्रयोग गरिरहेको VRS र RIMS नेपाल सरकारले संचालन गरिरहेकोले यातायात व्यवस्था कार्यालय सवारी. कास्कीमा मात्र संचालनमा रहेको TMIS बीच एकरुपता कायम गर्न मन्त्रलयले नेपाल सरकारसँग आवश्यक पहल र समन्वय गरिरहेको छ। ३. यस मन्त्रालयको च.नं ९२० मिति २०८३/०१/०९ को पत्र बमोजिम निर्देशन कार्यान्वयन गर्न पत्राचार गरिएको तत्पश्चात यातायात व्यवस्था कार्यालय सवारी चालक अनुमतिपत्र, कास्कीले च.नं ३४२ मिति २०८३/०१/०९ को पत्रबाट घर बहाल बक्यौदा दाखिला गरी

		तथा जग्गा तथा संरचना खाली गर्न पश्चिमाञ्चल सामुदायिक अस्पताल, पोखरालाई ताकेता समेत गरेको छ
५	मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय	१. मिति २०८२ भदौ २३ र २४ गते जेनजी समूहको आयोजनामा भएको प्रदर्शनको क्रममा यस प्रदेश अन्तर्गत मातहत मन्त्रालय र कार्यालयहरुमा भएको **"भाद्र २३ र २४ को घटना सम्बन्धी जाँचबुझ आयोग २०८२"** मा पेश भएको अनुमानित क्षतिको विवरण यस प्रकार रहेको छ। क. मन्त्रालय/सचिवालय/कार्यालय/आयोग/प्रतिष्ठानको कुल भौतिक तथा जिन्सी मालसामानहरुको अनुमानित क्षति करिब रु.६१,०३,९८,५१७/-

गण्डकी प्रदेश सरकार

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, पोखरा

भाद्र २३ र २४ को घटना सम्बन्धी जाँचबुझ आयोग, २०८२ मा पेश गरेको क्षतिको विवरण

कार्यालयको नाम	क्षतिको विवरण	स्थान	क्षेतिको अनुमानित लागत	विमा भएको/नभएको	कैफियत
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय		पोखरा	२९८९९७००		
आर्थिक मामिला मन्त्रालय		पोखरा	१९००००००		
उद्योग तथा पर्यटन मन्त्रालय		पोखरा	४२६०८२२२		
ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय		पोखरा	८०८९४६६९		
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय		पोखरा	५५१६१०६		
वन तथा वातावरण मन्त्रालय		पोखरा	३०३४२८६०		
भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय		पोखरा	८५३०३४६६		
सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय		पोखरा	१०१३३६४५०		
स्वास्थ्य मन्त्रालय		पोखरा	८०००००		
गण्डकी प्रदेश सभा सचिवालय		पोखरा	७८०७५०००		
गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान		पोखरा	३३३४३०००		
गण्डकी प्रदेश नीति तथा योजना आयोग		पोखरा	२५९१६८४०		
मुख्य न्यायाधिवक्ताको कार्यालय		पोखरा	७५१३८८७		
प्रदेश प्रमुखको कार्यालय		पोखरा	४६१७६३१७		
प्रदेश लोक सेवा आयोग		पोखरा	२३६७२०००		
जम्मा			६१०३९८५१७		

प्रदेश सचिव

२.६. कार्यप्रगति विवरणः- आ.व. २०८०/०८१ सम्मको गण्डकी प्रदेश अन्तर्गतका मन्त्रालय/कार्यालय/आयोग/सचिवालयको बेरुजु प्रगति विवरण

क्र. सं.	मन्त्रालय/कार्यालय/आयोग/सचिवालयको नाम	२०८०/०८१ सम्मको बेरुजु (रु. हजारमा)				हालसम्मको फछ्र्यौट भएको (रु. हजारमा)	बाँकी (रु. हजारमा)	प्रगति प्रतिशतमा	कै.
		नियमित	असुल उपर	पेश्की	जम्मा				
१	गण्डकी प्रदेश सभा सचिवालय	-	-	-	-	-	-	-	-
२	मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय	७२९१६	२१	-	७२९३७	५७७०५	१५२३२	७९.११%	
३	आर्थिक मामिला मन्त्रालय	-	-	-	-	-	-	-	-
४	उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय	२३२२५४	१९९६७	५४४८८४	७९७१०५	५४२८५६	२५४२४९	६८.१%	
५	उद्योग तथा पर्यटन मन्त्रालय	३६२	१४४५	१२०२	३००९	१०	२९९९	०.३३%	
६	वन तथा वातावरण मन्त्रालय	७११७	३८८१७	४३२	४६३६६	१३५९९	३२७६७	२९.३३%	
७	कृषि, भूमि व्यवस्था तथ सहकारी मन्त्रालय	१८०७३४	५१९४४	२०५९७	२५३२७६	१३२४४८	१२०८२७	५२.२९%	
८	भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय	९९९४९८	१४९३४२	६८८१२०	१८३६९६०	६५२३४९	११८४६११	३५.५१%	
९	सामाजिक विकास युवा तथा खेलकूद मन्त्रालय	२३३०२९	१५८८७	४५३६९	२९४२८६	६८८७	२८७३९८	२.३४%	
१०	स्वास्थ्य मन्त्रालय	११६	३१	२९	१७७	३६	१४०	२०.८%	मन्त्रालय को मात्रै
११	गण्डकी प्रदेश नीति तथा योजना आयोग	५८	-	-	५८	५८	०	१००%	
१२	गण्डकी प्रदेश लोक सेवा आयोग	-	-	-	-	-	-	-	
१३	मुख्य न्याधिवक्ताको कार्यालय	-	१७	-	१७	१७	०	१००%	

खण्ड तीन

महालेखा परीक्षकको सातौं वार्षिक प्रतिवेदन, २०८२ मा औंल्याइएका बेरुजुका सम्बन्धमा भएका काम कारवाहीहरुको विवरण

गण्डकी प्रदेश सभा

सार्वजनिक लेखा समिति

बेरुजु सम्बन्धी विवरण

खण्ड तीन

महालेखा परीक्षकको प्रतिवेदन उपर भएका निर्यणहरु

३.१ गण्डकी प्रदेश सभा सचिवालय

३.१.१ महालेखा परीक्षकको सातौं बार्षिक प्रतिवेदन, २०८२ उपर भएका छलफलका निर्णयहरुः

दफा	बेरुजुको संक्षिप्त विवरण	सचिवालयको जवाफ	समितिको निर्णय
१	**लेखापरीक्षण अङ्कः-** यो वर्ष सचिवालयको रु.१३ करोड ४९ लाख ६० हजारको लेखापरीक्षण सम्पन्न भएको छ।	आर्थिक वर्ष २०८०/०८१ मा विनियोजन खर्च रु.१३२७५४/-, राजस्वमा रु.४६१/- तथा धरौटीमा रु.१७४५/- गरी कुल रु.१३ करोड ४९ लाख ६० हजारको लेखापरीक्षण सम्पन्न भएको छ।	-
२	**बजेट खर्चः-** महालेखा नियन्त्रकको कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त सचिवालयको यस वर्षको आर्थिक विवरण अनुसार चालु तर्फ ८१.१५% तथा पुँजीगत तर्फ ६०.६०% गरी समग्रमा ७९.६१% वित्तीय प्रगति भएको छ।	आर्थिक वर्ष २०८०/०८१ माचालु तर्फ ८१.१५% तथा पुँजीगत तर्फ ६०.६०% गरी समग्रमा ७९.६१% वित्तीय प्रगति भएको छ।	-
३	**विधेयक दर्ता तथा पारितः-** सभाको काम कारवाही संचालनको लागि गण्डकी प्रदेश सभा नियमावली, २०८० कार्यान्वयनमा रहेको छ। प्रदेश सभाको दोश्रो कार्यकाल २०७९/०८० देखि २०८१ फागुनमसान्तसम्म ५ वटा नियमित अधिवेशन सम्पन्न भएका छन्। यस वर्ष ६० सहित हालसम्म ९४ बैठक बसी २०८०/०८१ मा ६ वटा विधेयक र १ वटा नियमावली सहित हालसम्म १५ विधेयक, १ नियमावली र २ अध्यादेश पारित भएका छन्।	गण्डकी प्रदेश सभाको दोश्रो कार्यकाल २०७९/०८० देखि २०८१ फागुनमसान्तसम्म ५ वटा नियमित अधिवेशन सम्पन्न भएको छ। विगतको ६० सहित हालसम्म ९४ बैठक बसेको छ। आ.व. २०८०/०८१ मा ६ वटा विधेयक र १ वटा नियमावली पारित भएका छन्।	महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने।
४	**निर्णय कार्यान्वयनः-** प्रदेश सभाले संवैधानिक र कानुनी प्रावधान अनुरुप ५ विषयगत समितिको गठन गरेको छ। ती समितिहरूले २०८०।८१ सम्म देहायबमोजिम ३६४ निर्णय गरी विभिन्न सुझाव तथा निर्देशन दिएको छ।	**<u>प्रदेश सभा स्थापनादेखि २०८१ फागुनसम्म</u>** कार्य व्यवस्था समितिको बैठक जम्मा १४०, अर्थ तथा विकास समितिको बैठक जम्मा ४३ सार्वजनिक लेखा समितिको बैठक जम्मा ४२ सामाजिक विकास तथा कृषि समितिको बैठक जम्मा ३१	विभिन्न समितिहरुबाट भएका निर्णय तथा निर्देशनहरुको कार्यान्वयनको अवस्था सम्बन्धमा अनुगमन गर्न निर्देशन दिने।

<table>
<tr><th>दफा</th><th>बेरुजुको संक्षिप्त विवरण</th><th>सचिवालयको जवाफ</th><th>समितिको निर्णय</th></tr>
<tr><td></td><td><table>
<tr><th>क्र.सं.</th><th>समितिको विवरण</th><th>अवधि</th><th>यो वर्षको बैठक संख्या</th><th>निर्णय संख्या</th></tr>
<tr><td>१</td><td>सामाजिक विकास तथा कृषि समिति</td><td>२०७९।८० देखि २०८०।८१ सम्म</td><td>१९</td><td>५८</td></tr>
<tr><td>२</td><td>अर्थ तथा विकास समिति</td><td>२०७४।७५ देखि २०८०।८१ सम्म</td><td>२२</td><td>७३</td></tr>
<tr><td>३</td><td>सार्वजनिक लेखा समिति</td><td>२०७४।७५ देखि २०८०।८१ सम्म</td><td>१६</td><td>५५</td></tr>
<tr><td>४</td><td>प्रदेश मामिला तथा कानुन समिति</td><td>२०७४।७५ देखि २०८०।८१ सम्म</td><td>१७</td><td>३८</td></tr>
<tr><td>५</td><td>कार्य व्यवस्था समिति</td><td>२०७४।७५ देखि २०८०।८१ सम्म</td><td>२६</td><td>१४०</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td></td><td>३६४</td></tr>
</table>
प्रदेश सरकारका निकायहरूलाई दिएका सुझाव तथा निर्देशनहरूको कार्यान्वयनको अवस्था र प्रभावकारी अनुगमन गरेको छैन।</td><td>प्रदेश मामिला तथा कानुन समितिको बैठक जम्मा २२
कुल निर्णय ३६४ सहित विभिन्न मन्त्रालय तथा निकायहरुलाई सुझाव र निर्देशन दिइएको।
मिति २०८३ जेठ २८ गतेसम्म
अर्थ तथा विकास समितिको बैठक जम्मा ७४
सार्वजनिक लेखा समितिको बैठक जम्मा ७४
सामाजिक विकास तथा कृषि समितिको बैठक जम्मा ८६
प्रदेश मामिला तथा कानुन समितिको बैठक जम्मा ३०</td><td></td></tr>
<tr><td>५</td><td>सम्पत्ति हस्तान्तरण र व्यवस्थापनः- प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ८५ (१) मा कार्यालय खारेज वा गाभिने निर्णय भएकोमा साबिकवाला कार्यालय प्रमुखले त्यस्तो निर्णय भएको पैंतीस दिनभित्र सम्पत्तिको विवरण तयार गरी हालवालालाई हस्तान्तरण गर्नु पर्ने व्यवस्था रहेको छ। पोखरा महानगरपालिका वडा नं. १ स्थित साबिक स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान अन्तर्गतको नगर विकास प्रशिक्षण केन्द्रको स्वामित्वमा रहेका जग्गा, भवन र जिन्सी सामान नेपाल सरकारको २०७६।११।५ को निर्णयानुसार गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानले बुझिलिने र सो मध्ये गण्डकी प्रदेश सभाले उपयोग गरी आएका भवन र जिन्सी सामानहरू सोही सभालाई हस्तान्तरण गरी बाँकी रहेका भवन र जिन्सी सामान प्रतिष्ठानले उपयोग गर्नेगरी निर्णय भएकोमा सभाले उपयोग गरी आएका जग्गा, भवन तथा जिन्सी सामान हालसम्म हस्तान्तरण प्राप्त भएको छैन।</td><td>नेपाल सरकारको मिति २०७६/११/०५ गतेको निर्णयानुसार पोखरा महानगरपालिका वडा-३ स्थित साविक स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान अन्तर्गतको नगर विकास प्रशिक्षण केन्द्रको स्वामित्वमा रहेको ११० रोपनी जग्गा, भवन र जिन्सी सामान गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान तथा गण्डकी प्रदेश सभालाई संयुक्त रुपमा भोगाधिकार गरेकोमा सो मध्ये गण्डकी प्रदेश सभाले ६५ रोपनी जग्गा प्राप्त गरेको थियो र हाल ६ रोपनीमा २०८२ भदौ ३ गते भवन निर्माणका लागि गण्डकी प्रदेश सरकारको मुख्यमन्त्री माननीय सुरेन्द्रराज पाण्डेज्यूले प्रदेश सभा भवनको शिलान्यास गर्नु भएको थियो। जिन्सी सामानमा १२० वटा कुर्सि तथा ३२ वटा टेबुल हस्तान्तरण भई PAMS मा दर्ता भएको थियो। हाल भदौ २३ र २४ गतेको जेन-जी (Gen G) आन्दोलनमा सबै जिन्सी सामान पूर्ण रुपमा जलेर नष्ट भएका छन्। जलेर पूर्ण रुपमा नष्ट भएका PAMS मा दर्ता भएका सामाग्रीहरुको सार्वजनिक खरिद ऐन, २०६३ बमोजिम प्रदेश सरकारले मिनाहाको लागि प्रकृया पूरा गरी टुङ्गयाउनु पर्ने निर्णय गरे बमोजिम आवश्यक कानुनी प्रकृया पूरा गरी मिनाहाको लागि प्रदेश सरकार समक्ष पेश गरिएको छ। जुन अन्तिम अवस्थामा पुगेको छ। लिलामी प्रकृया अगाडी बढाई मिति २०८२/१२/१२ गते १५ दिनको सूचना समेत प्रकाशित गरिएको छ। जग्गाको हकमा नेपाल सरकार र गण्डकी प्रदेश सरकारको निर्णय</td><td>महालेखा परीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने।</td></tr>
</table>

दफा	बेरुजुको संक्षिप्त विवरण	सचिवालयको जवाफ	समितिको निर्णय
		अनुसार प्रदेश सभा सचिवालयलाई भोगाधिकार प्राप्त भएको अवस्था हो।	
६	**अनुगमनः-** गत विगतका प्रतिवेदनमा कानुन निर्माण, निर्णय कार्यान्वयन लगायतका बेहोरा औंल्याइएकोमा यस सम्बन्धमा सुधार भएको देखिएन।	प्रत्येक समितिद्वारा गरिएको निर्णयानुसार प्रदेश सरकारका विभिन्न निकाय/ कार्यालय/आयोग/मन्त्रालयलाई दिइएको निर्देशन र सुझाव आदिका विषयमा पत्राचार गरी सो सम्बन्धी जानकारी लिई राखेको छ। आवश्यकता अनुसार समितिले अनुगमन गर्ने गरेको छ। **पुनश्चः यस सचिवालयमा बेरुजु शुन्य रहेको व्यहोरा जानकारीका लागि अनुरोध छ।**	-

३.२ मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय

३.२.१ महालेखा परीक्षकको सातौं बार्षिक प्रतिवेदन, २०८२ उपर भएका छलफलका निर्णयहरुः

दफा	बेरुजुको संक्षिप्त विवरण	कार्यालयको जवाफ	समितिको निर्णय
१	**लेखापरीक्षण अङ्कः-** यो वर्ष कार्यालयको रु.१ अर्ब २० करोड ८६ लाख ५७ हजारको लेखापरीक्षण सम्पन्न भएको छ।	-	-
२	**बजेट खर्चः-** महालेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त कार्यालयको यस वर्षको आर्थिक विवरण अनुसार चालु तर्फ ६६.१४% तथा पुँजीगत तर्फ ४१.०६% गरी समग्रमा ६०.२१% वित्तीय प्रगति भएको छ।	-	-
३	**एकीकृत वित्तीय विवरणः-** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ६५(१) अनुसार कार्यालयले आफू र मातहतका कार्यलयको नेपाल सार्वजनिक क्षेत्र लेखामान अनुसार एकीकृत केन्द्रीय वित्तीय विवरण तयार गर्नुपर्नेमा तयार गरेको छैन। कानुन बमोजिम तोकिएको ढाँचामा केन्द्रीय एकीकृत वित्तीय विवरण तयार गर्नुपर्दछ ।	एकीकृत वित्तीय प्रतिवेदन तयार गरी पेश गरिएको।	महालेखापरीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने ।
४	**सङ्घीय कार्यालयलाई खर्चः-** प्रदेश सरकारको विनियोजन ऐन, २०८० को दफा ५(४) मा प्रदेश सरकारको कुनै विषयगत मन्त्रालय तथा निकायको स्वीकृत वार्षिक कार्यक्रम अर्को मन्त्रालय तथा	संघीय ईकाइहरुको सहमति लिई कार्यान्वयन गर्ने गरिएको ।	प्रदेश सरकारले कानूनी प्रकिया पुरा गरी संघीय

दफा	बेरुजुको संक्षिप्त विवरण	कार्यालयको जवाफ	समितिको निर्णय
	निकायबाट कार्यान्वयन गर्नुपर्ने भएमा कार्यान्वयन गर्ने सम्बन्धित मन्त्रालय तथा निकायको पूर्व सहमति लिई माघ मसान्तभित्र प्रदेश सरकार आर्थिक मामिला मन्त्रालयमा लेखी पठाएमा मन्त्रालयले खर्च गर्ने अख्तियारीको लागि सहमति दिन सक्ने उल्लेख छ। यस कार्यालयले सुरक्षा निकायको भवन निर्माण तथा मर्मत गर्न गण्डकी प्रदेश प्रहरी कार्यालय, कास्कीलाई रु.९ करोड ३९ लाख ६७ हजार र पत्रकारमहासङ्घको भवन निर्माण गर्न पूर्वाधार विकास कार्यालय, नवलपरासी (ब.सु.पू), लमजुङ्ग र गोरखालाई रु.१५ लाखका दरले रु.४५ लाखसमेत रु.९ करोड ८४ लाख ६७ हजार निकासा दिएको छ। अन्य निकायको भवन निर्माण तथा मर्मत सम्भार कार्यको लागि यस कार्यालयमा विनियोजन गरी ती कार्यालयहरूलाई निकासा गरेको छ। प्रदेश सरकारले कानुनी प्रकृया पुरा गरी अन्तर सरकारी अख्तियारी दिनुपर्दछ ।		सरकार मातहतका कार्यालयहरुलाई अन्तरसरकारी अख्तियारी दिने व्यवस्था गर्न निर्देशन दिने ।
५	**बजेट खर्चः-** कार्यालयले 'आन्तरिक मामिला' पुँजीगततर्फ पर्वतीय विपद उद्धार सम्बन्धी सामग्री खरिद, विपद उद्धारको लागि हेलिप्याड निर्माण, राजमार्गमा विपद व्यवस्थापन सूचना प्रणाली स्थापना तथा जडान लगायका १० शीर्षकमा रु.२ करोड ३० लाख र 'आन्तरिक मामिला' चालुतर्फ शान्ति सुरक्षा सम्बन्धमा आपतकालीन खर्च, अन्तरजिल्ला सुरक्षा समन्वय बैठक, विपद व्यवस्थापनमा खटिने सुरक्षाकर्मीको क्षमता अभिवृद्धि लगायतका २० शीर्षकमा रु.२ करोड ३७ लाख विनियोजन गरेकोमा खर्च भएको छैन। तोकिएको लक्ष्य अनुसार कार्य सम्पादन गर्नुपर्दछ ।	मागको आधारमा खर्च गर्ने गरी बजेट विनियोजन गरिएकोमा सम्बन्धित निकायबाट उक्त प्रकृतिको बजेट माग नभएकोले खर्च नभएको ।	कार्यान्वयन गर्न नसकिने तथा प्राविधिक रुपमा पूर्व तयारी नभएका कार्यक्रममा बजेट विनियोजन नगर्न तथा बजेट वक्तव्यमा समावेश भएका कार्यक्रमहरु कार्यान्वयन गर्न निर्देशन दिने ।
६	**बहुवर्षीय योजनाः-** बहुवर्षीय योजना स्वीकृत गर्दा विस्तृत सर्वेक्षण, ड्रईङ्ग, डिजाईन स्वीकृत गरी योजना तयारी चरणमा सम्पूर्ण कार्यहरू सम्पन्न गरी प्रदेशको स्रोतको समग्र विश्लेषण गरेर मात्र बहुवर्षीय योजना स्वीकृत हुनुपर्दछ। प्रदेश सरकारको योजना कार्यान्वयनमा देखिएका समस्याहरूको पहिचान र निराकरणका लागि सुझाव तथा सिफारिस प्रतिवेदन, २०८० अनुसार प्रदेशबाट स्वीकृत हुने योजनामा न्यून विनियोजन गरी अधिक संख्यामा बहुवर्षीय योजना स्वीकृत गर्दा समयमा योजना सम्पन्न नहुने, सीमित स्रोत छरिएर विनियोजन गर्दा विनियोजन दक्षता नदेखिने अवस्था रहेको उल्लेख गरेको देखियो। प्रदेशका विभिन्न निकाय अन्तर्गत कार्यान्वयनमा रहेका ४१७ बहुवर्षीय योजनामा रु.१५ अर्ब ८५ करोड ७९ लाख बराबरको स्रोत सुनिश्चितता भएको देखिन्छ। प्रदेश सरकारको	नेपाल सरकारबाट हस्तान्तरण भएका कतिपय अधुरा योजनाहरु सम्पन्न गर्नुपर्ने दायित्व सृजना भएको साथै प्रदेश गौरवका स्रोत सुनिश्चित गरिएका अधिकांश बहुवर्षिय योजनाहरु सम्पन्न नहुने अवस्थालाई मध्यनजर गर्दै बजेटको क्षमता भित्र रही स्रोत सुनिश्चता गर्ने गरिएको।	योजनाको बहुवर्षीय स्वीकृति प्रदान गर्दा संघबाट प्राप्त हुने अनुदान र प्रदेश सरकारको राजस्वको आधार साथै योजनाको पूर्वतयारी जस्ता विषयलाई ध्यान दिई बजेट अपुग नहुने गरी बहुवर्षीय

दफा	बेरुजुको संक्षिप्त विवरण	कार्यालयको जवाफ	समितिको निर्णय
	कुल राजस्व सङ्कलन रु.११ अर्ब ४३ करोड २२ लाख ६९ हजार रहेको अवस्थामा आम्दानी भन्दा १३८.७१ प्रतिशत बढीको स्रोत सुनिश्चितता दिएको देखिन्छ। योजनाको बहुवर्षीय स्वीकृती प्रदान गर्दा सङ्घबाट प्राप्त हुने अनुदान र प्रदेशको राजस्वको आकार साथै योजनाको पूर्वतयारी जस्ता विषयलाई समेत ध्यान दिई बजेटले खाम्ने गरी योजना व्यवस्थापन गर्नुपर्दछ ।		योजना व्यवस्थापन गर्न निर्देशन दिने ।
७	**कार्यक्षेत्रमा हेरफेरः-** प्रशासनिक पुनर्संरचना समितिको प्रतिवेदन, २०७४ ले सबै प्रदेशमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सहित प्रदेश मन्त्रालयको संख्या ७ रहने सिफारिस गरेकोमा प्रदेश सभाको पहिलो निर्वाचनपश्चात गठन भएको प्रदेश सरकारले २०७४।११।४ मा प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ जारी गरी ७ मन्त्रालय स्थापना गरेकोमा २०७८।२।५ मा उक्त संख्या ११ र तत्तपश्चात ४ पटकसम्म नियमावली संशोधन गरी पछिल्लो पटक २०८१।५।१६ मा ९ मन्त्रालय कायम गर्ने गरी कार्यविभाजन नियमावलीको अनुसूचीमा संशोधन गरेको छ। मन्त्रालयहरूको संख्या उपयुक्त आधारमा निर्धारण गर्नुपर्दछ ।	प्रशासनिक पुनसंरचना समिति लगायत विभिन्न समिति/आयोगको सिफारिस समेतका आधारमा विभिन्न समयमा मन्त्रालय र कार्यक्षेत्र हेरफेर गर्ने गरिएको।	मन्त्रालयको कार्यक्षेत्र फेरवदल/ हेरफेर गर्दा प्रशासनिक क्षेत्रमा पर्ने प्रभाव, एकीकृत हिसाब मिलान तथा बजेट व्यवस्थापन, जनशक्ति व्यवस्थापन, भौतिक पूर्वाधार व्यवस्थापन तथा सम्पत्ति व्यवस्थापनमा आउन सक्ने कठिनाई तथा सोको जिम्मेवारी———— जवाफदेहिता, अनुगमन र अभिलेखाङ्कनमा देखिन सक्ने समस्यालाई समेत व्यवस्थापन गर्ने ठोस योजना बनाई फेरवदल गर्न निर्देशन दिने ।
८	**निर्णय कार्यान्वयनः-** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ अनुसार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको कार्य जिम्मेवारी अन्तर्गत प्रदेश मन्त्रिपरिषद्का निर्णयको कार्यान्वयन र अनुगमन गर्ने उल्लेख छ। मन्त्रिपरिषदबाट २०७९।८० सम्म २०० बैठक बसी १ हजार १०६ र यो वर्ष ३४ बैठकबाट १२४ समेत १ हजार २३० निर्णय भए तापनि निर्णय कार्यान्वयन	प्रदेश मन्त्रिपरिषद्का निर्णयहरु कार्यान्वयनका लागि विषयगत मन्त्रालयबाट प्रगति विवरण संकलन भईरहेको, सबै निर्णयहरुको अद्यावधिक अभिलेख मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा राखिएको । निर्णयहरु	महालेखापरीक्षकको प्रतिवेदनको सुझावअनुसार नै प्रदेश सरकार मन्त्रिपरिषद्का निर्णयहरुको

दफा	बेरुजुको संक्षिप्त विवरण	कार्यालयको जवाफ	समितिको निर्णय
	सम्बन्धमाकार्यालयले अभिलेख राखी प्रतिवेदन तयार गरेको छैन। निर्णयको अद्यावधिक अभिलेख राखी कार्यान्वयन गर्नुपर्दछ।	नियमित रुपमा कार्यालयको वेभसाईट मार्फत सार्वजनिक गर्ने गरिएको।	कार्यान्वयनको सम्बन्धमा कार्यालयले अद्यावधिक अभिलेख राखी प्रतिवेदन तयार गरी कार्यान्वयन गर्न निर्देशन दिने ।
९	**दरबन्दी र पदपूर्तिः-** प्रदेश सरकार अन्तर्गत प्रदेश सभा सचिवालय, मन्त्रालय, आयोग, र अन्तर्गतका कार्यालय सहित १८३ सरकारी निकायमा ३ हजार ४११ कर्मचारी दरबन्दी रहेकोमा ५०८ करार कर्मचारी समेत २ हजार ८३ पदपूर्ति भई १ हजार ३२८ रिक्त रहेको छ।	प्रदेश सेवामा रहेका रिक्त दरबन्दीमा प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेशबाट मार्फत नियमित पदपूर्तीको प्रकृया अगाडी बढेको ।	महालेखापरीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने ।
१०	**प्रदेश समन्वय परिषदः-** सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तर-सम्बन्ध) ऐन, २०७७ को दफा २४ र १६(३) मा मुख्यमन्त्रीको संयोजकत्वमा एक प्रदेश समन्वय परिषद् रहने र परिषद्को बैठक वर्षको कम्तिमा एक पटक बस्ने व्यवस्था छ। परिषद्को २०८०।८।६ मा बसेको छैटौं बैठकले प्रथम बैठकबाट पारित निर्णयहरू यथाशीघ्र कार्यान्वयन गर्न नेपाल सरकारसँग माग गर्ने, प्रदेश प्रशासनिक समन्वय परिषद गठन गर्ने, प्रदेशको दोस्रो आवधिक योजना र स्थानीय तहका आवधिक योजनाका बीचमा तादात्म्यता तथा एकीकृत स्वरूप कायम गर्ने, आयोजना बैङ्क मार्फत योजना बनाउँदा स्थानीय तहबाट सिफारिस भएका आयोजनालाई प्राथमिकता दिने, स्थानीय तहले समेत आयोजना बैङ्क बनाई योजना बनाउने, नदीजन्य वस्तु, प्राकृतिक स्रोत र संरक्षित क्षेत्रबाट सङ्कलन हुने रकम तथा रोयल्टीको राजस्व प्रभावित स्थानीय तहमा समेत बाँडफाँट गर्ने व्यवस्थाका लागि नेपाल सरकारसँग अनुरोध गर्ने निर्णय गरेको छ। परिषद्को निर्णय कार्यान्वयनको सुनिश्चतता गर्नुपर्दछ ।	प्रदेश समन्वय परिषद्को बैठकको निर्णयहरु कार्यान्वयनको लागि प्रदेश विकास समस्या समाधान समिति मार्फत राष्ट्रिय विकास समस्या समाधान समितिमा सिफारिस गरिएको । गण्डकी प्रदेश आयोजना बैंक कार्यविधि, २०८१ जारी गरी कार्यविधि बमोजिम प्रणालीमा आयोजना प्रविष्टि कार्य अगाडी बढेको ।	महालेखापरीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने ।
११	**आर्थिक सहायताः-** प्रदेश आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७६ मा व्यक्तिगत सहायता रु.२५हजारसम्म मुख्यमन्त्रीको तोक आदेशबाट सोझै, सो भन्दा माथिको हकमा मन्त्रिपरिषद्को निर्णयबाट एवम् संस्थागत सहायता रु.१ लाखसम्म मुख्यमन्त्रीको तोक आदेशबाट सोझै र सो भन्दा माथिको हकमा मन्त्रिपरिषदको निर्णयबाट भुक्तानी दिन सकिने व्यवस्था छ। कार्यालयले २०८०।८१ मा कडा रोगहरू र अन्य सामाजिक सहायता शीर्षकबाट १७३ लाभग्राहीलाई रु.१ करोड ४८ लाख ८९ हजार आर्थिक सहायतामा खर्च गरेको छ। यस प्रकारका खर्च अन्य विभिन्न	आर्थिक सहायता सूचना व्यवस्थापन प्रणाली निर्माण भई उक्त प्रणाली मार्फत आर्थिक सहायता प्रदान गर्ने गरिएकोले दोहोरो नपर्ने व्यवस्था सुनिश्चित गरिएको र निर्णय पश्चात भुक्तानी गर्ने कार्यलाई शिघ्रता दिइएको।	प्रदेश सरकारले प्रदेश आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०७६ बमोजिम आर्थिक सहायता प्रदान गर्दा आर्थिक सहायता पाउनेको विवरण

दफा	बेरुजुको संक्षिप्त विवरण	कार्यालयको जवाफ	समितिको निर्णय
	निकायहरूबाट समेत हुने हुँदा आर्थिक सहायता पाउनेको विवरण सार्वजनिक गर्ने र दोहोरो नपर्ने गरी एकद्वार प्रणालीबाट यस्तो खर्च गर्नुपर्दछ।		सार्वजनिक गर्ने र दोहोरो नपर्ने गरी एकद्वार प्रणालीबाट गर्ने व्यवस्था कार्यान्वयन गर्न निर्देशन दिने ।
१२	**कर्मचारीको अभिलेखः-** प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा १३१(१) मा कर्मचारीको अभिलेख प्रदेश निजामती किताबखाना वा प्रदेश सरकारले तोकेको निकायले राखे व्यवस्था उल्लेख छ। प्रदेश अन्तर्गत ३ हजार ४११ दरबन्दी स्वीकृत भएकोमा उद्योग तथा पर्यटन मन्त्रालय र ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय गरी २ मन्त्रालय अन्तर्गतका ३२६ पदमात्र प्रदेश निजामती किताबखानामा दर्ता भएका छन्। प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम प्रदेश अन्तर्गतका कर्मचारीको अद्यावधिक अभिलेख राख्नु पर्दछ ।	प्रदेश कितावखानाबाट प्रदेश तथा स्थानीय तहका कर्मचारीको अभिलेख व्यवस्थापन गर्न राष्ट्रिय कितावखाना (निजामती) र प्रदेश कितावखानाबिच सहमती पत्रमा हस्ताक्षर भई सो अनुसार नियमित रुपमा व्यवस्थापन गर्ने कार्य भईरहेको।	महालेखापरीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने ।
१३	**विपद् व्यवस्थापन कोषः-** प्रदेश विपद् व्यवस्थापन नियमावली, २०७७ को नियम १२(१क) मा विपदप्रभावित वा सम्भावित विपदको जोखिममा रहेका व्यक्तिको प्रारम्भिक पुनर्स्थापना र सम्पत्तिको संरक्षण गर्न कोषमा रहेको रकमको प्रयोग गर्ने व्यवस्था बमोजिम सम्भावित जोखिमको क्षति न्यूनिकरण गर्न २०८०।१२।१६ मा बसेको बैठकले १० स्थानीय तहलाई रु.२ करोड ८० लाख तथा २०८१।२।३ मा बसेको बैठकले १७ स्थानीय तहलाई रु.२ करोड ५ लाख समेत कुल रु.४ करोड ८५ लाख रकम उपलब्ध गराएको छ । प्रदेश सरकारले रकम उपलब्ध गराउँदा सम्बन्धित स्थानीयतहहरूले प्राप्त रकम तोकिएको काममा खर्च गरी प्रतिवेदन पेस गर्नुपर्ने शर्त राखेकोमा सो को कार्यान्वयन भएको देखिएन।	विनियोजन भएका विपद्धन्य योजना कार्यान्वयनका लागि जिल्लास्थित सम्बन्धित कार्यालयबाट अनुगमन भई प्रतिवेदन प्राप्त हुने गरेको।	महालेखापरीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने ।
१४	**विपद् पूर्वतयारीः-** प्रदेश विपद् व्यवस्थापन नियमावली, २०७७ को नियम १२(१.घ) मा विपद् पूर्व तयारीका लागि उद्धार तथा राहत सामग्री खरिद तथा भण्डारण गर्ने उल्लेख छ। विपद पूर्वतयारीको आवश्यक सामग्री खरिद, स्थानीय तहका विपद व्यवस्थापनसम्बन्धी सम्पर्क व्यक्तिको क्षमता अभिवृद्धि, विपद प्रतिकार्यमा खटिने सुरक्षाकर्मीको क्षमता अभिवृद्धि, प्रदेश विपद व्यवस्थापन गोष्ठी, सुरक्षाकर्मीको लागि न्यानो कपडा लगायत आवश्यक सामग्री खरिदका लागि रु.१ करोड बजेट व्यवस्था भएकोमा रु.१९ लाख ६९ हजारमा ट्रापुलिन टेन्ट र डोरी लगायतका सामग्री खरिद गरेको	विपद् व्यवस्थापनको विषय पूर्वानुमान योग्य नहुने भएकोले आकस्मिक व्यवस्थापनका लागि सामाग्री खरिद/भण्डारण गर्नुपर्ने बाध्यता रहेको।	महालेखापरीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने ।

दफा	बेरुजुको संक्षिप्त विवरण	कार्यालयको जवाफ	समितिको निर्णय
	छ। विपद पूर्वतयारीका कार्यलाई प्रभावकारी बनाई विपद जोखिम तथा क्षति न्यूनीकरणतर्फ ध्यान दिनुपर्दछ ।		
१५	**सुरक्षा निकायको भुक्तानी:-** सरकारी कारोबार निर्देशिका, २०७६ मा बैङ्कहरूले सरकारी खाता सञ्चालनगर्न महालेखा नियन्त्रक कार्यालयको सहमति लिई नेपाल राष्ट्र बैङ्कले तोकेअनुसार खाता सञ्चालन गर्नुपर्ने व्यवस्था छ। सरकारी कारोबारको क्षेत्रमा एकल कोष खाता प्रणाली लागु भए पश्चात सरकारी कार्यालयका बैङ्क खाता नरहने र कार्यालयको नामबाट सम्बन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालय/प्रदेश लेखा इकाईमा एकल खाता रहने गरी व्यवस्था गरेको छ। यस कार्यालयले नेपाली सेनाको पश्चिम पृतना हेडक्वाटर्सलाई रु.१५ लाख ९५ हजार, २३ नं. बाहिनी अड्डालाई रु.३ लाख १७ हजार र सशस्त्र प्रहरी बल नेपालको नं. ४ मुक्तिनाथ बाहीनी मुख्यालयलाई रु.७ लाख ९८ हजार समेत रु.२७ लाख १० हजार छुट्टै खातामा भुक्तानी गरेको छ। एकल कोष खाता प्रणाली बाहेक छुट्टै बैङ्क खातामा भुक्तानी गर्ने कार्य नियन्त्रण हुनुपर्दछ ।	चालु आ.व.बाट एकल कोष खाता प्रणाली मार्फत नै भुक्तानी गर्ने गरिएको।	महालेखापरीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने ।
१६	**अधुरा आयोजना:-** आयोजनाको पूर्वतयारीका कार्यहरू सम्पन्न गरी बजेटको सुनिश्चितता गरेर मात्र आयोजना छनोट तथा कार्यान्वयन गर्नुपर्दछ। आयोजना कार्यान्वयनमा देखिएका समस्याहरूको पहिचान र निराकरणका लागि सुझाव तथा सिफारिस प्रतिवेदन, २०८० अनुसार भौतिक पूर्वाधार विकास तथा यातायात मन्त्रालय अन्तर्गत १४ योजनाको निर्माण गर्न रु.१ अर्ब ८३ करोड ६५ लाखमा सम्झौता गरी शुन्यदेखि ८५ प्रतिशत, ऊर्जा जलश्रोत तथा खानेपानी मन्त्रालय अन्तर्गत ९ योजनाको रु.२५ करोड ४१ लाख २२ हजारमा सम्झौता गरी शुन्यदेखि ७६ प्रतिशत, सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय अन्तर्गत २ योजनाको रु.१३ करोड ४ लाख २४ हजारमा सम्झौता गरी ४७ देखि ७० प्रतिशत र कृषि तथा भूमि व्यवस्था मन्त्रालय अन्तर्गत १ योजनाको रु.६ करोड ९२ लाख २० हजारमा सम्झौता गरी ५७ प्रतिशत वित्तीय प्रगति भएको समेत ४ मन्त्रालय अन्तर्गत २६ आयोजना अधुरा रहेका छन्। पर्याप्त बजेट विनियोजन एवं सोको कार्यान्वयन र अनुगमन गरी अधुरा आयोजना सम्पन्न गर्नुपर्दछ ।	अधुरा योजना सम्पन्न गर्न प्राथमिकताका साथ वजेट विनियोजन गर्ने व्यवस्था मिलाइएको।	अधुरो रहेका आयोजनाहरु समयमा नै सम्पन्न गर्ने गरी प्राथमिकतामा राखि बजेट विनियोजन गर्न तथा यस दफामा उल्लेख भएको महालेखापरीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने ।
१७	**अनुगमन:-** प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम प्रदेश सरकार अन्तर्गतका निकायहरूको कामको अनुगमन गर्ने तथा प्रदेश अन्तर्गतका स्थानीय तहहरू बीचमा समन्वय र सहकार्य गर्ने जिम्मेवारी यस कार्यालयको रहेको छ। यस सम्बन्धी बेहोरा निम्न छन्:	१७.१. प्रदेश समन्वय परिषद् र प्रदेश विकास समस्या समाधान समिति मार्फत स्थानीय तहसँग आवश्यक समन्वय गरिएको । १७.२. प्रदेश समन्वय परिषद् र	महालेखापरीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने ।

दफा	बेरुजुको संक्षिप्त विवरण	कार्यालयको जवाफ	समितिको निर्णय
	१७.१ कार्यालयबाट यो वर्ष अनुगमन तथा मूल्याङ्कन खर्च शीर्षकमा विनियोजित रु.४० लाखमध्ये रु.२१ लाख २ हजार खर्च गरी विकास आयोजनाहरूको अनुगमन भएको प्रतिवेदनबाट देखिए तापनि प्रदेश अन्तर्गतकानिकायबाट भएको विकास निर्माणमा प्रयोग भएका ढुङ्गा, गिट्टी, बालुवा लगायतका प्राकृतिक स्रोतको उपयोगमा रोयल्टी तिरे नतिरेको अनुगमन भएको देखिएन। १७.२ प्रदेश आर्थिक ऐन, २०८० को दफा ८ (१) मा प्रदेशभित्र माटो, ढुङ्गा, गिट्टी, बालुवा, स्लेट, चुनढुङ्गा, ग्राभेल, खरिढुङ्गा, अभ्रख र दहत्तरबहत्तरको सङ्कलनमा शुल्क असुल गरिने र उक्त रकम स्थानीय तहको विभाज्य कोषमा जम्मा गरी ६० प्रतिशत स्थानीय तह र ४० प्रतिशत रकम प्रदेश सञ्चित कोषमा दाखिला हुनुपर्ने उल्लेख छ। प्रदेश लेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार २०७९ । ८० मा प्रदेश अन्तर्गतका ८५ मध्ये ४१ स्थानीय तहबाट रु.१५ करोड ४१ लाख ३३ हजार दाखिला भएकोमा यस आर्थिक वर्षमा ४१ स्थानीय तहबाट रु.१३ करोड १६ लाख ४७ हजार राजस्व प्राप्त भएकोमा ४४ स्थानीय तहले प्रदेश सञ्चित कोषमा दाखिला गरेका छैनन्। प्रदेश आर्थिक ऐनले तोकेबमोजिमको राजस्व सङ्कलन गर्न कार्यालयबाट आवश्यक अनुगमन गरी सम्बन्धित स्थानीय तहसँग समन्वय र सहकार्य हुनुपर्दछ ।	प्रदेश विकास समस्या समाधान समिति मार्फत आवश्यक समन्वय गरि राष्ट्रिय विकास समस्या समाधान समितिमा समाधानका लागि समेत सिफारिस गरिएको।	
	अनुगमनः- गत विगतका प्रतिवेदनमा अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन तयार नगरेको, कार्यक्रम अनुसार प्रगति हाँसिल नगरेको, तहगत दोहोरो संरचना भएको, विद्युतीय सुशासन आयोजनाको गुरुयोजना अनुसारको कार्य नभएको लगायतका बेहोरा औंल्याइएकोमा सुधार भएको देखिएन। विगतका बेहोरा पुनरावृत्ति नहुने गरी कार्य सम्पादन गर्नुपर्दछ ।	नीति तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी अनुगमन तथा मूल्यांकन निर्देशिका, २०७८ बमोजिम गण्डकी प्रदेश अनुगमन प्रणाली सञ्चालनमा ल्याई प्रदेशमा कार्यान्वयन भएका योजना/कार्यक्रमको विद्युतीय माध्यमबाट प्रगति प्रतिवेदन जारी हुने व्यवस्था मिलाइएको।	-
	बेरुजु रकमको विवरणः- यो वर्ष कार्यालय र मातहत समेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजुको स्थिति देहायअनुसार छः कार्यालयको यो वर्ष रु.४ करोड ७३ लाख २० हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिक्रियाबाट रु.४ करोड ३१ लाख ९३ हजार फछर्यौट भई रु.४१ लाख २८ हजार बेरुजु बाँकी रहेको छ। यससम्बन्धी विवरण अनुसूची-९ मा रहेको छ। समिति र अन्य संस्थातर्फ यो वर्ष रु.७ लाख १६ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्रतिक्रियाबाट फस्यौंट नगराएकोले सोही रकम बाँकी रहेको छ। यससम्बन्धी	बेरुजु फछ्यौट गरी समपरिक्षण तथा लगत कट्टा भईसकेको । (म.ले.प. कार्यालयको मिति २०८१।०१।१४ को निर्णय)	-

<table>
<tr><th>दफा</th><th>बेरुजुको संक्षिप्त विवरण</th><th>कार्यालयको जवाफ</th><th>समितिको निर्णय</th></tr>
<tr><td></td><td>विवरण अनुसूची-१० मा संलग्न छ ।</td><td></td><td></td></tr>
<tr><td colspan="4">गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान</td></tr>
<tr><td>१८</td><td>लक्ष्य प्रगतिः- प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३२ (१) बमोजिम अनुसूची-२ को ढाँचामा बजेट खर्च देखिने गरी प्रगति प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ। प्रतिष्ठान अन्तर्गत विभिन्न २१ कार्यक्रममा रु.२ करोड २५ लाख विनियोजन भएकोमा खर्च नभएको र समग्रमा विनियोजन बजेटको ५० प्रतिशत भन्दा घटी वित्तीय प्रगति भएको कार्यक्रमको अवस्था देहाय अनुसार रहेको छः
(रु.हजारमा)
<table>
<tr><th>क्र.सं.</th><th>कार्यक्रम</th><th>वार्षिक बजेट</th><th>वार्षिक खर्च</th><th>वित्तीय प्रगति</th></tr>
<tr><td>१.</td><td>स्थानीय तहको लैङ्गिक समानता र सामाजिक समावेशीकरण रणनीति निर्माण</td><td>२८००</td><td>९८३</td><td>३५</td></tr>
<tr><td>२.</td><td>स्थानीय तहका वडा समितिका सदस्यलाई सहभागितामूलक योजना तर्जुमा र अनुगमन सम्बन्धी तालिम</td><td>५७००</td><td>७४७</td><td>१३</td></tr>
<tr><td>३.</td><td>सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी तालिम</td><td>७५००</td><td>१४०९</td><td>१९</td></tr>
<tr><td>४.</td><td>स्थानीय तह र जिससका जनप्रतिनिधीहरूलाई सकारात्मक सोच सम्बन्धी तालिम</td><td>१५००</td><td>१३६</td><td>९</td></tr>
<tr><td>५.</td><td>नवनियुक्त कर्मचारीहरूका लागि सेवा प्रवेश तालिम</td><td>५०००</td><td>७४६</td><td>१५</td></tr>
</table>
लक्ष्यअनुसार प्रगति हासिल गर्ने गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ।</td><td>PLGSP का कार्यक्रमहरु समेत यसै प्रशिक्षण केन्द्रबाट संचालन हुने भएकाले कार्यक्रमहरु सम्पन्न भएपनि वित्तीय प्रगति कम देखिन्छ।</td><td>विनियोजित बजेटको रकम खर्च गर्दा निर्धारित लक्ष्य अनुसार प्रगति हासिल गर्नेगरि तोकिएको समयमा खर्च गर्न निर्देशन दिने।</td></tr>
</table>

३.३ आर्थिक मामिला मन्त्रालय

३.३.१ महालेखा परीक्षकको सातौं बार्षिक प्रतिवेदन, २०८२ उपर भएका छलफलका निर्णयहरुः

दफा	बेरुजुको संक्षिप्त विवरण	मन्त्रालयको जवाफ	समितिको निर्णय
१	लेखापरीक्षण अङ्कः- यो वर्ष मन्त्रालय र मातहतका समेत १३ निकायको रु.९ अर्ब ६० करोड ४६ लाख ७६ हजारको लेखापरीक्षण सम्पन्न भएको छ।	-	-

<table>
<tr>
<td>२</td>
<td>बजेट खर्चः- महालेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त मन्त्रालय को यस वर्षको आर्थिक विवरण अनुसार चालु तर्फ ४८.३८% तथा पुँजीगत तर्फ ४७.३३% गरी समग्रमा ४८.३२% वित्तीय प्रगति भएको छ।</td>
<td>वित्तिय प्रगति हासिल गर्ने मुख्य जिम्मेवारी अख्तियारी प्राप्त गर्ने निकायको भएको र अधिकतम् वित्तिय प्रगति हासिल हुने तर्फ आर्थिक मामिला मन्त्रालयले समन्वय गरेको ।</td>
<td>-</td>
</tr>
<tr>
<td>३</td>
<td>आवधिक योजनाः- प्रदेशको प्रथम पञ्चवर्षीय योजना (२०७६।७७-२०८०।८१) मा विभिन्न क्षेत्रमा परिमाणात्मक लक्ष्य निर्धारण गरेकोमा सोको उपलब्धि निम्नानुसार रहेको छः
<table>
<tr><th>क्र. सं.</th><th>सूचक</th><th>ईकाई</th><th>२०७५।७६ को स्थिति</th><th>२०८०।८१ को लक्ष्य</th><th>२०८०।८१ सम्म को उपलब्धि</th></tr>
<tr><td>१</td><td>वार्षिक आर्थिक बृद्धिदर (आधारभूत मूल्यमा)</td><td>प्रतिशत</td><td>७.१</td><td>१०.२</td><td>४.२३</td></tr>
<tr><td>२</td><td>गरिबीको दर</td><td>प्रतिशत</td><td>१४.२</td><td>७.३</td><td>११</td></tr>
<tr><td>३</td><td>कुल गार्हस्थ्य उत्पादन (आधारभूत मूल्यमा)</td><td>रु. करोडमा</td><td>२९६३२</td><td>४६८७९</td><td>४५७६६</td></tr>
<tr><td>४</td><td>प्रतिव्यक्ति आय (अमेरिकी डलर)</td><td>डलर</td><td>१०४३</td><td>१९५६</td><td>१५९६</td></tr>
<tr><td>५</td><td>बहुआयामिक गरिबीमा रहेको जनसङ्ख्या</td><td>प्रतिशत</td><td>१४.२</td><td>७.३</td><td>९.५</td></tr>
<tr><td>६</td><td>मानव विकास सूचकाङ्क (HDR 2020)</td><td>सूचकाङ्क</td><td>०.५९</td><td>०.६५</td><td>०.६१८</td></tr>
<tr><td>७</td><td>जलविद्युत् उत्पादन (जडित क्षमता)</td><td>मेगावाट</td><td>४४८.५</td><td>१५००</td><td>९००</td></tr>
<tr><td>८</td><td>आधारभूत खानेपानी सुविधा प्राप्त जनसङ्ख्या</td><td>प्रतिशत</td><td>९१.१</td><td>१००</td><td>९५</td></tr>
<tr><td>९</td><td>स्वास्थ्य बिमामा आवद्ध जनसङ्ख्या</td><td>प्रतिशत</td><td>७</td><td>६४</td><td>३०.६</td></tr>
<tr><td>१०</td><td>साक्षरता दर (१५ वर्षमाथि)</td><td>प्रतिशत</td><td>५५.६</td><td>९९.५</td><td>७१.५८</td></tr>
<tr><td>११</td><td>आधारभूत तह (१-८) मा खुद भर्नादर</td><td>प्रतिशत</td><td>९४.८</td><td>९९</td><td>९५.७</td></tr>
<tr><td>१२</td><td>मातृ मृत्युदर (प्रति लाख जीवित जन्ममा)</td><td>सङ्ख्या</td><td>२३९</td><td>१५</td><td>१५०</td></tr>
<tr><td>१३</td><td>श्रमशक्ति सहभागिता दर (१५ वर्षमाथि)</td><td>प्रतिशत</td><td>३५.७</td><td>५०</td><td>४१.५</td></tr>
<tr><td>१४</td><td>रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा</td><td>प्रतिशत</td><td>३९.९</td><td>५५</td><td>४४.१</td></tr>
<tr><td>१५</td><td>कुल गार्हस्थ्य उत्पादनको संरचना द्वितिय क्षेत्र</td><td>प्रतिशत</td><td>१७.४</td><td>२२.४</td><td>१६.८</td></tr>
</table>
आवधिक योजनाको लक्ष्यअनुरुप उपलब्धि हासिल भएको देखिएन। आवधिक योजनालाई वार्षिक बजेट र कार्यक्रममा आवद्ध गरी निर्धारित लक्ष्य हासिल गर्नुपर्दछ।</td>
<td>क्षेत्रगत विषय व्यापक भएकोले परिमाणात्मक लक्ष्य यथार्थपरक बनाउन कठिनाई भएको। आगामी दिनमा लक्ष्य अनुरुप उपलब्धी हासिल गर्ने तर्फ सम्बन्धित सबै निकायसँग थप समन्वय गरी आवधिक योजनालाई वार्षिक बजेट र कार्यक्रमसँगतादाम्यता गराउने तर्फ विशेष ध्यान दिईनेछ ।</td>
<td>आवधिक योजनासँग सामन्जस्यता हुने गरि वार्षिक नीति, कार्यक्रम तथा बजेट निर्माण गरी कार्यान्वयन गर्न निर्देशन दिने ।</td>
</tr>
<tr>
<td>४</td>
<td>वार्षिक नीति तथा कार्यक्रमः- प्रदेश सरकारको २०८०।८१ को नीति तथा कार्यक्रममा प्रस्तुत भएका कार्यक्रमहरूमध्ये गौरवका आयोजना-हरूलाई समयमै सम्पन्न गर्न स्रोतको व्यवस्था, स्थानीय तहमा विनियोजन भएको बजेटको प्रगतिको विवरण प्राप्त गर्न सक्ने प्रणालीको विकास, बजेटको अख्तियारी, खर्च निकासा, बेरुजु न्यूनीकरणका लागि पूर्ण रूपमा डिजिटल प्रणाली अवलम्बन, प्रदेशमा आयोजना बैङ्क स्थापना लगायतका कार्यक्रमहरूमा बजेट विनियोजन गरेको पाईएन। नीति तथा कार्यक्रममा समावेश भएका योजना तथा कार्यक्रमहरू कार्यान्वयन हुनुपर्दछ ।</td>
<td>-गौरवका आयोजना तथा वहुवर्षिय आयोजना कार्यान्वयनमा यथेष्ट बजेट विनियोजन गर्न बजेट सिलिङ प्रदान गर्दा नै निर्देशन दिईएको। स्थानीय तहमा विनियोजन भएको बजेटको प्रगतिको विवरण प्राप्त गर्न सक्ने प्रणालीको विकास, बजेटको अख्तियारी, खर्च निकासा, बेरुजु न्यूनीकरणका लागि पूर्ण रूपमा डिजिटल प्रणाली अवलम्बन गर्न सातै</td>
<td>नीति तथा कार्यक्रममा उल्लेख गर्ने तर बजेट विनियोजन नगर्नु उपयुक्त नभएकोले महालेखापरीक्षकको सुझावअनुसार नै नीति कार्यक्रमको</td>
</tr>
</table>

<table>
<tr><td></td><td></td><td>प्रदेश सरकारले छुट्टा छुट्टै रुपमा बजेट विनियोजन गर्नु भन्दा पनि केन्द्र सरकारले एकल Software को विकास गरी सो लागू गरेमा एकरुपता हुने।
प्रदेशमा प्रदेश नीति तथा योजना आयोग अन्तर्गत आयोजना बैङ्क स्थापना (Software निर्माण)भई सकेकोले पुनः बजेट विनियोजन नभएको । नीति तथा कार्यक्रममा समावेश भएका योजना तथा कार्यक्रमहरू कार्यान्वयनमा सम्बन्धित निकायलाई निर्देशन दिईएको।</td><td>कार्यान्वयनलाई प्राथमिकतामा राखि अनिवार्य बजेट व्यवस्थापन गर्न निर्देशन दिने ।</td></tr>
<tr><td>५</td><td>बजेट कार्यान्वयनः- प्रदेश सरकारको २०८०।८१ को बजेट वक्तव्यमा प्रविधि हस्तान्तरण कार्यक्रममा रु.७ करोड २० लाख, तनहुँको भिमाददेखि नवलपुरको डेढगाँउ र नवलपुरको डेढगाँउ झ्यालबास खण्डवागलुङको काठेखोलादेखि गलकोटको नरेठाँटीसम्म, स्याग्दीको दानादेखी मुस्ताङको घाँसासम्म सडक र लमजुङको शीतलपाटीदेखि नाल्माफेदीसम्म सुरुङमार्गको सम्भाव्यता अध्ययनको लागि रु.६० लाख, सूचना प्रविधिको अधिकतम उपयोग गरी वेभपोर्टलमा आधारित स्वचालित प्रणालीको विकासका लागि रु.२ करोड ३० लाख, प्रदेशमा सार्वजनिक तथा निजी लगानी प्रवर्धन गर्न "लगानी सम्मेलन" आयोजनाका लागि रु.५० लाख, प्रदेश गौरवको आयोजनाको रुपमा रहेको शालिग्राम करिडोरको बाँकी खण्डको स्तरोन्नति र रणनीतिक महत्वको सडक बुद्धसिंह मार्ग निर्माण कार्यलाई तीव्रताकासाथ अगाडि बढाउने र उल्लिखित आयोजना कार्यान्वयनको लागि रु.१९ करोड ५० लाख बजेट व्यवस्था भए तापनि कार्यक्रम सञ्चालन भएको देखिएन। बजेटमा समावेश भएका कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।</td><td>आगामी बजेट निर्माणका क्रममा सम्बन्धित निकायसँग कार्यान्वयनमुखी बजेट तथा कार्यक्रम तर्जुमा / प्रस्ताव गर्न निर्देशन दिईनेछ ।</td><td>कार्यान्वयन गर्न नसकिने तथा प्राविधिक रुपमा पूर्व तयारी नभएका कार्यक्रममा बजेट विनियोजन नगर्न तथा बजेट वक्तव्यमा समावेश भएका कार्यक्रमहरु कार्यान्वयन गर्न निर्देशन दिने ।</td></tr>
<tr><td>६</td><td>बजेट र खर्चः- प्रदेश सरकारको विगत ५ वर्षको विनियोजन र खर्च स्थिति देहाय बमोजिम रहेको छः
(रु.हजारमा)<table><tr><th>आर्थिक वर्ष</th><th>सुरू बजेट</th><th>खर्च</th><th>खर्च प्रतिशत</th></tr><tr><td>२०८०।८१</td><td>३३४२७२००</td><td>२२२०६११६</td><td>६६.४३</td></tr><tr><td>२०७९।८०</td><td>३५९०९०००</td><td>२३६१४८८३</td><td>६५.७६</td></tr><tr><td>२०७८।७९</td><td>३००५६७००</td><td>२२०८२५४४</td><td>७३.४७</td></tr><tr><td>२०७७।७८</td><td>३४८४२१६०</td><td>२५६५३८२१</td><td>७३.६३</td></tr><tr><td>२०७६।७७</td><td>३२१३४७९२</td><td>२०४१३६१७</td><td>६३.५२</td></tr></table></td><td>आगामी दिनमा विनियोजन दक्षता र खर्च गर्ने क्षमता वृद्धि गर्ने तर्फ सम्बन्धित निकायलाई अनुरोध / निर्देशन दिईनेछ ।</td><td>महालेखा परीक्षकको प्रतिवेदन अनुसार विनियोजन दक्षता र खर्च गर्ने क्षमतावृद्धि गर्न निर्देशन दिने।</td></tr>
</table>

<table>
<tr><td></td><td>उल्लिखित तालिका अनुसार बजेटको तुलनामा २०७६।७७ देखि २०८०। ०८१ सम्म ५ वर्षमा क्रमशः ६३.५२, ७३.६३, ७३.४७, ६५.७६ र ६६.४३ प्रतिशत खर्च भएको छ। विनियोजन दक्षता र खर्च गर्ने क्षमता वृद्धि गर्नुपर्दछ ।</td><td></td><td></td></tr>
<tr><td>७</td><td>त्रैमासिक खर्चः- प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३३ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने केन्द्रीय निकायले त्रैमासिक प्रगति विवरण तयार गरी कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ। प्रदेश सरकारको यो वर्षको त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छः
(रु.हजारमा)<table><tr><th>खर्च शीर्षक</th><th>खर्च</th><th>प्रथम त्रैमासिक</th><th>दोश्रो त्रैमासिक</th><th>तेश्रो त्रैमासिक</th><th>चौथो त्रैमासिक</th></tr><tr><td>चालु</td><td>७५७६६९९</td><td>१४१०२४५</td><td>२७२४३५९</td><td>२८०२४८१</td><td>६३९६१४</td></tr><tr><td>पुँजीगत</td><td>१४६२९४१६</td><td>१७२७८७३</td><td>२८०२४८१</td><td>५८३७८२३</td><td>४२६१२३९</td></tr><tr><td>कुल</td><td>२२२०६११६</td><td>३१३८११८</td><td>५५२६८४०</td><td>८६४०३०४</td><td>४९००८५४</td></tr><tr><td>प्रतिशत</td><td>१००</td><td>१४.१३</td><td>२४.८९</td><td>३८.९१</td><td>२२.०७</td></tr></table></td><td>आगामी दिनमा सन्तुलित खर्च गर्ने तर्फ निर्देशन / अनुरोध गरिनेछ ।</td><td>महालेखापरीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने।</td></tr>
<tr><td></td><td>उल्लिखित विवरणअनुसार रु.२२ अर्ब २० करोड ६१ लाख १६ हजार खर्च गरेकोमा प्रथम त्रैमासिकमा १४.१३ प्रतिशत, दोस्रो त्रैमासिकमा २४.८९ प्रतिशत, तेस्रो त्रैमासिकमा ३८.९१ प्रतिशत र अन्तिम त्रैमासिकमा २२.०७ प्रतिशत खर्च भएको छ।</td><td></td><td></td></tr>
<tr><td>८</td><td>बजेट समर्पणः- प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा २०(३) मा आर्थिक वर्षको दोस्रो चौमासिक अवधिसम्म खर्च नभएको वा बाँकी अवधिमा खर्च हुन नसक्ने भएमा आर्थिक मामिला मन्त्रालयमा बजेट समर्पण गर्नुपर्ने उल्लेख छ। गण्डकी प्रदेश सरकारका विभिन्न निकायको लागि विनियोजित बजेट कार्यान्वयनको क्रममा विविध कारणले प्रगति नभएको अवस्थामाउक्त बजेट पूर्ण वा आंशिक रुपमा समपर्ण गरेका छन् । समर्पण गरेको बजेटलाई आर्थिक मामिला मन्त्रालयले अर्थ विविधमा रकमान्तर गरी व्यवस्थापन गरेको छ। अर्थ विविध, स्थानीय तहबाट रकमान्तर गरेको बाहेक मन्त्रालय र निकाय गरी १४ तथा प्रदेश व्यवस्थापिका, प्रदेश लोक सेवा आयोगले रु.२९ करोड ५६ लाख ६६ हजार बजेट समर्पण गरेको छ। तोकिएको लक्ष्यअनुसार कार्ययोजना बनाई बजेटको कार्यान्वयन गर्नुपर्दछ।</td><td>तोकिएको लक्ष्यअनुसार कार्ययोजना बनाई बजेटको कार्यान्वयन गर्ने तर्फ सम्बन्धित निकायलाई निर्देशन / अनुरोध गरिने छ ।</td><td>बजेट कार्यान्वयन क्षमतामा सुधार गर्न र तोकिएको लक्ष्य अनुसार कार्ययोजना बनाई बजेटको कार्यान्वयन गर्न निर्देशन दिने।</td></tr>
</table>

९	अर्थ विविधबाट खर्चः- प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा १० मा सार्वजनिक निकायहरूले बजेट प्रस्ताव गर्दा प्रस्तावित योजना तथा कार्यक्रमको क्रियाकलापगत विवरण खुलाई बजेट तयार गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले यो वर्ष अर्थ विविधमा रु.२ अर्ब ३८ करोड ६३ लाख ८९ हजार बजेट राखी भैपरी आउने पुँजीगतमा रु.१४ करोड ३४ लाख ५९ हजार र भैपरी आउने चालुमा रु.१२ करोड ५५ लाख ५३ हजार तथा तथा विभिन्न कार्यक्रम एवं योजनाहरूमा रु.२ करोड ६६ लाख ४९ हजार समेत रु.२९ करोड ५६ लाख ६१ हजार बाँडफाँट गरी विभिन्न निकाय/मन्त्रालयले खर्च गरेका छन् । अर्थ विविधमा अवण्डा बजेट राखी वर्षान्तमा रकमान्तर गरेर खर्च गर्ने प्रवृत्तिमा सुधार हुनुपर्दछ ।	यो सुधार तर्फ आर्थिक मामिला मन्त्रालयले विगत देखि नै प्रयास गरि रहेको, यो प्रयास अविछिन्न भएको र आगामी दिनमा पनि सुधारको प्रयासरहिरहने व्यहोरा निवेदन गर्दछु ।	पूर्व अनुमान गर्न नसकिने अति आवश्यक कार्यको लागि मात्र सिमित रकम अर्थ विविधमा राख्न निर्देशन दिने ।
१०	रकमान्तरः- प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम २९(१) मा पहिला बजेट विनियोजन नभएको खर्च शिर्षकमा रकमान्तर गर्न नपाईने व्यवस्था छ। यस सम्बन्धमा देखिएका बेहोराहरू निम्न छन्: १०.१. सुरु बजेट विनियोजन नभएको अबस्थामा ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयका विभिन्न १३० योजनामा रु.६ करोड २६ लाख १९ हजार, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका विभिन्न २१० योजनामा रु.८ करोड ९ लाख २८ हजार, कृषि तथा भूमि व्यवस्था मन्त्रालयका २७२ योजनामा रु.९ करोड ५१, भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयका १४८ योजनामा रु.६९ करोड १ लाख १९ हजार, सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयमा २४१ योजनामा रु.३२ करोड ५८ लाख ७ हजार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका ६४ कृयाकलाप तथा अन्य ३ निकायका ६ तथा स्थानीय तह १ समेत ७१ कृयाकलापमा रु.१२ करोड २४ लाख ५५ हजार समेत रु.२ अर्ब ९८ करोड ३६ लाख २० हजार रकमान्तर गरेकोमा रु.१ अर्ब ३७ करोड ७० लाख २८ हजार खर्च गरेको छ।	यस तर्फ आर्थिक मामिला मन्त्रालय गम्भीर रहको र आगामी दिनमा सुधारको प्रयास जारी रहनेछ ।	विनियोजन नभएको खर्च शिर्षकमा रकमान्तर गर्दा बजेट माथि संसदीय निगरानी र नियन्त्रणमा कमजोर हुने भएकोले रकमान्तर गर्दा प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७८ र नियमावली २०७९ अनुसार रकमान्तर गर्न निर्देशन दिने ।
	१०.२. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई सशर्त अनुदान शीर्षकमा सुरु विनियोजन रु.१ करोड बजेट व्यवस्था भएकोमा रु.७५ लाख रकमान्तरबाट थप गरी रु.१ करोड ४९ लाख ९० हजार आर्थिक सहायतामा खर्च गर्ने गरी थप निकासा गरेको छ। त्यसैगरी कडा रोगबाट पीडितलाई राहत शीर्षकमा सुरु विनियोजन रु.१ करोड भएकोमा रु.४ करोड ३३ लाख ७५ हजार रकमान्तरबाट थप गरी कुल रु.५ करोड ३३ लाख ७५ हजार निकासा गरेको छ । यसरी सुरु बजेट व्यवस्था नभएको अवस्थामा र आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने, नयाँ योजना तथा आर्थिक सहायतामा रकम विनियोजन गर्दा बजेटमाथि संसदीय निगरानी र नियन्त्रणमा कमजोर हुने हुँदा कानुनले तोके बमोजिम मात्र रकमान्तर गर्नुपर्दछ ।		

११	अनुदानः- बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७ को बुँदा नं. २३ मा सम्झौता बमोजिम कार्यक्रम सञ्चालन भए नभएको अनुगमन गर्ने र अनुदान रकम खर्चको समष्टिगत जवाफदेहिता तथा जिम्मेवारी प्रचलित कानुन बमोजिम सम्बन्धित लेखा उत्तरदायी अधिकृतको हुनेव्यवस्था छ। प्रदेश अन्तर्गतका मन्त्रालय तथा मातहतको कार्यालयबाट अनुदान शीर्षकहरूमा रु.८६ करोड ४९ लाख ८६ हजार विनियोजन भएकोमा रु.८६ करोड ३९ लाख ८६ हजार अन्तिम बजेट कायम गरी ४ मन्त्रालयले रु.५० करोड ८४ लाख ६३ हजार खर्च गरेका छन्। अनुदानको उपयोगबाट, उत्पादन तथा उत्पादकत्व, जीवनस्तर र रोजगारीमा भएको सुधार सम्बन्धमा अनुगमन गर्नुपर्दछ । पुँजीगत अनुदान पाएका संस्था विघटन भएको अवस्थामा सो अनुदानबाट खरिद गरेको पुँजीगत सम्पत्तिमा प्रदेश सरकारको अधिकार स्थापित हुने व्यवस्था गर्नुपर्दछ ।	- सम्झौता बमोजिम कार्यक्रम सञ्चालन भए नभएको अनुगमन गर्ने सम्बन्धित निकाय /लेखा उत्तरदायी अधिकृतबाट हुने नै छ । केही बहुबर्षिय आयोजनाको हकमा आर्थिक मामिला मन्त्रालयबाट पनि अनुगमन गरी समय मै गुणस्तर र परिमाणात्मक निर्माण कार्य गर्न सुझाव दिईएको छ । - पुँजीगत अनुदान पाएका संस्था विघटन भएको अवस्थामा सो अनुदानबाट खरिद गरेको पुँजीगत सम्पत्तिमा प्रदेश सरकारको अधिकार स्थापित हुन सो सम्बन्धीकानूनी व्यवस्था हुनुपर्दछ ।	मन्त्रालय लगायत मातहतका निकायहरुबाट अनुदान शीर्षक अन्तर्गत प्रदान गरिएको अनुदानको रकम, अनुदान पाउने व्यक्ति/ संघसंस्था/ निकायको नाम, ठेगाना, मिति तथा अनुदान कार्यक्रमको समेतको विवरण मन्त्रालय तथा निकायको वेभसाइटमा
			राखी अनुदानको उपयोगबाट, उत्पादन तथा उत्पादकत्व, जीवनस्तर र रोजगारीमा भएको सुधार सम्बन्धमा पारेको प्रभावबारे मूल्याङ्कन गर्ने व्यवस्था गर्न निर्देशन दिने ।

१२	कर तथा शुल्कः- प्रदेश आर्थिक ऐन, २०८० मा घर जग्गा रजिष्ट्रेसन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन सेवा शुल्क, कृषि आयमा कर, सेवा शुल्क दस्तुर, दण्ड जरिवाना कानुन बनाई कर तथा शुल्कका दर लगाउने तथा उठाउने व्यवस्था छ। यो वर्ष कृषि आयमा कर, पर्यटन शुल्क, घर जग्गा रजिष्ट्रेसन शुल्क, सवारी साधन कर लगायतका शीर्षकमा रु.११ अर्ब ३६ करोड १६ लाख सङ्कलन गर्ने अनुमान गरेकोमा रु.९ अर्ब ६१ करोड ११ लाख अर्थात् अनुमानको ७०.३५ प्रतिशत सङ्कलन गरेको छ । कुल आय रु.२० अर्ब ४६ करोड ८४ लाखको ५२.०२ प्रतिशत रु.१० अर्ब ६४ करोड ८३ लाख आन्तरिक आय प्राप्त भएकोले लक्ष्य अनुसार कार्य योजना बनाई कर तथा शुल्क असुली हुनुपर्दछ ।	लक्ष्य अनुसार कर तथा शुल्क असुलीको लागि सम्बन्धित निकायलाई निर्देशन / अनुरोध गरिएको छ ।	प्रदेश सरकारको राजस्वको दायरा बढाउन तथा राजस्वका थप क्षेत्रको पहिचान गर्न आवश्यक कानूनी आधार, थप कानूनी व्यवस्थाको आवश्यकता र हाल बाधक कानूनको पहिचान गरी कार्यान्वयनयोग्य राजस्व दायरा विस्तार सम्बन्धी कार्ययोजना तयार गर्न प्रदेश सभा सदस्य समेतको प्रतिनिधित्व रहने गरी समिति गठन गर्न निर्देशन दिने।
१३	**विस्तृत आयोजना प्रतिवेदनः-** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा-१७ मा वार्षिक कार्यक्रमको आधारमा खर्च गर्नुपर्ने उल्लेख छ। आर्थिक मामिला मन्त्रालयले योजना तथा कार्यक्रम बेगर जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय, खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, भूमिगत जलस्रोत तथा सिँचाइ कार्यालय र स्थानीय तहसमेत २७० निकाय तथा कार्यालयहरूलाई प्रदेश गौरवका आयोजनाहरू लगायतको डिपिआर गर्न एकमुष्ट रु.१८ करोड ९६ लाख ७६ हजार विनियोजन गरेको छ। सो मध्ये ३४४ आयोजनाको विस्तृत आयोजना प्रतिवेदन तयार गरी ८१ निकाय तथा कार्यालयहरूले रु.८ करोड १८ लाख ९४ खर्च गरेका छन्। योजनाहरूको विस्तृत विवरण प्राप्त गरेर मात्र रकम विनियोजन गर्नुपर्दछ ।	आगामी दिनमा डिपिआर अनुसार बजेट तर्जुमा / प्रस्ताव गर्न सम्बन्धित निकायलाई निर्देशन / अनुरोध गरिनेछ ।	महालेखापरीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने ।

<table>
<tr>
<td>१४</td>
<td>आयोजना बैङ्कः- प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम २४ मा आयोजना कार्यान्वयन गर्ने निकाय/मन्त्रालयहरूले सम्भाव्यता अध्ययन गरी, आवधिक योजना र प्रदेशको प्राथमिकता अनुकूलका आयोजना समावेश गरी आयोजना बैङ्क तयार गर्नुपर्ने र प्राथमिकताका आधारमा आयोजना छनोट गर्नुपर्नेमा हालसम्म आयोजना बैङ्कको व्यवस्था गरेको छैन। आयोजना कार्यान्वयनमा प्रभावकारिता हाँसिल हुनेगरी कानुनमा भएको व्यवस्थाको पालना गर्नुपर्दछ ।</td>
<td>आयोजना बैंकको व्यवस्था भई सकेको र सो को कार्यान्वयनमा प्रभावकारिता हाँसिल हुने विषयमा प्रदेश नीति तथा योजना आयोगसँग समन्वय गरिनेछ ।</td>
<td>प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ मा व्यवस्था भएको आयोजना बैंकको व्यवस्था गरेर मात्र प्राथमिकताको आधारमा आयोजना छनौट गर्न निर्देशन गर्ने ।</td>
</tr>
<tr>
<td>१५</td>
<td>अन्तर सरकारी अख्तियारीः- प्रदेश सरकारको विनियोजन ऐन, २०८० को दफा ५(४) मा प्रदेश सरकारको कुनै विषयगत मन्त्रालय तथा निकायको स्वीकृत वार्षिक कार्यक्रम अर्को मन्त्रालय तथा निकायबाट कार्यान्वयन गर्नुपर्ने भएमा कार्यान्वयन गर्ने सम्बन्धित मन्त्रालय तथा निकायको पूर्व सहमति लिई माघ मसान्तभित्र प्रदेश सरकार आर्थिक मामिला मन्त्रालयमा लेखी पठाएमा मन्त्रालयले खर्च गर्ने अख्तियारीको लागि सहमति दिन सक्ने उल्लेख छ। यो वर्ष प्रदेशले विनियोजन गरेको बजेटबाट सङ्घीय सरकारका कार्यक्रम सञ्चालन गर्न सङ्घीय प्रहरी कार्यालय ३ र मालपोत कार्यालय २९ लाई रु.११ करोड ५५ लाख ३४ हजार बजेट निकासा दिएकोमध्ये रु.११ करोड ५५ लाख ३४ हजार खर्च गरेकोमा उल्लिखित व्यवस्था अनुसार नेपाल सरकारको सम्बन्धित मन्त्रालय र अर्थ मन्त्रालयको स्वीकृति लिएको छैन। प्रदेश सरकारले कानुनी प्रक्रिया पुरा गरी अन्तर सरकारी अख्तियारी दिनुपर्दछ।</td>
<td>मालपोत कार्यालयलाई अख्तियारी दिने विषयमा भूमी व्यवस्था, सहकारी तथा गरीबी निवारण मन्त्रालय र अर्थ मन्त्रालयको पूर्व स्वीकृत लिईएको र अन्य निकायको हकमा आगामी दिनमा सो सम्बन्धमा कानून निर्माणको प्रयास वा सुधारको प्रयास गरिने छ ।</td>
<td>महालेखापरीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने।</td>
</tr>
<tr>
<td>१६</td>
<td>स्रोत व्यवस्थापनः- प्रदेशको विगत तीन आर्थिक वर्षको स्रोत व्यवस्थापनको लक्ष्य र प्रगतिको तुलनात्मक विवरण निम्न बमोजिम रहेको छः
(रु. लाखमा)
<table>
<tr><th rowspan="2">सि. नं.</th><th rowspan="2">शीर्षक</th><th colspan="3">२०७८।७९</th><th colspan="3">२०७९।८०</th><th colspan="3">२०८०।८१</th></tr>
<tr><th>वार्षिक लक्ष्य</th><th>प्राप्ति</th><th>प्रतिशत</th><th>वार्षिक लक्ष्य</th><th>प्राप्ति</th><th>प्रतिशत</th><th>वार्षिक लक्ष्य</th><th>प्राप्ति</th><th>प्रतिशत</th></tr>
<tr><td>१</td><td>प्रदेश सरकारको राजस्व प्रशासन</td><td>५६०००</td><td>३८०८५</td><td>६८</td><td>५८११६</td><td>३८९३०</td><td>६७</td><td>५९६९२</td><td>४१७७९</td><td>६९.९९</td></tr>
<tr><td>२</td><td>समानीकरण अनुदान</td><td>७४२२८</td><td>७४२२८</td><td>१००</td><td>७९२७९</td><td>६९३६९</td><td>८८</td><td>७६२२५</td><td>५६४९०</td><td>७४.११</td></tr>
<tr><td>३</td><td>सशर्त अनुदान</td><td>४१८४३</td><td>५०२९१</td><td>१२०</td><td>६९१८३</td><td>४९५९१</td><td>७२</td><td>४९४१५</td><td>२९९३१</td><td>६०.५७</td></tr>
<tr><td>४</td><td>विशेष अनुदान</td><td>५४९०</td><td>५४९०</td><td>१००</td><td>८६००</td><td>६५२५</td><td>७६</td><td>७०००</td><td>६९५०</td><td>९९.२९</td></tr>
<tr><td>५</td><td>समपुरक अनुदान</td><td>८७३६</td><td>८७३६</td><td>१००</td><td>८३७०</td><td>६०००</td><td>७२</td><td>८४००</td><td>७२००</td><td>८५.७१</td></tr>
<tr><td>६</td><td>बाँडफाँट भई प्राप्त हुने मु.अ.कर</td><td>५७२०३</td><td>५६६७२</td><td>९९</td><td>७३९१४</td><td>५४१४६</td><td>७३</td><td>७२४२६</td><td>५७६९७</td><td>७९.६६</td></tr>
<tr><td>७</td><td>बाँडफाँट भई प्राप्त हुने अन्तःशुल्क</td><td>१९०६८</td><td>१८३५४</td><td>९६</td><td>१८४७८</td><td>१९२७७</td><td>१०४</td><td>१८१०६</td><td>१९०६७</td><td>१०५.३१</td></tr>
<tr><td>८</td><td>रोयल्टी बाँडफाँटबाट प्राप्त</td><td>३०००</td><td>२५१९</td><td>८४</td><td>३२५०</td><td>३१८२</td><td>९८</td><td>४००८</td><td>३४४१</td><td>८५.८५</td></tr>
<tr><td>९</td><td>गत वर्षको नगद मौज्दात</td><td>२१०००</td><td>२२०१५</td><td>१०५</td><td>२७१००</td><td>३३४६०</td><td>१२३</td><td>३००००</td><td>२९२७५</td><td>९७.५८</td></tr>
<tr><td>१०</td><td>सवारी साधन कर बाँडफाँट</td><td>६०००</td><td>५९२९</td><td>९९</td><td>७२००</td><td>७२०९</td><td>१००</td><td>-८०००</td><td>-७६६१</td><td>९५.७६</td></tr>
<tr><td>११</td><td>ऋण</td><td>२००००</td><td>-</td><td>-</td><td>०</td><td>०</td><td>-</td><td>१७०००</td><td>०</td><td></td></tr>
<tr><td></td><td>जम्मा</td><td>३००५६७</td><td>२७०४६२</td><td>९०</td><td>३५९०९०</td><td>२७१०४८</td><td>७५</td><td>३३४२७२</td><td>२४४१६९</td><td>७३.०४</td></tr>
</table>
</td>
<td>आगामी दिनमा यस तर्फ सुधारको प्रयास गरिनेछ।</td>
<td>महालेखापरीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने।</td>
</tr>
</table>

	उल्लिखित तालिका अनुसार राजस्व असुलीको प्रगति घट्दै गएको छ। यो वर्ष आन्तरिक ऋणतर्फ रु.१ अर्ब ७० करोड असुल गर्ने लक्ष्य लिएकोमा प्राप्त भएको छैन। स्रोत व्यवस्थापन गर्न सम्भव हुने क्षेत्रमा लक्ष्य तोकी तोकिएको लक्ष्य हासिल गर्नुपर्दछ ।		
१७	**प्राकृतिक स्रोतको शुल्कः-** प्रदेश आर्थिक ऐन, २०८० को दफा ८ (४) मा माटो, ढुङ्गा, गिट्टी, बालुवा,ग्राभेल, खरिढुङ्गा र दहत्तर बहत्तरको उत्खनन्, सङ्कलन, प्रशोधन वा बिक्री वितरण तथा जरिवाना रकम समेत स्थानीय तहले सङ्कलन गरी स्थानीय तहको विभाज्य कोषमा जम्मा गर्नुपर्ने र सोही ऐनको दफा ५ मा स्थानीय विभाज्य कोषमा जम्मा भएको रकम बाँडफाँट गरी साठी प्रतिशत रकम स्थानीय तहको सञ्चित कोषमा र चालीस प्रतिशत रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्ने व्यवस्था छ। गण्डकी प्रदेश मातहतका स्थानीय तहबाट सङ्कलन हुने यस्तो शुल्क बारे प्रदेश सरकारले विश्लेषण गरेको छैन। सम्बन्धित पालिकाबाट यस्तो रकम प्राप्त भए नभएको समेत अनुगमन गरेको छैन।	यो विषयमा आर्थिक मामिला मन्त्रालयले यो आ.व. २०८२/८३ मा कास्की बाहेक अन्य १० जिल्लाका स्थानीय तहहरुसँग वित्तिय सङ्घीयता विषयमा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरि वित्तिय सङ्घीयताको मर्म बारे जानकारी गराईएको। -माटो, ढुङ्गा, गिट्टी, बालुवा,ग्राभेल, खरिढुङ्गा र दहत्तर बहत्तरको उत्खनन्, सङ्कलन, प्रशोधन वा बिक्री वितरण तथा जरिवाना रकम समेत स्थानीय तहले सङ्कलन गरी स्थानीय तहको विभाज्य कोषमा जम्मा गर्नुपर्ने र सो विभाज्य कोषमा जम्मा भएको	माटो, ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल, खरिढुङ्गा र दहत्तर बहत्तरको उत्खनन्, सङ्कलन, प्रशोधन वा बिक्री वितरण तथा जरिवाना रकम समेत स्थानीय तहले सङ्कलन गरी स्थानीय तहको विभाज्य कोषमा राखी प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था कार्यान्वयन गर्न निर्देशन दिने ।
		रकम बाँडफाँट गरी साठी प्रतिशत रकम स्थानीय तहको सञ्चित कोषमा र चालीस प्रतिशत रकम प्रदेश सञ्चित कोषमा दाखिला गर्न अनुरोध गरिएको, आ.व. २०८०/८१ मा ४४ वटा स्थानीय तहले उक्त शुल्क जम्मा गरेकोमा यस आ.व. २०८२/८३ को हालको मितिसम्म जम्मा २५ स्थानीय तहले सो रकम जम्मा गरेकोमा ६० स्थानीय तहबाट उक्त शुल्क प्राप्त हुन नसकेको, यो शुल्कप्रदेश सरकारलाई प्राप्त नसक्नुमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२क बाधक रहेको।	

<table>
<tr>
<td>१८</td>
<td>
हस्तान्तरित आयोजनाः- नेपाल सरकार मन्त्रिपरिषदले २०७९।७।१५ मा प्रदेश तथा स्थानीय तहमा हस्तान्तरण भएका आयोजनाहरू सम्बन्धित आयोजना कार्यालयबाटै कार्यान्वयन गर्ने निर्णय गरेकोमा नेपाल सरकार अर्थ मन्त्रालयले देहायका योजना तथा कार्यक्रमहरू रोक्का राखेको छः
(रु.हजारमा)
<table>
<tr><th>कार्यक्रमको नाम</th><th>कार्यक्रम/आयोजनाहरू</th><th>रकम खर्च रु.</th></tr>
<tr><td>बस्ती विकास कार्यक्रम</td><td>५०</td><td>८४३७</td></tr>
<tr><td>वैकल्पिक सहायक राजमार्ग विकास कार्यक्रम</td><td>१६०</td><td>६६९</td></tr>
<tr><td>नदी नियन्त्रण कार्यक्रम</td><td>६६</td><td>८५०८</td></tr>
<tr><td>एकीकृत उर्जा तथा सिंचाइ विशेष कार्यक्रम</td><td>२०</td><td>१२३४</td></tr>
<tr><td>खानेपानी सेवा बिस्तार तथा पुनर्स्थापना कार्यक्रम</td><td>१८८</td><td>४८५०</td></tr>
<tr><td>जम्मा</td><td></td><td>२३६९८</td></tr>
</table>
चालु अबस्थामा रहेका यस्ता योजना तथा कार्यक्रमहरूको बजेट रोक्का गर्दा आयोजना सञ्चालन नभई अधुरा रहेका छन्। आवश्यक व्यवस्था गरी ती आयोजनाहरू सम्पन्न गर्नुपर्दछ ।
</td>
<td>हाल यस्ता आयोजनाहरु अधुरा नरहेका ।</td>
<td>महालेखापरीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने।</td>
</tr>
<tr>
<td>१९</td>
<td>
अनुदान फिर्ताः- प्रदेश सरकारको विनियोजन ऐन, २०८० को दफा ४ (८) मा गण्डकी प्रदेश सरकारबाट हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान र राजस्व बाँडफाँट बाहेक अन्य सबै किसिमको हस्तान्तरणरकम वर्षान्तमा बचत भएमा असार मसान्तभित्र प्रदेश सञ्चित कोषमा फिर्ता गर्नु पर्ने व्यवस्था रहेको छ। यस सम्बन्धमा देखिएका बेहोराहरू देहाय अनुसार रहेका छन्:
(रु.हजारमा)
<table>
<tr><th>अनुदान</th><th>विनियोजन</th><th>निकासा/खर्च</th><th>स्थानीय तह संख्या</th><th>आयोजना संख्या</th></tr>
<tr><td>सशर्त अनुदान</td><td>२५१९०६</td><td>१९३८६७</td><td>५१</td><td>५६</td></tr>
<tr><td>समपुरक अनुदान</td><td>५१७०००</td><td>३२८७४६</td><td>८४</td><td>८८</td></tr>
<tr><td>विशेष अनुदान</td><td>१९२०००</td><td>१३१८१४</td><td>४१</td><td>४१</td></tr>
<tr><td>जम्मा</td><td>९६०९०६</td><td>६५४४२७</td><td></td><td>१८५</td></tr>
</table>
हस्तान्तरण भएको रकममध्ये खर्च नभई बाँकी रहेको रकम र फिर्ताको हिसाब यकिन नगरी हस्तान्तरण भएको रकमलाई खर्च मानेको छ। हस्तान्तरण भएको, फिर्ता र बाँकी रकमको अभिलेख दुरुस्त राख्नुपर्दछ।
</td>
<td>प्रदेश लेखा नियन्त्रक कार्यालय मार्फत हस्तान्तरण भएको, फिर्ता र बाँकी रकमको अभिलेख दुरुस्त राखिएको छ।</td>
<td>महालेखापरीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने।</td>
</tr>
</table>

<table>
<tr>
<td>२०</td>
<td>वित्तीय हस्तान्तरणः- विनियोजन ऐन, २०८० मा स्वीकृत योजना तथा कार्यक्रम बाहेक कुनै थप योजना तथा कार्यक्रम कार्यान्वयन गर्नुपर्ने भएमा यस ऐनद्वारा विनियोजित बजेटको परिधि भित्र रहि आर्थिक मामिला मन्त्रालयले उक्त योजना तथा कार्यक्रम कार्यान्वयन गर्न स्वीकृति दिन सक्ने व्यवस्था छ। यो वर्ष सुरुमा बजेट विनियोजन नगरेकोमा निम्नानुसार मन्त्रालय तथा निकायहरूमा रु.११ करोड ८४ लाख १० हजार बजेट व्यवस्था गरी रु.११ करोड २९ लाख ९ हजार खर्च गरेको छ।
(रु.हजारमा)
<table>
<tr><th>मन्त्रालयको नाम</th><th>योजनाको संङ्ख्या</th><th>कार्यक्रम</th><th>बजेट</th><th>खर्च</th></tr>
<tr><td>मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय</td><td>१७ स्थानीय तह</td><td>मुख्यमन्त्री नवपर्वतन साझेदारी कार्यक्रम</td><td>९०६१०</td><td>७७६१०</td></tr>
<tr><td>उद्योग, पर्यटन, बन तथा बातावरण मन्त्रालय</td><td>९ स्थानीय तह</td><td>उद्योग ग्राममा पूर्वाधार निर्माण</td><td>१००००</td><td>५७६९</td></tr>
<tr><td>भौतिक मन्त्रालय</td><td>५ स्थानीय तह</td><td>बिभिन्न कार्यक्रम</td><td>६८००</td><td>२००३४</td></tr>
<tr><td>ऊर्जा, जलश्रोत तथा खानेपानी मन्त्रालय</td><td>१५० स्थानीय तह</td><td>गण्डकी प्रदेशमा खानेपानी सरसफाई तथा स्वछता (WASH) कार्ययोजना तयारी कार्य</td><td>६०००</td><td>४७६८</td></tr>
<tr><td>सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय</td><td>भिमाद नगरपालिका</td><td>भिमाद प्राथमिक स्वास्थ्य केन्द्रको लागि आवश्यक Lab को सामग्री खरिद</td><td>५०००</td><td>४७२८</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>११८४१०</td><td>११२९०९</td></tr>
</table>
बजेट खर्चको प्रतिफल सुनिश्चित गरी कानुन अनुसार मात्र बजेट विनियोजन गर्नुपर्दछ ।</td>
<td>पछिल्लो आ.व.मा यसमा सुधार गरिएको छ ।</td>
<td>महालेखापरीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने।</td>
</tr>
<tr>
<td>२१</td>
<td>वित्तीय व्यवस्थाः- यो वर्षको बजेटमा वित्तीय व्यवस्था अन्तर्गत रु.५० करोड विनियोजन गरेको छ। प्रदेशको वित्तीय व्यवस्थापन दायित्व (ऋणको साँवा र ब्याज) भुक्तानी गर्नुपर्ने दायित्व नरहेको अवस्थामा सो शीर्षकमा बजेट व्यवस्था गरी रु.२९ लाख १३ हजार घरेलु विकास समितितर्फका कर्मचारीको दायित्व बहनमा रकमान्तर गरी खर्च गरेको छ। यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ।</td>
<td>आगामी दिनमा यस तर्फ सुधार गरिनेछ ।</td>
<td>महालेखापरीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने।</td>
</tr>
<tr>
<td>२२</td>
<td>भुक्तानी बाँकी दायित्वः- नेपाल सरकारको लेखा निर्देशिका, २०७३ को बुँदा नं. २ मा कारोबार मापनकोआधार नगद हुने उल्लेख छ। यस आधारमा लेखाङ्कन गर्दा नगद प्राप्ति र भुक्तानी हुँदाका बखतमा मात्र कारोबारको रूपमा लेखा जनाउनु पर्दछ भन्ने व्यवस्था रहेको छ। प्रदेशका ४ मन्त्रालय र सो मातहतका कार्यालयले लेखाङ्कन गर्दा दायित्व सिर्जना भएको तर विनियोजित बजेटले नखामेको स्वीकृत दरबन्दीको तलब, महङ्गी भत्ता र स्थानीय भत्ता, सरुवा भ्रमण खर्च, घर भाडा, पोसाक, खाद्यान्न, औषधि उपचार, बिरामी र बन्दीको सिदा, सेवा निवृत्त सुविधाको दायित्व रु.७४ करोड ४५ लाख ८० हजार २०८१।८२ मा सारेको देखियो। आगामी आर्थिक वर्षलाई दायित्व सर्ने गरी हुने खर्च प्रणालीमा नियन्त्रण गर्नुपर्दछ।</td>
<td>आगामी दिनमा अर्को आर्थिक वर्षलाई दायित्व सर्ने गरी हुने खर्च प्रणालीमा कडाईका साथ नियन्त्रणको प्रयास गरिनेछ।</td>
<td>महालेखापरीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने।</td>
</tr>
</table>

प्रदेश लेखा नियन्त्रक कार्यालय

२३

प्रदेश सञ्चित कोषः- प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ३(२) बमोजिम प्रदेश सञ्चित कोषको लेखा अद्यावधिक रूपमा राख्ने तथा वार्षिक वित्तीय विवरण तयार गर्ने कर्तव्य र उत्तरदायित्व प्रदेश लेखा नियन्त्रक कार्यालयको हुने व्यवस्था छ। प्रदेशको २०८०।८१ को सञ्चित कोषको प्राप्ति तथा भुक्तानीको एकीकृत आर्थिक विवरण निम्नानुसार रहेको छ।

सञ्चित कोषको प्राप्ति तथा भुक्तानीको एकीकृत आर्थिक विवरण

(रु.हजारमा)

विवरण	आर्थिक वर्ष २०८०।८१	आर्थिक वर्ष २०७९।८०
१. राजस्व, अनुदान र अन्य प्राप्ति	**२०४६८३०९**	**२२२११४६८**
१.१. राजस्व	१०६४८३८५	१०२७४२७०
क. कर	९०१८८२५	९०५५४०७
ख. अन्य राजस्व	१६२९५६०	१२१८८६३
१.२. अनुदान	९५६९९४२	११७७१७९७
ग. अन्तरसरकारी वितीय हस्तान्तरण	९५६९९४२	११७७१७९७
१.३. बेरूजु तथा अन्य प्राप्ति	२४९९८२	१६५४०१
२. वित्तीय व्यवस्थावाट प्राप्ति	०	०
३. यस वर्षको खुद प्राप्ति (१+२)	२०४६८३०९	२२२११४६८
४. भुक्तानी	**२२२०६११६**	**२३६१४८८३**
४.१. सञ्चित कोष माथि व्ययभार हुने रकमबाट खर्च-	१०३१८	८२४६
क. चालु खर्च	१०३१८	८२४६
ख. वित्तीय खर्च	०	०
४.२. विनियोजन ऐनद्वारा भएको खर्च	२२१९५७९७	२३६०६६३७
क. चालु खर्च	७५६६३८१	८३४५२७६
ख. पुँजीगत खर्च	१४६२९४१६	१५२६१३६१
५. विनिमय दर वा अन्य समायोजन	०	०
६. यस वर्षको जम्मा भुक्तानी (४+५)	२२२०६११६	२३६१४८८३
७. यस अवधिको कोषमा भएको थप घट (+/-) (३-६)	(१७३७८०६)	(१४०३४१६)
८. आर्थिक वर्षको सुरूवातको मौज्दात	**२९२७५१७**	**४३३०९३३**
९. आर्थिक वर्षको अन्त्यको मौज्दात (७+८)	**११८९७११**	**२९२७५१७**

प्रदेश लेखा नियन्त्रक कार्यालयले पेश गरेको प्रदेश सञ्चितकोषको बार्षिक आर्थिक विवरण र आर्थिक मामिला मन्त्रालयले पेश गरेको विवरण फरक परेको सम्बन्धमा एकिन गरी हिसाब मिलान गर्न निर्देशन दिने।

२३.१. उल्लिखित एकीकृत आर्थिक विवरण अनुसार चालु वर्षको मौज्दात रु.१ अर्ब ७३ करोड ७८ लाख ६ हजार ऋणात्मक रहेको छ। गत वर्षको जिम्मेबारी रु.२ अर्ब ९२ करोड ७५ लाख १७ हजार बचत रहेकोमा यो वर्षको ऋणात्मक मौज्दात समायोजन गरेको कारण चालु वर्षको अन्तमा सञ्चित कोषको मौज्दात रु.१ अर्ब १८ करोड ९७ लाख ११ हजार बचत देखिएको र गत वर्षको तुलनामा अन्तिम मौज्दात ५९.३६ प्रतिशत कम भएको छ। तोकिएको लक्ष्य अनुसार राजस्व सङ्कलन गरेर उपलब्ध स्रोतले धान्ने गरी मात्र खर्च गर्नुपर्दछ ।

२३.२. आर्थिक मामिला मन्त्रालयले पेस गरेको विवरणअनुसार गत वर्षको बचत, अनुदान, कर र अन्य राजस्वसमेत रु.२४ अर्ब ४१ करोड ६९ लाख ५५ हजार प्राप्त भएकोमा प्रदेश लेखा नियन्त्रक कार्यालयले पेस गरेको प्रदेश सञ्चित कोषको वार्षिक आर्थिक विवरण अनुसार गत वर्षको बचत सहित रु.२३ अर्ब ८८ करोड ३० लाख ५३ हजार यो वर्षको प्राप्ति देखाएकोले रु.५३ करोड ३९ लाख २ हजार फरक परेको सम्बन्धमा यकिन गरी हिसाब मिलान गर्नपर्दछ ।

२४	**अनुदान र राजस्व बाँडफाँटः-** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ४(२) मा प्रदेश लेखा नियन्त्रक कार्यालयले कार्यक्षेत्रभित्रका कार्यालय र स्थानीय तहको आर्थिक कारोबारको एकीकृत वित्तीय प्रतिवेदन तयार गरी महालेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने उल्लेख छ। कार्यालयले स्थानीय सरकारको एकीकृत प्रतिवेदन तयार नगरी प्रदेश सरकारको आर्थिक कारोबारको मात्र प्रतिवेदन पेस गरेको छ।	आर्थिक वर्ष ०८०/०८१ को प्राप्तिः- क) २०,४६,८३,०९,०७०.७५ ०७९/०८० को नगद मौज्दातः- ख) २,९२,७५,१७,४०२.०० सशर्त, समपुरक र विशेष अनुदान (खर्च नभएको):- ग) ४८,७२,२७,००० ०८०/०८१ को कुल प्राप्तिः घ)= क+ख+ग = २३,८८,३०,५३,५५२.०० ०८०/०८१ को जम्मा खर्च :- ङ) = २२,२०,६१,१५,५३३.०० ०८०/०८१ को जम्मा बचतः च) = घ- ङ- ग = १,१८,९७,११,००० ०८०/०८१ को आम्दानी भन्दा बढी खर्चः- १,७३,७८,०६,०००.०	महालेखापरीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने।
२५	**सरकारी सम्पत्तिः-** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा २५(५) मा प्रदेश लेखा नियन्त्रक कार्यालयले प्रदेश सरकारको सम्पत्ति र दायित्वको एकीकृत विवरण तयार गर्ने तथा दफा ५२ मा सरकारी सम्पत्तिको संरक्षणको प्रबन्ध गर्नुपर्ने उल्लेख छ। कार्यालयले उपलब्ध गराएको पाम्स तथ्याङ्क अनुसार प्रदेशको रु.३ अर्ब ५२ करोड १८ लाख सम्पत्तिको लगत कायम गरिएको देखिन्छ। प्रदेश अन्तर्गत भूमि व्यवस्था कृषि सहकारी तथा गरिबी निवारण मन्त्रालय अन्तर्गतका मनाङ र मुस्ताङ्गका २ कृषि ज्ञान केन्द्र र मनाङ, मुस्ताङ्ग र कास्की समेतका भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र लगायतले पाम्समा प्रविष्टि गरी अभिलेखिकरण गरेको देखिएन। सबै सरकारी कार्यालयको सम्पत्ति अभिलेखिकरण नभएकोले उक्त तथ्याङ्कमा प्रदेशको सम्पत्तिको यथार्थ हिसाब देखिँदैन। सम्पत्तिको यथार्थ अभिलेख व्यवस्थापन हुनुपर्दछ।	प्रदेश सरकार मातहतका सबै सरकारी कार्यालयहरुले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा (PAMS-V2) सम्पत्ति अभिलेखीकरण गरेका छन् । प्रदेश अन्तर्गत भूमि व्यवस्था कृषि सहकारी तथा गरिबी निवारण मन्त्रालय अन्तर्गतका मनाङ र मुस्ताङ्गका २ कृषि ज्ञान केन्द्र र मनाङ, मुस्ताङ्ग र कास्की समेतका भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र समेतले हाल सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा (PAMS-V2) प्रणालीमा सम्पत्ति अभिलेखीकरण गरेका छन् । उक्त प्रणालीमा सम्पत्ति अभिलेखीकरण प्रदेश सरकारका सम्पूर्ण खर्च ईकाईहरुको दायित्व हो।	सबै मन्त्रालय/ कार्यालय/ निकायको सम्पत्ति विवरण सम्पत्ति व्यवस्थापन सुचना प्रणाली (पाम्स)मा प्रविष्टि भएको जानकारी मन्त्रालयबाट आएको हुदाँ केही गर्न नपर्ने ।

२६	**समपुरक अनुदानः-** समपुरक अनुदान सम्बन्धी (तेस्रो संशोधन) कार्यविधि, २०७७ को बुँदा नं. ६(१)मा नेपाल सरकारले छनोट गरेको आयोजना लागत, प्रकृति कार्यान्वयन गर्नुपर्ने आवश्यकता, दिगोपना समेतको आधारमा प्रदेश वा स्थानीय तहलाई कुल लागतको अधिकतम पचास प्रतिशतसम्म समपुरक अनुदान प्रदान गर्ने उल्लेख छ। यो वर्ष सङ्घीय सरकारबाट प्राप्त रकममा प्रदेश सरकारको योगदान खुल्ने गरी खर्चको अद्यावधिक अभिलेख नभएको कारणले यकिन गर्न सकिएन। त्यसैगरी, बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७ को बुँदा नं. ८ मा आयोजनाको कुल लागतको ६० प्रतिशतसम्म रकम प्रदेश सरकारले समपुरक अनुदानको रुपमा वित्तीय हस्तान्तरण गर्न सक्ने उल्लेख भएकोमा यो वर्ष प्रदेश समपुरक अनुदान रु.३२ करोड ८७लाख ८६ हजार स्थानीय तहलाई हस्तान्तरण भएकोमा स्थानीय तहले व्यहोरेको खर्च खुलाई अभिलेख राखेको छैन।	वार्षिक बजेट तर्जुमामा प्रदेश सरकारबाट समपुरक तर्फका आयोजनाका लागि बजेट विनियोजन हुने गरेको छ । भूक्तानी निकासा, प्रचलित कार्यविधि वमोजिम संघ र प्रदेश दुवै सरकारको योगदान सुनिश्चित हुने गरी खर्च भएको छ ।भुक्तानी सम्बन्धि प्रणालीहरु (CGAS, TSA) र हिसाव भिडान र प्रतिवेदन सम्बन्धी प्रणाली, Financial Management Information System (FMIS) मा प्रदेश सरकारको योगदान (समपुरक तर्फका Project) खुल्ने गरी विकास गरिदिन महालेखा नियन्त्रक कार्यालयमा अनुरोध गरिएको । प्रदेश सरकारको समपुरक अनुदान हस्तान्तरण गर्दा शुरु किस्ता वापत आयोजनाको ५०% निकासा गर्ने, अन्तिम किस्ता निकासा गर्दा कार्यसम्पन्न प्रतिवेदन/प्रगति प्रतिवेदन वमोजिम प्रदेश सरकारको हिस्सा मात्रै निकासा गर्ने गरिएको छ।(आर्थिक मामिला मन्त्रालयको निर्णय/ निर्देशन बमोजिम) खर्च नभएमा/Payment नभएमा पालिकाहरुले त्यस्तो वजेट सोही आर्थिक वर्ष भित्र प्रदेश संचित कोषमा फिर्ता गर्ने गरेका छन्। फिर्ताको विवरण एकीकृत वित्तीय विवरणमा समावेश छ ।	महालेखापरीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने ।

<table>
<tr><td>२७</td><td>धरौटीः- प्रदेश अन्तर्गत ८ मन्त्रालय तथा ५ निकायमा गत वर्षको धरौटी बाँकी जिम्मेवारी रु.१ अर्ब ५२ करोड ९८ लाख र यो वर्ष आम्दानी रु.६१ करोड १४ लाख ६३ हजार समेत रु.२ अर्ब १४ करोड १३ लाख धरौटी आम्दानी भएकोमा सदरस्याहा र फिर्तासमेत रु.६७ करोड ६४ लाख ५३ हजार खर्च भई रु.१ अर्ब ४६ करोड ९४ लाख बाँकी रहेको छ। पेस भएको विवरणअनुसार ४ सङ्घीय कार्यालयहरू (गण्डकी प्रदेश प्रहरी कार्यालय, कास्की, पूर्वाधार विकास कार्यालय, नवलपरासी, लमजुङ्ग र गोरखा) को गत वर्षको धरौटी रु.१ करोड ९८ लाख ३० हजार बाँकी रहेको छ। प्रदेश अन्तर्गत नपरेका कार्यालयहरूको धरौटी रकम समेत समावेश गरेकोले आर्थिक विवरण यथार्थपरक देखिएन। आर्थिक विवरण यथार्थपरक बनाउनु पर्दछ ।</td><td>संघीय विनियोजन ऐन, प्रदेश विनियोजन ऐन वमोजिम अन्तरसरकार अख्तियारीबाट खर्च गर्ने निर्णय भएमा प्रदेश सरकारको एकल खाता कोष प्रणालीमा प्रदेश सरकारको निकायको रुपमा कार्यालय कोड सिर्जना गरी /दिई कानून वमोजिम निकासा दिने व्यवस्था रहेको छ र सोही वमोजिम हुँदै आएको छ। गण्डकी प्रदेश प्रहरी कार्यालयको धरौटी रकम सोही वमोजिम प्रदेश सरकारको विवरणमा समावेश भएको हो। आर्थिक विवरण यथार्थपरक छ।</td><td>महालेखापरीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने।</td></tr>
<tr><td>२८</td><td>कार्यसञ्चालन कोषः- प्रदेश स्थित सरकारी कोषको एकीकृत वित्तीय विवरण तयार गर्ने जिम्मेवारी प्रदेश लेखा नियन्त्रक कार्यालयको हुने व्यवस्था छ। कार्यालयले पेस गरेको विवरणअनुसार प्रदेश सरकारका कार्यालयहरूमा गत वर्षको मौज्दात रु.८० करोड १६ लाख १ हजार र यो वर्षको आम्दानी रु.१ अर्ब ७ करोड ४१ लाख समेत रु.१ अर्ब ८७ करोड ५७ लाख भएकोमा रु.९७ करोड ५६ लाख ७५ हजार खर्च भई रु.८९ करोड ९९ लाख ९० हजार स्रेस्ता अनुसार मौज्दात रहेको छ।</td><td>-</td><td>महालेखापरीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने।</td></tr>
<tr><td>२९</td><td>वित्तीय हस्तान्तरणः- यो वर्ष सङ्घीय सरकारबाट वित्तीय हस्तान्तरण अन्तर्गत देहायअनुसार प्राप्त भएको छ।
(रु.हजारमा)
<table>
<tr><th>अनुदान शीर्षक</th><th>बजेट लक्ष्य</th><th>अनुदान प्राप्ति</th><th>प्रतिशत</th></tr>
<tr><td>समानीकरण अनुदान</td><td>७६२२५००</td><td>५६४९०३५</td><td>७४.११</td></tr>
<tr><td>सशर्त अनुदान चालु</td><td>४९४१५००</td><td>२९९३१३४</td><td>६०.५७</td></tr>
<tr><td>विशेष अनुदान चालु</td><td>७०००००</td><td>६९५०००</td><td>९९.२९</td></tr>
<tr><td>समपुरक अनुदान चालु</td><td>८४००००</td><td>७२००००</td><td>८५.७१</td></tr>
<tr><td>जम्मा</td><td>१४१०४०००</td><td>१००५७१६९</td><td>७१.३१</td></tr>
</table></td><td>सशर्त, समपुरक र विशेष अनुदान रकम लक्ष्य अनुरुप खर्च हुन नसकी संघीय संचित कोषमा फिर्ता भएको छ । रकम खर्च हुने गरी काम गर्नुपर्दछ ।
यो सशर्त, समपुरक र विशेष अनुदानका बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने सम्पूर्ण मन्त्रालय, निकाय, कार्यालयहरुको जिम्मेवारी हो ।</td><td>अनुदानको दक्षतापूर्वक उपयोग हुनेगरी कार्यक्रम तथा बजेट व्यवस्था गरी कार्यान्वयन गर्न निर्देशन दिने।</td></tr>
</table>

	२९.१. उपर्युक्त विवरण अनुसार २०८०।८१ मा नेपाल सरकारबाट प्रदेश सरकारको लागि रु.१४ अर्ब १० करोड ४० लाख बजेट व्यवस्था गरेकोमा रु.१० अर्ब ५ करोड ७२ लाख (७१.३१ प्रतिशत) प्राप्त भएको छ। वार्षिक बजेटको तुलनामा समानीकरण अनुदान ७४.११ प्रतिशत, सशर्त अनुदान ६०.५७प्रतिशत, विशेष अनुदान ९९.२९ प्रतिशत र समपुरक अनुदान ८५.७१ प्रतिशत प्राप्त भएको छ। प्राप्त अनुदानको दक्षतापूर्वक उपयोग हुनुपर्दछ । **२९.२.** प्राप्त अनुदानमध्ये सशर्तमा रु.२ अर्ब ८५ करोड ७२ लाख ५६ हजार, समपुरकमा रु.४२ करोड ९९ लाख ८६ हजार र विशेषमा रु.६३ करोड ४३ लाख ६५ हजार गरी जम्मा रु.३ अर्ब ९२ करोड ९ लाख ७ हजार खर्च भई रु.४८ करोड ७२ लाख २७ हजार बाँकी रहेको रकम फिर्ता भएको छ।		
३०	**आन्तरिक लेखापरीक्षणः-** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ३२ मा प्रदेश सरकारका कार्यालयको कारोबारको आन्तरिक लेखापरीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालय वा प्रदेश लेखा ईकाई कार्यालयबाट हुने व्यवस्था छ। सम्बन्धित आन्तरिक लेखापरीक्षणबाट रु.५ करोड ५४ लाख ९६ हजार असुल गर्नुपर्ने रु.४ करोड १० लाख २९ हजार नियमित गर्नुपर्ने र रु.८ करोड ५० लाख १ हजार म्याद नाघेको पेस्की समेत कुल रु.१८ करोड १५ लाख २८ हजार आन्तरिक लेखापरीक्षण बेरुजु औंल्याएकोमा सो मध्ये फछ्यौंट रकमको विवरण नखुलाएकोले यकिन गर्न सकिएन। उक्त बेरुजु अन्तिम लेखापरीक्षण अगावै फछ्यौंट गर्नुपर्दछ।	-	महालेखापरीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने।
	अनुगमनः- गत विगतका प्रतिवेदनमा अवण्डा बजेट राखी खर्च गरेको, आर्थिक वर्षको अन्तमा रकमान्तर गरेको, स्रोत सुनिश्चितता बेगर आयोजनाहरू कार्यान्वयन, बहुवर्षिय आयोजनाहरूलाई पर्याप्त बजेट विनियोजन नगरेको, बजेटमा आन्तरिक ऋणको व्यवस्था गरेतापनि तदनुसार कानुनी व्यवस्था गरी कार्यान्वयन नगरेको लगायतका बेहोरा औंल्याइएकोमा यस सम्बन्धमा सुधार भएको देखिएन।		
	बेरुजु रकमको विवरणः- मन्त्रालयको यो वर्ष रु.९ लाख ८७ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपश्चात् फछ्यौंट नभएकोले सोही रकम बेरुजु बाँकी रहेको छ। यस सम्बन्धी विवरण अनुसूची-९ मा संलग्न छ ।		

३.४ उर्जा, जलश्रोत तथा खानेपानी मन्त्रालय

३.४.१ महालेखा परीक्षकको सातौं बार्षिक प्रतिवेदन, २०८२ उपर भएका छलफलका निर्णयहरुः

दफा	बेरुजुको संक्षिप्त विवरण	आयोगको जवाफ	समितिको निर्णय
१	**लेखापरीक्षण अङ्कः-** यो वर्ष मन्त्रालय तथा मातहतका १७ कार्यालयको रु.५ अर्ब १० करोड ४६ लाख ३० हजारको लेखापरीक्षण सम्पन्न भएको छ।	• लेखापरीक्षण भएको कूल कारोवार अंक: ५,१०,४६,३० हजार (गत आ.व.को ५,६७,०४,६३ हजार) • प्रारम्भिक प्रतिबेदनको कूल बेरुजु : ५,९६,३६ हजार (गत आ.व.को ७,५०,२२ हजार) • प्रतिक्रियाबाट फछ्यौट भएको : ६८,६४ हजार	-
२	**बजेट खर्चः-** महालेखा नियन्त्रकको कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त मन्त्रालयको यस वर्षको आर्थिक विवरण अनुसार चालु तर्फ ६९.७३% तथा पुँजीगत तर्फ ९०.३९% गरी समग्रमा ८८.९५% वित्तीय प्रगति भएको छ।	**मन्त्रालयको वजेट र खर्च** ▪ शुरु बिनियोजन भएको बजेट रु. ५,०१,२०,०५ हजार ▪ रकमान्तरवाट थपिएको रु.५०,५० हजार ▪ दुवैगरी, जम्मा रु. ५,०१,७०,५५ हजार बिनियोजन भएको ▪ खर्च रु. ४,४६,२४,८८ हजार ▪ खर्च प्रतिशत : ८८.९५ प्रतिशत । **उल्लेखित खर्च मध्ये** ▪ चालू खर्च ६९.७३ प्रतिशत र ▪ पूँजीगत खर्च ९०.३९ प्रतिशत रहेको छ।	-
३	**आवधिक योजनाको कार्यान्वयनः-** प्रदेश सरकारको प्रथम पञ्चवर्षीय योजना (२०७६।७७-२०८० । ८१) मा यस मन्त्रालयसँग सम्बन्धित १७ कार्यक्रम कार्यान्वयन गर्ने लक्ष्य राखेकोमा योजनाको कार्य सम्पादन अवस्था निम्नानुसार छः	**१७ वटा पंचवर्षीय लक्ष्यहरू मध्ये पूरा भएका ८ वटा सूचक : (लक्ष्य/प्रगति को अवस्था)** ➢ सिंचाई प्रणालीको मर्मत सम्भार (१४१६७/२७३३२ हे.), ➢ सिंचाइ क्षेत्रफल विस्तार (२६००/५१७० हे.), ➢ निजी धारा जडान (६५/६४ %), ➢ आधारभूत शौचालय प्रयोग गर्ने घरधुरी (९२/९८ %), ➢ आधुनिक र सुबिधा सम्पन्न सौचालय पुगेको घरधुरी (८५/८०%) ➢ आधाराभूत खानेपानी पहुँच पुगेको घरधुरी (१००/९७.८ %) ➢ विद्युत पहुँच पुगेको घरधुरी (१००/९९.५५)	आवधिक योजनासँग सामन्जस्यता हुने गरि वार्षिक नीति, कार्यक्रम तथा बजेट निर्माण गरी कार्यान्वयन गर्न निर्देशन दिने।

दफा	बेरुजुको संक्षिप्त विवरण	आयोगको जवाफ	समितिको निर्णय

क्र.सं.	क्रियाकलाप	इकाई	तुलनात्मक स्थिति			
			आधार वर्ष २०७५।७६ को लक्ष्य	२०८०।८१ को सम्मको लक्ष्य	२०८०।८१ सम्मको प्रगति	प्रगति प्रतिशत
१	भूमिगत स्यालो तथा ट्युबवेल सिँचाइ विकास कार्यक्रम	हेक्टर	नखुलेको	३२८५	१६५८	५०.४७
२	वर्षा पम्प सिँचाइ विकास कार्यक्रम	हेक्टर	नखुलेको	२५०	८ हेक्टर	३.२
३	मध्यमदेखि उच्च गुणस्तरको खानेपानीमा पहुँच पुगेको घरपरिवार	प्रतिशत	१०	५०	१९	३८.००
४	निर्माण गरिएका जलविद्युत आयोजनाको जडित क्षमता	मेगावाट	४४८.५०	१५००	८२१	५४.७३
५	प्रतिव्यक्ति विद्युत खपत	किलोवाट घण्टा	१९०	७५०	२७०	३६.००
६	पुराना काठेपोल प्रतिस्थापन कार्य	संख्या	१०५७०	७५०००	३०४८१	४०.६४
७	नविकरणीय ऊर्जालाई ग्रीडमा जडान गरी नेट पेमेन्ट	किलोवाट	नखुलेको	३५०	१२७	३६.२९
८	घरेलु सौर्य ऊर्जा जडान	संख्या	नखुलेको	२०००	१६०४	८०.२०

समग्रमा विश्लेषण गर्दा १७ मध्ये ८ सूचकमा आवधिक योजना लक्ष्य प्राप्त भएको देखिँदैन। आवधिक योजनाको लक्ष्यअनुसार प्रगति हासिल गर्ने गरी क्रियाकलापहरू सञ्चालन गर्नुपर्दछ ।

- लघु जलविद्युत निर्माण/मर्मत सम्भार गर्ने (९०/९२ वटा)
- घरेलु सौर्य ऊर्जा जडान (२०००/१६०४ वटा)

<u>लक्ष्य पूरा नभएका ७ वटा सूचकहरू :</u>

- भूमिगत ट्यूवेल विस्तार(३२८५/१६५८ हे.)
- वर्षा पम्प (चालु खर्च बिना लिफ्ट सिंचाइ विस्तार २५०/८हे.)
- गुणस्तरीय खानेपानी वितरण (५०/१९%)
- विद्युत आयोजनाको जडित क्षमता विस्तार(१५००/८२१ MW),
- जीर्ण काठेपोल प्रतिस्थापन (75000/30481 Nos),
- प्रति व्यक्ति विद्युत खपत (750/270 Unit),
- लघु जल विद्युत आयोजनालाई राष्ट्रिय प्रशारण लाईनमा जडान (३५० /१२७ kw)**लक्ष्य पूरा हुन नसकेका समग्र कारणहरू :**
- संघीय सरकारको १५ औ योजनाको लक्ष्यसँग एकाकार गर्नका लागि प्रदेशले आफ्नो क्षमता भन्दा ठूलो लक्ष्य लिन परेको।
- सुरुका वर्षमा प्रदेशमा स्रोत साधन थियो, खर्च गर्ने क्षमता थिएन| अहिले खर्च गर्ने क्षमता छ, सो अनुरुप स्रोत साधान छैन । अवश्था फेरिएको प्रमुख कारण संघीय सरकारका समानान्तर वि.का. कोभिड लगायतका विश्वव्यापी आर्थिक मन्दी ।

विषय/क्षेत्रगत अन्य कारणहरू:-

- संघ सरकारले विद्युत ऐन, २०४९ लाई संशोधन गरेर प्रदेश र स्थानीय तहलाई विद्युत उत्पादन गर्ने अधिकार दिनमा ढिलाई गरेको कारण हालसम्म विद्युत उत्पादन कार्य संघ/निजीबाट मात्र हुँदै आइरहेको छ|
- प्रथम आवधिक योजनाले राखेको लक्ष्य मध्ये जलविद्युत उत्पादन ४४८ मे.वा. बाट बढाई १५०० मे. वा. पुर्याउने लक्ष्य लिईएकोमा आ.व. २०८०/८१ सम्ममा ८२१ मे.वा. र २०८१/८२ मा ९९८

दफा	बेरुजुको संक्षिप्त विवरण	आयोगको जवाफ	समितिको निर्णय
		मे.वा. पुगेको छ। ➢ SDG ले लिएको सन २०३० सम्ममा ९०% जनतालाई सुरक्षित खानेपानी पुर्याउने लक्ष्य छ, अहिले प्रदेशमा १९% हाराहारीमा छ। तर सुरक्षित खानेपानी ९०% पुर्याउन प्रदेश सरकारसँग पर्याप्त स्रोत छैन भने बाह्य सहयोग परिचालन हुन सकेको छैन । ➢ अहिले प्रदेशले दोश्रो पंचवर्षीय अवधीमा ९५% घरधुरीमा निजी धारा जडान गरिसक्ने लक्ष्य लिएर काम गरिरहेको छ। ➢ अनुमान अनुसार ७५ हजार जीर्ण काठेपोल फेर्नुपर्नेमा प्रदेश सरकारले स्थानीय तहको साझेदारीमा ३०,४८१ पोल फेरेको छ। प्रदेश सरकारसँग स्रोत अभावले गर्दा अब बाकी काम NEA ले नै गर्ने गरी दोस्रो पन्च वर्षीय अवधीमा यो लक्ष्य रहेको छैन। ➢ अझै धेरैजसो सामुदायिक विद्युत उपभोक्ता संस्थाको कार्य क्षेत्रमा पोल फेर्न बाकी छ। ➢ विद्युतको खपत बढाउने किसिमका औधोगिक र व्यवसायिक गतिबिधि तथा पेट्रोलियम ऊर्जालाई विद्युतीय ऊर्जाले प्रतिस्थापन गर्न नसक्दा प्रति व्यक्ति प्रति वर्ष विद्युत खपत लक्ष्य ७५० युनिट रहेको भए पनि हालसम्म ३२० युनिट मात्र हुन् आएको। ➢ उज्यालो गण्डकी प्रदेश अभियानबाट घरेलु सौर्य ऊर्जा जडानको माग प्राय सवै सम्बोधन भईसकेको छ । ➢ भूमिगत सिंचाइको लक्ष्य ३२८५ हेक्टर रहेको भएपनि जम्मा १६५८ हेक्टरमा सिंचाइ हुनुमा आवश्यक पर्ने स्रोतको अभावमा प्राथमिकतामा नपर्नु नै प्रमुख कारण हो ।	
४	**बजेट कार्यान्वयनः-** प्रदेश सरकारको बजेट वक्तव्यमा समावेश कार्यक्रमहरू कार्यान्वयन हुनुपर्दछ। यो वर्षको बजेट वक्तव्यको बुँदा नं. १६२ देखि १८५ मा यस मन्त्रालयसँग सम्बन्धित उज्यालो	• उज्यालो गण्डकी प्रदेश अभियान अन्तरगतको राष्ट्रिय प्रशारण लाईन विस्तारको काम नेपाल विद्युत प्राधिकरणबाट विगत ६,७ वर्ष देखि कार्यान्वयन भईरहेको छ ।	कार्यान्वयन गर्न नसकिने तथा प्राविधिक रुपमा पूर्व तयारी नभएका कार्यक्रममा बजेट विनियोजन नगर्न

<table>
<tr><th>दफा</th><th>बेरुजुको संक्षिप्त विवरण</th><th>आयोगको जवाफ</th><th>समितिको निर्णय</th></tr>
<tr>
<td></td>
<td>गण्डकी प्रदेश कार्यक्रम, एल.पी. ग्याँसलाई प्रतिस्थापन गरी विद्युतीय चुलो प्रयोगकर्ताको संख्या अभिवृद्धि गर्न प्रोत्साहन कार्यक्रम, प्रदेशका सबै घर परिवारलाई आधारभूतस्तरको खानेपानी सेवा पुर्‍याउन एक घर एक धारा कार्यक्रम, प्रदेशभित्र सञ्चालित लिफ्ट खानेपानी र लिफ्ट सिँचाइबाट वर्षेभरी सिँचाइ सुविधा उपलब्ध गराउने कार्यक्रम कार्यान्वयन गरेतापनि देहायका कार्यक्रम आंशिकरुपमा कार्यान्वयन भएको र केही कार्यान्वयन नै भएको देखिएन।
<table>
<tr><th>बजेटमा उल्लेखित कार्यक्रम</th><th>कार्यान्वयन अवस्था</th></tr>
<tr><td>प्रदेशभित्र वायु ऊर्जा र फ्लोटिङ्ग सोलारबाट ऊर्जा उत्पादनको लागि सम्भाव्यता अध्ययन कार्य</td><td>कार्यान्वयन भएको पाईएन</td></tr>
<tr><td>शहरी क्षेत्रमा लागत उठती अवधारणामा खानेपानी आयोजना सञ्चालन गर्ने</td><td>कार्यविधि तर्जुमा नभएकोले कार्यान्वयन नभएको</td></tr>
<tr><td>पहाडी क्षेत्रमा बाह्रै महिना सिँचाइ सुविधा उपलब्ध गराउन साना तथा मझौला प्रकृतिको ड्याम निर्माण गरी पोखरी बनाउनका लागि उपयुक्त स्थान पहिचान गरी कार्यान्वयन गर्ने</td><td>तनहुँमा नारेश्वर ताल जलाशयको सुरुवात भए तापनि पूर्णत कार्यान्वयन नगरेको</td></tr>
<tr><td>सङ्घीय सरकारको समन्वयमा नेशनल वाटर आपूर्ति सेनिटेशन एण्ड हाईजिन प्रणालीमा लगत प्रविष्टी गराई गण्डकी प्रदेश खानेपानी आयोजना सञ्चालन गर्ने</td><td>८५ पालिकामध्ये ३६ पालिकासँग सम्झौता गरेकोमा ७ पालिकाले सम्पन्न गरेका</td></tr>
</table>
बजेट वक्तव्यमा उल्लिखित कार्यक्रमको प्रभावकारी कार्यान्वयन हुनुपर्दछ।</td>
<td>
• नवलपुर जिल्लाको बुलिंगटार र बौदीकालीमा ३ वटा खरिद प्याकेजको करिब ७.३३ करोडका काम समयममा सम्पन्न हुन नसकेको र यसै आ.व. मा ठेक्का किन नतोड्ने भनी सूचना निकालेपछि काम सुचारू भएर अहिले करिब ८५ % हाराहारीमा भौतिक प्रगति भएको छ ।
• उज्यालो गण्डकी प्रदेश अन्तर्गतका लघु जलविद्युत आयोजनाको मर्मत सम्भार सम्बन्धी कार्यक्रम माग बमोजिम संचालनमा आईरहेका छन्
• घरेलु सौर्य ऊर्जा सिस्टम जडानको माग बमोजिम काम सम्पन्न भईसकेको
• LPG लाई प्रतिस्थापन गर्नका लागि देशभरको विद्युत वितरण प्रणालीको स्तरोन्नति सम्बन्धी गुरू योजना निर्माण गरेर NEA बाट कार्यान्वयन भईरहेको छ ।
• दोस्रो चौमासिक अवधिमा स्रोतको अभावमा,
LPG ग्यासलाई प्रतिस्थापन र
  • विद्युतीय चुलोको प्रवर्धनात्मक कार्यक्रममा परिमाणात्मक लक्ष्य तोकिएको छैन ।
<u>**एक घर एक धारा कार्यक्रम**</u>
• प्रदेशमा अहिलेसम्म करिव ६५.८१ % घरमा निजी धारा जडान भैसकेको।
• रास्ट्रिय जनगणना, २०७८ अनुसार,
• **जम्मा घरधुरी संख्या = ६ लाख ६१ हजार ६३२ वटा**
• घर कम्पाउण्ड भित्र धारा पुगेको= ३,४७,२६१ (५२.४८%)
• प्रदेश सरकारको पहलमा आ.वा. २०७७/७८ पछि जडान भएको
• धारा = ८८,४६९ वटा (१३.३३ %)
जनगणना + प्रदेश सरकारबाट जडित जम्मा धारा = ६५.८१ % घरमा
प्रदेश सरकारबाट कुल जडित धारा = १,६६,२९८ (२५.०९ %)
</td>
<td>तथा बजेट वक्तव्यमा समावेश भएका कार्यक्रमहरु कार्यान्वयन गर्न निर्देशन दिने।</td>
</tr>
</table>

दफा	बेरुजुको संक्षिप्त विवरण	आयोगको जवाफ	समितिको निर्णय
		घरमा NWASH-MIS सिस्टममा प्रदेशको ४०.०६% घरधुरीको तथ्यांक आवद्द त्यस मध्ये जम्मा = ७५ प्रतिशत घरमा निजी धारा जडान भएको देखिएको <u>**लिफ्टिंग आयोजना**</u> • अन्य कुनै प्रविधि/किसिमको आयोजनाको सम्भावना नभएको स्थानमा मात्र लिफ्ट खानेपानी र सिंचाइका आयोजना संचालन गर्ने गरिएको छ। • ३१० वटा लिफ्टिंग खानेपानी आयोजना सम्पन्न भई विद्युत महशुल अनुदान लिएका । **वायु उर्जा उत्पादन सम्भाव्यता अध्ययन** सम्बन्धमा स्वीस प्राविधिक विशेषज्ञ टोलीले ४ वर्ष अगाडी मुस्ताङ जिल्लाको स्थलगत अध्ययन समेतका आधारमा तयार पारेको प्रतिवेदन अनुसार, • हालको अवस्थामा वायु ऊर्जाको प्रति ईकाई उत्पादन लागत जलविद्युत र सौर्य ऊर्जाको प्रतिइकाइ लागत भन्दा तुलनातमक रूपमा धेरै महङ्गो पर्ने देखिएको । **शहरी क्षेत्रमा Cost Recovery अवधारणमा खानेपानी आयोजना सञ्चालन** • आवश्यक कानूनी व्यवस्था नभएको। • उभभोक्तालाई आर्थिक भार पर्ने किसिमको **साना तथा मझौला ड्याम** • नारेस्वर ताल जलाशय आयोजना, • व्यास-५ मा • निर्माणाधीन • करिब ८०% प्रगति बजेट वक्तव्यमा उल्लेखित कार्यक्रमहरु केही आंशिक र केही कार्यान्वयन नभएको।	

दफा	बेरुजुको संक्षिप्त विवरण	आयोगको जवाफ	समितिको निर्णय
		• NWASH-MIS सिस्टमः कुल ७६ वटा पालिकामा सम्झौता भएको, ९ वटा पहिल्यै काम भैसकेका, अध्यावधिक गरिँदै। कुल ७६ वटा पालिकामा सम्झौता भएको, ९ वटा पहिल्यै काम भैसकेका, अध्यावधिक गरिँदै।	
५	**योजना छनौट र कार्यान्वयनः-** • सङ्घ, प्रदेश र स्थानीय तहको आयोजना वर्गीकरणको आधार र मापदण्ड, २०८० बमोजिम प्रदेश सरकारको कार्यक्षेत्रभित्र पर्ने सिँचाइ (पहाडमा ५० देखि १०० हेक्टर, हिमालमा २५ देखि ५० हेक्टर र तराईमा ५०० देखि ५००० हेक्टर) मात्र रहेकोमा हाल ११ जिल्लामा ६८ हजार ६९४ हेक्टर क्षेत्रफलमा सञ्चालित आयोजनाहरू प्रदेश सरकारको कार्यक्षेत्र पर्ने देखिँदैन । • यो वर्ष मन्त्रालय र मातहतका कार्यालयहरूमा खानेपानीतर्फका १ हजार १०९ तथा सिँचाइतर्फ ८३१ समेत १ हजार ९४० योजना सञ्चालनमा रहेकोमा रु.१० लाख र सोभन्दा भन्दा कम बजेटका योजना संख्या १ हजार २९३, रु.२० लाखसम्म बजेट विनियोजन भएका योजना संख्या ४७२ र त्यसभन्दा माथिका योजना १७५ वटा रहेको देखिन्छ। सो अनुसार ६६.६५ प्रतिशत योजनाहरू स्थानीय स्तरका तथा टुक्रे योजना छनोट तथा कार्यान्वयन गरेको देखियो। गत विगत वर्षमा समेत अधिकांश कार्यक्षेत्र भित्र नपर्ने टुक्रे योजना कार्यान्वयन गरेको देखिन्छ। मापदण्ड बमोजिम आफ्नो कार्यक्षेत्र भित्रका बढी प्रतिफल प्राप्त हुने एवम् तुलनात्मक लाभ बढी भएका योजना छनोट गरी कार्यान्वयन गर्नुपर्दछ ।	• प्रदेशको सहभागिता र समन्वय विना प्रदेशले हाल कार्यान्वयन गरिरहेका आयोजना नै प्रदेशको कार्यक्षेत्रमा नपर्नेगरी मापदण्ड बनाईएको । • संघीयताको मर्म अनुरुप कुन काम कुन सरकारले गर्दा सबभन्दा बढी प्रभावकारी हुन्छ त्यो काम त्यहि निकायले गर्नेगरी मापदण्ड परिमार्जन गर्नुपर्दछ । • संघीयता लागू हुदाको बखत संघबाट प्रदेशमा हस्तान्तरण भएका आयोजनाको आकारसँग मिल्दो जुल्दो आयोजना मात्रै प्रदेशले कार्यान्वयन गरिरहेका छन् । • यो मापदण्ड र खानेपानी तथा सरसफाइ नियमावली, २०८१ परिमार्जनको लागि बहस भईरहेकोले त्यसको टुंगो लागेपछि प्रदेशले पनि पालना गर्नुपर्दछ । • प्रदेशले आफ्नै कार्यक्षेत्रमा पर्ने आयोजना छनौट गरी कार्यान्वयन गर्नुपर्दछ । • संघीय खानेपानी तथा सरसफाइ नियमावली, २०८१ मा रहेको व्यवस्था अनुसार खानेपानी आयोजना संचालनका लागि प्रदेश सरकारको कार्यक्षेत्र जनसंख्याको आधारमा • हिमालमा ५०० देखि १,०००, • पहाडमा २,००० देखि ५,००० र • तराईमा ८,००० देखि १५,००० • प्रदेशको कार्य क्षेत्र १५-५० करोड लागत	संघ, प्रदेश र स्थानीय तहको आयोजना वर्गीकरणको आधार र मापदण्ड, २०८० बमोजिम आफ्नो कार्यक्षेत्र भित्रका बढी प्रतिफल प्राप्त हुने एवम् तुलनात्मक लाभ बढी भएका आयोजना छनौट गरी कार्यान्वयन गर्न निर्देशन दिने ।

दफा	बेरुजुको संक्षिप्त विवरण	आयोगको जवाफ	समितिको निर्णय
		• आयोजना परेकोले हाल प्रदेशले संचालन गरेका ३३ प्रतिशत आयोजना यो मापदण्ड अनुसार प्रदेश सरकारको कार्यक्षेत्रमा पर्ने तथा यसबाट स्थानीय तह र संघ सरकारलाई पनि व्यवहारिक हुने नदेखिएको छ। • यो नियमावली जारी भएपछि प्राय सवै प्रदेशबाट संघीय खानेपानी मन्त्रालय समक्ष गम्भीर ध्यानाकर्षण गराएपछी उक्त मन्त्रालयले अहिले नियमावली परिमार्जनका लागि सुझाव दिन एक कार्यदल बनाएको छ । • सङ्घीयता आएपछि संघले ५,००० हेक्टर भन्दा साना सवै सिंचाइ आयोजना प्रदेशमा हस्तान्तरण गरेको • **संघ, प्रदेश र स्थानीय तहको <u>कार्य विस्तृतिकरण प्रतिवेदन, २०७६</u> तथा <u>आयोजना वर्गीकरण आधार र मापदण्ड, २०८०</u> को व्यवस्था बमोजिम प्रदेश सरकारको कार्यक्षेत्र भित्र पर्ने सिँचाई आयोजना** • हिमालमा २५ देखि ५० हेक्टर • पहाडमा ५० देखि १०० हेक्टर, • तराईमा ५०० देखि ५००० हेक्टर मात्र रहेकोमा • **संघीय जलस्रोत विधेयक प्रतिनिधि सभाले पारित गरेर रास्ट्रिय सभामा छ। जुन विधेयक पेश हुदा प्रदेशको कार्यक्षेत्र :** • पहाडमा १० देखि ५०० हेक्टरसम्म र • तराईमा १०० देखि ५००० हेक्टरसम्मका सिंचाइ आयोजना • **तर संसदीय समितिले त्यसलाई पहाडमा :** • ५ देखि ५० हेक्टरमा सीमित गरेर पास गर्यो, • त्यसलाई प्रतिनिधि सभाले पनि हुवहू पारित गरिसकेको छ । • अहिले यो विधेयक रास्ट्रिय सभामा छ ।यस उपर प्रदेशले आफ्नो चासो त्यहाँसम्म पुरयाउनु पर्ने देखिन्छ ।	

<table>
<tr><th>दफा</th><th>बेरुजुको संक्षिप्त विवरण</th><th>आयोगको जवाफ</th><th>समितिको निर्णय</th></tr>
<tr><td>६</td><td>बहुवर्षीय योजनाको कार्यान्वयनः-
• बहुवर्षीय योजना कार्यान्वयन सम्झौताको शर्तबमोजिम सम्झौता अवधिभित्र कार्यसम्पन्न हुनुपर्दछ । मन्त्रालयले उपलब्ध गराएको विवरणअनुसार २०७६।७७ देखि २०८१ सम्म सञ्चालनमा आएको बहुवर्षीय योजनाको कार्यान्वयन अवस्था देहायअनुसार छः
(रु.हजारमा)
<table>
<tr><th>क्र.सं.</th><th>क्षेत्र</th><th>आयोजना संख्या</th><th>ल.ई</th><th>सम्झौता रकम</th><th>खर्च रकम</th><th>प्रगति %</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>सिंचाइ</td><td>१०३</td><td>१७६६४९७</td><td>९६११९२</td><td>७११६५९</td><td>७३.४३</td><td>१६ सम्पन्न, बाँकी निर्माणाधीन</td></tr>
<tr><td>२</td><td>खानेपानी</td><td>३७</td><td>७७१२२३</td><td>४९६३४५</td><td>७४०३२</td><td>१४.९२</td><td>३ सम्पन्न, ३४ वटा निर्माणाधीन</td></tr>
<tr><td>३</td><td>ऊर्जा</td><td>१</td><td>२७३६८</td><td>१७७०३</td><td>१५८४०</td><td>८९.४८</td><td>सम्पन्न उन्मुख आयोजना संख्या, १</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१४१</td><td>२५६५०८८</td><td>१४८३२४०</td><td>८०१५३१</td><td>५४.०४</td><td></td></tr>
</table>
कुल सञ्चालित योजना १४१ मध्ये २० वटा अर्थात २४ प्रतिशत योजनाहरू सम्पन्न भएको र बाँकी ७६ प्रतिशत योजनाहरू निर्माणाधीन रहेका छन्। कुल सञ्चालित योजनाको वित्तीय प्रगति ५४.०४ प्रतिशत उल्लेख गरेको छ। मातहत कार्यालय अन्तर्गत भएका पुराना अधुरा आयोजना सम्पन्न गर्नुपर्दछ।</td><td>• आ.व. २०८१/८२ र २०८२/८३ मा बहुबर्षीय र स्रोत सुनिस्चित सहमति प्राप्त आयोजनालाई करिब करिब सम्पन्न हुनेगरी वजेट विनियोजन गरिएको छ ।
• स्रोत अभाव र केहि न केहि नयाँ माग भएका आयोजना पनि सम्बोधन गर्नुपर्नाको कारणले गर्दा बहुबर्षीय र स्रोत सुनिस्चित सहमति प्राप्त आयोजनालाई शत प्रतिशत वजेट छुट्याउन सकिएको छैन ।
• चालु आ.व. मा संचालित पुराना सहित कुल ३९६ वटा बहुबर्षीय र स्रोत सुनिस्चित सहमति प्राप्त आयोजना मध्ये ८० % आयोजना विनियोजित वजेटबाट सम्पन्न हुन सक्ने देखिएको छ ।
• बहुबर्षीय र स्रोत सुनिस्चित सहमति प्राप्त आयोजनालाई वजेट अभाव भएमा रकमान्तर गरी योजना सम्पन्न गर्न प्रयास गरिएको छ ।</td><td>महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने।</td></tr>
<tr><td>७</td><td>प्रदेश रुपान्तरणकारी आयोजनाको कार्यान्वयनः-
प्रदेशको प्रथम पञ्चवर्षीय योजना (२०७६।७७-२०८० । ८१) अनुसार यस मन्त्रालय अन्रतगत उत्तरगंगा जलाशययुक्त विद्युत आयोजनालाई रुपान्तरणकारी प्रदेश गौरवको योजनाको रुपमा उल्लेख गरेको ८२८ मेगावाटको आयोजनामा रु.१ खर्ब ३ अर्ब खर्च हुने उल्लेख गरेतापनि कार्यान्वयनमा आएको छैन।</td><td>• यो आयोजना संघीय सरकारको लगानी वोर्डको कार्यक्षेत्रमा पर्दछ।
• सम्भाव्यता अध्ययन NEA ले गरेको छ ।
• उत्तरगंगा पावर कम्पनी लिमिटेड दर्ता भएको छ ।
• लगानीको मोडालिटी बनिसकेको छैन ।
• प्रदेश सरकारले जलाशयमा आधारित विद्युत आयोजनामा लगानी गर्नु भन्दा पहिला
❖ यसबाट उत्पादन हुने विद्युतको प्रति युनिट लागत,
❖ प्राप्त हुन सक्ने प्रतिफल,
❖ समयमा आयोजना सम्पन्न हुन नसकेमा थपिन सक्ने जोखिम आदि</td><td>महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने ।</td></tr>
</table>

दफा	बेरुजुको संक्षिप्त विवरण	आयोगको जवाफ	समितिको निर्णय
		बारेमा राम्ररी अध्ययन / विश्लेषण गर्नुपर्दछ ।	
८	**एकीकृत वित्तिय विवरणः-** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा २८ मा लेखा उत्तरदायी अधिकृतले मातहत कार्यालयबाट विनियोजन राजस्व, धरौटी लगायत सबै वित्तीय विवरण लिई प्रदेशको एकीकृत हिसाब तयार गरी तोकिएको समयभित्र प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश लेखा नियन्त्रक कार्यालयलाई उपलव्ध गराउनुपर्ने व्यवस्था छ। मन्त्रालय र मातहत समेत १७ कार्यालयको एकीकृत वित्तीय विवरण तयार गरेको छैन। ऐनमा भएको व्यवस्था कार्यान्वयन हुनुपर्दछ ।	• International Public Sector Accounting standard अन्तगत Nepal Public Sector Accounting standard (NPSAS) मा आधारित एकीकृत वित्तीय बिवरण प्रदेशको हकमा नयाँ र त्यसमा भएका प्रावधानहरु प्राबिधिकरुपमा केही कठिन समेत भै प्रदेशमा तालिम नै आयोजना हुन नसकेको कारण बिगत वर्षहरुमा NPSAS मा आधारित एकीकृत वित्तिय विवरण तयार हुन नसकेको हो । • आ.व. २०८१/८२ को NPSAS मा आधारित एकीकृत वित्तिय विवरण तयार भैसकेको हुनाले आगामी समयमा यस्तो समस्या हुने छैन ।	महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने ।
९	**उज्यालो गण्डकी प्रदेशः-** प्रदेश सरकारको २०७४।११।०४ को मन्त्रिपरिषद्को पहिलो बैठकबाट उज्यालो प्रदेश कार्यक्रम सञ्चालन गरी २ वर्षभित्रमा सबै गाँउबस्तीमा विद्युत सेवा उपलव्ध गराउने निर्णय अनुसार २०७५। ७६ मा नेपाल विद्युत प्राधिकरण प्रादेशिक कार्यालय, गण्डकीसँग रु.७२ करोड ५३ लाख ९२ हजारमा ६० प्याकेजमा सम्झौता भएकोमा हालसम्म रु.४३ करोड २३ लाख ८ हजार खर्च भएको छ। वार्षिक नीति तथा कार्यक्रममा हरेक वर्ष यस विषयमा सम्बोधन गरिएको भए तापनि कार्यक्रम लागु भएको ६ वर्षसम्म भौतिक प्रगति ८० प्रतिशत रहेको छ। कुल ६० ठेक्का प्याकेजमध्ये वौदिकाली नवलपुर र बुलिङटार जौवारी, डाँडाघेरीको १ प्याकेजमा बिस्तारको काम सम्पन्न भएको छैन। अधुरो काम सम्पन्न गर्नुपर्दछ ।	• उज्यालो गण्डकी प्रदेश अभियान अन्तरगतको रास्ट्रिय प्रशारण लाईन विस्तारको काम नेपाल विद्युत प्राधिकरणले विगत ६ वर्ष देखि कार्यान्वयन गरिरहेको छ । • ६० वटा खरिद प्याकेज मध्ये- ➢ नवलपुर जिल्लाका ३ वटा निर्माणाधीन, ➢ अन्य जिल्लाका ५७ वटा आयोजना सवै सम्पन्न । • नवलपुर जिल्लाका- ➢ बुलिंगटार गा.पा. र बौदीकाली गा.पा. मा ३ वटा खरिद प्याकेज ➢ जम्मा ७.३३ करोडका ठेक्का सम्झौता ➢ समयममा सम्पन्न हुन नसकेको ➢ यसै आ.व.मा ठेक्का किन नतोड्ने भनी सूचना निकालेपछि काम सुचारू ➢ अहिले करिब ८५ % हाराहारीमा भौतिक प्रगति भएको । ➢ त्यहाँ २/३ ठाउँमा ट्रान्सफरमर जडानको काम बाकी छ	नेपाल विद्युत प्राधिकरणसँग समन्वय गरी आवश्यक बजेट व्यवस्था सहित बाँकी अधुरा कार्य सम्पन्न गर्न निर्देशन दिने।

दफा	बेरुजुको संक्षिप्त विवरण	आयोगको जवाफ	समितिको निर्णय
		• तनहुँ जिल्लाको देवघाट गाउँपालिका • करिव १०० घरधुरीमा • विद्युत विस्तार कार्य संघीय सरकारको ने.वि.प्रा.बाट भैरहेको छ। • विधुतीकरण कार्य भईरहेका लक्षित घरधुरी ~१३००	
१०	**कार्यसञ्चालन स्तरीय कार्यः-** प्रदेश सरकारको बजेट, २०८० को बुँदा नं. ६८ मा गण्डकी प्रदेशभर -विद्युतीकरण र वैकल्पिक ऊर्जाको बिस्तार गरी यसै वर्ष उज्यालो गण्डकी प्रदेश घोषणा गर्ने लक्ष्य राखी रु.७ करोड ५२ लाख बजेट विनियोजन भएकोमा रु.१ करोड ४९ लाख ८८ हजार मन्त्रालयमार्फत नै खर्च गरेकोमा उक्त खर्चबाट बागलुङ्ग, गोरखा, म्याग्दी, मनाङ जिल्लाका समेत ३८४ घरधुरीमा घरेलु सौर्य ऊर्जा जडान भएको, लमजुङ र बागलुङ्गका २ लघु जलविद्युत आयोजनामा खर्च गरेको, गोरखा र नवलपुर जिल्लामा १५४ स्मार्ट सडकबत्ति जडान कार्य भएको प्रगति विवरण उपलव्ध गराएको छ। मन्त्रालयले यस्ता कार्यक्रमहरू मातहतका निकायबाट कार्यन्वयन गरी मन्त्रालयले कार्यक्रमको अनुगमन, निर्देशन र सहजिकरण गर्नुपर्दछ।	• उज्यालो गण्डकी प्रदेश अभियानको रास्ट्रिय प्रशारण लाइन विस्तार गर्ने मुख्य कार्य NEA ले कार्यान्वयन गरिरहेको छ । • जिल्ला-जिल्लामा विद्युत सम्बन्धी प्राबिधिक व्यवस्थापन गर्न नसकिएको कारण र काम पनि थोरै थोरै भएकोले लघु जलविद्युत आयोजना सम्बन्धी काम बिगतमा मन्त्रालयबाट गरिने गरिएको थियो । • गत आ.व. २०८१/८२ देखि मन्त्रालयले प्राविधिक खटाई सम्बन्धित जिल्लाबाट कार्यान्वयन गर्ने व्यवस्था मिलाईएको छ । • प्राविधिक कारणले समयमा NEA सँगको सम्झौताको म्याद थप हुन नसकेकोले विनियोजित रकम भुक्तानी नभएको।	महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने।
११	**विस्तृत आयोजना प्रतिवेदनः-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा सम्बन्धित सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने अवस्थामा सार्वजनिक निकायले परामर्श सेवा खरिद गर्न सक्ने व्यवस्था छ। । मन्त्रालय मातहतका खानेपानी तथा सरसफाई डिभिजन कार्यालय तनहुँले ९, गोरखाले ६, स्याङ्गजाले ७, बागलुङ्गले ११ र मुस्ताङले ४ गरी जम्मा ३७ योजनाको विस्तृत आयोजना प्रतिवेदन	• २-२ जिल्ला हेर्ने खानेपानी तथा सरसफाइ डिभिजन कार्यलय • प्रति कार्यलय २५० देखि ३५० आयोजना संचालन • प्रायको DPR /अध्ययन, सर्वेक्षण नभएको हुने • प्रति कार्यलय ३ देखि ५ जना मात्र प्राविधिक जनशक्ति • एक जना प्राविधिकले ५० देखि ७० वटासम्म आयोजना हेर्नुपर्ने वाध्यता ➢ तसर्थ, आयोजना सोहि आ.व. मा कार्यन्वयन सुरू गर्नका लागि वाह्य जनशक्तिबाट परामर्श सेवा लिनुपर्ने बाध्यता छ ।	सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ अनुसार विस्तृत आयोजना प्रतिवेदन तयार गर्दा सम्बन्धित सार्वजनिक निकायमा उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने अवस्थामा प्रतिस्पर्धाको माध्यमबाट परामर्श सेवा खरिद गर्न निर्देशन दिने।

दफा	बेरुजुको संक्षिप्त विवरण	आयोगको जवाफ	समितिको निर्णय
	परामर्शदाताबाट गराई रु.२ करोड ३ हजार खर्च गरेको छ। उल्लिखित कार्यालयमध्ये खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, गोरखा र तनहुँले १५ विस्तृत आयोजना प्रतिवेदन कार्यान्वयनमा गएको उल्लेख गरेतापनि अन्य कार्यालयले कार्यान्वयन अवस्था खुलाएका छैनन्।	• डि.पि.आर. भएका आयोजनालाई प्राथमिकताकासाथ स्रोतको उपलब्धताका आधारमा क्रमैले मन्त्रालयले वार्षिक विकास कार्यक्रममा समेट्ने गरेको।	
१२	**कन्टिन्जेन्सी खर्चः-** प्रदेश खर्चको मापदण्ड, २०७९ को बुँदा नं. १४ मा पाँच करोड रुपैयाँसम्म लागत अनुमान भएका आयोजनामा चार प्रतिशतसम्म र पाँच करोड रुपैयाँभन्दा बढी लागत अनुमान भएको आयोजनामा तीन प्रतिशतसम्म रकम छुट्टाई प्रचलित सार्वजनिक खरिद कानुन बमोजिम वर्कचार्ज, स्टाफ खर्च र अन्य सानातिना खर्चमा लागत अनुमान तयार गर्दा नै प्रष्ट खुलाई भुक्तानी रकमको अनुपातमा पारदर्शी, मितव्ययी र औचित्यपूर्ण तरिकाले कन्टिन्जेन्सीबाट रकम खर्च गर्नुपर्ने उल्लेख छ। मन्त्रालय र मातहत समेतका १७ कार्यालयले यो वर्ष रु.१४ करोड १९ लाख ३० हजार कन्टिन्जेन्सी खर्च गरेको छ। कन्टिन्जेन्सी खर्चमध्ये चालु खर्चमा रु.८ करोड १९ लाख ३६ हजार (५७.७३ प्रतिशत) र पुँजीगत खर्चमा रु.५ करोड ९९ लाख ९४ हजार (४२.२७ प्रतिशत) खर्च गरेका छन्। कन्टिन्जेन्सी खर्च गर्दा आयोजनागत रुपमा अभिलेख नराखेको र नापी किताबमा पनि उल्लेख नगरेकोले आयोजनाको वास्तविक खर्च यकिन गर्न सकिएन। चालु प्रकृतिको खर्चमा मितव्ययिता कायम गरी पूँजी निर्माण हुने कार्यमा कन्टिन्जेन्सी रकम खर्च गर्नुपर्दछ।	• केही सानातिना आयोजनाहरुको आयोजनागत अभिलेख राख्न व्यवहारिक रुपमा अप्ठारो हुने गरेको तर ठूला र बहुवर्षिय आयोगजनाहरुको छुट्टै अभिलेख राखी सोही अनुरुप खर्च गर्ने गरिएको छ । • कन्टिन्जेन्सी खर्च वाञ्छित सीमा (लागत अनुमानको ४ प्रतिशत) भन्दा २५ प्रतिशत कम खर्च भएको । • मन्त्रालय मातहतका कार्यलयमा चालू तर्फ कम बजेट बिनियोजन भएकोले योजनासंग सम्वन्धित कन्टिन्जेन्सी बाट तत् तत् योजनाहरुको चालू खर्च व्यहोरिएको । • केही छुटपुट सानातिना आयोजनाहरुको कन्टिन्जेन्सिको पनि आयोजनागत अभिलेख सहित नापी कितावमा पनि अनिवार्यरुपमा प्रविष्ट गर्न निर्देशन दिई कार्यान्वयन भैरहेको छ ।	मन्त्रालय तथा मातहतका निकायहरुबाट कन्टिजेन्सी रकम खर्च गर्दा सम्पूर्ण आयोजनाको आयोजनागत रुपमा अभिलेख राखि नापी किताबमा समेत उल्लेख गरी खर्च गर्न निर्देशन दिने।
	खानेपानी तथा सरसफाई र सिंचाइ डिभिजन कार्यालयहरू		
१३	**संघ सशर्त अनुदानः-** सङ्घीय अर्थ मन्त्रालयको सशर्त अनुदानसम्बन्धी २०७६।०२।२०	• संघ सरकारबाट सङ्घीय अनुदानमा पर्याप्त बजेट विनियोजन नहुदा आयोजना अलपत्र परेका।	महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने।

<table>
<tr><th>दफा</th><th>बेरुजुको संक्षिप्त विवरण</th><th>आयोगको जवाफ</th><th>समितिको निर्णय</th></tr>
<tr>
<td></td>
<td>को परिपत्र
अनुसार सङ्घीय सरकारबाट हस्तान्तरण भएका वा कार्यक्रम कार्यान्वयन गर्दा थप रकम माग भई आएमा नेपाल सरकार अर्थ मन्त्रालयले योजना वा कार्यक्रमको प्रगति र खर्च प्रतिवेदनको आधारमा थप रकम उपलब्ध गराउने उल्लेख छ। सङ्घीय सरकारको सशर्त अनुदान कार्यक्रमबाट मन्त्रालय मार्फत २०६५।६६ देखि सुरु भएका आयोजनामध्ये चालु आर्थिक वर्षमा खानेपानी तथा सिँचाइतर्फ ४०१ योजना सञ्चालन भएको देखिन्छ। जसमध्ये ठूला १० योजनाको अवस्था निम्नानुसार रहेको छः
(रु.हजारमा)
<table>
<tr><th>क्र.सं.</th><th>आयोजनाको नाम /जिल्ला</th><th>सम्झौता रकम</th><th>गत वर्ष सम्मको भुक्तानी</th><th>यो वर्ष (२०८०/८१) को खर्च</th><th>म्याद</th><th>हाल सम्मको प्रगति %</th></tr>
<tr><td>१</td><td>बार्दिखोला मुंग्रेबेशी सिँचाइ योजना मादी, कास्की</td><td>२३१९९</td><td>७५१९</td><td>बजेट व्यवस्था नभएको</td><td>२०८१-१२-१७</td><td>३२</td></tr>
<tr><td>२</td><td>चापाकोट टार सिँचाइ योजना चापाकोट स्याङ्जा</td><td>५४९२८</td><td>१६२६०</td><td>बजेट व्यवस्था नभएको</td><td>२०८२-०४-१२</td><td>२९.६</td></tr>
<tr><td>३</td><td>किसान आँधिघाट सिँचाइ योजना, चापकोट न.पा.१०, स्याङ्जा</td><td>१२१८०</td><td>४७४९</td><td>२४९८</td><td>२०८२-03-२०</td><td>३८.९९</td></tr>
<tr><td>४</td><td>चौरी खोला ज्यूरेनी धुसेनी सिँचाइ योजना, जैमिनि न पा ८ छिस्ती बाग्लुङ्ग</td><td>सालबसाली</td><td>२४१२</td><td>बजेट व्यवस्था नभएको</td><td>२०८१-०९-०७</td><td>६३.७४</td></tr>
<tr><td>५</td><td>अग्यौली गिरुबारी सिँचाइ योजना देउराली-अग्यौली कावासोती नवलपरासी</td><td>सालबसाली</td><td>२१०१७</td><td>४०००</td><td>आ.व. २०८०/८१</td><td>४५</td></tr>
<tr><td>६</td><td>बानेथोक पेल्काचौर खा.पा.आ. पुतलीबजार न.पा. १२</td><td>१५८४०</td><td>१४७३५</td><td>बजेट व्यवस्था नभएको</td><td>०८३/८४</td><td>३७</td></tr>
<tr><td>७</td><td>लकदाम लिफटिङ्ग खानेपानी योजना, चापाकोट न.पा. ४ स्याङ्गजा</td><td>१०९२८</td><td>९९७०</td><td>०</td><td>०८३/८४</td><td>४१</td></tr>
<tr><td>८</td><td>भकुण्डे खा पा आ बाग्लुङ.न.पा. १०</td><td>३३५२६</td><td>३१५८०</td><td>७६८</td><td>०८३/८४</td><td>२५</td></tr>
<tr><td>९</td><td>पाखापानी खा.पा.आ.माहशिला गा. पा. ४ पर्वत</td><td>४४५६२</td><td>३६१२१</td><td>९६०</td><td>०८३/८४</td><td>५७</td></tr>
<tr><td>१०</td><td>पैयुं खा पा. आ. पैयुं गा.पा. ५ पर्वत</td><td>४८६५७</td><td>२८४३६</td><td>०</td><td>०८२/८३</td><td>५८</td></tr>
</table>
खानेपानी तथा सिँचाइ डिभिजन कार्यालयहरू कास्की, स्याङ्जा, तनहुँ, बागलुङ्ग र पर्वतमा सञ्चालित खानेपानी तथा सिँचाइका ४०१ योजना सम्पन्न गर्न करिब रु.३ अर्ब ६४ करोड ६ लाख लाग्ने देखिएकोमा यो वर्ष जम्मा रु.४९ करोड २० लाख विनियोजन भएको छ।</td>
<td>• मन्त्रालयले राष्ट्रिय समस्या समाधान समितिमा उक्त समस्या समाधानको विषय प्राथमिकताका साथ निरन्तर उठाइरहेको।
• चालु आ.व. मा १९० वटा खानेपानी आयोजनाहरु छुट हुन गएका र उक्त आयोजनाहरु सुचारु गर्न संघीय मन्त्रालयसँग समन्वय भईरहेको।
• अधुरा रहन गएका केही आयोजना सम्पन्न गर्न प्रदेशबाट केही बजेट व्यवस्था गरी समस्या समाधानको प्रयास गरिएको।</td>
<td></td>
</tr>
</table>

दफा	बेरुजुको संक्षिप्त विवरण	आयोगको जवाफ	समितिको निर्णय
	प्रत्येक वर्ष विनियोजित बजेटमा सङ्घ सरकारबाट समयमा बजेट व्यवस्था नहुँदा वा बजेट कटौती हुँदा ती योजनाहरू अलपत्र भई अधुरा रहेका साथै समय र लागत समेत बढोत्तरी हुने देखिन्छ। अधुरा योजनाहरूको अवस्था यकिन गरी समयमा सम्पन्न गर्ने व्यवस्था मिलाउनु पर्दछ ।		
१४	**अधुरो योजनाः-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६२ मा बोलपत्रदाताले खरिद सम्झौता तथा खरिद सम्बन्धी दायित्वको शर्तको पालना गर्नुपर्ने व्यवस्था छ । उक्त व्यवस्था अनुसार निर्माण व्यवसायीले ठेक्का सम्झौतामा उल्लिखित समयभित्र ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। मन्त्रालय अन्तर्गत गोरखा, तनहुँ र कास्की लगायतका २०७६ देखि र २०७७ मा सुरु भएका रु.२१ करोड ८ लाख १८ हजार ठेक्का अङ्कका ८ खानेपानी योजनाका ठेक्काहरू २ देखि ४ पटकसम्म म्याद थप गर्दा पनि अधुरो रहेका छन् । यी ठेक्काहरूको प्रगति ५२ देखि ७५ प्रतिशतसम्म रहेको छ। बजेट व्यवस्थापन र कार्यान्वयन पक्ष प्रभावकारी बनाई ठेक्काको कार्यसम्पन्न गर्नुपर्दछ ।	**८ वटा ठेक्का मध्ये ०८१/०८२ मा सम्पन्न - ३ वटा** १. ठेक्का नं. ४६/०७६-०७७ अमरापुरी खा पा आ २. ठेक्का नं. ३८/०७६-७७ कावासोती १७ खा पा आ ३. गोरखाको आपपिपल सिमपानी रातडाडा खा पा आ • चालु आ.व ०८२/०८३ मा सम्पन्न हुन् सक्नेगरी सुचारू- २ वटा ४. ठेक्का नं. ४४/०७६-७७ कावासोती डिग्री कलेज खापाआ ५. ठेक्का नं. ४३/०७५-०७६ बृहत घिरिगं खा पा आ • गाउँपालिकाको केन्द्रलाई जोडेर पानीको स्रोतमा विवाद उत्पन्न भएको — १ वटा ६. थुमाको डाडा खा पा आ, कास्की, सम्पन्न उन्मुख रहेका खा पा आ— १ वटा ७. रत्नेचौर का पा आ, म्याग्दी ८. बिर्घा सिमलाबगर खा पा आ, कालीगण्डकी, स्याङ्गजा	अधुरो रहेका आयोजनाहरु समयमा नै सम्पन्न गर्ने गरी प्राथमिकतामा राखि बजेट विनियोजन गर्न तथा यस दफामा उल्लेख भएको महालेखापरीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने।
१५	**पाईप तथा फिटिङ्स मौज्दातः-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ मा सार्वजनिक निकायले खरिद आवश्यकताको पहिचान गरी मालसामान खरिद गर्नुपर्ने व्यवस्था छ। यो वर्ष खानेपानी तथा सरसफाई डिभिजन कार्यालय स्याङ्जा, तनहुँ, गोरखा, बागलुङ्ग र मुस्ताङ्ग अन्तर्गत पाईप तथा फिटिङ्गतर्फ खरिद, खर्च र मौज्दातको अवस्था देहायअनुसार रहेको देखिन्छः	**पाइप फिटिङ्गस खरिद गरि मौज्दात रहनुका केही कारणहरुः** • केही आयोजनामा लक्षित समयमा वितरण लाइन खन्ने पुर्ने कार्य सुरु हुन नसक्दा पाइपको जडान हुन नसकेको, • योजना सङ्ख्या बढ्दै गएकोले ल.ई. को तुलनामा न्यून बजेट विनियोजन हुदै आएकाले निर्माण कार्य हुन संभव नभएका आयोजनामा बजेट फ्रिज हुन नदिन आउने पाइप, फिटिंग खरिद गरी आगामी आ.व. मा उपयोग गरिने हुनाले मौज्दात रहन गएको,	महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने।

<table>
<tr><th>दफा</th><th>बेरुजुको संक्षिप्त विवरण</th><th>आयोगको जवाफ</th><th>समितिको निर्णय</th></tr>
<tr><td></td><td>(रु.हजारमा)
<table>
<tr><th>क्र. सं.</th><th>कार्यालय</th><th>गत वर्षको मौज्दात</th><th>यस वर्ष प्राप्ति</th><th>खर्च</th><th>मौज्दात</th></tr>
<tr><td>१</td><td>खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, बागलुङ्ग</td><td>७०४७३</td><td>४५०६८</td><td>४८८५१</td><td>६६६८९</td></tr>
<tr><td>२</td><td>खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, स्याङ्जा</td><td>९१९३</td><td>६०१८५</td><td>५३५७३</td><td>१५८०४</td></tr>
<tr><td>३</td><td>खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, गोरखा</td><td>३०५५४२</td><td>१५४७७१</td><td>३२४९१०</td><td>१३५४०२</td></tr>
<tr><td>४</td><td>खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, तनहुँ</td><td>१९०७</td><td>२६२८</td><td>९१०</td><td>३६२६</td></tr>
<tr><td>५</td><td>जलस्रोत तथा सिँचाइ विकास,सब-डिभिजन मुस्ताङ</td><td>८३९</td><td>२२३८</td><td>९९९</td><td>२०७९</td></tr>
<tr><td></td><td>जम्मा</td><td>३८७९५४</td><td>२६४८९०</td><td>४२९२४३</td><td>२२३६०१</td></tr>
</table>
यो वर्षको अन्त्यमा रु.२२ करोड ३६ लाख १ हजारको पाईप मौज्दात रहेको छ। मौज्दातमा रहेको पाइप तथा फिटिङ्ग्स उपयोग हुने गरी खरिद व्यवस्थापन गरिनुपर्दछ ।</td><td>• अफ्ठ्यारो पहाडी भूभाग तथा ढुवानी धेरै टाढा गर्नुपर्ने योजनाहरु जि आई पाइप तथा र ठूलो साइजको पाइप तथा सामाग्रीहरु एकै आ.व. मा खरिद गरी त्यही वर्ष कार्य गर्न प्राय संभव नहुने हुनाले मौज्दात रहन गएको।
• मन्त्रालयबाट कार्यालयगत रूपमा अनुगमन गरेर सम्पन्न आयोजनामा रहेको पाइप र फिटिंगको मौज्दातबाट साइज र सेरिज मिल्नेगरी नया आयोजनाको लागत अनुमान तयार गर्दा नै समायोजना गरी लागत अनुमान तयार पार्नका लागि निर्देशन दिने सम्बन्धमा छलफल सुरू गरिएको छ ।</td><td></td></tr>
<tr><td>१६</td><td>पाइप खपतः- खानेपानी आयोजनाहरूको लागि पाइप तथा फिटिङ्ग औजार गत विगतको मौज्दातको उपयोग गर्ने र अत्यावश्यक भएमा मात्र मौज्दात नरहने गरी खरिद गर्नुपर्दछ। खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, बागलुङ्ग, गोरखा, तनहुँ र स्याङ्जाले क्रमशः रु.२६ लाख १ हजार, ३८ लाख २० हजार, रु.४० लाख ७१ हजार र रु.३८ लाख १९ हजार गरी रु.१ करोड ४३ लाख ११ हजार मूल्यका पाइप तथा फिटिङ्ग सामग्री सम्बन्धित योजनामा लेईङ्ग तथा ज्वेण्टिङ नभएको अवस्थामा खपत भएको देखाएका छन्। सम्बन्धित योजनाहरूमा पाइप तथा फिटिङ्ग जडान हुनुपर्दछ ।</td><td>• आयोजनामा वितरण लाइन खन्ने पुर्ने कार्यको जिम्मेवारी सम्बन्धित उपभोक्ता समितिहरूको हुने व्यवस्था रहिआएको छ| तर वितरण प्रणाली खन्ने, पुर्ने सम्बन्धी कार्यमा उपभोक्ता समितिबाट लक्षित समयमा सहभागिता सुरु हुन नसक्दा समयमै पाईप जडान कार्य हुन नसकेको हो।</td><td>महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने।</td></tr>
<tr><td></td><td>अनुगमनः- गत विगतका प्रतिवेदनमा विनियोजन दक्षता प्रभावकारी नभएको, परामर्श सेवा खरिद सम्बन्धी नर्म्स र स्पेशिफिकेशन तयार नगरेको, कन्टिन्जेन्सी खर्चको आयोजनागत अभिलेख नराखेको र नापी किताबमा पनि उल्लेख नगरेको, कार्यसञ्चालनस्तरीय कार्यहरू मन्त्रालयबाट सम्पादन गरेको विनियोजन नगरेको शीर्षकमा</td><td>उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयबाट पेश भएको काठेपोल प्रतिस्थापनसंग सम्वन्धित बेरुजु नियमानुसार नियमित गरी संपरीक्षण गर्ने,
उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयबाट पेश भएको उज्यालो गण्डकी अभियान अन्तरगत बिद्युत बिस्तारसंग सम्वन्धित दुवै बेरुजुको हकमा सम्मानित समितिको निर्देशानुसार यस मन्त्रालयको मिति २०८२।</td><td></td></tr>
</table>

दफा	बेरुजुको संक्षिप्त विवरण	आयोगको जवाफ	समितिको निर्णय
	रकमान्तर गरेको, मन्त्रालय र मातहत कार्यालय समेतको एकीकृत वार्षिक प्रतिवेदन तयार नगरेको, उपभोक्ता समितिबाट सामग्री खरिद गरेको लगायतका बेहोरा औंल्याइएकोमा यस सम्बन्धमा सुधार भएको देखिएन ।	०८।०९ को निर्णय(सचिवस्तर) अनुसार बेरुजु नियमित गरी संपरीक्षणको लागि मन्त्रालयको च.नं. १२३ मिति २०८२।०८।०९ को पत्रसाथ महालेखा परीक्षकको कार्यालयमा पठाइएको छ । सोको नियमित फलोअप पनि भैरहेको छ । हालसम्म संपरीक्षण भैसकेको अवस्था छैन ।	
	बेरुजु रकमको विवरणः- मन्त्रालय तथा मातहत समेत १७ निकायमा यो वर्ष रु.५ करोड ९६ लाख ३६ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि ८ निकायबाट रु.७४ लाख ५७ हजार फछ्र्योट र प्रतिक्रियाबाट रु.५ लाख ९३ हजार थप समेत रु.५ करोड २७ लाख ७३ हजार बेरुजु बाँकी रहेको छ। सोमध्ये रु.१ करोड ९ लाख ९१ हजार म्याद नाघेको पेस्की रहेको छ। यस सम्बन्धी विवरण अनुसूची-९ मा रहेको छ।	**आ.व. २०८०/८१ सम्मको बेरुजु बाँकीको अवस्था** • नियमित गर्ने : ८,२६,४६,८७२।०० • असुल गर्ने: १,३८,०८,०३४।०० • प्रमाण कागजात नपुगेको : १२,०८,०४,६२०।०० • म्याद नाघेको पेश्की: ४९,५६,७०,९८८।०० जम्मा :७१,२९,३१,५१४।०० • संघीय सरकारको पालाको (२०७४।७५ अगाडीको) बेरुजुः ६,३०,६२०,१०।०० कूल जम्मा बेरुजु :७७,५९,९३,५२४।०० • आवश्यक प्रक्रिया पुरा भै फछ्यौटको क्रममा रहेको बेरुजु : ➢ ५२,७१,६८,१४८।०० (६८%)	

३.५ उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

३.५.१ महालेखा परीक्षकको सातौं बार्षिक प्रतिवेदन, २०८२ उपर भएका छलफलका निर्णयहरुः

दफा	बेरुजुको संक्षिप्त विवरण	मन्त्रालयको जवाफ	समितिको निर्णय
१	**लेखापरीक्षण अङ्कः-** यो वर्ष मन्त्रालय र मातहतका कार्यालय समेत २८ निकायको रु.१ अर्ब ६९ करोड ७२ लाख ६० हजारको लेखापरीक्षण सम्पन्न भएको छ। एक समिति तर्फ रु.४ करोड १८ लाख २७ हजारको लेखापरीक्षण सम्पन्न भएको छ।	विनियोजन खर्चः १२६१११८/- राजस्वः २४७९४८/- धरौटीः ९३१७५/- अन्यः ९५०१९/- जम्माः १६९७२६०/-	-

दफा	बेरुजुको संक्षिप्त विवरण	मन्त्रालयको जवाफ	समितिको निर्णय
२	**बजेट खर्चः** महालेखा नियन्त्रकको कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त सचिवालयको यस वर्षको आर्थिक विवरण अनुसार चालु तर्फ ७०.३४% तथा पुँजीगत तर्फ ८६.५९% गरी समग्रमा ७८.५१% वित्तीय प्रगति भएको छ।	आर्थिक वर्ष २०८०/०८१ को कुल प्रगतिः- चालु तर्फ ७०.३४% पुँजीगत तर्फ ८६.५९% समग्र वित्तीय प्रगति ७८.५१%	-
३	<u>**आवधिक योजनाः**</u> प्रदेशको प्रथम पञ्चवर्षीय योजना (२०७६/७७-२०८०/८१) अनुसार मन्त्रालयको कार्यक्षेत्रमा पर्ने २७ कार्यक्रममध्ये कास्कीको पुँडीटार र नवलपुरको लोकाहा खोला क्षेत्रमा प्रदेशस्तरीय औद्योगिक क्षेत्र निर्माण गर्न जग्गा प्राप्ति, तनहुँको घारी क्षेत्रमा औद्योगिक क्षेत्र निर्माण, नारायणी नदी किनारमा बीचपार्क निर्माण, खानी तथा खनिजजन्य पदार्थको सम्भाव्यता अध्ययन, पोखरा-काठमाडौं-लुम्बिनीलाई गौतम बुद्ध स्वर्णिम त्रिकोणको रूपमा विकास, प्रदेशभित्रका मुख्य उपत्यकाको एकीकृत विकासको लागि बृहत परियोजना सञ्चालन जस्ता कार्यक्रम सुरु भएको छैन। आवधिक योजना र नीति तथा कार्यक्रम अनुसार बजेट व्यवस्थापन गरी योजना कार्यान्वयन गर्नुपर्दछ।	पुँडीटार र लोकाहा खोला क्षेत्रमा प्रदेशस्तरीय औद्योगिक क्षेत्र निर्माणमा सालबसालीरूपमा बिनियोजित न्यून बजेटबाट हाल EIA स्वीकृत गरी भोगाधिकार प्राप्तिका लागि रुख गणना र क्षेत्रफल यकिन गर्ने कार्य सम्पन्न गरी सङ्घीय सरकारमा फाइल पठाइसकिएको छ। अन्य कार्यक्रमहरूको हकमा आगामि बर्षहरूमा बजेट व्यवस्था गरी क्रमशः कार्यान्वयन गरिने छ भने बजेट व्यवस्था नहुने कार्यक्रमहरु हटाइने छ।	आवधिक योजनासँग सामन्जस्यता हुने गरि वार्षिक नीति, कार्यक्रम तथा बजेट निर्माण गरी कार्यान्वयन गर्न निर्देशन दिने।
४	<u>**वार्षिक नीति तथा कार्यक्रमः**</u> मन्त्रालयसँग सम्बन्धित प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रम २०८०/८१ मा उल्लेख भएकामध्ये देहाय बमोजिमका कार्यक्रममा यस वर्ष बजेट व्यवस्था नभएकोले कार्यान्वयन भएको छैनः ➢ "प्रदेशको उत्पादनः हाम्रो पहिचान" कार्यक्रम कार्यान्वयन गर्न सार्वजनिक निकायहरूमा प्रदेशभित्र उत्पादित वस्तु उपयोग गर्ने, ➢ पर्यटन क्षेत्रको विकास, बिस्तार, प्रवर्धन र व्यवस्थापनका लागि पर्यटनसम्बन्धी विविध क्रियाकलापमा निजी क्षेत्रको अधिकतम सहभागितालाई प्रोत्साहन गर्ने, ➢ पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान सञ्चालन गर्न पहल गर्ने,	➢ प्रदेशको न्यून बजेट श्रोतलाई अधिकतम उपयोग हुने गरी आगामी दिनहरूमा प्रदेशको उत्पादन हाम्रो पहिचान कार्यक्रमलाई सफल बनाउन पहल गरिने छ। प्रदेश भित्रका उत्पादनलाई प्राथमिकता दिन कार्यविधि निर्माण गरी कार्यान्वयनमा ल्याइने छ। ➢ पर्यटन प्रवर्धनमा निजी क्षेत्रलाई बिभिन्न क्रियाकलापहरू मार्फत सहभागिता गराउँदै आइएको छ। आगामि दिनमा समेत यो कार्यक्रमलाई निरन्तरता दिइने छ। जस्तोः जाउँ है पोखरा कार्याक्रम, मेलामहोत्सवहरू, पहिले घरदेश अनि परदेश कार्यक्रम, ➢ पोखरा अन्तर्राष्ट्रिय विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान	नीति तथा कार्यक्रममा उल्लेख गर्ने तर बजेट विनियोजन नगर्नु उपयुक्त नभएकोले महालेखापरीक्षकको सुझाव अनुसार नै नीति कार्यक्रमको कार्यान्वयनलाई प्राथमिकतामा राखि अनिवार्य बजेट व्यवस्थापन गर्न निर्देशन दिने।

दफा	बेरुजुको संक्षिप्त विवरण	मन्त्रालयको जवाफ	समितिको निर्णय
	➢ पोखरामा अवस्थित पुरानो विमानस्थललाई संरक्षण, सम्बर्द्धन र उपयोग गर्नका लागि प्रदेश सरकारको मातहत ल्याउन सङ्घ सरकारसँग समन्वय गर्ने, ➢ अन्तरप्रदेश समन्वयमा लुम्बिनी-मुक्तिनाथ-कैलाश पर्वत जोड्ने मुक्तिमार्ग निर्माण कार्य प्रारम्भ गर्न विस्तृत सम्भाव्यता अध्ययन गर्ने। वार्षिक नीति तथा कार्यक्रममा व्यवस्था गरिएका कार्यक्रमको लागि बजेट व्यवस्था गरी कार्यान्वयन गर्नुपर्दछ।	सञ्चालनका सम्बन्धमा तत्कालिन प्रधानमन्त्रीसँग छलफल तथा ज्ञापन पत्र, चीनको सिचुवान प्रान्तबाट हवाइ उडानको पहल गरिएको छ। अन्य कार्यक्रमहरु श्रोत अभावको हाल कार्यान्वयन नभएको भए तापनि आगामि दिनहरूमा बजेट व्यवस्था गरी कार्यान्वयन गर्ने तर्फ मन्त्रालयले ध्यान दिने छ।	
५	**<u>होमस्टे सञ्चालन:</u>** प्रदेश सरकारले विशेष महत्त्वका आयोजना तथा कार्यकमहरूलाई प्रदेश गौरवका आयोजनाको रूपमा पहिचान गरी कार्यान्वयनमा ल्याएको छ। मन्त्रालय अन्तर्गत सञ्चालनमा रहेको होमस्टे बिस्तार तथा सुदृढीकरण आयोजनाको लागि गत वर्ष रु.६८ लाख ३७ हजार खर्च भएकोमा यो वर्ष ३४ होमस्टेको साँस्कृतिक भवन निर्माण, अधुरो सामुदायिक भवन निर्माण, सामुदायिक भवनमा शौचालय, भान्साकोठा निर्माण, पदमार्ग निर्माण, सामुदायिक भवन निर्माण लगायतका कार्यका लागि रु.४ करोड बजेट विनियोजन भई रु.३ करोड ८८ लाख ७७ हजार खर्च भएको छ। निजी जग्गामा केही होमस्टेले संरचना बनाएको, अनुदान रकम निजी प्रयोजनमा खर्च गरेको, अपायक स्थानमा सामुदायिक भवन बनाएको, होमस्टेको घरधुरी संख्या कम र व्यवस्थापन पक्ष कमजोर रहेको, होमस्टेमा स्थानीय उत्पादन प्रवर्धन गरी स्थानीय स्वाद र पहिचानको प्रवर्धन हुन नसकेको बेहोरा पर्यटन, वाणिज्य तथा उपभोक्ता हकहित संरक्षण निर्देशनालयबाट भएको अनुगमन प्रतिवेदनमा उल्लेख छ। अनुदानबाट पर्यटन प्रवर्धनमा परेको प्रभावको मूल्याङ्कन गरी कार्यक्रमको पुनरावलोकन हुनुपर्दछ।	हाल यस प्रकारका खर्चहरूमा पूर्णरूपमा नियन्त्रण गरी सकिएको छ। आगामि दिनहरूमा पनि यस्ता प्रकृतिका खर्चहरू नगर्न जिल्लास्थित कार्यालयहरूलाई निर्देशन गरिएको छ। होमस्टेहरूको बर्गीकरण गर्न मानक तयार गरी सञ्चालनमा रहे नरहेका यकिन गर्ने कार्यक्रम अगाडि बढाइने तथा प्रतिवेदन अनुसार नियमन र प्रवर्धन गराइने छ।	मापदण्डका आधारमा होमस्टेहरूको वर्गीकरण गरी सञ्चालनमा रहे नरहेका यकिन गर्ने र अनुदानबाट पर्यटन प्रवर्धनमा परेको प्रभाव मूल्याङ्कन गर्ने व्यवस्था कार्यान्वयन गर्न निर्देशन दिने।
६	**<u>पर्यटन गुरुयोजना:</u>** मन्त्रालय मार्फत कार्यान्वयन हुनेगरी तर्जुमा तथा लागु	श्रोतको अभाव हुँदा हुँदैं यसप्रकार राखिएका कतिपय	पर्यटन गुरुयोजना कार्यान्वयनको

दफा	बेरुजुको संक्षिप्त विवरण	मन्त्रालयको जवाफ	समितिको निर्णय
	गरिएको २० वर्षे पर्यटन गुरुयोजना, २०७७ मा ५ वर्षमा प्राप्त गरिने अपेक्षित उपलब्धि उल्लेख गरी त्यसको लागि गर्नुपर्ने कार्यहरू उल्लेख भएकोमा पहिलो ५ वर्षमा कार्यान्वयन गर्नुपर्ने भनी उल्लेख भएकामध्ये देहायका कार्य बाँकी देखिएका छन्: ➢ वागलुङ्ग बाहेक १०९ स्थानमा आध्यात्मिक योग तथा ध्यान साधना केन्द्रको विकास गर्ने, शिकार आरक्षको रुपमा विकास गर्न सम्भाव्य सामुदायिक तथा राष्ट्रिय बनमा पूर्वाधारविकास सम्बन्धी गर्ने, ➢ पर्यटकको सहज पहुँच हुनेगरी भ्यू टावर निर्माण तथा निर्मित संरचनाको उपयोग र अर्थतन्त्रमा योगदान सुनिश्चित गर्ने, ➢ मर्दि हिमाल आरोहणको लागि रुट फाईन्डिङ्ग, एडोरिङ्ग, म्यापिङ्ग एण्ड एक्सप्लोरिङ्ग कार्यक्रमका साथै साहसिक पर्यटनको विकासका लागि पूर्वाधार विकास गर्ने, ➢ पर्यटकको तथ्याङ्क व्यवस्थापन गर्न डि.बि.एम.एस. सफ्टवेयरको निर्माण तथा डाटाबेस तयार गर्ने, ➢ लोप भइसकेका तथा हुन लागेका मेला, चाडपर्व, परम्परा, रीतिरिवाज, लोकगीत तथा नृत्यको संरक्षण सम्बर्द्धन तथा पुनर्स्थापना गर्ने। मन्त्रालयले गुरुयोजना र बार्षिक कार्यक्रम तथा बजेट बीच तादात्म्यता मिलाई गुरुयोजनाको कार्यान्वयन गर्नुपर्दछ।	महत्वकाङ्क्षी कार्यक्रमहरू कार्यान्वयनमा बाधा परेको छ। आगामि दिनमा बजेट अनुसार तादात्म्यता हुने कार्यक्रमहरू मात्र व्यवस्था गर्न मन्त्रालयको प्राथमितकता रहने छ भने पर्यटन गुरु योजना पुनरालोकन गर्ने कार्य यस आ.व. २०८२/८३ मा सम्पन्न गरी सोही अनुसार कार्यक्रमहरू आगामी आ.व. मा प्रस्ताव गरिने छ। पर्यटक तथ्याङ्क व्यवस्थापन गर्न डाटावेसको सफ्वयर निर्माण कार्य अगाडि बढाइ तथ्याङ्क लिने कार्य गरिने छ। स्थानीय मेला, चाडपर्व, परम्परा, रीतिरिवाज, लोकगीत तथा नृत्यको संरक्षण सम्बर्द्धन तथा पुनर्स्थापनाका मन्त्रालयले कार्य गरिरहेको छ।	क्रममा रहेकोले यसको उद्देश्य अनुरुप नै क्रमश: बजेट व्यवस्थापन गरी गुरुयोजनामा समावेश भएका योजनाहरु कार्यान्वयन गरी तोकिए अनुसारको लक्ष्य पुरा गर्न गराउन निर्देशन दिने।
७	<u>**कार्य विशिष्टिकरण:**</u> प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयलाई तोकिएको कार्य जिम्मेवारी बमोजिमका कार्यहरू गर्न संगठन तथा व्यवस्थापन सर्वेक्षण गराई कार्य विशिष्टिकरण हुनेगरी योजना छनोट हुनुपर्दछ। मन्त्रालय र अन्तर्गतका ११ कार्यालयबाट यो वर्ष ४१३ बटा पर्यटन पूर्वाधारमा रु.१ लाख देखि ४ करोडसम्मका योजनामा रु.३७	प्रदेश सरकारको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण, २०८२ बमोजिम मातहतका ११ वटा एकीकृत सेवा कार्यालयहरू स्थापना भइ प्राविधिक जनशक्तिको पद दर्ता गरी पदपूर्तिका लागि प्रदेश लोक सेवा आयोगमा माग आकृति पठाइ सकिएको हुँदा आगामि दिनमा टुक्रे योजनाको संख्या घटाइ बजेट बिनियोजन गरी पर्यटन पूर्वाधारका आयोजनाहरू कार्यान्वयन	महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने।

दफा	बेरुजुको संक्षिप्त विवरण	मन्त्रालयको जवाफ	समितिको निर्णय
	करोड ६१ लाख बजेट विनियोजन गरी रु.३४ करोड ४४ लाख ८१ हजार खर्च गरेको छ। कार्य विशिष्टिकरणको आधारमा पूर्वाधार निर्माणतर्फका कार्य प्राविधिक जनशक्ति भएका कार्यालयबाट सम्पादन गर्नुपर्दछ।	गरिने छ।	
८	**<u>बजार अनुगमनः</u>** उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा २५, २७ र २८ मा केन्द्रीय, प्रदेश र स्थानीय बजार अनुगमन समिति रहने व्यवस्था छ। यो वर्ष मन्त्रालय मातहत जिल्लास्थित पर्यटन तथा उद्योग कार्यालय प्रमुखको संयोजकत्वमा गठित जिल्ला बजार अनुगमन टोलीबाट बागलुङ्गमा १३. पर्वतमा ९. म्याग्दीमा १९, मुस्ताङमा ८, कास्कीमा ६, तनहुँमा ९. गोरखामा १०, लमजुङमा १९, मनाङमा ७. स्याङ्जामा १८ र नवलपरासी (ब.सु.पू.) मा १४ समेत १३२ पटक बजार अनुगमन गरेको छ। जिल्ला बजार अनुगमन टोलीले कम्तीमा पाक्षिकरूपमा अनुगमन गर्नुपर्ने तथा अनुगमन पश्चात् सोको प्रतिवेदन निर्देशनालयमार्फत मन्त्रालयमा पेस गर्नुपर्ने कानुनी व्यवस्था भएकोमा यो वर्ष प्रतिवेदन पेस गरेको छैन। बजार अनुगमन बढी मात्रामा चाडपर्व लक्षित तया निर्देशनात्मक प्रकृतिको (मूल्य-सूची, साईनचोर्ड, व्यवसाय दर्ता तथा नवीकरण केन्द्रित) भएकोले दैनिक उपभोग्य सामग्रीको मूल्य वृद्धि नियन्त्रण, कृत्रिम अभाव, कार्टेलिङ, कालोबजारी नियन्त्रण लगायतमा कानुनमा भएको व्यवस्थाको कार्यान्वयन हुने गरी बजार अनुगमन गर्नुपर्दछ।	हाल बजार अनुगमनको कार्यलाई तिब्रता दिइदै आइएको छ। आगामि दिनहरूमा कानुनमा भएका व्यवस्थाहरू समेटी यस्ता कार्यक्रमहरूलाई प्रभावकारी बनाइने छ। उपभोक्ता संरक्षण ऐन, २०७५ बमोजिम वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागबाट प्रत्यायोजित अधिकार अन्तर्गत पटकपटक पत्राचार गर्दा पनि निरीक्षण अधिकृत समयमैं नतोकिएको कारण बजार अनुगमन प्रभावकारी हुन नसकेको हो। निरीक्षण अधिकृत नतोकीए तापनि स्थानीय प्रशासनसँगको सहकार्यमा बजार अनुगमन प्रभावकारी बनाइ मासिक प्रतिवेदन पेस गर्न मातहतका निकायहरूलाई पत्राचार गरिएको छ। हाल बजार अनुगमन हुँदा सामान नस्ट गर्ने, तत्काल जरिवाना गर्ने लगायतका कार्य गरी बजारलाई प्रभावकारी बनाउने काम भइ आएको छ।	बजार अनुगमन नियमावली, २०७६ ले तोकेको सबै क्षेत्र समेट्ने उपयुक्त नमूना छनौट विधि प्रयोग गरी वैज्ञानिक आधारमा नमूना छनौट गरी नियमित बजार अनुगमन गर्ने र उक्त बजार अनुगमनबाट प्राप्त हुने राजस्व प्रदेश सरकारको सञ्चित कोषमा जम्मा हुने आवश्यक व्यवस्थापन मिलाउनुका साथै बजार अनुगमन लक्ष्य पुरा गर्ने प्रयोजनका लागि मात्रै सिमित नगरी अनुगमन मार्फत विद्यमान समस्याहरु पहिचान गरी ती समस्या समाधान गर्ने उद्देश्य राखि कार्यक्रम तयार गरी कार्यान्वयन गर्न निर्देशन दिने।
९	**<u>पर्यटन क्षेत्र घोषणा र पूर्वाधार निर्माणः</u>** प्रदेशभित्रका ११ जिल्लाका ११० स्थानलाई पर्यटन गन्तव्यस्थल तोकी निर्देशनालयबाट यो वर्ष १३ पर्यटन पूर्वाधारका योजनाहरू सञ्चालन भएकामध्ये ८ घोषित योजनामा रु.२ करोड ५० लाख बजेट विनियोजन गरी रु.२ करोड ३६ लाख ३० हजार खर्च गरेको छ। घोषित बाहेक अन्य ५ वटा योजनामा रु.१ करोड ६० लाख बजेट	प्रमुख गन्तव्यस्थललाई आधार मानी बजेट कार्यक्रम प्रस्ताव गरिएको, न्यून बजेट, फरक माग, प्रभावका पहुँचका आधारमा समेत बजेट बिनियोजन हुने प्रवृत्तिलाई रोकी अध्ययन छनौट भएका योजनाहरूलाई अगाडि बढाउन मन्त्रालय प्रतिबद्ध रहेको छ।	महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने।

दफा	बेरुजुको संक्षिप्त विवरण	मन्त्रालयको जवाफ	समितिको निर्णय
	विनियोजन गरी रु.१ करोड २० लाख ७५ हजार खर्च गरेको छ। मन्त्रालय मातहत ११ जिल्लाका पर्यटन कार्यालय मार्फत पूर्वाधारसँग सम्बन्धित योजनाहरू घोषित पर्यटन क्षेत्र भन्दा फरक स्थानमा पनि सञ्चालन गरेको छ। घोषित पर्यटन क्षेत्र र पूर्वाधार विकासमा तादम्यता कायम हुनुपर्दछ।		
१०	**<u>स्थानीय मदिरा उत्पादन र ब्राण्डिङ्ग:</u>** मदिरा ऐन, २०३१ को दफा (७) र मदिरा नियम, २०३३ को नियम ७(घ) मा अन्तःशुल्क अधिकृतलाई सूचना दिई निजी प्रयोजनका लागी एक पटकमा पाँच लिटर रक्सी र १० लिटर जाँड बनाउन ईजाजत लिनु नपर्ने र सो उत्पादन वर्षमा छ पटक मात्र गर्न पाउने व्यवस्था छ। ऐनले तोकेको भन्दा बढी परिमाणमा स्थानीय मदिरा उत्पादन, बजारीकरण र विक्री-वितरण गर्न रोक लगाएको देखिन्छ। गण्डकी प्रदेशमा स्थानीय मदिराको वैधानिक उत्पादन र ब्राण्डिङ्गको सम्भाव्यता अध्ययन गरी तीन महिनाभित्र प्रतिवेदन पेस गर्न गण्डकी विश्वविद्यालयसँग २०८०।१२।१५ मा सम्झौता गरी रु.९ लाख ७८ हजार भुक्तानी गरेकोले सङ्घीय कानुनले रोक लगाएको विषयमा परामर्श सेवामा खर्च गरेको छ। परामर्शदाताले मापदण्ड बमोजिमको मर्चा प्रयोग गरी स्थानीय मदिरा उत्पादन गर्न प्रदेशमा उच्च सम्भावना रहेको तर सङ्घीय मदिरा ऐनले सोको उत्पादन, बजारीकरण र ब्राण्डिङ्गमा रोक लगाएको हुँदा ऐन संशोधन आवश्यक रहेकोले सङ्घ तथा प्रदेश सरकार र स्थानीय तहबीच समन्वय, सहकार्य र सहजीकरण गरेर मात्र स्थानीय मदिरा उत्पादन र ब्रान्डिङ्गका कार्यहरू हुनुपर्दछ।	गण्डकी प्रदेश स्थानीय मदिरा ऐन, २०८२ जारी भइ सकेको तथा सोही अनुरूप नियमावलीको मस्यौदा तर्जुमा गर्ने कार्य भइरहेको, तिनै तहका सरकारहरूको आपसी सहयोग, समन्वय र सहजीकरण बिना उक्त ऐन नियमावली कार्यान्वयन हुन नसक्ने भएकाले सोही कार्य अगाडि बढाउन PDAC र NDAC मा निर्णय गरी पठाइएको छ।	गण्डकी प्रदेश स्थानीय मदिरा ऐन, २०८२ कार्यान्वयन गर्न निर्देशन दिने।
११	**<u>रकमान्तर:</u>** प्रदेश विनियोजन ऐन, २०८० को दफा ३(३) मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढी रकम रकमान्तर गर्न नपाइने व्यवस्था छ। मन्त्रालयले बजेट विनियोजन नभएको पर्यटन पूर्वाधार निर्माण शीर्षकमा	रकमान्तरको कार्य गर्दा विद्यमान ऐन नियम तथा वस्तुनिस्ट आधारहरूलाई प्रमुख प्राथमिकता दिइएको।	विनियोजन नभएको खर्च शीर्षकमा रकमान्तर गर्दा बजेट माथि संसदीय निगरानी र नियन्त्रणमा कमजोर हुने भएकोले रकमान्तर गर्दा प्रदेश

दफा	बेरुजुको संक्षिप्त विवरण	मन्त्रालयको जवाफ	समितिको निर्णय
	औद्योगिक पूर्वाधार विकास शीर्षकबाट ७ वटा कार्यालयका ११ आयोजनाको लागि रु.९० लाख र ५ पालिकालाई रु.२० लाखका दरले रु.१ करोड गरी जम्मा रु.१ करोड ९० लाख बजेट रकमान्तर गरी खर्च गरेको छ। कानुनको सीमाभित्र रही रकमान्तर गर्नुपर्दछ।		आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ र नियमावली, २०७९ अनुसार रकमान्तर गर्न निर्देशन दिने।
१२	**<u>पर्यटन सूचना केन्द्र स्थापनाः</u>** पर्यटन तथा उद्योग कार्यालय, मुस्ताङ्गले यो वर्ष पुथाङ्ग एयरपोर्ट नजिक पर्यटन सूचना केन्द्रको लागि जग्गाधनी पूर्जा बेगर शौचालय र माथिल्लो तलामा जान निजी घर प्रयोग गर्ने गरी दुई तले भवन निर्माणमा रु.९ लाख ४३ हजार भुक्तानी गरेको छ। घरपझोङ गाउँपालिकाबाट जोमसोम बजारमा पर्यटन सूचना केन्द्र निर्माण गरी सञ्चालन गर्ने तयारी भइरहेको अवस्थामा फर्निचर तथा कर्मचारीको व्यवस्थापन नगरी केन्द्र सञ्चालन गर्न निर्माण गरिएको संरचना प्रयोगविहीन रहेको छ।	शौचालय निर्माण पालिका र पर्यटन कार्यालयबाट कार्यक्रम नदोहोरिने गरी कार्यान्वयन भएको, घरपझोङ गाउँपालिकाले सञ्चालन गरेको आवश्यक फर्निचरसमेत व्यवस्था गरिएको र हाल प्रयोगमा आएको छ।	पर्यटन सूचना केन्द्र हाल प्रयोगमा आएको जानकारी मन्त्रालयले गराएको हुदाँ केही गर्न नपर्ने ।
	<u>अनुगमनः</u> गत विगतका प्रतिवेदनमा होमस्टे विस्तार तथा सुदृढिकरण आयोजना अन्तर्गत होमस्टे सञ्चालन अनुदानको उपयोग, पर्यटन गुरुयोजना अनुसार कार्य नगरेको, वन क्षेत्र अतिक्रमण नियन्त्रण गर्ने कार्ययोजना कार्यान्वयन, काठको लिलाम बिक्री नगरेको लगायतका बेहोरा औंल्याइएकोमा यस सम्बन्धमा सुधार भएको देखिएन।	अनुदान सहयोगका सम्बन्धमा मन्त्रालयले विगतमा भएका त्रुटीहरूलाई सुधार गरि सकेको छ भने आगामि दिनमा पनि यस्ता त्रुटीहरू हुन नदिन ध्यान पुऱ्याइने छ।	
	बेरुजु रकमको विवरणः यो वर्ष कार्यालय र मातहत समेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजुको स्थिति देहायअनुसार छः ➢ मन्त्रालय तथा मातहतसमेत २१ निकायमा यो वर्ष रु.१ करोड ६८ लाख ६३. हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि ४ निकायबाट रु.१७ लाख ८४ हजार फछर्यौट गरेकोले रु.१ करोड ५० लाख ७९ हजार बेरुजु बाँकी रहेको छ। यस	बेरुजुको प्रकृति अनुसार उल्लिखित बेरुजुहरु मध्ये नियमित गर्नु पर्ने बेरूजुहरुलाई नियमित गर्न असुल गरी फछर्यौट गर्नु पर्ने बेरूजुहरुलाई शीघ्र असुल गर्न निर्देशन दिइ सकिएको छ। आगामि दिनहरूमा मन्त्रालयले बेरुजु फछर्यौट गर्ने कार्यलाई थप पहल गर्ने छ।	

दफा	बेरुजुको संक्षिप्त विवरण	मन्त्रालयको जवाफ	समितिको निर्णय
	सम्बन्धी विवरण अनुसूची- ९ मा रहेको छ। समिति र अन्य संस्थातर्फ यो वर्ष रु.३ लाख ८४ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्रतिक्रियाबाट रु.३ लाख ८४ हजार फस्यौंट र प्रतिक्रियाबाट रु.३५ लाख ५१ हजार थप भई रु.३५ लाख ५१ हजार बाँकी रहेको छ। यससम्बन्धी विवरण अनुसूची-१० मा संलग्न छ।		
	वन तथा वातावरण मन्त्रालय		
१३	**आवधिक योजनाः-** प्रदेशको प्रथम पञ्चवर्षीय योजना (२०७६/७७-२०८०।८१) कार्यान्वयन भइसकेकोमा वातावरणमैत्री उत्पादनलाई हरित सर्टिफिकेटको व्यवस्था, प्रदुषण मापन गर्ने प्रयोगशाला निर्माण तथा उपकरण जडान, प्लाष्टिकजन्य वस्तुको प्रयोगसम्बन्धी मापदण्ड निर्माण तथा प्लाष्टिकबाट डिजेल बनाउन निजी क्षेत्रसँग सहकार्य गर्ने, ध्वनी तथा वायु प्रदुषण नियन्त्रणको लागि मापदण्ड निर्धारण गरी लागु गर्ने, राष्ट्रिय वनको सीमा निर्धारण, वनमा आधारित ठूला उद्योग स्थापना लगायतका कार्य हुन सकेका छैनन्। आवधिक योजनामा उल्लिखित कार्यकमको कार्यान्वयन गर्नुपर्दछ।	प्रथम पञ्चवर्षीय योजनामा उल्लिखित वातावरणीय क्षेत्रका कार्यक्रमहरु कार्यान्वयन गर्न न्यून बजेट सिलिङको कारण सम्बोधन गर्न सकिएन। सार्वजनिक सरोकारका यस्ता कार्यक्रमहरु सम्बोधन गर्न बजेटको परिधि भित्र रही कार्यान्वयनमा प्राथमिकता दिइने छ।	आवधिक योजनासँग सामन्जस्यता हुने गरी वार्षिक नीति, कार्यक्रम तथा बजेट निर्माण गरी कार्यान्वयन गर्न निर्देशन दिने ।
१४	**वार्षिक नीति तथा कार्यक्रम -** प्रदेश सरकारको यो वर्षको नीति तथा कार्यक्रममा उल्लिखित विषयहरू मध्ये निम्न कार्यकमहरू कार्यान्वयन भएको छैन। • वनक्षेत्रको विषयगत तथ्याङ्क र सूचना प्रविधिको व्यवस्थापन गरी यसलाई योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमनको अभिन्न अङ्गको रुपमा उपयोग गर्ने, • दीर्घकालीन प्रतिफल प्रदान गर्ने, वन्यजन्तुको प्रकोप कम गर्ने तथा उच्च लाभ दिने रक्तचन्दन,	नीति तथा योजना आयोगबाट यस मन्त्रालयको लागि प्रत्येक वर्ष बजेट सिलिङ प्राप्त भए अनुसारका कार्यक्रमहरु प्राथमिकतामा राखी गर्ने गरिएको छ। बजेट सिलिङ कम भएको कारण नीति तथा कार्यक्रममा समावेश गरिएका कार्यक्रमहरु कार्यान्वयन गर्न सकिएन। प्राप्त बजेटको सिलिङ अनुसार प्राथमिकतामा राखी कार्यान्वयन गरिने छ। गण्डकी प्रदेश बन ऐन, २०८० जारी भइ कार्यान्वयनमा रहेको वातावरणीय अध्ययन प्रक्रियालाई सरलीकृत गर्न कार्यसूची तयार गरिएको र स्थलगतरूपमा सहजीकरण	नीति तथा कार्यक्रममा उल्लेख गर्ने तर बजेट विनियोजन नगर्नु उपयुक्त नभएकोले महालेखापरीक्षकको सुझाव अनुसार नै नीति कार्यक्रमको कार्यान्वयनलाई प्राथमिकतामा राखी अनिवार्य बजेट व्यवस्थापन गर्न निर्देशन दिने ।

दफा	बेरुजुको संक्षिप्त विवरण	मन्त्रालयको जवाफ	समितिको निर्णय
	श्रीखण्ड, अगरउड जस्ता प्रजातिहरूको बिस्तारमा जोड दिने तथा प्रदेश सरकार मातहतका निकायहरूमा स्वदेशी काठका फर्निचरको प्रयोगलाई प्रोत्साहन गर्ने, • सार्वजनिक-निजी साझेदारी अवधारणा अनुरुप वन पैदावारमा आधारित काठ सिजनिङ तथा कम्पोजिट प्लान्ट स्थापना गरी विदेशी काठ एवम् काठजन्य सामग्री आयात प्रतिस्थापन गर्दै वन क्षेत्रमा रहेको पातपतिङ्गर, स्याउला, सोतर सङ्कलन गरी कम्पोष्ट मल र पशु दाना उद्योग सञ्चालन गर्ने, नीति तथा कार्यक्रममा तोकएबमोजिम बजेट व्यवस्था गरी कार्यान्वयन गर्नेतर्फ मन्त्रालयले ध्यान दिनुपर्दछ।	गरिएको छ।	
१५	**रुपान्तरणकारी योजनाः** प्रदेश सरकारको प्रथम पञ्चवर्षीय योजना (२०७६ । ७७-२०८०।८१) मा १३ बटा प्रदेश गौरवका योजना र नेपाल सरकारसँग स्रोत माग गरी ५ वटा रुपान्तरणकारी योजना सञ्चालन गरेको मध्ये मन्त्रालय मातहतको निकायबाट कार्यान्वयन हुनेगरी रु.४ अर्ब ९२ करोड लागत अनुमान भएको फेवाताल संरक्षण तथा सौन्दर्यिकरण गर्ने रुपान्तरणकारी योजनामा २०७९।८० देखि २०८०।८१ सम्म रु. १ करोड ५४ लाख ९७ हजार खर्च गरेको छ। योजना सञ्चालनको लागि स्रोत सुनिश्चितता नगरी निर्माण सुरु गरेको कारण प्रगति न्यून रहेको छ। योजना निर्माण गर्न लाग्ने लागत र निर्माण सम्पन्न गरिने अवधि अनुसार आवश्यक पर्ने बजेटको व्यवस्था गरी निर्माण कार्य गरिनुपर्दछ।		महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने।
१६	**वन व्यवस्थापन कार्ययोजनाः-** वन ऐन, २०७६ को दफा ११ मा नेपाल सरकारसँग प्रदेशभित्रको राष्ट्रिय वन र अन्तर प्रादेशिक वन व्यवस्थापनको लागि	संघीय वन तथा वातावरण मन्त्रालयबाट एकीकृत वा प्रादेशिक रणनीतिक योजनाको अन्तिम मस्यौदा तयार भइ सुझाव माग	महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन

दफा	बेरुजुको संक्षिप्त विवरण	मन्त्रालयको जवाफ	समितिको निर्णय
	प्रदेशले परामर्श गरी एकीकृत वा प्रदेशगत रणनीतिक योजनाको नमा रही प्रदेश सरकारले प्रदेशभित्रको राष्ट्रिय वन र अन्तर प्रादेशिक वनको संरक्षण, विकास र सदुपयोग गर्न सकने वस्था छ। मन्त्रालय र मातहत कार्यालयको पञ्चवर्षीय वन व्यवस्थापन कार्य योजनाको म्याद २०७८। ७९ मा सकिएकोमा नयाँ रणनीतिक वन व्यवस्थापन कार्य योजना तर्जुमा स्वीकृत भएको छैन। वन व्यवस्थापन कार्य योजना स्वीकृत गरी सोही अनुसार कार्यकम कार्यान्वयन गर्नुपर्दछ।	गरिएकोमा प्रदेशको तर्फबाट सुझाव पठाइ सकिएको छ। पञ्चवर्षीय वन व्यवस्थापन कार्ययोजनाको म्याद समाप्त भएका डिभिजन वन कार्यालयहरुलाई प्रचलित कानुन बमोजिम आवधिक योजनासहितको रणनीतिक योजना (पञ्चवर्षीय) को लागि निर्देशन दिइएको छ।	दिने।
१७	**वन क्षेत्रको अन्य प्रयोगः-** वन नियमावली, २०७९ को नियम ९० मा विकास आयोजनाको सञ्चालनको लागि राष्ट्रिय वनक्षेत्रको कुनै भाग तोकिएबमोजिम उपलब्ध गराउन सकिने व्यवस्था छ। मन्त्रालयबाट प्राप्त वरणअनुसार डिभिजन वन कार्यालय, स्याङ्जा र मनाडले अन्य प्रयोजनमा वनक्षेत्रको जग्गा प्रयोग सम्बन्धी अभिलेख उपलब्ध गराएको छैन। अन्य नौ जिल्लाको वनक्षेत्रको ८८४.०५ हेक्टर जग्गा हाइड्रोपावर प्रोजेक्ट, प्रसारण लाइन निर्माण, केवलकार परियोजना, रिसोर्ट तथा सार्वजनिक भवन समेत निम्नानुसार संख्याका ७३ आयोजनाको लागि भोगाधिकार दिईएकोमा १० आयोजनाबाट मात्र रु.४८ करोड ६३ लाख ८४ हजार रोयल्टी सङ्कलन गरेको छ। (तालिका तल)	यसमा नियमित अनुगमनको व्यवस्था मिलाइ संघीय सरकारबाट भोगाधिकार दिएका जग्गाको सम्झौता अनुसारको रोयल्टी केही जिल्लाहरुमा असुल भइसकेको र केही जिल्लामा असुल गर्ने क्रममा रहेको छ।	वन नियमावली, २०७९ नियम ९० मा विकास आयोजना सञ्चालनको लागि राष्ट्रिय वन क्षेत्रको कुनै भाग तोकिए बमोजिम उपलब्ध गराउन सकिने व्यवस्था बमोजिम वनको भोगाधिकार दिएका आयोजनाहरुको अभिलेख राखी उक्त आयोजनाहरुबाट प्राप्त हुने रोयल्टी रकम यथाशक्य असुल उपर गर्न निर्देशन दिने।

संरक्षण क्षेत्र बाहेक प्रदेश अन्तर्गत अन्य प्रयोजनमा वनक्षेत्रको जग्गा प्रयोग सम्वन्धी विवरण

क.सं.	जिल्ला	क्षेत्रफल (हेक्टर)	आयोजना संख्या	कैफियत
१	पर्वत	११.७१	७	चार डिभिजन वन कार्यालयको विवरण प्राप्त नभएको, एउटा क्वायरीले खानी तथा भू-गर्भ विभागमा रकम बुझाउदै आएको, केहीले सट्टा भर्ना जग्गा उपलब्ध गराएको र केही प्रवर्द्धकबाट एकमुष्ट वन विकास कोषमा दखिला भएको जनाए तापनि एकीकृत अभिलेख मन्त्रालयमा नरहेको।
२	लम्जुङ	८८.९७	२५	
३	म्याग्दी	३०.७२	३	
४	बागलुङ	५.५	३	
५	मुस्ताङ	०.९५	१	
६	गोरखा	२३.३५	३	
७	कास्की	२७.८५	८	
८	नवलपरासी (ब.सु.पू.)	२५१.३८	१७	
९	तनहुँ	४४३.६२	६	
	जम्मा	८८४.०५	७३	

<table>
<tr><th>दफा</th><th>बेरुजुको संक्षिप्त विवरण</th><th>मन्त्रालयको जवाफ</th><th>समितिको निर्णय</th></tr>
<tr><td></td><td>सम्झौता अनुसार वनक्षेत्रको जग्गा उपयोग र रोयल्टी प्राप्ति सम्बन्धमा अभिलेख राखी असुल गर्ने व्यवस्था गर्नुपर्दछ।</td><td></td><td></td></tr>
<tr><td>१८</td><td>वन विकास कोषः- साविक वन नियमावली, २०५१ को नियम २० तथा हालको वन नियमावली, २०७९ को नियम ९० बमोजिम वनक्षेत्रको जग्गा विकास आयोजनालाई भोगाधिकार दिन सकिने र सम्झौता बमोजिमको दायित्व पूरा गर्नुपर्ने व्यवस्था छ। सम्बन्धित प्रवर्द्धक र वन तथा भू-संरक्षण विभागबीच भएको सम्झौता नुसार प्रवर्द्धकले आफूलाई भोगाधिकार प्रदान गरिएको जग्गाको क्षेत्रफल बराबर सट्टाभर्ना स्वरुप सोही बमोजिमको अनुकूलित वातावरण भएको स्थानमा जग्गा प्राप्त गरी प्रति हेक्टर १ हजार ६ सयका दरले वृक्षारोपण गरी न्धित डिभिजन वन कार्यालयलाई हस्तान्तरण गर्नुपर्ने र सो बमोजिम गर्न नसकेमा सो कार्यको लागि लाग्ने लागत गणना गरी वन विकास कोषमा रकम जम्मा गर्नुपर्ने उल्लेख छ। मन्त्रालयले वन विकास कोषमा दाखिला गर्नु पने रकम र प्रवर्द्धकको अभिलेख राखेको छैन। डिभिजन वन कार्यालय, कास्कीको कार्यक्षेत्रमा पर्ने निम्न आयोजनाका लागि कार्यालयबाट आर्थिक वर्ष २०८०।८१ को दररेटमा तयार गरिएको लागत अनुसार तीन प्रवर्द्धकबाट रु.१७ करोड ४३ लाख ५५ हजार वन विकास कोषमा दाखिला हुनुपर्नेमा सो रकम कोषमा दाखिला गरेको छैन।

(रु.हजारमा)
<table>
<tr><th>क्र.सं.</th><th>आयोजनाको नाम</th><th>२०८०।८१ को दररेटमा हुन आउने लागत रु.</th></tr>
<tr><td>१</td><td>नयाँमोदी लेखनाथ १३२ के.भी. प्रशारण लाइन</td><td>१४७९२७</td></tr>
<tr><td>२</td><td>मादी पावर प्रा.लि.</td><td>१९००७</td></tr>
<tr><td>३</td><td>अन्नपूर्ण केवलकार प्रा.लि.</td><td>७४२१</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१७४३५५</td></tr>
</table></td><td>हाल यो रकम वन विकास कोषमा दाखिला गरी सकिएको छ।</td><td>वन नियमावली, २०७९ नियम ९० बमोजिम भोगाधिकार प्रदान गर्दा भोगाधिकार प्रदान गरिएको क्षेत्रफल बराबर सट्टा भर्ना स्वरुप जग्गा प्राप्त गरी प्रति हेक्टर १ हजार ६ सयका दरले वृक्षारोपण गरी सम्बन्धित वन कार्यालयलाई हस्तान्तरण गर्नुपर्ने र सो बमोजिम गर्न नसकेमा सो कार्यको लागि लाग्ने लागत गणना गरी वन विकास कोषमा रकम जम्मा गर्नुपर्ने व्यवस्था भए बमोजिम वन तथा वातावरण मन्त्रालयले वन विकास कोषमा दाखिला हुनुपर्ने सम्पूर्ण रकम वन विकास कोषमा दाखिला गर्न निर्देशन दिने।</td></tr>
</table>

दफा	बेरुजुको संक्षिप्त विवरण	मन्त्रालयको जवाफ	समितिको निर्णय
	प्रवर्द्धकले संघीय सरकार अन्तर्गत वन तथा भू-संरक्षण विभागसँग गरेको सम्झौतामा विभाग अन्तर्गत रहेको वन विकास कोषमा रकम जम्मा गर्ने व्यवस्था भए तापनि प्रदेश सरकारको कार्यक्षेत्रमा पर्ने र प्रदेश भित्रको वातावरणमा असर पर्ने विषयमा यस प्रकार वनक्षेत्रको जगगा प्रयोग गर्ने गरी भएको सम्झौता कार्यान्वयनको अभिलेख राख्नु पर्दछ।		
१९	**काठ तथा दाउरा मौज्दातः-** मन्त्रालयवाट प्राप्त विवरणअनुसार गत आर्थिक वर्षमा ११ डिभिजन वन कार्यालयहरूमा ५ लाख ७३ हजार घनफिट काठ र ६ सय चट्टा दाउरा मौज्दात रहेकोमा यो वर्ष ५ डिभिजन वन कार्यालयहरूले काठ दाउराको अद्यावधिक अभिलेख राखेका छैनन् भने बाँकी ६ डिभिजन वन कार्यालयमा २०८०।८१ को अन्तसम्म रु.१८ करोड दद लाख ६९ हजार बराबरको २ लाख २९ हजार घनफिट काठ र रु.१ लाख ९६ हजारको ७ हजार चट्टा दाउरा मौज्दात रहेको देखिन्छ। सबै डिभिजन वन कार्यालयहरूले अभिलेख अद्यावधिक गरी कार्यालयले मौज्दात रहेको काठदाउराको गुणस्तर हास हुन नदिन समयमै लिलाम बिकी गर्नुपर्दछ।	काठ दाउरा लिलाम बिक्रिमा टेण्डर नपर्ने, मुद्दामा रहेका काठ दाउराको समयमा आदेश प्राप्त नहुने, राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाहरुबाट सम्झौता अनुसार काटिएका काठहरु समयमा हस्तान्तरण हुने नगरेको, हैसियत बिग्रेका काठहरु लिलाम बिक्री गर्न कठिनाइ हुने गरेको छ। यस सम्बन्धमा गण्डकी प्रदेश वन ऐन, २०८० मा वन पैदावारको पुनर्मुल्याङकनको व्यवस्था गरिएको छ। सोही अनुसार काठ दाउरा लिलामी प्रक्रिया अगाडि बढाउन निर्देशन दिइ सकिएको छ।	महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने।
२०	**बिरुवा उत्पादन, रोपण र मौज्दातः-** मन्त्रालयवाट प्राप्त विवरणअनुसार मातहत ५ डिभिजन वन कार्यालयमा गत वर्ष १ लाख ७ हजार बिरुवा मौज्दात रहेको र यो वर्ष ११ जिल्लामा ६ लाख ५० हजार बिरुवा उत्पादन गर्दा प्रति विरुवा औपत रु.२५.०५ का दरले रु.१ करोड ६२ लाख ८३ हजार खर्च भएको र यस वर्ष ५ लाख ६७ हजार बिरुवा रोपण भई १ लाख ९० हजार बिरुवा मौज्दात रहेका छन्। सालवसाली कार्यकमको रूपमा उत्पादित बिरुवाको वितरण एवम् रोपण गर्ने कार्य भए तापनि बिरुवाको संरक्षण गर्ने कार्य भएको छैन। मातहतका कार्यालयवाट रोपण गरिएका बिरुवाको संरक्षणका लागि	डिभिजन वन कार्यालयहरुमा बिनियोजित बजेटबाट उत्पादित बिरुवाहरु रोपण गर्न चाहने व्यक्ति समुदाय सरकारी तथा गैह्रसरकारी निकायहरुलाई निशुल्क वितरण गर्ने गरिएका विरुवाहरुको रोपण गर्ने, संरक्षण गर्ने हुर्काउने सोको प्रयोग गर्ने दायित्व तथा अधिकारी सम्बन्धितकै हुन्छ। हाल प्रदेशबाट यस्ता कार्यक्रमहरुलाई अनुगमन गर्ने बजेट बिनियोजन गर्ने गरिएको छैन। वितरण गर्दाका बखत सम्बन्धितहरुलाई संरक्षणको दायित्वबोध गराइ बिरुवा वितरण गर्ने गरिएको छ। आगामी	महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने।

दफा	बेरुजुको संक्षिप्त विवरण	मन्त्रालयको जवाफ	समितिको निर्णय
	मन्तालयले समय समयमा अनुगमन गरी निर्देशन दिनुपर्दछ ।	दिनमा यस कार्यक्रममा बजेट व्यवस्था गरी अनुगमन गरिने छ।	
२१	**वनक्षेत्रको संरक्षण र अतिक्रमण नियन्त्रणः-** वन ऐन, २०७६ को दफा ३ मा नेपाल सरकारको स्वीकृति बेगर भू-उपयोग परिवर्तन गर्न नपाईने र दफा ४ मा राष्ट्रिय बनको सीमा निर्धारण गरी सो को जग्गा धनी पूर्जा तयार गरी अभिलेख राखुपर्दछ। प्रदेशमा रहेको बन क्षेत्रको जगगा स्पष्ट किटानी सहित वन क्षेग्रमै प्रयोग गर्ने गरी सम्बन्धित मालपोत कार्यालयमा दर्ता गरी सोको संरक्षणका लागि डिभिजन वन कार्यालयलाई हस्तान्तरण गरेको छैन। मन्त्रालयवाट प्राप्त विवरण अनुसार प्रदेशका ११ जिल्ला मध्ये ७ जिल्लामा ७४.९० हेकटर वनक्षेत्र अतिकमण भएकोमा यो वर्ष ६.७४ हेकटर अतिकमित वन फिर्ता ल्याएको जनाए तापनि सोको विस्तृत विवरण तयार गरेको छैन। वन अतिकमण कार्यलाई निरुत्साहित गर्न वनक्षेत्रको सीमा निर्धारण तथा जग्गा धनी पुर्जाको व्यवस्था गरी संरक्षण एवं अनुगमन गर्नुपर्दछ।	वन क्षेत्र अतिक्रमण हाल भएको छैन। विगतमा भएका अतिक्रमणहरुलाई जिल्ला अतिक्रमण व्यवस्थापन समिति, वन सुरक्षा समिति र स्थानीय तहहरुको समन्वय र सहकार्यमा हटाउने कार्य भइरहेको छ।	वन अतिक्रमण कार्यलाई निरुत्साहित गर्न वनक्षेत्रको सीमा निर्धारण तथा जग्गाधनी पुर्जाको व्यवस्था गरी राष्ट्रिय वनको सीमा निर्धारण तथा संरक्षण गर्न निर्देशन दिने ।
२२	**मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापनः-** प्रदेश वन निर्देशनालयको तथ्याङ्क अनुसार गण्डकी प्रदेशमा ३७.१ प्रतिशत भूभाग वन जङ्ल र ९.६ प्रतिशत भूभाग बुट्यानले ढाकेको छ। वनजशल र बुट्यानको उच्च घनत्वले गर्दा ग्रामीण क्षेत्रको खेतीवालीमा बाँदर, बँदेल, मृग, दुम्सीको अतिकमण बढेको छ। डिभिजन वन कार्यालय, कास्कीको एक सामुदायिक वनमा वन्यजन्तु लक्षित उपयुक्त प्रजातीको वृक्षारोपण सहित ९ आइटमको कार्य गर्न रु.१६ लाख ५१ हजार बजेट व्यवस्था भएकोमा रु.९ लाख ८० हजारको२४. कार्य भएको उल्लेख छ। मन्तलयले स्थानीय तहसँग समन्वय गरी क्षति न्यूनिकरणमा सहयोग पुगने अन्य विकल्प विश्लेषण गरेर मानव कृपिहानिकारक वन्यजन्तु द्वन्द्व व्यवस्थापन गर्नुपर्दछ।	➢ नेपाल सरकारले चालु वर्षमा नेपालको राष्ट्रिय वनको एकीकृत रणनीति तयार गरी स्वीकृत गरेको र सोको अधीनमा रही डिभिजन वन कार्यक्षेत्रको रणनीतिक योजनासहित ३ जिल्लाको आवधिक योजना स्वीकृत भइसकेको। ➢ प्रदेश सरकारको प्रादेशिक रणनीतिक योजना तयारी क्रममा रहेको।	डिभिजन वन कार्यालय कास्कीको एक सामुदायिक वनमा वन्यजन्तु लक्षित उपयुत्त प्रजातीको वृक्षारोपण सहित आर्थिक वर्ष २०८०/०८१ मा रु १६ लाख ५१ हजार वजेट व्यवस्था भएकोमा रु ९ लाख ८० हजारको कार्य भएकोमा उक्त कार्यको प्रगती विवरण मन्त्रालयको आफ्नो वेभसाईटमा प्रकाशन गर्ने निर्देशन दिने।

दफा	बेरुजुको संक्षिप्त विवरण	मन्त्रालयको जवाफ	समितिको निर्णय
	डिभिजन वन कार्यालयहरु		
२३	**पचभैया प्राणी उद्यान तथा वन्यजन्तु उद्दार केन्द्रः-** डिभिजन वन कार्यालय, कास्कीले वन्यजन्तुको संरक्षण गरी प्रजनन, अनुसन्धान, संरक्षण शिक्षा र मनोरजनमा टेवा पुन्याउने र भविष्यमा चिडियाखाना, प्राणी उद्दार केन्द्रमा गत वर्षसम्म विभिन्न संरचना निर्माण गरेकोमा सो निर्माणको लागत खुल्ने अभिलेख राखेको छैन। यो वर्ष केन्द्र संचालनमा रु.३५ लाख ९० हजार र पूर्वाधार निर्माणमा रु.३६ लाख १७ हजार समेत रु.७२ लाख ७ हजार खर्च गरेको छ। विस्तृत परियोजना प्रतिवेदनमा उल्लेख भएका प्रवेशद्वार, शौचालय र चमेनागृह, चितुवा खोर, रूपाताल कराउने फुट टयाक, विदेशी चराको लागि ईन्कलोजर तथा पानी टयाङ्गी निर्माण लगायतका कार्य बाँकी रहेका छन्। केन्द्रको भ्रमणमा आउने आन्तरिक तथा बाह्य पर्यटकबाट प्रवेश शुल्क सम्बन्धित सामुदायिक वनले उठाउने तथा खर्च गर्ने गरेको देखियो। केन्द्रको अवलोकन गरेका पर्यटक संख्या र सोवापत सङ्कलन भएको शुल्क सम्बन्धमा मन्त्रालयसँग अभिलेख रहेको नदेखिएकोले प्रवेश शुल्क लगायतका अन्य आम्दानी प्रदेश संचित कोषमा दाखिला हुने गरी व्यवस्था गर्नुपर्दछ।	यसमा आवश्यक कागजात, फोटोसहितको प्रतिवेदन, प्रजाति अनुसार वितरण भएका विरुवा, मौज्दात विरुवासमेतको अभिलेख राखेर मात्र भुक्तानी दिने व्यवस्था मिलाउन निर्देशन दिइएको, साथै माग र आवश्यकतालाई दृष्टिगत गर्दै बिरुवा उत्पादन, झाडी सरसफाइ र बिरुवा रोपण कार्यक्रम प्रस्ताव गर्न मन्त्रालयबाट निर्देशन दिइएको छ।	महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने।
२४	**वन रोयल्टीः-** वन तथा भू-संरक्षण विभाग र नेपाल विद्युत प्राधिकरण, बर्दघाट सर्दी १३२ के.भी. प्रशारण लाईन आयोजनाबीच भएको सम्झौताको शर्त नं. ५ मा आयोजनाले प्रसारण लाईनमा अस्थायी तवरले प्रयोग गर्न २५.२८ हेक्टर वन क्षेत्रको रु.१४ लाख ७० हजार रोयल्टी प्राप्त गर्नुपर्नेमा ४ वर्षमा रु.९३ हजार मात्र प्राप्त गरेकोले नपुग रु.१३ लाख ७७ हजार वन रोयल्टी असुल गर्नुपर्दछ।	सम्झौता कार्यान्वयन भए/नभएको सम्बन्धमा डिभिजन वन कार्यालय (मिति २०८१/११/१८, २०८१/११/२०, २०८१/१२/०५ मा समेत पत्रमार्फत डिभिजन वन कार्यालय र निर्देशनालयलाई अनुगमन गरी प्रतिवेदन पेस गर्न निर्देशन दिइएको मिति २०८१/१२/१८ गतेको मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको निर्णय बाट राष्ट्रिय वनको भोगाधिकार दिइएका जग्गाहरुको सम्झौता वातावरणीय अध्ययन प्रतिवेदन	वन तथा भू-संरक्षण विभाग र नेपाल विद्युत प्राधिकरण, बर्दघाट सर्दी १३२ के.भी. प्रसारण लाईन आयोजनाबीच भएको सम्झौताको शर्त नं. ५ मा आयोजनाले प्रसारण लाईनमा अस्थायी तवरले प्रयोग गर्न २५.२८ हेक्टर वन क्षेत्रको बाँकी वन रोयल्टी रकम असुल गर्न

दफा	बेरुजुको संक्षिप्त विवरण	मन्त्रालयको जवाफ	समितिको निर्णय
		पालना र कार्यान्वयन अवस्थाको जिल्लागत अभिलेखसहतिको प्रतिवेदन वन निर्देशनालयले तयारी गरी मन्त्रालयमा पेस गर्ने निर्णय भएको।	निर्देशन दिने।
२५	**प्रदेशको राजस्व नोक्सानीः-** डिभिजन बन कार्यालय, नवलपुरले एक सिमेन्ट उत्पादन कम्पनीलाई नवलपरासी (बर्दघाट सुस्ता पूर्व) भिग्न ५.०१ हेकटर वन क्षेत्र २९ वर्षको लागि प्रयोगमा दिएकोमा सो मा लाग्ने वार्षिक दस्तुर वापतको रकम कम्पनीले डिभिजन वन कार्यालय, पाल्पालाई बुझाएको देखियो। सम्झौता अनुसार गण्डकी प्रदेश सरकारलाई २०७५ देखि २०८० सम्म रु.५ लाख ८० हजार राजस्व प्राप्त गर्नुपर्नेमा सो रकम लुम्बिनी प्रदेश सरकारलाई भुक्तानी गरेको कारण यस प्रदेशको राजस्व गुमेको देखिन्छ। यस प्रदेशको वन क्षेत्र प्रयोग गरे वापत प्राप्त हुनुपर्ने रकम यकिन गरी विगत ४ वर्षमा गुमेको राजस्व समेत प्राप्त गर्ने गरी व्यवस्था मिलाउनुपर्दछ।	सो सम्बन्धमा तनहुँ हाईड्रोपावर लिमिटेडले उपरोक्त बमोजिमको रकम दाखिलाको लागि ताकेता भएको, वन तथा भू-संरक्षण विभागका उपमहानिर्देशक श्री गणेश पौडेलको संयोजकत्वमा समस्या सहजिकरण समिति गठन भई सो समितिबाट प्राप्त सुझाव अनुसार तनहुँ हाईड्रोले किस्तावन्दीमा वन विकास कोषमा रकम जम्मा गर्न प्रक्रिया अगाडी बढाएको। वन तथा भू-संरक्षण विभागको च.नं. ७०० मिति २०८१।१०।०९ गतेको पत्रबाट त्यस आयोजनाले डिभिजन वन कार्यालयलाई हस्तान्तरण गरेको वृक्षारोपणको एकिन प्रमाणित विवरण तथा सम्झौताको कार्यान्वयन अवस्थाको प्रगति विवरण माग गरेको पत्रको बोधार्थ प्रति प्राप्त भएको, साथै मन्त्रालयबाट निरीक्षण गरी सम्झौताका सर्तहरूको परिपालना गर्न ध्यानाकर्षण गरिएको, उल्लिखित दायित्व पुरा नगरी Transmission line को विस्तारमा सहजीकरण गर्न डिभिजन वन कार्यालयलाई निर्देशन दिइएको।	यस प्रदेशमा प्राप्त हुनुपर्ने राजस्व लुम्बिनी प्रदेश सरकारलाई भुक्तानी गरेको देखिएकोले मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत उक्त वन क्षेत्र प्रयोग वापत प्राप्त हुनुपर्ने राजस्व प्राप्त गर्ने गरी व्यवस्था गर्ने निर्देशन दिने।
	अनुगमनः- गत विगतका प्रतिवेदनमा होमस्टे विस्तार तथा सुदृढिकरण आयोजना अन्तर्गत होमस्टे सञ्चालन अनुदानको उपयोग, पर्यटन गुरुयोजना अनुसार कार्य नगरेको, वन क्षेत्र अतिकमण नियन्त्रण गर्ने कार्ययोजना कार्यान्वयन, काठको लिलाम बिकी नगरेको लगायतका बेहोरा औंल्याइएकोमा यस सम्बन्धमा सुधार भएको देखिएन।	सम्बन्धित डिभिजन वन कार्यालयहरुलाई वन क्षेत्रको अतिक्रमण हुन नदिन र विगतमा भएका अतिक्रमणहरु हटाउन र काठदाउराको लिलामी प्रक्रिया नियमितरूपमा गर्न र हैसियत बिग्रिएका पुराना काठदाउराहरु पुर्नमूल्याङ्कन गरी लिलाम विक्री गर्ने प्रक्रिया अपनाउन निर्देशन दिइने छ।	-
	• **बेरुजु रकमको विवरणः-** यो वर्ष कार्यालय र मातहत समेतका निकायको	बेरुजुको प्रकृति अनुसार उल्लिखित बेरुजुहरु मध्ये नियमित गर्नु	-

दफा	बेरुजुको संक्षिप्त विवरण	मन्त्रालयको जवाफ	समितिको निर्णय
	लेखापरीक्षणवाट देखिएको बेरुजुको स्थिति देहायअनुसार छः मन्त्रालय तथा मातहतसमेत २१ निकायमा यो वर्ष रु.१ करोड ६५ लाख ६३. हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि ४ निकायबाट रु.१७ लाख ८४ हजार फर्स्योट गरेकोले रु.१ करोड ५० लाख ७९ हजार बेरुजु बाँकी रहेको छ। यस सम्बन्धी विवरण अनुसूची-९ मा रहेको छ। समिति र अन्य संस्थातर्फ यो वर्ष रु.३ लाख ८४ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि प्रतिक्रकियावाट रु.३ लाख ८४ हजार फर्स्योट र प्रतिक्रियावाट रु.३५ लाख ५१ हजार थप भई रु.३५ लाख ५१ हजार बाँकी रहेको छ। यससम्बन्धी विवरण अनुसूची-१० मा संलग्न छ।	पर्ने बेरूजुहरुलाई नियमित गर्न असुल गरी फछ्यौंट गर्नु पर्ने बेरूजुहरुलाई शीघ्र असुल गर्न निर्देशन दिइने छ। डिभिजन वन कार्यालय गोरखाको रु २४ लाख २५ हजार नियमित भइसकेको।	

३.६ कृषि तथा भूमि व्यवस्था मन्त्रालय

३.६.१ महालेखा परीक्षकको सातौं बार्षिक प्रतिवेदन, २०८२ उपर भएका छलफलका निर्णयहरुः

दफा	बेरुजुको संक्षिप्त विवरण	मन्त्रालयको जवाफ	समितिको निर्णय
१	**लेखापरीक्षण अङ्कः-** यो वर्ष मन्त्रालय र मातहतका कार्यालय समेत ४६ निकायको रु.२ अर्ब ५५ करोड २१ लाख ८१ हजारको लेखापरीक्षण सम्पन्न भएको छ।	-	-
२	**बजेट खर्चः** महालेखा नियन्त्रकको कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त सचिवालयको यस वर्षको आर्थिक विवरण अनुसार चालु तर्फ ६०.३२% तथा पुँजीगत तर्फ ५६.९३% गरी समग्रमा ६०.०४% वित्तीय प्रगति भएको छ।	**चालु खर्च तर्फ राखिएका कार्यक्रमहरू अपेक्षित रूपमा कार्यान्वयन हुन नसक्नु** यस मन्त्रालय मातहत धेरै बजेट चालु खर्च शीर्षकका कार्यक्रमहरूमा विनियोजन भएको, कार्यसम्पन्न प्रतिवेदनका आधारमा कार्यालयबाट भूक्तानी हुने तर सम्झौता अनुसारको लक्ष्य र परिमाणमा अनुदानग्राहीबाट कार्यसम्पन्न नहुँदा चालु खर्चतर्फ विनियोजनको तुलनामा कम भूक्तानी गर्नु परेकोले खर्च कम भएको देखिन्छ।	
३	**आवधिक योजनाः-** प्रथम पञ्चवर्षीय योजनामा उल्लिखित देहायका	• प्रमुख खाद्यान्नबालीको (धान र मकै) उत्पादकत्व वृद्धि गर्ने लक्ष्य प्रासिका लागि	आवधिक योजनासँग

<table>
<tr><th>दफा</th><th>बेरुजुको संक्षिप्त विवरण</th><th>मन्त्रालयको जवाफ</th><th>समितिको निर्णय</th></tr>
<tr>
<td></td>
<td>प्रमुख परिसुचकहरू प्राप्ति गर्नका लागि कृषिमा रु.१ अर्ब ४० करोड लगानी गर्ने लक्ष्य रहेकोमा रु.१ अर्ब २ करोड (७२.८५ प्रतिशत) खर्च गरेको छ। प्राप्त विवरणअनुसार २०८०।८१ को लक्ष्य तथा प्रगति निम्नानुसार रहेको छः
<table>
<tr><th>सूचक</th><th>इकाई</th><th>२०८०।८१ लक्ष्य</th><th>२०८०।८१ को उपलब्धि</th></tr>
<tr><td>प्रमुख खाद्यान्न बालीको उत्पादकत्व (धान र मकै मात्र)</td><td>टन</td><td>३.८</td><td>३.३७</td></tr>
<tr><td>तेलहन बालीको उत्पादकत्व</td><td>टन</td><td>१.३</td><td>१.०४</td></tr>
<tr><td>आलु बालीको उत्पादकत्व</td><td>टन</td><td>१९.९</td><td>१७.७९</td></tr>
<tr><td>खेतीयोग्य जमिनमध्ये सञ्चित जमिन</td><td>प्रतिशत</td><td>३०.१</td><td>२८.७</td></tr>
<tr><td>वर्षभरी सिंचाई हुने खेतीयोग्य जमिन</td><td>प्रतिशत</td><td>१५.३</td><td>१४.६८</td></tr>
</table>
मन्त्रालयले आवधिक योजनाले निर्धारण गरेका लक्ष्य हासिल हुने गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।</td>
<td>धान र मकै उत्पादन हुने क्षेत्र यकिन गरी खाद्यन्नबाली बीउ उत्पादन प्रवर्धन कार्यक्रम संचालनमा रहेको। यस्तै कार्यक्रम संचालन भएका पकेट क्षेत्रमा स्थलगत तालिम, उन्नत बीउ प्रयोगमा प्रोत्साहन जस्ता कार्यले परिमाणात्मक उत्पादन वृद्धि भएको छ।
• विगत तीन वर्ष देखि यस प्रदेशमा मुख्य कार्यक्रमको रूपमा समुदायस्तरमा खायन/प्रशोधनयोग्य आलु उत्पादन प्रवर्धन आयोजना, चैतेधान प्रवर्द्धन आयोजना सञ्चालन भइरहेको छ।
• जिल्लामा सञ्चालन भइरहेको कार्यक्रम खाद्यान्नबाली उत्पादन प्रवर्धन कार्यक्रम, समुदायस्तरमा आलु उत्पादन कार्यक्रम, सुन्तला बगैंचा सुदृढीकरण जस्ता कार्यक्रम लक्षित साना सिंचाई आयोजना सम्पन्न भएको हुँदा सिंचाई हुने खेतीयोग्य जमिनको क्षेत्रफलमा वृद्धि भएको छ।
• आगामी आर्थिक वर्षहरुमा समेत उल्लिखित कार्यक्रमहरु निरन्तरता सहित थप विस्तार गरिनेछ।
ठुला सिचाईं आयोजना संघीय निकायले संचालन गर्ने, साना सिचाईं सम्बन्धी कार्यक्रम स्थानीय तहको कार्यक्षेत्र भित्र रहेको र प्रदेशमा सिचाईं सम्बन्धी आयोजना/कार्यक्रम कृषि क्षेत्र हेर्ने मन्त्रालयबाट नभई उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालय मार्फत हुने गरेको।</td>
<td>सामन्जस्यता हुने गरि वार्षिक नीति, कार्यक्रम तथा बजेट निर्माण गरी कार्यान्वयन गर्न निर्देशन दिने।</td>
</tr>
<tr>
<td>४</td>
<td>मध्यमकालीन खर्च संरचनाः- प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ५ मा प्रदेश मन्त्रालयले आवधिक योजना र क्षेत्रगत नीति तथा योजनाको आधारमा आगामी तीन वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मन्त्रालयगत मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयको मध्यमकालीन खर्च संरचना अनुसार तीन वर्षको प्रक्षेषण तथा विनियोजनको अवस्था देहायअनुसार रहेको छ।</td>
<td>• प्रदेशको सीमित आन्तरिक स्रोत र साधन हुनु,
• संघीय सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरणको अनिश्चितता,
• कृषि क्षेत्र नितीगत हिसाबले प्राथमिकतामा परेतापनि बजेट तथा कार्यक्रमगत हिसाबले बजेट विनियोजनमा न्यून रहेको,
प्रक्षेपण अनुसार मन्त्रालयको आफ्नै स्रोत साधन र विनियोजन अधिकार नहुनु।</td>
<td>महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने।</td>
</tr>
</table>

<table>
<tr><th>दफा</th><th>बेरुजुको संक्षिप्त विवरण</th><th>मन्त्रालयको जवाफ</th><th>समितिको निर्णय</th></tr>
<tr><td></td><td>(रु.हजारमा)
<table>
<tr><th colspan="2">२०७९।०८०</th><th colspan="2">२०८०।०८१</th><th colspan="2">२०८१।०८२</th><th rowspan="2">कूल प्रक्षेपण</th><th rowspan="2">कूल विनियोजन</th><th rowspan="2">प्रक्षेपणको तुलनामा विनियोजन(%)</th></tr>
<tr><th>प्रक्षेपण</th><th>विनियोजन</th><th>प्रक्षेपण</th><th>विनियोजन</th><th>प्रक्षेपण</th><th>विनियोजन</th></tr>
<tr><td>२५३०१६६</td><td>२०५४५९८</td><td>२५४१५५२</td><td>२२४४६९७</td><td>२८२६६९७</td><td>२२४४६९७</td><td>७८९८४१५</td><td>६५४३९९२</td><td>८२.८५</td></tr>
</table></td><td></td><td></td></tr>
<tr><td>५</td><td>प्रगति विवरणः- प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३२
मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने निकायले अनुसूची-२ बमोजिमको ढाँचामा प्रगति विवरण तयार गर्नुपर्ने तथा सोको समीक्षा गरी सुधारको उपायहरू पहिचान गर्नुपर्ने उल्लेख छ। मन्त्रालयले विभिन्न २३ वटा कार्यक्रममा रु.९२ करोड ६ लाख विनियोजन भएकोमा रु.६० करोड ३७ लाख (६५.५७प्रतिशत) खर्च गरेको छ। प्रगति विवरणअनुसार ३३ कार्यक्रममध्ये चक्लाबन्दी यान्त्रिकी-करण, रिमोट सेन्सिङ्ग, गरिब तथा विपन्न घर परिवार पहिचान लगायतका ९ शीर्षकमा रु.१४ करोड ८४ लाख ८१ हजार बजेट विनियोजन गरेकोमा प्रगति शुन्य रहेको र ३० कार्यक्रममा लक्ष्यको तुलनामा न्यून प्रगति रहेको देखिन्छ। मन्त्रालयले वार्षिक कार्यक्रम अनुसारका कार्यसम्पन्न गर्नुपर्दछ ।</td><td>• चक्लावन्दी सम्पन्न भएका कृषक समूह र सहकारी सँस्थाहरुले २५% लागत सहभागीताको रकम बेहोर्न नसक्ने जानकारी प्राप्त भएकोले चक्लावन्दी यान्त्रिकीकरणको कार्यक्रमलाई कार्यान्वयनमा लैजान नसकिएको,
• कार्यक्रम संचालन गर्ने वातावरण सृजना नभएकोले रिमोट सेन्सिङ्ग GIS को प्रयोग गरी कृषि तथ्याङ्कन कार्यलाई कार्यान्वयनमा लैजान नसकिएको।</td><td>बजेट विनियोजनमा तोकिएका आयोजनाहरु तोकिएको समयभित्रै कार्यसम्पन्न गर्न निर्देशन दिने।</td></tr>
<tr><td>६</td><td>प्रदेश गौरवका योजनाः- प्रदेशको प्रथम पञ्चवर्षीय योजनाले कृषि मन्त्रालय अन्तर्गतका देहायका ३ आयोजनालाई प्रदेश गौरवको योजना भनी उल्लेख गरेको छ। मन्त्रालयबाट प्राप्त विवरणअनुसार उक्त योजनाको उपलब्धि अवस्था निम्नानुसार रहेको छः</td><td>• गण्डकी गाई फार्म तथा दुग्ध विकास आयोजनालाई गण्डकी प्रदेशको प्रथम पञ्चवर्षीय योजनाले कृषि मन्त्रालय अन्तर्गत प्रदेश गौरवको योजना भनी उल्लेख गरेतापनि दातृ निकाय (चीन) को साझेदारीमा संचालन हुने तर संघीय सरकारसँगको सहकार्य मार्फत आवश्यक प्रक्रिया अगाडि बढाउनु पर्नेमा सो हुन नसकेकोले स्रोत सुनिश्चितता नभएको,
• हाल प्रदेश दुग्ध विकास वोर्ड ऐन खारेज भएको र सो ऐन अन्तर्गत कार्यान्वयन</td><td>प्रदेश सरकारले विशेष प्राथमिकतामा राखी कार्यान्वयन गर्न राखेका प्रदेश गौरवका आयोजनाहरु किन कार्यान्वयन भएन र ती आयोजनाले किन अपेक्षित</td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>बेरुजुको संक्षिप्त विवरण</th><th>मन्त्रालयको जवाफ</th><th>समितिको निर्णय</th></tr>
<tr><td></td><td>
(रु.हजारमा)
<table>
<tr><th>आयोजना/कार्यक्रमको नाम</th><th>विनियोजित बजेट</th><th>यो वर्षको खर्च</th><th>खर्च प्रतिशत</th><th>गत वर्ष भएको खर्च</th><th>यस अवधिसम्म हासिल भएको मुख्य मुख्य उपलब्धिहरू</th></tr>
<tr><td>मुख्यमन्त्री जलवायु मैत्री नमुना कृषि गाँउ कार्यक्रम</td><td>१५०००</td><td>९३७४</td><td>६२</td><td>५०६६००</td><td>११ वटा नमुना गाउँहरूमा ५ हे मा तरकारी तर्फ १३६८ वर्ग.मि. बाख्राको २३ वटा खोर निर्माण, भकारो सुधार १९, २४ मिनि ट्रिलर, ८ कम्बाईन मिल, सिँचाई पाईप १२०० मि, थोपा सिँचाई सेट १९ थान। यस कार्यक्रमबाट कुल ९०१ लाभान्वित भएको विवरण प्राप्त।</td></tr>
<tr><td>स्याउ विशेष आयोजना</td><td>४००००</td><td>८४१५</td><td>२१.०४</td><td>२८८२७५</td><td>उच्च घनत्व प्रविधिमा आधारित स्याउका बिरुवा आयात नभएको, मुस्ताङ जिल्लामा २ वटा १२० टन क्षमताको Racking system थप भएको।</td></tr>
<tr><td>गण्डकी गाई फार्म तथा दुग्ध विकास आयोजना</td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>स्रोत सुनिश्चितता नभएको र स्पष्ट विधि र प्रकृया यकिन नभएकाले कार्यक्रम कार्यान्वयन नभएको।</td></tr>
</table>
उल्लिखित विवरणअनुसार गण्डकी गाई तथा दुग्ध विकास संस्थाको स्रोत सुनिश्चितता नभएको कारण आयोजना सञ्चालनको आधार तथा ढाँचा नै तयार भएको देखिएन। मन्त्रालयले तय गरेको प्रदेश गौरवको आयोजनामा बजेट सुनिश्चित गरी कार्यान्वयन गर्नुपर्दछ ।
</td><td>हुने उक्त आयोजना समेत स्वतः खारेज भएको।</td><td>लाभ दिन सकेनन् सोको विस्तृत अध्ययन गरी आवश्यकता अनुसार आयोजनाको पुनरावलोकन गरी यथाशिघ्र सम्पन्न गर्न निर्देशन दिने ।</td></tr>
<tr><td>७</td><td>
कृषि अनुदानः- प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ६८ मा सङ्घ/संस्थालाई दिएको अनुदान उद्देश्य अनुसार खर्च गर्नुपर्ने, लेखापरीक्षण गराउनु पर्ने र वार्षिक प्रतिवेदन तयार गर्नु पर्ने व्यवस्था छ। मन्त्रालयबाट प्राप्त विवरणअनुसार विगत ३ वर्षको अनुदानको लागि विनियोजित बजेट र तुलनात्मक बजेट र खर्चको अवस्था निम्नानुसार छ ।
(रु.हजारमा)
<table>
<tr><th rowspan="2">क्र.सं.</th><th rowspan="2">कार्यालयहरू</th><th colspan="2">२०७८।७९</th><th colspan="2">२०७९।८०</th><th colspan="2">२०८०।८१</th></tr>
<tr><th>विनियोजित</th><th>अनुदान खर्च</th><th>विनियोजित</th><th>अनुदान खर्च</th><th>बिनियोजित</th><th>अनुदान खर्च</th></tr>
<tr><td>१</td><td>कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय</td><td>७१४१०</td><td>४०६१०</td><td>८८८८</td><td>७७५५</td><td>१३७००</td><td>५४४०</td></tr>
<tr><td>२</td><td>कृषि विकास निर्देशनालय</td><td>११६४१५</td><td>८४७५८</td><td>७०००</td><td>५०११</td><td>६७७५०</td><td>१२६१७</td></tr>
<tr><td>३</td><td>पशुपन्छी विकास निर्देशनालय</td><td>४६००</td><td>१८१५</td><td>१५१३९८</td><td>१२१९३१</td><td>२३०००</td><td>१६२६१</td></tr>
<tr><td>४</td><td>कृषि ज्ञान केन्द्रहरू</td><td>४७७१४४</td><td>३७३०९४</td><td>५५९०६१</td><td>४०४४७९</td><td>६०७३२४</td><td>३८८१७०</td></tr>
<tr><td>५</td><td>भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरू</td><td>२९८१८५</td><td>२५३६८४</td><td>२३०१०५</td><td>१७५२२५</td><td>१८२४७०</td><td>९५१८५</td></tr>
<tr><td>६</td><td>अन्य</td><td>१८३०६</td><td>१४८७६</td><td>११३०८</td><td>७८८८</td><td>१२५००</td><td>७४४०</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>९८६०६०</td><td>७६८८४०</td><td>९६७७६१</td><td>७२२२९२</td><td>९०६७४४</td><td>५२५११५</td></tr>
</table>
अनुदान उपलब्ध गराउँदा कृषि व्यवसाय सञ्चालन, अनुदानबाट कृषकको जीवनस्तरमा भएको सुधार तथा उत्पादन अभिवृद्धि,
</td><td>
• अनुदान सम्बन्धी स्वीकृत कार्यविधि, मापदण्डमा भएको व्यवस्था अनुसार नै अनुदानका कार्यक्रमहरुलाई कार्यान्वयनमा लैजाने गरिएको।
• अनुदान दोहोरो नपर्ने सुनिश्चितताका लागि आवेदकको मूल्याङ्कनका आधारहरूमा पहिले अनुदान प्राप्त नगरेको लाभग्राहीलाई प्राथमिकता दिने, अनुदानग्राहीबाट अनुदान लिए/नलिएको बारेमा स्वघोषणा हुने गरेको र सम्बन्धित पालिका र वडा कार्यालयको सिफारिस अनुसार मात्र अनुदान उपलब्ध गराउने गरी कार्यक्रम कार्यान्वयन गरिएको छ। छनौट भएका अनुदानग्राही र विगतमा अनुदान प्राप्त गरेका अनुदानग्राहीहरुको विवरण कार्यालयको Website मा प्रकाशन गर्ने गरिएको।
• अनुदान सम्बन्धी कार्यक्रम कार्यान्वयनको प्रभावकारिता (उत्पादन अभिवृद्धि, कृषकको आयस्तर, रोजगार सिर्जना तथा कृषि व्यवसायको दिगोपना) अध्ययन सम्बन्धी कार्यको शुरुवात गरिएको छ।
महालेखा परीक्षकको कार्यालयले प्रदान गरेको सुझाव वमोजिम अनुदान व्यवस्थापन सुधारका सम्बन्धमा मन्त्रालय पूर्ण रूपमा सकारात्मक रहेको छ र यसका लागि आवश्यक कार्यविधि, अनुदान वितरण प्रणाली, अनुगमन तथा मूल्यांकन र प्रतिवेदन व्यवस्थापन प्रक्रियालाई थप मजबुत बनाउँदै लगिनेछ।
</td><td>कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय लगायत मातहत निकायहरुबाट कृषि अनुदान शिर्षक अन्तर्गत प्रदान गरिएको अनुदानको रकम, अनुदान पाउने व्यक्ति/संघसंस्था/ निकायको नाम, ठेगाना, मिति तथा अनुदान कार्यक्रम समेतको विवरण मन्त्रालयको वेभसाइटमा १५ दिन भित्र प्रकाशन गरी यस समितिलाई जानकारी गराउन कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयलाई निर्देशन दिने निर्णय गरियो।</td></tr>
</table>

दफा	बेरुजुको संक्षिप्त विवरण	मन्त्रालयको जवाफ	समितिको निर्णय
	रोजगारीमा पारेको प्रभाव, दोहोरो परे नपरेको सुनिश्चित गरी शुन्य लागतमा आधारित अनुदान नीति अवलम्बन गर्नुपर्दछ ।		
८	**सहकारी संस्थाः-** प्रदेश सरकारले सहकारी संस्था दर्ता तथा नियमन गर्न सहकारी ऐन, २०७५ तथा सहकारी नियमावली, २०७६ तयार गरी लागु गरेको छ। सहकारी नियमनका सम्बन्धमा देखिएका बेहोरा निम्नानुसार छन्: **८.१** यो वर्षसम्म प्रदेश सरकारको क्षेत्राधिकार भित्र सहकारी सङ्घ, संस्थाहरूको सङ्ख्या ९४३ रहेको छ। प्रदेश सरकारको क्षेत्राधिकारभित्र रहेका सहकारी संस्थाहरूको कुल शेयर पुँजी रु.१३ अर्ब ५० करोड ५६ लाख ७० हजार रहेको छ भने बचत सङ्कलन रु.६१ अर्ब १८ करोड ४३ लाख ४६ हजार रहेको छ। सहकारी संस्थाहरूबाट यस अवधिमा रु.६५ अर्ब ८३ करोड ९५ लाख ९१ हजार ऋण लगानी र बाह्य संस्थाहरूबाट रु.२ अर्ब ६७ करोड ३६ लाख ६२ हजार ऋण प्राप्त गरेका छन्। प्रदेशभित्रका सहकारी संस्थाहरूको जगेडा कोष रु.४ अर्ब ११ करोड ४७ लाख ५४ हजार रहेको छ। सहकारी संस्थाहरूमा ३ लाख ५० हजार ८ सय ९ जना महिला, २ लाख ९९ हजार ३४ जना पुरुष र ३ हजार ७९७ संस्थागत गरी कुल ६ लाख ५३ हजार ६४० सदस्य रहेका छन्। शेयर सदस्यको पुँजी र बचतकर्ताको बचतमा हुन सक्ने जोखिम न्यूनीकरण गरी पूँजी तथा रकम सुरक्षित गर्नेतर्फ ध्यान दिनुपर्दछ । **८.२** प्रदेश सहकारी ऐन, २०७५ को दफा ४७ मा सहकारीमा राखेको बचतको व्याज र ऋणको व्याजदरको अन्तर ५ प्रतिशतभन्दा बढी हुन नहुने, सहकारी संस्थाले प्रदान गरेको ऋणमा लाग्ने व्याजलाई मूल ऋणमा पूँजीकृत गरी सोको आधारमा व्याज	गण्डकी प्रदेश सहकारी ऐन, २०७५ को दफा ४७ बमोजिम औसत ब्याजदर अन्तर (स्प्रेड रेट) ५ प्रतिशत कायम गर्ने, ऋणमा लाग्ने ब्याजलाई मुल ऋणमा जोडी पुँजिकृत गर्न नपाइने लगायतका कानुनी व्यवस्था परिपालनाका लागि संघीय सहकारी ऐन, २०७४ मा संशोधन भई बचत तथा ऋणको मुख्य कारोबार गर्ने सहकारी संस्थाको नियमनका लागि दोस्रो तहको नियामकीय निकायको रुपमा राष्ट्रिय सहकारी नियमन प्राधिकरण गठन भई सो निकायबाट नियामकीय मापदण्ड जारी भइसकेको। प्रचलित कानुन बमोजिम यस कार्यालयबाट आ.ब. ०८१/८२ मा १०४ वटा सहकारी संस्थाहरुको अनुगमन नियमन गरी निर्देशन गरिएको तथा कानुनी व्यवस्था पालना नगरेका २४ वटा संस्थाहरुलाई जरिवाना समेत गरिएको। प्रतिवेदन अवधिमा ४४१ सहकारी संघ/संस्था निष्कृय रहेकोमा कार्यालयबाट त्यस्ता सहकारी संस्थाहरु खोजी गरी अद्यावधिक गर्ने, स्थानीयकरण तथा खारेजी समेत गर्दा आ.ब. ०८१/८२ मा निष्कृय सहकारी संघ/संस्थाको संख्या ३३२ रहेको। प्रतिवेदन अवधिमा प्रदेश नियमन क्षेत्राधिकारमा ९४३ वटा सहकारी संघ/संस्था रहेकोमा कार्यालयबाट स्थानीयकरण, दर्ता खारेजी समेतका कार्य भई आ.ब. ०८१/८२ मा ९०५ कायम भएका। शेयर सदस्य तथा बचतकर्ताको रकम हिनामिना/अपचलन भएका सहकारी संस्थाहरुको विरुद्धमा उजुरी समेत परी प्रतिवेदन अवधिमा ७ वटा सहकारी संस्था विरुद्ध मुद्दा चलेकोमा आ.ब. ०८१/८२ मा थप ८ वटा सहकारी संस्था विरुद्धमा मुद्दा चली मुद्दा चलेका सहकारी संस्थाको संख्या १५ पुगेको। • संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तर सम्बन्ध) ऐन, २०७७ को दफा २२ बमोजिम सहकारी हेर्ने संघीय मन्त्रालयका मन्त्रीको अध्यक्षता रहने विषयगत समितिको बैठकमा यस प्रदेशको सहकारी हेर्ने मन्त्रालयका मन्त्री लगायतका पदाधिकारीहरुको प्रतिनिधित्व हुने गरेको। बैठकको निर्णय र परिपत्र मार्फत	कानूनको व्यवस्था अनुसार नियमित अनुगमन गरी समस्याको समयमै पहिचान गरी समाधान गर्ने गरी कार्यसम्पादन गर्न निर्देशन दिने ।

दफा	बेरुजुको संक्षिप्त विवरण	मन्त्रालयको जवाफ	समितिको निर्णय
	लगाउन नपाइने, सहकारीले अचल सम्पत्ति खरिद, पूर्वाधार निर्माण, कारोबारमा लगानी आदि जस्ता प्रयोजनमा रकम खर्च गर्न नपाइने, कुल ऋण लगानीको ३० प्रतिशत रकम कृषि उत्पादन तथा प्रशोधन वा उत्पादनशिल क्षेत्रमा लगानी गर्नुपर्ने र एक सदस्यले विभिन्न सहकारीमा आवद्ध भई लाभ नलिएको सुनिश्चतता गर्ने कार्य भएको छैन। प्रदेश अन्तर्गत दर्ता भएका मध्ये ४४१ संस्था निस्कृय रहेकोमा त्यस्ता संस्थाको कारोबार तथा दायित्वको मूल्याङ्कन हुन सकेको छैन। सहकारीमा रहेको सर्वसाधारणको पुँजी तथा बचत रकम जोखिम हुन नदिन नियमन व्यवस्था प्रभावकारी बनाउनुपर्दछ । **८.३** सहकारी ऐन, २०७५ को दफा ७६ मा सहकारी निरीक्षण तथा अनुगमन, दफा ७७ मा संस्थाको व्यवसायिक कारोबार सन्तोषजनक नभएको, उद्देश्य विपरीत कार्य गरेको, सदस्यको हित विपरीत कार्य गरेमा रजिष्ट्रारको कार्यालयले छानबिन गर्न सक्ने व्यवस्था छ। सहकारी रजिष्ट्रारको कार्यालय पोखराले आफ्नो कार्यक्षेत्रअन्तर्गत दर्ता भएका कुल ९४३ सहकारी संस्थामध्ये ३२ सहकारी संस्थाको नाममा लागतमा आधारित अनुदान नीति अवलम्बन गर्नुपर्दछ । उजुरी परेकोमा यो वर्ष ७ सहकारीका विरुद्ध मुद्धा चलेको छ। कानुनमा भएको व्यवस्था बमोजिम समस्यामा रहेका सहकारी संस्था उपर छानबिन गरी कारबाही हुनुपर्दछ । **८.४** सङ्घ,प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तर सम्बन्ध) ऐन, २०७७ को दफा २२ मा सङ्घ र प्रदेशका सम्बन्धित विषयको कार्यक्षेत्र रहेका मन्त्रालय तथा स्थानीय तहबीचमा समन्वय कायम गरी नीति तथा योजना कार्यान्वयन र विकास निर्माण लगायतका	भएका तिनै निर्णयहरुको परिपालन र कार्यान्वयन गर्ने गरिएको। • योजना तर्जुमाको चरणमा छलफल तथा अन्तरक्रिया गरी कार्यक्रमहरु प्रस्ताव गरिएको। गण्डकी प्रदेश अन्तर्गतका सहकारी समस्या समाधान गर्न हालै प्रदेश र स्थानीय तहबीच सात बुंदे **"दमौली घोषणापत्र"** जारी गरिएको। उक्त घोषणापत्रमा सहकारीको दर्ता, नियमन, प्रवर्धन, एकीकरण र खारेजी लगायतका विषयमा साझा धारणा स्थापित गर्ने विषयहरु समेटिएको छ।	

दफा	बेरुजुको संक्षिप्त विवरण	मन्त्रालयको जवाफ	समितिको निर्णय
	काममा प्रभावकारिता ल्याउन नेपाल सरकारको विषयगत मन्त्रालयको मन्त्रीको अध्यक्षता तथा प्रदेश मन्त्रालयका विषयगत मन्त्री र स्थानीय तहको प्रतिनिधि रहने विषयगत समितिको व्यवस्था रहेको छ। गण्डकी प्रदेश अन्तर्गत २ हजार ६७१ सहकारी संस्था रहेका र प्रदेश क्षेत्राधिकार भित्र ९४३ सहकारी संस्था रहेकोमा समन्वय भएको देखिएन। अतः कार्यमा दोहोरोपना हुन नदिन तथा क्षमता अभिवृद्धिको लागि समन्वयात्मक भूमिका निर्वाह गर्नुपर्दछ ।		
९	**चक्लाबन्दी कार्यक्रमः-** भूमिको बढ्दो खण्डीकरण एवं जग्गा बाँझो राखे प्रवृतिलाई निरुत्साहित गर्दै कृषि उत्पादन तथा उत्पादकत्व अभिवृद्धि र भूमिको समुचित प्रयोगमा जोड दिन मन्त्रालयले चक्लाबन्दी प्रवर्धन कार्यविधि, २०७५ कार्यान्वयनमा ल्याएको छ। उक्त कार्यविधिमा जग्गाको नापी नक्सा तयार गरी एकीकृत गर्ने, जग्गालाई सम्याउने, कृषि उत्पादन कार्यका लगि आवश्यक यन्त्र उपकरण, मल बिऊ खरिदका लागि अनुदान दिने व्यवस्था छ। प्रदेश अन्तर्गत ५ हजार ४२० रोपनी जग्गा एकीकृत गरेकोमा २ हजार ५२७ रोपनी जग्गा चक्लाबन्दी गरी १५ सहकारी संस्था तथा कृषक समूहका लागि पूर्वाधार निर्माण गर्न रु.३ करोड ६५ लाख २३ हजार खर्च भएको छ। चक्लाबन्दी कार्यक्रममा प्रत्येक वर्ष खर्च गरेकोमा एकीकृत अभिलेख राखेको छैन। कृषि उत्पादन अभिवृद्धि तथा एकीकृत कृषि प्रणालीमा योगदान दिने उद्देश्यले सुरु गरिएको यस कार्यक्रमको प्रभावकारिता मूल्याङ्कन हुनुपर्दछ ।	कृषि भूमिको बढ्दो खण्डीकरण एवम् जग्गा बाँझो राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्दै कृषि उत्पादन, उत्पादकत्व अभिवृद्धि गर्नका साथै लागत कम गर्न, भूमिको जगेर्ना र कृषिको यान्त्रिकरण मार्फत व्यवसायिकरण गर्न गण्डकी प्रदेश सरकारले जग्गा चक्लाबन्दी प्रवर्द्धन कार्यविधि, २०७५, बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकिकृत कार्यविधि, २०८१ तथा जग्गा चक्लाबन्दी कार्यक्रम सम्बन्धी मापदण्ड, २०८१ कार्यान्वयनमा ल्याएको छ। उक्त कार्यविधिमा जग्गाको स-सना गह्राहरुलाई मिलाई उपयुक्त प्लटहरु तयार गर्नको लागि अनुदान दिने व्यवस्था छ।गण्डकी प्रदेश अन्तर्गत आ.व. २०७५/७६ देखि २०८१/८२ सम्म कुल ५४९६ रोपनी जग्गामा चक्लाबन्दी कार्यक्रम संचालनका लागि २९ वटा कृषक समूह तथा सहकारी समूह मार्फत कृषि कार्यका लागि पूर्वाधार निर्माण गर्न जम्मा रु १२,८६,१५,८६४/०० भुक्तानी भएकोमा उक्त कार्यक्रमबाट जग्गाहरुको आकार र कृषि पूर्वाधार तयार भएकोले कृषि कार्य गर्न ४० प्रतिशत सम्म लागत कम भएको साथै कृषि उत्पादन समेत अभिवद्धि भई समग्रमा कृषक लाभान्वित भएको अनुगमनको क्रममा पाईएको छ। यसको एकीकृत अभिलेख समेत राखिएको छ।	महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने।
	सहकारी रजिष्ट्रारको कार्यालय		
१०	**सहकारी संस्थाको अनुगमन निरीक्षणः-** प्रदेश सहकारी ऐन, २०७५ को दफा ७६(१) मा दर्ता अधिकारीले सहकारी संस्थाको जुनसुकै	गण्डकी प्रदेश सहकारी ऐन, २०७५ को दफा ७६(१) बमोजिम सहकारी संस्थाको निरीक्षण तथा हिसाब जाँच गरी प्रारम्भिक प्रतिवेदन तयार गर्न वित्तीय	महालेखापरीक्षकको प्रतिवेदनको सुझाव

दफा	बेरुजुको संक्षिप्त विवरण	मन्त्रालयको जवाफ	समितिको निर्णय
	बखत निरीक्षण तथा हिसाब जाँच गर्ने गराउन सक्ने व्यवस्था छ। कार्यालयले उपलब्ध गराएको विवरणअनुसार १२ सहकारी सङ्घ/संस्थाको उजुरी परी अनुगमन निरीक्षण गर्दा रु.४ अर्ब १० करोड ७५ लाख हिनामिना भएको देखिन्छ । उक्त अनुगमन गर्ने प्रयोजनका लागि छुट्टै परामर्शदाता छनोट गरी रु.२ लाख ५६ हजार खर्च गरेको छ। परामर्शदाताबाट मूल्याङ्कन गराउँदा प्रतिवेदनको संवेदनशीलता र यथार्थता सुनिश्चत गरी नागरिकहरूको बचत रकमको सुरक्षा गर्ने कार्यमा कार्यालयको ध्यान जानुपर्दछ ।	विश्लेषक/परामर्शदाता छनौट गरी कार्य गरिएको। आ.ब. ०८१/८२ सम्म १५ वटा सहकारी संस्थाको रकम हिनामिना/अपचलनमा मुद्दा चलेकोमा लमजुङ जिल्लाको कालिका बचत तथा ऋण सहकारी संस्थाका ७१ जना जाहेरवाला बचतकर्तासँग मिलापत्र भई बचतकर्ताले आफ्नो सबै बचत रकम रु. १,८६,५९,८२९/- फिर्ता पाएका। पर्वत जिल्लाको नागढुङ्गा बचत तथा ऋण सहकारी संस्था लि.का २५ जना प्रतिवादी मध्ये २२ जनाले आफ्नो बिगो बराबरको रकम तिरी मिलापत्र गर्दा बचतकर्ताहरुले रु. २,५०,००,०००/- फिर्ता पाएका तथा सोही जिल्लाको बैशाली कृषि सहकारी संस्था लि.का प्रतिवादीबाट संस्थाको खातामा ९ करोड रुपैया रकम जम्मा गरेका तर संस्थाको खाता अनुसन्धान कार्यका लागि अनुसन्धान गर्ने निकायबाट रोक्का राखिएका कारण बचतकर्ताले फिर्ता पाउन नसकेतापनि संस्थाको खातामा रकम जम्मा भएकोले अधिकाँश बचतकर्ताले रकम फिर्ता पाउने अवस्था रहेको छ। अनुसन्धान तथा कारवाहीका लागि सम्बन्धित निकायमा पठाइएका अन्य १२ वटा संस्थाहरुको हकमा सम्मानित अदालतको आदेश बमोजिम शेयर सदस्य तथा बचतकर्ताहरुले रकम फिर्ता पउनसक्ने अवस्था सृजना हुँदै गएको छ। वित्तीय विश्लेषण सहितको छानविन प्रतिवेदन सम्बन्धित सहकारी संस्था, अनुसन्धान गर्ने निकाय बाहेकका अन्य अनधिकृत व्यक्तिहरुलाई नदिइ गोपनियता कायम गरिएको।	कार्यान्वयन गर्न निर्देशन दिने।
भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रहरू			
११	**अधुरो निर्माण कार्यः-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६, नियमावली, २०६४ को नियम १२० तथा १२०(क) र ठेक्का सम्झौतामा उल्लिखित शर्तअनुरुप सम्झौता अवधि थप गर्नुपर्दछ । भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, तनहुँको कार्यालय परिसरमा मोडल हस्पिटल निर्माण कार्यको लागि एक निर्माण व्यवसायीसँग २०७९।१०।१२ भित्र कार्यसम्पन्न गर्ने गरी २०७८।४।१२ मा रु.५ करोड ५१ लाख ३९ हजारको खरिद	• सम्झौता रद्ध गरी पुन: टेण्डर आव्हान गर्दा सरकारलाई खर्चको बोझ बढ्ने हुँदा पुन: म्याद थप गर्नु परेको। • निर्माण कार्य म्याद भित्र सम्पन्न गर्न समय समयमा ताकेता गरिएको। • प्राविधिक प्रतिवेदन अनुसार भौतिक प्रगति ७५% रहेको। • वित्तीय प्रगति ५६% रहेको। • बैंकलाई रु. ५० लाख पेश्की रकम फिर्ता गर्न पत्राचार गरिएकोमा बोलपत्रदाताबाट उच्च अदालत पाटन, हेटौडा इजलासमा मुद्दा दायर गरेको र	अधुरो रहेका आयोजना समयमा नै सम्पन्न गर्ने गरी व्यवस्थापन गर्न निर्देशन दिने।

<table>
<tr><th>दफा</th><th>बेरुजुको संक्षिप्त विवरण</th><th>मन्त्रालयको जवाफ</th><th>समितिको निर्णय</th></tr>
<tr><td></td><td>सम्झौता भएकोमा सम्झौता बमोजिम कार्यसम्पन्न हुन नसकी २०८१ भाद्रसम्म म्याद थप भएको छ। हालसम्म रु.२ करोड ८९ लाख ९६ हजार भुक्तानी भई ५५ प्रतिशत भौतिक प्रगति भएकोले निर्माण कार्य अधुरो अवस्थामा रहेको छ। सेवा प्रवाहसँग सम्बन्धित भवनको कार्ययोजना र सम्झौताको शर्तबमोजिम कार्यसम्पन्न गर्नुपर्दछ।</td><td>हाल आएर बोलपत्रदाताले मुद्दा फिर्ता गरेको भन्ने जानकारी कार्यालयबाट प्राप्त हुन आएको।
काम गरेको रकमको हाल भूक्तानी गर्दा पेश्की फर्श्यौट गरी रु. ४२ लाख बाँकी रहन गएको।</td><td></td></tr>
<tr><td>१२</td><td>बाँझो जग्गामा घाँस खेतीः- बाँझो जग्गामा घाँस खेती गर्न प्रोत्साहन कार्यक्रम सञ्चालन मापदण्ड, २०८०
को बुँदा नं. २ (क) मा वार्षिक स्वीकृत बजेटको परिधिभित्र रही स्थलगत अनुगमन प्रतिवेदनका आधारमा बाँझो जग्गामा घाँस खेती गरे बापत प्रति रोपनी अधिकतम रु.३ हजारका दरले प्रोत्साहन रकम उपलब्ध गराउने व्यवस्था छ। प्राप्त विवरणअनुसार बाँझो जग्गामा घाँस खेती कार्यक्रम अन्तर्गत प्रदेशभित्रका ८ जिल्लाको १०८ कृषकसँग सम्झौता गरी १ हजार ६४ रोपनी जग्गाका लागि देहाएबमोजिम रु.३९ लाख ८५ हजार अनुदान भुक्तानी भएको छ।
(रु.हजारमा)
<table>
<tr><th>क्र. सं.</th><th>कार्यालयको नाम</th><th>कृषक तथा फर्मको संख्या</th><th>जग्गा क्षेत्रफल (रोपनी)</th><th>अनुदान रकम</th></tr>
<tr><td>१</td><td>भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, गोरखा</td><td>१०</td><td>१२१.५०</td><td>३६४</td></tr>
<tr><td>२</td><td>भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, तनहुँ</td><td>२०</td><td></td><td>६८४</td></tr>
<tr><td>३</td><td>भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, लम्जुङ</td><td>१०</td><td>८२</td><td>२४६</td></tr>
<tr><td>४</td><td>भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, बाग्लुङ</td><td>३</td><td>१४</td><td>४२</td></tr>
<tr><td>५</td><td>भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, स्याङ्जा</td><td>३०</td><td>५७४</td><td>१७२२</td></tr>
<tr><td>६</td><td>भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, म्याग्दी</td><td>१०</td><td>१०६.९</td><td>३१८</td></tr>
<tr><td>७</td><td>भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, कास्की</td><td>१६</td><td>१११</td><td>३३३</td></tr>
<tr><td>८</td><td>भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, मनाङ</td><td>९</td><td>५५.००</td><td>२७५</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१०८</td><td>१०६४.४</td><td>३९८५</td></tr>
</table>
कार्यक्रमको प्रभावकारीता अध्ययन गरी दिगोपना कायम गर्नुपर्दछ।</td><td>बाँझो जग्गामा घाँस खेती गर्न प्रोत्साहन कार्यक्रम मातहतका कार्यालयहरुबाट कार्यान्वयनमा लैजाने गरिएको र यस कार्यक्रमलाई मन्त्रालयबाट क्रमिक रुपमा अनुगमन गरी दिगो रुपमा संचालन गर्दै लगिनेछ।</td><td>कार्यक्रमको उद्देश्य तथा प्रदेशभित्रका कृषकसँग भएको सम्झौता अनुसार कार्यक्रम प्रभावकारी भए नभएको एकिन गरी दिगोपन कायम गर्न निर्देशन दिने ।</td></tr>
</table>

दफा	बेरुजुको संक्षिप्त विवरण	मन्त्रालयको जवाफ	समितिको निर्णय
१३	**भैंसी ब्लक निर्माणः-** प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअलको बुँदा नं. ४.२.४ मा भैंसी ब्लक निर्धारणका लागि पहाडमा न्यूनत्तम उन्नत संख्या १५० र स्थानीय संख्या ३०० तथा दैनिक २००० लिटर दुध सङ्कलन गर्न कृषिक उद्यमी वा समूह, सहकारी हुनुपर्ने उल्लेख छ। भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, स्याङ्जाले सार्वजनिक सूचना आह्वान गरी छनोट भएको रत्नपुर साना किसान सहकारी संस्था लिमिटेड, चापाकोटले पेस गरेको विवरणअनुसार कुल ६६ किसानसँग ९१ भैंसी भएको र दैनिक दुध सङ्कलन ४०० देखि ५०० लिटर रहेको विवरणबाट देखिन्छ। मापदण्ड बेगर अनुदान दिएको रु.३२ लाख २२ हजार नियमसम्मत देखिँदैन।	महालेखा परीक्षकको कार्यालय, गण्डकी प्रदेश लेखापरीक्षण निर्देशनालयको मिति २०८२/०९/२० को पत्रबाट लगत कट्टा गरिएको। **महालेखापरीक्षकको कार्यालय** **Office of the Auditor General** **गण्डकी प्रदेश लेखापरीक्षण निर्देशनालय** मितिः २०८२-९-२० विषयः सम्परीक्षण । श्री कार्यालय प्रमुखज्यू, भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, स्याङ्जा पुतलीबजार नगरपालिका, स्याङ्जा महोदय, तहाँबाट आर्थिक वर्ष २०८०/८१ को बेरुजु फर्स्यौट गरी मिति २०८२-४-१४ को पत्रसाथ सम्परीक्षण हुन तथा लगत कट्टाको लागि अनुरोध भै आएकोमा लेखापरीक्षण ऐन, २०७५ को दफा २(घ) तथा सोही ऐनको दफा २१(२) बमोजिम सम्परीक्षण गरी मिति २०८२-९-२० को नायब महालेखा परीक्षक स्तरको निर्णय अनुसार देहायबमोजिम लगत कट्टा गरिएको व्यहोरा जानकारीका लागि अनुरोध छ ।	लगत कट्टा भई सकेकोले केही गर्नु नपर्ने।
	अनुगमन तथा बेरुजु		
	अनुगमनः- गत विगतका प्रतिवेदनमा प्रदेश गौरवका आयोजनामा बजेट विनियोजन नगरेको, चक्लाबन्दी कार्यक्रम सञ्चालन गर्दा जग्गाधनीको अनुमती, प्रतिबद्धता तथा मापदण्ड एवं प्राविधिक पक्षहरू पूरा नगरेको, सहकारी संस्थाले परिचालन गरेको ऋण रकमको उपयोगको अनुगमन नगरेको, अनुदानमा एकद्धार नीति अवलम्बन नगरेको लगायतका बेहोरा औंल्याइएकोमा यस सम्बन्धमा सुधार भएको देखिएन ।	• प्रदेश गौरवको आयोजना मुख्यमन्त्री जलवायू मैत्री नमूना गाँउमा कार्यक्रममा ४ करोड ८० लाख विनियोजन भएकोमा ८५.२२% खर्च भएको। • चक्लाबन्दी कार्यक्रम सञ्चालन गर्दा जग्गा धनीहरुले नागरिकता र जग्गा धनी प्रमाण पुर्जाको प्रतिलिपि, कार्यक्रम संचालन गर्ने मन्जुरी सहित दायाँ, बाँया ल्याप्चे लगाई कार्यक्रम संचालनको लागि अनुमति पेश भएको। • कार्यालयबाट सहकारी संस्थाले परिचालन गरेको ऋण रकमको उपयोग गरे नगरेको सम्बन्धमा अनुगमनको कार्यलाई निरन्तरता दिइएको। • अनुदानमा एकद्धार पद्धति लागू गर्ने सम्बन्धमा नेपालको संविधान वमोजिम संघ, प्रदेश र स्थानीय तह सबैको साझा अधिकारको रुपमा कृषि क्षेत्र रहेकोले तीन वटै तहबाट अनुदान सम्बन्धी कार्यक्रम संचालन हुँदै आएको सन्दर्भमा संविधानको अनुसूचीको कार्यविस्तृतिकरण प्रतिवेदनमा स्पष्ट रुपमा कार्यक्रमको	-

दफा	बेरुजुको संक्षिप्त विवरण	मन्त्रालयको जवाफ	समितिको निर्णय
		प्रकृति र बजेट सीमा सहित अनुदान सम्बन्धी कार्यक्रमहरुको विशिष्टिकरण हुन सकेमा सुझाव कार्यान्वयनका लागि सहज हुने।	
	बेरुजु रकमको विवरणः- मन्त्रालय तथा मातहत समेत ३२ निकायमा यो वर्ष रु.३ करोड ३२ लाख ३५ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि ४ निकायबाट रु.२१ लाख २६ हजार फछ्र्यौट गरेकोले रु.३ करोड ११ लाख ८ हजार बेरुजु बाँकी रहेको छ। सो मध्ये रु.५० लाख म्याद नाघेको पेस्की बेरुजु बाँकी रहेको छ। यससम्बन्धी विवरण अनुसूची-९ मा रहेको छ।	मन्त्रालय आफ्नो तथा मातहत निकायको बेरुजु फर्स्यौट गर्नको लागि निरन्तर रुपमा समन्वय, सहजिकरण तथा निर्देशन दिइएको। फर्स्यौट भएको बेरुजु मलेप डोर समक्ष पेश गरी सम्परीक्षण गर्ने गरिएको। समग्रमा बेरुजु फर्स्यौट गर्ने कार्यमा कार्यालय निरन्तर रुपमा प्रयासरत रहंदा रहंदै पनि सम्बन्धित पक्षले माग गरिएका प्रमाण/कागजात तथा रकम दाखिला नगर्ने प्रवृतिले गर्दा समयमै बेरुजु फर्स्यौट तथा सम्परीक्षण गर्न नसकिएको।	-

३.७ भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय

३.७.१ महालेखा परीक्षकको सातौं बार्षिक प्रतिवेदन, २०८२ उपर भएका छलफलका निर्णयहरुः

दफा	बेरुजुको संक्षिप्त विवरण	मन्त्रालयको जवाफ	समितिको निर्णय
१	**लेखापरीक्षण अङ्कः-** यो वर्ष मन्त्रालय तथा मातहत समेत २० निकायको रु.१२ अर्ब ३० करोड ७८ लाख ९० हजारको लेखापरीक्षण सम्पन्न भएको छ।	-	-
२	**बजेट खर्चः-** महालेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त मन्त्रालयको यस वर्षको आर्थिक विवरण अनुसार चालु तर्फ ६८.४५% तथा पुँजीगत तर्फ ७१.७४% गरी समग्रमा ७१.६३% वित्तीय प्रगति भएको छ।	-	-
३	**आवधिक योजनाः-** प्रदेशको प्रथम आवधिक योजना (२०७५।७६-२०८०।८१) मा मन्त्रालयको कार्य जिम्मेवारी अन्तर्गतका प्रमुख सूचकहरूको लक्ष्य र २०८०।८१ सम्मको निम्न कार्यक्रमको प्रगति स्थिति देहायबमोजिम छः	गण्डकी प्रदेशको प्रथम पञ्चवर्षिय योजनामा उल्लेखित यस मन्त्रालयसँग सम्बन्धित योजनाहरु क्रमश कार्यान्वयन गर्दै लगिएको र कतिपय कार्यक्रमहरु नेपाल सरकारसँग पनि	आवधिक योजनासँग सामन्जस्यता हुने गरी वार्षिक नीति, कार्यक्रम

<table>
<tr><th>दफा</th><th>बेरुजुको संक्षिप्त विवरण</th><th>मन्त्रालयको जवाफ</th><th>समितिको निर्णय</th></tr>
<tr><td></td><td><table>
<tr><th>क्र. सं.</th><th>सूचक</th><th>इकाई</th><th>आधार वर्ष २०७५।७६</th><th>२०८०।८१ सम्मको लक्ष्य</th><th>२०८०।८१ सम्मको प्रगति</th><th>प्रगति प्रतिशत</th></tr>
<tr><td>१</td><td>प्रदेश केन्द्र र स्थानीय तह केन्द्र जोड्ने सडक कालोपत्रे</td><td>कि.मी.</td><td>५१३</td><td>२१५६</td><td>९०१</td><td>४१.७९</td></tr>
<tr><td>२</td><td>ग्राबेल सडक</td><td>कि.मी.</td><td>१३८५</td><td>१८१५</td><td>६९६</td><td>३८.३५</td></tr>
<tr><td>३</td><td>सडकपुल निर्माण</td><td>गोटा</td><td>२८८</td><td>२९०</td><td>१०६</td><td>३६.५५</td></tr>
<tr><td>४</td><td>झोलुङ्गे पुल</td><td>गोटा</td><td>१५९६</td><td>२५०</td><td>८२</td><td>३२.८०</td></tr>
</table>
मन्त्रालयले उल्लिखित बाहेक १७ कार्यक्रमको प्रगति विवरण तयार गरेको छैन। आवधिक योजनाले लिएको लक्ष्यभन्दा न्यून प्रगति भएकोले लक्ष्य प्राप्त हुने गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ।</td><td>समन्वय गर्नुपर्ने देखिएको हुँदा समन्वय भइरहेको छ तर प्रगति विवरण अध्यावधिक नगरिएको हो सो कार्यलाई हाल अध्यावधिकको लागि तथ्याङ्क संकलन भइरहेको छ।</td><td>तथा बजेट निर्माण गरी कार्यान्वयन गर्न निर्देशन दिने।</td></tr>
<tr><td>४</td><td>वार्षिक नीति तथा कार्यक्रमः- प्रदेश सरकारको यो वर्षको वार्षिक नीति तथा कार्यक्रममा मन्त्रालयसँगसम्बन्धित कामदार आपूर्ति केन्द्रको स्थापना गर्ने, प्रदेशभित्र सञ्चालनमा रहेका र नयाँ सञ्चालन गर्न चाहने केबलकार कम्पनीलाई आवश्यक मापदण्ड बनाउने, बीरेठाँटी-मुक्तिनाथ केबलकार परियोजना सहजीकरण गर्ने, पुराना ऐतिहासिक र साँस्कृतिक सहर, गाउँ र बस्तीलाई सुरक्षित, सुविधा सम्पन्न र आर्थिक समृद्धितर्फ उन्मुख गर्न नयाँ पर्यटकीय आकर्षणका रुपमा विकास गर्ने लगायतका कार्यक्रम बजेटमा समावेश गरेको छैन। वार्षिक नीति तथा कार्यक्रममा उल्लिखित कार्यक्रममा बजेट व्यवस्था गरी कार्यान्वयन गर्नुपर्दछ।</td><td>आ.व. २०८०।८१ को वार्षिक नीति तथा कार्यक्रमको बुँदा नं १५५ मा प्रदेशभित्रबाट रोजगारीको लागि विदेशिने जनशक्ति रोक्न र प्रदेशमा भौतिक पूर्वाधारका काममा कामदारको अभावलाई पूर्ति गर्न सरोकारवाला संस्थाहरुको सहकार्यमा कामदार आपूर्ति केन्द्रको स्थापना र सञ्चालन गरिनेछ भन्ने रहेकोमा प्रदेशको सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयले रोजगारदाता र श्रमिकहरुले सूचिकृत गर्ने र रोजगार विनिमय पोर्टल संचालनमा ल्याएको छ। साथै भौतिक पूर्वाधारका निर्माण कार्यमा कामदार आपूर्ति गर्दा स्थानीय श्रमिकहरुलाई प्राथमिकता दिनुपर्ने गरी कार्यालयहरुबाट आयोजनाको निर्माण व्यवसायीहरुसँग सम्झौता गर्ने गरिएको छ।

पुराना ऐतिहासिक र सांस्कृतिक सहर, गाउँ र बस्तीलाई सुरक्षित, सुविधा सम्पन्न र आर्थिक समृद्धितर्फ उन्मुख गर्न</td><td>नीति तथा कार्यक्रममा उल्लेख गर्ने तर बजेट विनियोजन नगर्नु उपयुक्त नभएकोले महालेखापरीक्षकको सुझाव अनुसार नै नीति कार्यक्रमको कार्यान्वयनलाई प्राथमिकतामा राखी अनिवार्य बजेट व्यवस्थापन गर्न निर्देशन दिने।</td></tr>
</table>

दफा	बेरुजुको संक्षिप्त विवरण	मन्त्रालयको जवाफ	समितिको निर्णय
		नयाँ पर्यटकीय आकर्षकका रुपमा विकास गर्ने लगायतका कार्यक्रम बजेटमा समावेश गरेको छैन भन्ने सन्दर्भमा प्रत्येक स्थानीय तहलाई जिल्ला सदरमुकामसँग जोड्ने, स्थानीय तहको केन्द्र र वडाको केन्द्रसँग जोड्ने सडकहरुलाई प्राथमिकताका साथ बजेट विनियोजन गरि कार्यान्वयन गर्दै आइरहेको छ । साथै गण्डकी प्रदेशका पर्यटकीय गन्तव्यहरु जस्तै लमजुङको घलेगाउँ, पर्वतको डहरेदेउराली, मनाङको तिलिचो ताल, कास्कीको घान्द्रुक तथा ताङतिङ सिकलेस जोड्ने सडकहरु निर्माण भईरहेको छ। गण्डकी प्रदेश सरकारको प्रादेशिक सडक संजालको स्वीकृत गर्न गण्डकी प्रदेश सडक ऐन-२०८१ संसोधन प्रदेश सभाबाट हालै स्वीकृत भएको।	
५	**बजेट कार्यान्वयनः-** प्रदेश सरकारको २०८०।८१ को बजेट वक्तव्यमा उल्लेख भएका वैकल्पिक स्रोत खानीहरूको सम्भाव्यता अध्ययन कार्यलाई कानूनी तथा कार्यविधिगत प्रबन्ध मिलाई व्यवस्थित गर्ने, प्रदेशको प्रशासनिक केन्द्र र आवास निर्माणको लागि जग्गा प्राप्ति गरी विस्तृत आयोजना प्रतिवेदन तयार गर्ने, प्रदेश सरकार मातहतका कार्यालयका लागि जग्गा प्राप्ति गरी भवन निर्माण कार्य सुरु गर्ने, व्यवस्थित सहरीकरण साथै औद्योगिकी-करणका लागि पूर्वाधार निर्माण गर्ने लगायतका ७ योजना तथा कार्यक्रममा बजेट नै विनियोजन नगरिएको र प्रदेश गौरवको आयोजनाको रुपमा रहेको शालिग्राम करिडोरको बाँकी खण्डको स्तरोन्नति र रणनीतिक महत्वको सडक (बुद्धसिंह मार्ग निर्माण, तनहुँको भिमाददेखि नवलपुरको डेढगाँउ र नवलपुरको डेढगाँउ झ्यालबास खण्ड), बागलुङ्गको काठेखोलादेखि गलकोटको नरेठाँटीसम्म, म्याग्दीको दानादेखी मुस्ताङको घाँसासम्मको सडक निर्माण र लमजुङ्गको शीतलपाटीदेखि नाल्माफेदीसम्म सुरुङमार्गको सम्भाव्यता अध्ययन गर्ने, एकीकृत नमुना बस्तीको विकास गर्ने, प्रदेश सभाको सभाहल निर्माण कार्य लगायतका ५ योजना तथा कार्यक्रममा	आ. व २०८०।८१ को वार्षिक नीति तथा कार्यक्रमको बुँदा नं १५५ मा प्रदेशभित्रबाट रोजगारीको लागि विदेशिने जनशक्ति रोक्न र प्रदेशमा भौतिक पूर्वाधारका काममा कामदारको अभावलाई पूर्ति गर्न सरोकारवाला संस्थाहरुको सहकार्यमा कामदार आपूर्ति केन्द्रको स्थापना र सञ्चालन गरिनेछ भन्ने रहेकोमा प्रदेशको सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालयले रोजगारदाता र श्रमिकहरुले सूचिकृत गर्ने र रोजगार विनिमय पोर्टल संचालनमा ल्याएको छ। साथै भौतिक पूर्वाधारका निर्माण कार्यमा कामदार आपूर्ति गर्दा स्थानीय श्रमिकहरुलाई प्राथमिकता दिनुपर्ने गरी कार्यालयहरुबाट आयोजनाको	कार्यान्वयन गर्न नसकिने तथा प्राविधिक रुपमा पूर्व तयारी नभएका कार्यक्रममा बजेट विनियोजन नगर्न तथा बजेट वक्तव्यमा समावेश भएका कार्यक्रमहरु कार्यान्वयन गर्न निर्देशन दिने।

दफा	बेरुजुको संक्षिप्त विवरण	मन्त्रालयको जवाफ	समितिको निर्णय
	रु.२७ करोड १० लाख बजेट व्यवस्था भए तापनि खर्च गरेको छैन। बजेट तथा कार्यक्रममा उल्लिखित क्रियाकलाप कार्यान्वयन गर्नुपर्दछ ।	निर्माण व्यवसायीहरुसँग सम्झौता गर्ने गरिएको छ।	
६	**योजना छनौट तथा प्राथमिकीकरणः-** आयोजना वर्गीकरणको आधार तथा मापदण्ड, २०८० को दफा ६ मा प्रदेशबाट एक करोड रुपैंया भन्दा कम लागतका पूर्वाधार आयोजना कार्यान्वयन नगर्ने उल्लेख छ। प्राप्त विवरणअनुसार मन्त्रालय र मातहतका निकायमा यो वर्ष १ हजार ६३६ योजनामा रु.११ अर्ब ४२ करोड ८१ लाख २४ हजार विनियोजन गरेकोमध्ये रु.१ करोडसम्मका १ हजार ४६४ अर्थात् ८९.४९ प्रतिशत योजनामा विनियोजन भएको रु.५ अर्ब २४ करोड ८७ लाख ४ हजार रकम मापदण्ड अनुरुप योजनाको छनोट र विनियोजन भएको छैन। कार्यविधिको व्यवस्था अनुसार आफ्नो कार्यक्षेत्र भित्र पर्ने योजनाहरूको तर्जुमा तथा कार्यान्वयन गर्नुपर्दछ।	• मन्त्रालयले पालिका केन्द्र जोड्ने सडक, सडक पुल, रणनीतिक महत्वका सडकहरु, महत्वपुर्ण भवन (प्रदेश सभा, गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान आदि), समपुरक आयोजना मार्फत ठुला सडक तथा सडक पुल (१० वटा), ग्रामिण सडक संजाल सुधार परियोजना मार्फत ५ वटा सडकहरु निर्माणधीन अवस्थामा छन्। • प्रादेशिक सडक संजालको स्वीकृत पश्चात आयोजना बैंकमा प्रबिष्टिकरण हुने भएकोले टुक्रे योजनालाई क्रमश घटाउँदै लगिने छ। • जनप्रतिनिधि र स्थानीय उपभोक्ताको माग तथा आवश्यकता पनि पुरा गर्नुपर्ने भएकोले र स्रोतको सिमितताले गर्दा उक्त मापदण्ड अनुसार १ करोड भन्दा बढीको आयोजना छनोट गर्नुपर्ने भएतापनि छनोट गर्न नसकिएको यसलाई चालु आ. वमा ५० लाख भन्दा कमका पुर्वाधार सँग सम्वन्धित आयोजना छनोट नगरिएको र यसलाई आगामी वर्षमा सुधार गर्दै लगिनेछ।	महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने।

दफा	बेरुजुको संक्षिप्त विवरण	मन्त्रालयको जवाफ	समितिको निर्णय
		• प्रदेश सरकारले आफ्नो कार्य क्षेत्र भित्र पर्ने योजना छनौटको स्पष्ट मापदण्ड, छनौटका आधारहरु सम्बन्धी मार्गदर्शन तयार गरी लागु गर्नुपर्ने आवश्यकता महशुस गरिएको छ।	
७	**केन्द्रीय वित्तीय विवरणः-** गण्डकी प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ६५ बमोजिम वित्तीय विवरण तयार गरी भाद्र मसान्तभित्र प्रदेश लेखा नियन्त्रक कार्यालयमा पठाउनुपर्ने व्यवस्था छ। मन्त्रालयले यो वर्ष केन्द्रीय लेखा तथा एकीकृत वित्तीय विवरण तयार गरेको छैन। कानुन बमोजिम तोकिएको ढाँचामा एकीकृत वित्तीय विवरण तयार गरी पेस गर्नुपर्दछ।	आ. व २०८१।८२ देखि मन्त्रालय र अन्तर्गतका कार्यालयहरुको एकिकृत वित्तिय विवरण Nepal Public Sector Accounting Standard (NPSAS) मा तोकिएको ढाँचामा विवरण तयार गर्नुपर्ने अनिवार्य व्यवस्था अनुरुप महालेखा परीक्षकको कार्यालयमा प्रमाणिकरणको लागि पेश भईसकेको छ।	कानुन बमोजिम तोकिएको ढाँचामा एकीकृत वित्तीय विवरण समयमा नै तयार गर्न निर्देशन दिने।
८	**कन्टिन्जेन्सी खर्चः-** प्रदेश खर्चको मापदण्ड, २०७९ को बुँदा नं. १४ मा कन्टिन्जेन्सी रकम निर्धारण गर्दा पाँच करोड रुपैयाँसम्म लागत अनुमान भएको आयोजनामा ४ प्रतिशतसम्म र पाँच करोड रुपैयाँभन्दा बढी लागत अनुमान भएको आयोजनामा ३ प्रतिशतसम्म रकम छुट्टाउन सकिने व्यवस्था छ। मन्त्रालय र मातहतका १३ कार्यालयले यो वर्ष रु.१३ करोड ५ लाख ६७ हजार कन्टिन्जेन्सी खर्च गरेका छन् । कन्टिन्जेन्सी खर्च मध्ये चालुतर्फ रु.११ करोड १४ लाख र पुँजीगत तर्फको रु.१ करोड ९१ लाख रहेको छ। कन्टिन्जेन्सी खर्च गर्दा आयोजनागत रुपमा अभिलेख नराखेको र नापी किताबमा समेत उल्लेख नगरेको बेहोरा गत वर्ष उल्लेख गरेकोमा सुधार भएको छैन। यसमा सुधार गर्नुपर्दछ।	• कन्टिन्जेन्सी रकम खर्च गर्ने प्रक्रियालाई व्यवस्थित, मितव्ययी तथा पारदर्शी बनाउन तत्कालीन गण्डकी प्रदेश बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकिकृत कार्यविधि, २०७७ को ४० बमोजिम सार्वजनिक खरिदमा कन्टिन्जेन्सी रकम खर्चलाई व्यवस्थित गर्ने सम्बन्धी मापदण्ड, २०८० तयार गरी कार्यान्वयनमा आएको छ। मापदण्डको दफा ३ मा कन्टिन्जेन्सी रकम खर्च गर्नु अघि कार्यालयले कन्टिन्जेन्सी वापत रकम खर्च गर्न सकिने रकमको वार्षिक अनुमान अनुसुची‘ १ को ढाचामा तयार गर्नुपर्ने व्यवस्था छ।	मन्त्रालय तथा मातहतका निकायहरुबाट कन्टिजेन्सी रकम खर्च गर्दा आयोजनागत रुपमा अभिलेख राखी नापी किताबमा समेत उल्लेख गरी खर्च गर्न निर्देशन दिने।

दफा	बेरुजुको संक्षिप्त विवरण	मन्त्रालयको जवाफ	समितिको निर्णय
		कन्टिन्जेन्सी रकमको वार्षिक कार्यक्रम बनाई मन्त्रालयको सचिवबाट स्वीकृत गराउनुपर्ने व्यवस्था दफा ४ मा रहेको छ।सोही व्यवस्था बमोजिम कार्यालयले सचिवज्यूबाट स्वीकृत गरि खर्च लेखिएको छ। कार्यालयहरुले ०८२/०८३ समेत कन्टिनजेन्सी प्लान मन्त्रालयबाट स्वीकृत गरेपश्चात मात्र खर्च लेखाङ्कनको कार्य गरिएको छ। कन्टिन्जेन्सीबाट भएको खर्च ठेक्का एवं योजना अनुसार नापी किताबमा उल्लेख गरि खर्च गर्ने कार्यको सुरुवात गरिएको छ। योजना अनुसार कन्टिन्जेन्सी खर्च छुट्याई नापी किताबमा प्रविष्टी गर्ने कार्य शुरुवात भएको छ । मन्त्रालयले चालु आ.व. देखि मातहत सबै कार्यालयहरुलाई अनिवार्य रुपमा सम्बन्धित योजनाको नापी किताबमा प्रविष्टि गरी योजनागत रुपमा कन्टिन्जेन्सी खर्चको लगत राख्न पत्र मार्फत निर्देशन गरिसकिएको छ।	
९	**निर्माण अवधिको अनुमानः-** आयोजना वर्गीकरणको आधार तथा मापदण्ड, २०८० को बुँदा १६ माआयोजना निर्माण सम्पन्न गर्ने समयावधि निर्धारण सम्बन्धमा उल्लेख छ। मन्त्रालय र मातहतका निकायले ठेक्काको निर्माण अवधि कायम गर्दा सालबसाली योजनाको हकमा करिब १ महिनादेखि उक्त आर्थिक वर्ष ननाघ्ने गरी र बहुवर्षीय योजनाको हकमा ३ वर्षसम्म निर्धारण गर्ने गरेकोमा सो अवधिभित्र निर्माण सम्पन्न गर्न सकिने प्राविधिक आधारसहित निर्माण अवधि कायम गरेको पाइएन। निर्धारित अवधिभित्र निर्माण व्यवसायीको काबु बाहिरको परिस्थितिका कारण उल्लेख गरी म्याद थप लगायतका कार्यमा समय व्यतित हुँदा आयोजनाको लागत र अवधि वृद्धि हुने गरेको छ। निर्माण	समपुरक आयोजनाको निर्माण अवधि राष्ट्रिय योजना आयोगले ३ वर्षको हुने भनि किटान गरेको र ३ वर्ष अवधिलाई मात्र अनुदान प्रदेश सरकारलाई प्राप्त हुने भएकोले उक्त आयोजनाहरुको अवधि ३ वर्ष कायम गरिएको। सालबसाली योजनाको अवधि १ बर्ष रहने व्यवस्था	महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने।

दफा	बेरुजुको संक्षिप्त विवरण	मन्त्रालयको जवाफ	समितिको निर्णय
	स्थलको भौगोलिक अवस्था, वातावरण, कार्य गर्न अनुकूल अवधि, कार्यसम्पन्न गर्न आवश्यक पर्ने दक्ष जनशक्ति र यन्त्र उपकरण प्रयोगको सुनिश्चितता लगायतका विधि सहितको मूल्याङ्कन गरेर निर्माण सम्पन्न गर्ने अवधि तय गर्नुपर्दछ।	रहेकोले वढीमा एक वर्ष निर्माण अवधि राखि निर्माण कार्य गरिएको। गण्डकी प्रदेश सरकारको बजेट तथा कार्यक्रम कार्यन्वयन सम्बन्धी एकीकृत कार्यविधि-२०८१ को दफा ६ को उपदफा १२ बमोजिम बहुवर्षीय योजनाको स्रोत सुनिस्चता अवधि ३ बर्षको मात्र हुने उल्लेख गरिएकोले स्रोत सुनिश्चितता प्राप्त आयोजनाको अवधि 3 वर्ष राखि ठेक्का व्यवस्थापन गरिएको। बैदेशिक सहायतामा संचालित आयोजनाहरुको निर्माण अवधि नेपाल सरकार र दातृ निकाय वीचको सम्झौता बमोजिम हुने गरि योजना कार्यान्वयन गरिएको। सडक विभागले जारी गरेको Guidelines for Estimation of Construction Time for Road and Bridge Works-2015 लाई आधार मानेर निर्माण अवधिको गणना गरिएको छ।	
१०	**परामर्श सेवाः-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ मा निकायमा उपलब्ध जनशक्तिबाट कुनैकाम हुन नसक्ने भएमा परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था छ। मन्त्रालय मातहतका ११ पूर्वाधार विकास कार्यालय र यस प्रदेश अन्तर्गत रहेका ८५ स्थानीय तहमा झोलुङ्गे पुलको कार्य गर्न एक संयुक्त उपक्रम परामर्शदातासँग २०७८।४।१ मा रु.३ करोड ७९ लाख ३० हजारको समयमा आधारित सम्झौता गरी ३० महिना अवधि तोकिएकोमा २०८०।९।२४ को सचिवस्तरीय निर्णयले २०८१।३।३१ सम्म ६ महिना म्याद थप गरेको छ। जसमा २०८०।०८१ को आषाढसम्म जम्मा रु.२ करोड ९१ लाख ४४ हजार भुक्तानी भएको छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२०(२) बमोजिम म्याद थप गरिएको जनाइएतापनि म्याद थप	Consulting Services (Time Based) for Service of Provincial Technical Assistance Provider for Trail Bridge Sub Sector Program (Contract ID: IDD/Gandaki/RFP-PTAP/077-078-02) को श्री भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयबाट स्वीकृत TOR मा Programme Coordinator को तपसिल बमोजिमको भूमिका तथा जिम्मेवारी रहने भनि उल्लेख गरिएको छ। Manage activities towards achieving the objectives of the Trail Bridge Programme of Province/Palikas	महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने।

दफा	बेरुजुको संक्षिप्त विवरण	मन्त्रालयको जवाफ	समितिको निर्णय
	गर्नुपर्ने कारणहरूमा कुनै काबु बाहिरको परिस्थितिले निजले तोकिएको कार्य गर्न नपाएको परिस्थिति उत्पन्न भई कार्य गर्न नपाएको रसम्झौतामा तोकिएकोभन्दा बढी परिमाणमा कार्य गर्नुपरेको अवस्था देखिएन। सो कार्यको लागि परामर्श सेवा प्रदान गर्न निर्देशनालयमा १ जना टेक्निकल कोअर्डिनेटर समेत प्रत्येक जिल्लामा १।१ का दरले १२ जना विशेषज्ञ परामर्शदाताले आवश्यक परामर्श सेवा उपलव्ध गराएकोमा बिओक्युमा थप अन्य जनशक्ति जस्तै प्रोजेक्ट को-ओर्डिनेटर र वित्त प्रमुखसमेतका थप जनशक्ति राखेको छ। परामर्शदातालाई म्याद थप गरी भुक्तानी गर्दा रु.७१ लाख ९७ हजार थप दायित्व सिर्जना गरेको छ।	including SWAP framework III and Annual Plan of Province/Palikas in coherence with national policy and trail bridge strategy and its core manuals in the spirit of new constitution and Local Government Operation Act २०७४. Manage to deliver effectively and efficiently technical assistance to IDOs/ Palikas and Local NGOs and other stakeholders for Trail Bridge Programme. The technical Assistance shall include support on planning, monitoring and reporting of the Programme, technical support in survey/ design construction and maintenance, quality control and quality assurance of services, goods and works capacity building of IDOs/Palikas and Local NGOs and other stakeholders and ensuring social and thematic issues are addressed. Ensure Social inclusion and Good Governance are maintained during the implementation of the Programme. Facilitate in promoting sustainability of the trail bridge Programme in absence of external technical assistance. स्थानीय तहहरुबाट संचालन हुने झोलुङ्गे पुल रणनीति अनुसार कार्यान्वयन गर्न, गराउन स्थानीय तहका प्रमुख/उपप्रमुख, अध्यक्ष/ उपाध्यक्ष लगायतका सरोकारवालाहरुसँग सामाजिक लगायतका अन्य विषयमा समन्वय,सहकार्य, अभिमुखीकरण गर्ने भूमिका निर्वाह गर्न व्यवस्था गरिएको।	

दफा	बेरुजुको संक्षिप्त विवरण	मन्त्रालयको जवाफ	समितिको निर्णय
		साथै PTAP को स्वीकृत Terms of Reference मा Human Resource of PTAP अन्तर्गत १ जना Finance and Admin Officer को व्यवस्था भएको। PTAP अन्तर्गत कार्यरत कर्मचारीहरुको पारिश्रमिक भुक्तानी लगायतका आर्थिक प्रशासनसग सम्बन्धित कार्यहरु सम्पादन गर्न भुक्तानीको लागि निर्देशनालयमा व्यवस्थितरुपमा कागजातहरु पेश गर्न उक्त जनशक्ति व्यवस्था गरिएको। • PTAP को लागत अनुमानमा नै परामर्शदाताहरुको लागि Out of Pocket Expenses अन्तर्गत Out of district for Domestic Consultants and Staff को Travel लागि Per Day Allowances र Per Round Trip Allowances उल्लेख गरी स्वीकृत भएको र सोहि बमोजिम RFP सूचना प्रकाशित भई परामर्शदाता फर्मसग सम्झौता भएको । Consultant Staff लाई कामको सिलसिलामा कार्यरत जिल्ला भन्दा बाहिरको जिल्लामा जानुपर्ने अवस्थामा मात्रै Travel Order स्वीकृत गरी यातायात खर्चको भुक्तानीका लागि निर्देशनालयमा पेश भई भुक्तानी भएको।	
	पूर्वाधार विकास निर्देशनालय		
११	**मूल्य समायोजनः-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५५(२) मा एकमुष्ट कार्य सम्पादन (लमसम कन्ट्राक्ट) को आधारमा खरिद सम्झौता भएकोमा मूल्य समायोजन भुक्तानी गर्न नमिल्ने उल्लेख छ। ठेक्काको बिड डकुमेन्टअनुसार निर्माणमा आइपर्ने जोखिम निर्माण व्यवसायीले बेहोर्नुपर्ने	सम्झौतामा उल्लेख भए बमोजिम निर्माण व्यवसायीलाई मुल्य समायोजन वापतको रकम भुक्तानी दिइएकोमा विगत आ. व देखि नै यस प्रकृतिको बेरुजु रकम	महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन

दफा	बेरुजुको संक्षिप्त विवरण	मन्त्रालयको जवाफ	समितिको निर्णय
	भएकोले मूल्य समायोजन जोखिम कार्यालयले लिन मिल्ने देखिँदैन। पूर्वाधार विकास निर्देशनालय, कास्कीले डिजाईन एण्ड बिल्डबाट सम्झौता गरेका ५ ठेक्काको यो वर्ष रु.१ करोड ४७ लाख ६ हजार मूल्य समायोजन भुक्तानी गरेको छ। डिजाईन एण्ड बिल्डमा मूल्य लगायत जोखिमको भार निर्माण व्यवसायीमा पर्ने हुँदा यस्तो लमसम ठेक्का भएकोले ऐनको व्यवस्था अनुसार मूल्य समायोजन भुक्तानी दिन मिल्ने देखिँदैन ।	औंल्याइएको र आ.व २०८०/०८१ मा समेत सोही व्यहोराको बेरुजु औंल्याइएको। डिजाइन तथा निर्माण (D & B) सम्बन्धी ठेक्का विशेष गरेर जटिल प्रकारका निर्माण कार्य (जस्तै- ठुला नदि माथि निर्माण हुने पुलहरू) को लागि प्रयोग ल्याइएको छ। मुख्य विषय नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७८।११।१६ गतेको निर्णयानुसार सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० उपनियम (२) अनुसार डिजाइन र निर्माण सम्झौताको दर विश्लेषणको नर्म्स स्वीकृत भए बमोजिम मुल्य समायोजन दिन सकिने व्यवस्था उल्लेख भएको हुँदा सोही नर्म्स बमोजिम सम्झौता गरी मुल्य समायोजन भुक्तानी दिइएको। सार्वजनिक खरिद ऐनको दफा ८ को उपदफा १ को खण्ड (क) को ७ मा एकमुष्ठ दर विधिको परिभाषामा प्रत्येक इकाइको परिमाण र लागत अनुमानको कूल अंकभन्दा के कति घटी वा बढी प्रतिशतमा काम गर्ने हो भनि कबोल गरी बोलपत्र पेश गर्ने विधि सम्झनुपर्छ भन्ने उल्लेख छ । यी ठेक्काहरुमा ९ वटा आइटमहरुको निर्माण व्यवसायीबाट अलग अलग दररेट उल्लेख गरि रेट कबोल गरेको छ।	दिने।

दफा	बेरुजुको संक्षिप्त विवरण	मन्त्रालयको जवाफ	समितिको निर्णय
		सार्वजनिक खरिद नियमावलीको नियम ३१(क) मा सार्वजनिक निकायले कुनै योग्यता नचाहिने प्रकृतिको दुइ करोड रुपैयाँसम्मको लागत अनुमान भएको निर्माण कार्य खरिद गर्नुपर्दा लागत अनुमान सार्वजनिक गरि एकमुष्ठ खरिद विधिबाट प्रतिस्पर्धा गराइ खरिद गर्न सकिने व्यवस्था रहेको छ। साथै सोही नियम ३१ उपनियम (३) मा बहुबर्षिय सम्झौता गर्दा एकमुष्ट खरिद विधि प्रयोग गर्न नपाइने प्रावधान रहेको छ। निर्देशनालयले लगाएका यी ठेक्काहरु २(दुइ) करोड माथिका बहुवर्षिय सम्झौता हुन्। तसर्थ यी ठेक्काहरु कानुनी रुपमा पनि लमसम कन्ट्राक्ट होइनन्। सार्वजनिक खरिद नियमावलीको नियम २२ मा खरिद सम्झौता गर्दा अनुसुची ४ बमोजिमको कुनै एक सम्झौता छनौट गरि गर्न सकिने प्रावधान रहेको छ। अनुसुची ४ मा सम्झौताका विभिन्न विधिहरु उल्लेख गरिएको छ जसमा खण्ड ख मा एकमुष्ट रकम सम्झौता र खण्ड ङ मा डिजाइन र निर्माण सम्झौता उल्लेख गरि छुट्टाछुट्टै व्याख्या गर्नुले पनि यी दुइ विधि फरक फरक हुन। डिजाइन र निर्माणको लागत अनुमान तयार गर्दा Price Escalated Estimate तयार नगरी मुल्य समायोजन दिन सकिने गरि Base Year लाइ नै आधार मानी Estimate तयार गरिएकोले सरकारी नगदी तथा जिन्सीमा कुनै हानी नोक्सानी भएको छैन र थप व्ययभार परेको छैन। नेपाल	

दफा	बेरुजुको संक्षिप्त विवरण	मन्त्रालयको जवाफ	समितिको निर्णय
		सरकारद्वारा मिति २०८२/०१/१५ गते सार्वजनिक खरिद नियमवाली-२०६४ को चौधौ संसोधन भएकोमा सो संसोधनको अनुसूची १ (ख) डिजाइन र निर्माण सम्झौताको माध्यमबाट गरिने निर्माण कार्यको लागत अनुमानको ढाचामा मूल्य समायोजनको कन्टिनजेंसी वापत १०% थप गर्नुपर्ने प्रावधान भएकोले डिजाइन र निर्माण सम्झौतामा मूल्य समायोजनको भुक्तानी दिन मिल्ने । मन्त्रालय मातहतका निकायहरुले डिजाइन र निर्माण सम्झौता गर्दा मूल्य समायोजन वापतको भुक्तानी नदिएको। यसरी, प्रतिवेदनमा उल्लेख भएबमोजिम डिजाइन र निर्माण ठेक्का लम्पसम्प प्रकृतिको सम्झौता नभएको, सम्झौता बमोजिम नियमानुसार मुल्य समायोजन भुक्तानी दिइएको हुँदा सरकारी नगदी तथा जिन्सीमा कुनै हानी नोक्सानी नभएको र राज्यलाइ थप व्ययभार नपरेको हुँदा लेखापरिक्षणको प्रारम्भिक प्रतिवेदनको बुँदा नं. ११ को उक्त बेरुजु रकम रु. १४७,०६,२४८/—(रकम रु. एक करोड सत्चालिस लाख छ हजार दुइ सय अड्चालिस मात्र) नियमित हुनुपर्ने छ।	
१२	**काममा ढिलाईः-** निर्माण व्यवसायीले सम्झौतामा तोकिएबमोजिम कार्यसम्पन्न गर्नुपर्दछ। पर्वतको फलेवास देवीस्थान र अर्जेवा सडक खण्डको कालीगण्डकी समसानघाटमा डिजाइन एण्ड विल्ड विधिबाट पुल निर्माण गर्न एक निर्माण व्यवसायीसँग रु.१४ करोड १८ लाख १ हजारको ठेक्का	प्रस्तुत ठेक्कामा मिति २०८१।१।१३ मा सर्भे र डिजाइन सहित विमा गरेको आधारमा मात्र प्रथम रनिङ विलको भुक्तानी रु ३८,४२,०००।— र सोको २ महिना पश्चात	तोकिएको कार्य तोकिएको म्यादभित्र नै सम्पन्न गर्ने गरी व्यवस्था मिलाउन

दफा	बेरुजुको संक्षिप्त विवरण	मन्त्रालयको जवाफ	समितिको निर्णय
	सम्झौता २०७७।७।३ मा भई कार्यसम्पन्न गर्ने अवधि ३० महिना तोकिएकोमा २०८२।१२।३० सम्म दोस्रो पटक म्याद थप गरिएको छ। निजले सुरु सम्झौता अवधि ३० महिना र प्रथम पटक म्याद थप गरिएको १ वर्ष अवधिसमेत ४२ महिनासम्म कुनै कार्य गरेको देखिएन। दोस्रो पटक म्याद थप भएपश्चात निजले २०८१ आषाढसम्म २ वटा रनिङ्ग बिलबाट जम्मा रु.१ करोड ४३ लाख १६ हजार भुक्तानी भएको छ। सम्झौताको ४५ महिना बितिसक्दा जम्मा ८.७५ प्रतिशत प्रगति हासिल गरेको छ। निजको प्रथम पटक म्याद थप गर्नु पर्नाका कारणहरूमा कोभिड, वर्षा र मूल्य वृद्धिलाई उल्लेख गरिएको छ। दोस्रो पटक म्याद थप गर्दा सार्वजनिक खरिद नियमावली, २०६४ को तेह्रौं संशोधन अनुसार म्याद थप गरिएको छ। म्यादभित्र कार्यसम्पन्न गर्ने व्यवस्था मिलाउनु पर्दछ।	मिति २०८१।०३।१३ मा दोश्रो रनिङ विल रु १,०४,७३,८५७।— भुक्तानी गरेको छ। २०८१ असारसम्म अर्थात सम्झौताको ४५ महिना बितिसक्दा समेत निजले जम्मा ८.७५ प्रतिशत प्रगति हासिल गरेको देखियो। सो सम्बन्धमा यस कार्यालयबाट पटक पटक पत्राचार गरि निर्माण कार्य सुचारु गर्न पत्राचार गरिएको थियो।विभिन्न निहुँ वा बहाना बनाएर काममा ढिलासुस्ती गरेको, विपक्षीको माग निवेदनको आधारमा सदासयता देखाई मिति २०८०/०१/०२ मा सम्पन्न गर्नुपर्ने निर्माण कार्यलाई मिति २०८२/१२/३० गते सम्मको लागी म्याद थप भएको हो। म्याद थप गरि सदासयता देखाउँदा समेत काममा तदारुकता नदेखाएको पटक पटक निर्माण कार्य सुचारु गर्न पत्राचार गर्दा समेत कार्यालयप्रती अनादार-अवज्ञा गरेकोले बैंक जमानत जफतको कार्य अगाडी बढाईएकोमा निर्माण व्यवसायीले श्री उच्च अदालत पाटनमा मुद्धा दायर गरेको छ। हाल सो मुद्धा अदालतमा विचाराधिन अवस्थामा रहेको छ।	निर्देशन दिने।
	पूर्वाधार विकास कार्यालयहरू		
१३	**खरिद सम्झौताको अन्त्यः-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ (७) र (८) मा खरिद सम्झौता बमोजिम कामको प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत अन्त्य गर्न सक्ने र सो कामका लागि राखिएको जमानत जफत गरी सम्झौता बमोजिम बाँकी रहेको कार्य पुरा गर्न लाग्ने रकम निजबाट सरकारी बाँकी सरह असुल उपर गरिने उल्लेख छ। पूर्वाधार विकास	खरिद सम्झौताको अन्त्य- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९(७) र (८) मा खरिद सम्झौता बमोजिम कामको प्रगति नगरेमा सार्वजनिक निकायले त्यस्तो सम्झौता जुनसुकै बखत अन्त्य गर्न सक्ने र सो कामको	महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन

दफा	बेरुजुको संक्षिप्त विवरण	मन्त्रालयको जवाफ	समितिको निर्णय
	कार्यालय, कास्कीले देहायका ठेक्का सम्झौतामा निर्माण व्यवसायीको ढिलाईको कारण पटकपटक लामो अवधिसम्म म्याद थप गर्दा समेत सम्झौताअनुसारको कार्य नगरेको अवस्थामा निर्माण व्यवसायीलाई कालोसूचीमा राखे, पूर्वनिर्धारित क्षतिपूर्ति लगाउने, जमानत प्राप्ति गर्ने र बाँकी काम गर्न लाग्ने रकम असुल गर्ने गरी ठेक्का तोड्नु पर्नेमा सुविस्ताको आधारमा ठेक्का तोडेको छ।	लागि राखिएको जमानत जफत गरी सम्झौता बमोजिमको बाँकी रहेको कार्य पुरा गर्न लाग्ने रकम निजबाट सरकारी बाँकी सरह असुल उपर गरिने उल्लेख छ। देहायको ठेक्का सम्झौतामा निर्माण व्यवसायिको ढिलाईका कारण पटक-पटक लामो अवधिसम्म म्याद थप गर्दा समेत सम्झौता अनुसारको कार्य नगरेको अवस्थामा निर्माण व्यवसायीलाई कालो सूचिमा राख्ने, पूर्व निर्धारित क्षतिपूर्ति लगाउने, जमानत प्राप्ति गर्ने बाँकी काम गर्न लाग्ने रकम असुल गर्ने गरी तोड्नु पर्नेमा सुविस्ताको आधारमा ठेक्का तोडेको।	दिने।
१४	**विस्तृत ड्रइङ्गः-** स्वीकृत ड्रइङ्ग र डिजाइनको आधारमा ठेक्का व्यवस्थापन गरी सम्झौतामा तोकिएबमोजिम निर्माण कार्य गराउनुपर्दछ । पूर्वाधार विकास कार्यालय, कास्कीले सर्दिखोला मोटरेबल पुल निर्माण गर्न २०८०।४।२५ सम्म सम्पन्न गर्ने गरी रु.१० करोड ४३ लाख ५८ हजारको ठेक्का सम्झौता गरेकोमा प्रदेश सचिवबाट २०८०।१२।२६ मा २०८२।३।२० सम्म म्याद थप गरेको छ। सम्झौता मितिबाट ३ वर्ष अवधि व्यतित भएपछि ड्रइङ्ग र डिजाइन परिवर्तन गरी सोही कारणबाट भेरिएसन आदेश स्वीकृत गरेको र २०८१ आषाढ मसान्तसम्म जम्मा रु.२ करोड १६ लाख ७३ हजार भुक्तानी भएको छ। डिजाइन परिवर्तनमा ढिलाइ गरेको कारण पुल निर्माण गर्ने अवधि लम्बिएको छ।	मोटरेबल पुल सम्बन्धी विज्ञको अभाव र तेस्रो पक्षबाट Structure Review गर्दा डिजाइन परिवर्तन गर्नुपर्ने भनि प्रतिवेदन दिएको कारणले गर्दा Super Structure डिजाइन परिवर्तन गर्दा स्टिल Parts को परिमाण बढाउनु पर्ने भएकाले गर्दा पुल निर्माण कार्य अवधि लम्बिएको हो। डिजाइनमा भएको परिवर्तनको कारणले निर्माण कार्य प्रभावित हुदा म्याद थप गर्नु परेको हो। सुरुको अवधिमा निर्माण कार्यमा ढिलाई भएतापनि चालु आ. व मा निर्माण सम्पन्न हुने गरी कार्य भईरहेको छ।	स्वीकृत ड्रइङ्ग र डिजाइन परिवर्तन गर्नुपर्ने भएमा समयमा नै परिवर्तन गरी तोकिए बमोजिमको समयमा नै आयोजना सम्पन्न गर्न निर्देशन दिने।
१५	**अधुरो ठेक्काः-** ठेक्का सम्झौतामा तोकिएको अवधिमा ठेक्काको कार्यसम्पन्न गर्नुपर्नेमा थपिएको अवधिमा समेत कार्यसम्पन्न नभई तपसिलका ठेक्काहरू अधुरा रहेका छन्:	**१.कृष्ण मार्ग स्तरोन्नति** ललितपुर जिल्ला अदालतको आदेश अनुसार गण्डकी	अधुरो रहेका आयोजनाहरु समयमा नै सम्पन्न गर्ने गरी प्राथमिकतामा राखि

<table>
<tr><th>दफा</th><th>बेरुजुको संक्षिप्त विवरण</th><th>मन्त्रालयको जवाफ</th><th>समितिको निर्णय</th></tr>
<tr><td></td><td>

१५.१. पूर्वाधार विकास कार्यालय, गोरखाले बारपाक लाप्राक सडक स्तरोन्नति गर्न एक निर्माण व्यवसायीसँग रु.३४ करोड १५ लाख ७१ हजारको ठेक्का सम्झौता २०७७।२।९ मा गरी कार्यसम्पन्न गर्ने अवधि २०७९।२।२२ सम्म तोकिएको छ। प्रथम पटक म्याद थप गरी कार्यसम्पन्न गर्ने अवधि २०८०।२।२१ सम्म पुर्‍याइएकोमा पुनः म्याद थप भएको देखिएन। २०८० जेष्ठसम्म ४७ प्रतिशत प्रगति भई रु.१८ करोड १५ लाख ६२ हजार भुक्तानी गरेकोमा तत्पश्चात काम गरेको छैन।

१५.२. पूर्वाधार विकास कार्यालय, तनहुँको एक निर्माण व्यवसायीले राजपुर बाराही मार्ग स्तरोन्नति २०७७।२।१५ सम्म, कालिमाटी मानेचौका कुन्छा सत्रसय सडक स्तरोन्नति २०७७।२।२५ सम्म र भगवती रङ्गपथ निर्माण २०७७।४।८ सम्म सम्पन्न गर्ने गरी सम्झौता गरेकोमा हालसम्म कार्यसम्पन्न र म्याद थप गरेको छैन।

१५.३. पूर्वाधार विकास कार्यालय, तनहुँका निम्नानुसार ५ योजनाको कार्य तोकिएको समयमा सम्पन्न नगरी न्यून प्रगति हासिल गरेको तथा अधुरो अवस्थामा रही जिम्मेवारी सार्दै आएको छ।

(रु.हजारमा)

<table>
<tr><th>योजनाको नाम</th><th>सम्झौता मिति</th><th>सुरु सम्झौता अवधि</th><th>म्यादथप अवधि</th><th>भौतिक प्रगति</th><th>हालसम्मको भुक्तानी</th></tr>
<tr><td>कृष्ण मार्ग स्तरोन्नति</td><td>२०७३।१।२३</td><td>२०७४।४।२८</td><td>२०७६।५।२१</td><td>६९</td><td>७१७२९</td></tr>
<tr><td>सिन्धु मार्ग (कन्तर-श्यामघा हातिया खण्ड) को निर्माण</td><td>२०७३।१।२३</td><td>२०७४।४।२८</td><td>२०७६।५।२१</td><td>७४</td><td>७१९८९</td></tr>
<tr><td>भानुमार्ग-चन्द्रवाती-पिलिमार्ग-कुञ्छा-कालीमाटी सडक स्तरोन्नति</td><td>२०७६।७।४</td><td>२०७८।१०।१५</td><td>२०८२।३।१३</td><td>२८</td><td>६१६२९</td></tr>
<tr><td>दुलेगौंडा हर्कपुर सडक स्तरोन्नति</td><td>२०७६।७।४</td><td>२०७८।१०।१५</td><td>२०८२।३।१३</td><td>४५</td><td>१०५८८४</td></tr>
<tr><td>रातोमाते रायपाली भञ्याङ सडक स्तरोन्नति</td><td>२०७९।१२।२७</td><td>२०८०।१२।२६</td><td>२०८१।९।४</td><td>३५</td><td>६८३२</td></tr>
</table>

</td><td>

प्रदेश सरकार मन्त्रीपरिषद्बाट मिति २०८२/११/१४ को निर्णय अनुसार अदालतको आदेश बमोजिमको रकम भुक्तानी गरी सुविस्ताको आधारमा खरिद सम्झौता अन्त्य गर्ने निर्णय भएकोले फछ्यौंटको लागि पेश गरिएको छ ।

२. सिन्धु मार्ग (कन्टार-श्यामघा -हाटिया खण्ड) को निर्माणः- पूर्व निर्धारित क्षतिपूर्ति समेत लगाएर हाल सम्म ८६.९२% कार्य सम्पन्न भएको र अन्तिम कार्यसम्पन्न जारी गर्न सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११७ उपनियम २(ख) को व्यवस्था बमोजिम निर्माण कार्य हुन नसकेको र यस अघि निर्माण गरिएका कतिपय सिभिल संरचनाहरु भौतिक रुपमा पनि जीर्ण भई मर्मत सम्भार गर्नुपर्ने देखिएको। सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको व्यवस्था अनुसार निर्माण कार्य गरी यस अघि निर्माण कार्य भई मर्मत गर्नुपर्ने संरचनाहरु मर्मत भए पश्चात् खरिद सम्झौताको कार्यसम्पन्न हुने व्यहोरा सम्बन्धित निर्माण व्यवसायीलाई लिखित तथा मौखिक जानकारी दिईएको अन्यथा कालोसूचिमा राख्ने प्रकृया अगाडि बढाउने भनिएको। (१२.३ किमी, ९ करोड ८५ लाख ७५ हजार ३८० रुपैयाँ सम्झौता रकम, भुक्तानी रकम ८ करोड ६ लाख ७२ हजार १ सय रुपैयाँ ७२ पैसा)

३.भानुमार्ग-चन्द्रावती-पिलिमार्ग-कुञ्छा-कालीमाटी सडक

</td><td>

बजेट विनियोजन गर्न तथा यस दफामा उल्लेख भएको महालेखापरीक्षकको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने ।

</td></tr>
</table>

दफा	बेरुजुको संक्षिप्त विवरण	मन्त्रालयको जवाफ	समितिको निर्णय
		स्तरोन्नतिः- हाल सम्म ६०% भौतिक प्रगति देखिन्छ। कार्यालयबाट पटक-पटक समयमै काम सम्पन्नको लागि सम्बन्धित निर्माण व्यावसायीलाई लिखित तथा मौखिक ताकेता गरिएको छ। नाला, टेवा पर्खाल तथा बांकी पिचको काम यथाशीघ्र सम्पन्न गर्ने निर्देशन गरिएको अन्यथा हर्जना तथा कानूनी कारवाहीको चेतावनी समेत दिईएको छ।(१० किमी, २० करोड३७ लाख ८६ हजार ७८१ रुपैयाँ ५८ पैसा सम्झौता रकम, भुक्तानी रकम १२ करोड २१ लाख ११ हजार १ सय ८ रुपैयाँ) **४.दुलेगौडा हर्कपुर सडक स्तरोन्नतिः-** हालसम्म ५५.६९% भौतिक प्रगति देखिन्छ । बाँकी काम सम्पन्न गर्नको लागि सम्बन्धित निर्माण व्यावसायीलाई लिखित तथा मौखिक ताकेता गरिएको र अन्यथा हर्जना तथा कानूनी कारवाहीको चेतावनी समेत दिईएको छ। (१०.१८ किमी, २५ करोड ९९ लाख २८ हजार ९५ रुपैयाँ सम्झौता रकम, भुक्तानी रकम १५ करोड २४ लाख १७ हजार ५ सय ३८ रुपैयाँ। **५.रातोमाटे राईपाली भञ्याङ सडक स्तरोन्नतिः-** हालसम्म खुद प्रगति ६६.६३% रहेको थप काममा नाली, जाली र ढलानको कामको Quantity Verification को क्रममा रहेको साथै यस कार्यालयबाट प्राविधिक अनुगमन हुँदा Defect देखिएको हकमा पुनः सच्याउन	

दफा	बेरुजुको संक्षिप्त विवरण	मन्त्रालयको जवाफ	समितिको निर्णय
		निर्देशन भएको छ । (१.१६ किमी, २ करोड ५ लाख ३१ हजार ४ सय ८९रुपैयाँ सम्झौता रकम, भुक्तानी रकम १ करोड ३६ लाख १८ हजार १ सय १७ रुपैयाँ)	
	१५.४. पूर्वाधार विकास कार्यालय, मुस्ताङले ठिनी-दुम्बा-छैरो-चिमाङ्ग-मार्फा सडक निर्माणका लागि निर्माण व्यवसायीसँग रु.२१ करोड ४३ लाख १४ हजारमा २०७८।३।२६ सम्म निर्माण सम्पन्न गर्नेगरी २०७६।३।२६ मा सम्झौता भएकोमा कार्यसम्पन्न हुन नसकेकोले २०८१।७।३० सम्म छैटौं पटक म्याद थप गरी रु.१७ करोड ११ लाख ९९ हजार भुक्तानी भएकोमा निर्माण कार्यसम्पन्न हुन सकेको छैन। १५.५. पूर्वाधार विकास कार्यालय, बर्दघाट सुस्ता पूर्वले मुकुन्दपुर-आहाले-रतनपुर-बुलिङ्गटार सडक २०७८।१०।१५ सम्ममा कार्यसम्पन्न गर्ने गरी २०७६।७।८ मा एक निर्माण व्यवसायीसँग रु.२४ करोड ८१ लाख ८ हजारको ठेक्का सम्झौता भएकोमा २०८१।२।२१ मा भेरिएसन आदेश स्वीकृत गरी संशोधित सम्झौता अङ्क रु.२४ करोड ५८ लाख २५ हजार कायम गरिएको छ। तेस्रो पटक म्याद थप गरी कार्यसम्पन्न गर्ने अवधि २०८१।३।८ सम्म पुर्‍याएकोमा हालसम्म रु.१८ करोड ८५ लाख २ हजार (७५.९७ प्रतिशत) को कार्य गरी भुक्तानी भएकोमा निर्माण कार्यसम्पन्न हुन सकेको छैन। अधुरा रहेका ठेक्काका सम्बन्धमा खरिद कानुन तथा सम्झौताका शर्तअनुसार कारबाही गरी निर्माण कार्यसम्पन्न गर्नपर्दछ ।	ठिनी-दुम्बा-छैरो-चिमाङ्ग-मार्फा सडक निर्माणको कार्य सम्पन्न हुने क्रममा रहेको र यसै आ.व. मा बाँकी रहेका काम पुरा गरि निर्माण कार्य सम्पन्न गरिने साथै मिति २०८२/१०/१६ गते मन्त्रालयमा ठेक्का व्यवस्थापन बैठक बसी निर्माण व्यवसायीद्वारा समयमै निर्माण कार्य सम्पन्न प्रतिबद्धता समेत जनाएको। निर्माण व्यवसायीलाई निर्माण कार्य समयमै सम्पन्न गर्नको लागि पत्राचार मार्फत निरन्तर ताकेता गरिएको। सडकको कुल लम्बाई १० किमी रहेकोमा ९ कि मि सम्पन्न भईसकेको र १ कि मि सम्पन्न हुन बाँकी रहेको छ। ठेकेदारले कार्यालयका कर्मचारीको अनुपस्थितिमा करिव १ किमी ढलानको कार्यको गुणस्तर सुधार गर्नुपर्ने भएकोले कार्यालयबाट पत्राचार गरिएकोमा व्यवसायीले कुनै चासो नदिएकोले ठेक्का सम्पन्न नभएको।	
१६	**मूल्य समायोजनः-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा **५५** तथा नियमावलीको नियम ११९ र सम्झौतामा उल्लेखित शर्तअनुसार ठेक्कामा मूल्य समायोजन गर्ने प्रावधान रहेका छन्। यसमा देखिएका बेहोरा निम्नानुसार छन्: **१६.१.** पूर्वाधार विकास कार्यालय, गोरखाले राधाकृष्ण मन्दिर कलामाता पौवाटार मिलनचोक सल्लाघारी हटिया मजुवा सडक निर्माण कार्यका लागि एक निर्माण	राधाकृष्ण मन्दिर कलामाता पौवाटार मिलनचोक सल्लाघारी हटिया मजुवा सडक निर्माण कार्यका लागि अमर कन्स्ट्रक्सन प्रा.ली.सँग रु. २३ करोड ३८ लाख ८७ हजारको ठेक्का सम्झौता २०७६।०३।१६ मा २४	असुल उपर गर्नुपर्ने बाँकी रकम असुल उपर गर्न तथा असुल उपर भैसकेको रकम प्रमाण कागजात

दफा	बेरुजुको संक्षिप्त विवरण	मन्त्रालयको जवाफ	समितिको निर्णय
	व्यवसायीसँग रु.२३ करोड ३८ लाख ८७ हजारको ठेक्का सम्झौता २०७६।३।१६ मा २४ महिनाभित्र सम्पन्न गर्नेगरी भएकोमा चारपटकमा २०८१ चैत्र मसान्तसम्म ४५ महिना म्याद थप भएको छ। यो वर्षसम्म भौतिक प्रगति ५५ प्रतिशत भएको जनाइएको छ। हरेक पटकको म्याद थपमा कुनै किसिमको आर्थिक दायित्व नपार्ने र कुनै आर्थिक दाबी नगर्ने लिखित प्रतिवद्धता पत्र पेस गरे तापनि हालसम्म मूल्य समायोजन भुक्तानी रु.४३ लाख ६१ हजारमध्ये म्याद थप पश्चातको भुक्तानी रु.३३ लाख ८८ हजार रहेको छ। प्रतिवद्धता भन्दा फरक हुने गरी भुक्तानी गरेको रकम असुल गर्नुपर्दछ । **१६.२.** पूर्वाधार विकास कार्यालय, गोरखाले माछाखोला लम्सीबोट यमगाउँ गुम्दा सडक स्तरोन्नति कार्य २०७९।४।१६ सम्म सम्पन्न गर्ने गरी २०७७।५।१ मा एक निर्माण व्यवसायीसँग रु.३२ करोड ९० लाख ८८ हजारको ठेक्का सम्झौता गरेकोमा तेस्रो पटकसम्म म्याद थप गरी २०८२।२।३० सम्म पुर्‍याइएको छ। निर्माण व्यवसायीले प्रत्येक पटक म्याद थप माग गर्दा कार्यसम्पन्न गर्न तोकिएको सुरु अवधि २०७९।४।१६ भन्दा ३० दिन अगाडिको नेपाल राष्ट्र बैङ्कको मूल्य सूचकबाट मूल्य समायोजन भुक्तानी लिने, आइडल चार्ज, ओभरहेड र अन्य कुनै आर्थिक दाबी नगर्ने लिखित प्रतिवद्धतासहित म्याद थप माग गरेको र कार्यालयले पनि सोही आधारमा म्याद थप गरेकोले म्याद थपगरेको अवधिको रु.९१ लाख ७९ हजार मूल्य समायोजन गरी मूल्य वृद्धि रकम भुक्तानी दिएको छ। लिखित प्रतिवद्धता लिए भन्दा फरक भुक्तानी भएको मूल्य वृद्धि रकम असुल गर्नुपर्दछ। **१६.३.** पूर्वाधार विकास कार्यालय, पर्वतले नुवारपानी, हिमालय मा.वि.पाङ नुवार कसेरी खनियाघाट सडक निर्माणको रनिङ बिल १ देखि ४ सम्म सम्झौतामा उल्लेख भएअनुसार मूल्य समायोजन फ्याक्टरले गणना गरी रु.२ लाख ४१ हजार भुक्तानी गर्नुपर्नेमा रु.५ लाख ८४ हजार भुक्तानी भएकोले रु.३ लाख ४३ हजार र मिलनचोक सल्यान गाहाखेत ठोटनेरी सडकको १३औं रनिङ बिलसम्मको मूल्य समायोजन गणना गर्दा रु.८ लाख ४२ हजार समेत रु.११ लाख ८४ हजार बढी भुक्तानी भएकोले सम्बन्धितवाट असुल हुनुपर्दछ।	महिनाभित्र सम्पन्न गर्ने गरी भएकोमा चार पटकमा २०८१ चैत्र मसान्तसम्म ४५ महिना म्याद थप भएको, पाचौ पटक २०८२।०२।३० मा म्याद थप भएको, तत्पश्चात् काम निरन्तर भईरहेकोमा २०८२ फागुन मसान्त सम्म करिब ८५% काम सम्पन्न भएको र उक्त योजनामा रु.१६,८४,९०,०९४.८० भुक्तानी भएको छ। सुरुको सम्झौता बमोजिमको समय सम्म नेपाल राष्ट्र बैङ्कको मूल्य सूचकबाट मूल्य समायोजन गरी भुक्तानी दिईएको र थप भएको समयावधिमा भुक्तानी गर्दा नेपाल राष्ट्र बैङ्कको मूल्य सूचकलाई सुरुको सम्झौता बमोजिमको समया अवधिमा ईन्डेक्स फ्रिज गरी भुक्तानी दिईएकोले फछ्र्यौटको लागि पेश गरिएको छ। माछाखोला लम्सीबोट यमगाउँ गुम्दा सडक स्तरोन्नति कार्य २०७९।४।१६ सम्म सम्पन्न गर्ने गरी २०७७।५।१ मा अमर/पिआर/ नाना जे भी सँग रु.३२ करोड ९० लाख ८८ हजारको ठेक्का सम्झौता गरेकोमा चौथो पटक मिति २०८२/०३/३० मा म्याद रहेकोमा पुनः थप भई मिति २०८३/०३/३० सम्म म्याद कायम रहेको छ। सुरु सम्झौता बमोजिमको समय सम्म नेपाल राष्ट्र बैङ्कको मूल्य सूचकबाट मूल्य समायोजन गरी भुक्तानी दिईएको र थप भएको समयावधिमा भुक्तानी गर्दा नेपाल राष्ट्र बैङ्कको मूल्य सूचकलाई सुरुको सम्झौताको कार्य सम्पन्न गर्ने समय बमोजिमको ईन्डेक्स फ्रिज गरी भुक्तानी दिने गरिएकोले	समेत संलग्न गरी नियमानुसार सम्मपरीक्षण गरी लगत कट्टा गर्न निर्देशन दिने।

दफा	बेरुजुको संक्षिप्त विवरण	मन्त्रालयको जवाफ	समितिको निर्णय
		फछ्र्यौटको लागि पेश गरिएको छ। सडकको केहि भाग पहिरो जाने र भौगोलिक रुपमा ज्यादै कमजोर बनौट तथा जटिल रहेको छ। हिमालय मा.वि.-पाङ-नुहार-कसेरी—खनिया घाट सडकको चौथो बिलसम्म मूल्य समायोजनमा ३,४२,३३९.५२ बढी भुक्तानी भएकोमा पाँचौं बिलको मूल्य समायोजन (रु. १,८८,२२४.१४) समेत गणना गर्दा पहिलो बिलदेखि पाँचौं बिलसम्मको जम्मा रु. ४,३०,२१५.४४ आएको र पहिल्यै ५,८४,३३०.८२ भुक्तानी भएकोले पाँचौं बिलमा रु. १,५४,११५.३८ र सोमा मूल्य अभिवृद्धि कर समेत गरी जम्मा रु. १,७४,१५०.३८ कट्टा गरी असुल गरिएको।	
१७	**मर्मत सुधारः-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(१क) बमोजिम निर्माण कार्यसम्पन्न भइसकेपछि सम्झौता बमोजिम निर्माण कार्यको त्रुटि सच्याउने दायित्वको अवधि समाप्त नहुँदै कुनै त्रुटि देखिएमा सार्वजनिक निकायले सोको यकिन गरी समयमानै दाबी गर्नुपर्ने व्यवस्था छ। पूर्वाधार विकास कार्यालय, मुस्ताङले लोमान्थाङ्ग-ठिङ्कर-किमलिङ्ग-चुमचङ्ग-नाम्डो-नेहचुङ्ग सडक निर्माण कार्य गर्न एक निर्माण व्यवसायीसँग २०७६।४।६ मा रु.२१ करोड १७ लाख १० हजारको सम्झौता गरी २०७७।१०।६ सम्म सम्पन्न गर्न तोकिएकोमा सार्वजनिक खरिद नियमावलीको तेह्रौं संशोधनका आधारमा २०८१।२।२४ सम्म छैटौं पटक म्याद थप गरेको छ। कार्यालयले उक्त निर्माण कार्य २०८१।५।१२ मा सम्पन्न गरेको जनाएको छ। सम्झौताको त्रुटि सच्याउने अवधि ३६५ दिन रहेकोमा योजनाको स्थलगत अवलोकन गर्दा ग्राभेल सडकमा वर्षातबाट क्षति पुगेर खाल्टा खुल्टी परिसकेको, स्ल्याव कल्भर्टहरू पुरिएको, विभिन्न स्थानमा साइड ड्रेनहरू भत्किसकेको देखियो। खरिद कानुन तथा सम्झौताको शर्तबमोजिम निर्माण व्यवसायीबाट उक्त	सम्झौता त्रुटी सच्याउने अवधि त्रुटी सच्याउनको लागि निर्माण व्यवसायीलाई ३६५ दिन भित्रै मितिः२०८१/०७/२८ च. न. २६८, मिति २०८१/१२/१३, च. नं. ४७० र २०८२/०२/२५ च. नं. १०८५ को “निर्माण सम्पन्न भएको कार्य सुधार गर्ने सम्बन्धमा” पटक पटक पत्राचार गरिएको तर हालसम्म पनि त्रुटी सच्याउने कार्य निर्माण व्यवसायीबाट नभएकोले धरौटी रकमबाट लागत अनुमान तयार गरी मर्मत गर्ने तयारी गरिएको।	निर्माण सम्पन्न भैसकेको आयोजनाको त्रुटि सच्याउने अवधिभित्र आयोजनामा कुनै क्षति पुगेमा सम्बन्धित निर्माण व्यवसायीलाई मर्मत सम्पन्न गर्न निर्देशन दिने।

दफा	बेरुजुको संक्षिप्त विवरण	मन्त्रालयको जवाफ	समितिको निर्णय
	कार्यहरू मर्मत गराउनुपर्दछ।		
१८	**नौडाँडा कार्कीनटा सडकः-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(१क) बमोजिम निर्माण कार्यसम्पन्न भइसकेपछि सम्झौता बमोजिम निर्माण कार्यको त्रुटि सच्याउने दायित्वको अवधि समाप्त नहुँदै कुनै त्रुटि देखिएमा सार्वजनिक निकायले सोको यकिन गरी समयमानै दाबी गर्नुपर्ने व्यवस्था छ। नौडाँडा कार्किनेटा सडक रु.२१ करोड ८० लाख ९० हजार लागतमा यो वर्ष सम्पन्न भएको छ। उक्त निर्माण कार्यको पूर्वाधार विकास कार्यालय, स्याङ्जाका विशेषज्ञ परामर्शदाता र प्राविधिक समेतको उपस्थितिमा स्थलगत निरीक्षण गर्दा सडकको विभिन्न भागमा कमजोर निर्माण संरचना र प्राविधिक त्रुटिको कारण निर्माण कार्य न्यून गुणस्तरको भई भूक्षय भएको, सडक सुरक्षाको लागि बनाईएका ग्याबियन संरचना, मेसिनरी र प्लम कन्क्रिट कार्य ठाउँ ठाउँमा बिग्रिएको, ग्रेड नमिलाई माटो कटिङ्ग गरेको कारण जीर्ण भई बिग्रिएको देखियो। खरिद कानुन तथा सम्झौताको शर्तबमोजिम त्रुटि सच्याउने अवधिमा उक्त संरचना निर्माण व्यवसायीबाट मर्मत गराउनुपर्दछ।	कमजोर निर्माण संरचना प्राविधक त्रुटीको कारण निर्माण कार्य कमजोर गुणस्तरको भइ भूक्षय भएको बेरुजु सन्दर्भमाः- यस सडकको पहाडी क्षेत्रको कमजोर भौगोलिक बनावट भएका स्थानबाट सडकको रेखांकन परेको हुँदा वर्षादको समयमा बाढी, पहिरो भूक्षय र जमिन भासिने जस्ता प्राकृतिक प्रकोपको कारण संरचना बिग्रिदैमा र भत्किदैमा कमजोर निर्माण संरचना र प्राविधिक त्रुटीका कारणले कमजोर गुणस्तरको कार्य भएको मान्न नसकिने। महालेखा परीक्षकको कार्यालयबाट लेखा परीक्षणको समयमा उक्त सडकको स्थलगत अनुगमन गर्दा मुख्य वर्षातको याथावत समय थियो। वर्षातको समयमा ९.४ कि.मि. भित्र तीन स्थानमा बाढी पहिरोको कारण संरचनामा क्षती पुगेको। अनुगमनको समयमा देखिएका क्षतिग्रस्त संरचनाहरु निर्माण व्यवसायले त्रुटी सच्चाउनु पर्ने अवधि भित्र क्षति भएकोले सो को पून-निर्माण गरी हाल निर्वादरुपमा सुरक्षित सवारी आवगमन भैरहेको । ग्रेड नमिलाई माटो कटिङ गरेको कारण अधिकांश सडक खण्डमा भूक्षय भई सडक जिर्ण बनेको कारण सुरक्षित सवारी सञ्चालन गर्न नमिल्ने सन्दर्भमा : उक्त सडक योजना पूर्ण रुपमा नयाँ निर्माण गरेको नभई पहिले देखि नै सञ्चालनमा रहेको सडकको रेखाङ्कनलाई नै आधार	निर्माण सम्पन्न भैसकेको आयोजनाको त्रुटि सच्याउने अवधिभित्र आयोजनामा कुनै क्षति पुगेमा सम्बन्धित निर्माण व्यवसायीलाई मर्मत सम्पन्न गर्न निर्देशन दिने।

दफा	बेरुजुको संक्षिप्त विवरण	मन्त्रालयको जवाफ	समितिको निर्णय
		मानी स्तरोन्नति कार्य भएको। Road Alignment मा परेका वस्तीहरुलाई समेट्ने तथा यस अघी नै निर्माण गरिएका पुल तथा कलभर्टहरुलाई प्रयोग गर्ने गरि DPR तयार स्वीकृत भएकोले उक्त पुल तथा वस्तीहरु नजिक कहि कतै सडक मापदण्ड अनुरुप डिजाईन स्पीड तथा Sight Distance का लागी आवश्यक केहि चौडाई पुर्याउन नसकिए तापनि बाँकी सम्पूर्ण सडक खण्डमा सडक सुरक्षा तथा ग्रेडका कारण नियमित यातायात सञ्चालनमा कुनै कठिनाई नरहेको। साथै अनुगमनको समयमा निर्माण गरिएका केहि संरचनाहरु त्यस वर्षको अत्यधिक वाढी/वर्षा तथा पहाडी भिरालो भु-भागका कारण पहिरो गई केहि सडक खण्डको सतह विग्रनुका साथै केहि भौतिक संरचनाहरु मर्मत सम्भार गर्नुपर्ने देखिएकोले मर्मत सम्भार तथा भत्किएका संरचनाहरुको पुन निर्माणका लागि सम्वन्धित निर्माण व्यवसायीलाई मिति २०८१/०५/२५ मा त्रुटिपुर्ण कार्य सच्याउन र मर्मत गर्नु भनि पत्राचार गरिएकोमा निर्माण व्यवसायीले बर्षायाम सकिए लगत्तै कार्यालयलाई कुनै आर्थिक भार नपर्ने गरि त्रुटी सच्चाइसकेको र उक्त सडक संरचनाहरु हाल निर्माण सम्झौतामा निर्दिष्ट गरे बमोजिमको गुणस्तर रहेको। साथै निर्वादरुपमा सुरक्षित यातायात संचालन हुदै आएको छ। सम्बन्धित कागजात सहित समितिमा फछ्यौंटको लागि	

दफा	बेरुजुको संक्षिप्त विवरण	मन्त्रालयको जवाफ	समितिको निर्णय
		पेश गरिएको छ।	
१९	**असम्बन्धित आईटमः-** व्यवस्थापिका संसदको सार्वजनिक लेखा समितिबाट २०६९।१।८ मा भएकोनिर्णय भन्दा फरक हुने गरी पूर्वाधार विकास कार्यालय, बागलुङले ७ ठेक्कामा सवारी साधन भाडा लगायतमा रु.३२ लाख ४० हजार र पूर्वाधार विकास कार्यालय, म्याग्दीले ७ ठेक्कामा साइट अफिस लगायतमा रु.१९ लाख ८२ हजार सुविधा समावेश गरी भुक्तानी दिएको छ। यस्तो कार्य नियन्त्रण गर्नुपर्दछ।	**म्याग्दी जिल्लाः** भौगोलिक विकट दुर्गम हिमाली जिल्ला भएको यस कार्यालयबाट सञ्चालित योजनाहरु भौगोलिक रुपमा दुर्गम स्थान र विकट क्षेत्रमा सञ्चालनमा रहेको कारण जिल्ला सदरमुकामबाट समयमा नै योजना सञ्चालन भएका स्थानहरुमा पुग्न कठिनाई हुने भएकोले वहुवर्षिय योजनाहरुको ठेक्का सम्झौता हुँदा नै योजनाको निर्माण कार्यको सूपरीवेक्षण तथा स्थलगत निरीक्षण कार्य गरी योजना सम्पन्न गर्नको लागि साईट अफिसको आईटम BOQ मा राखी ठेक्का आब्हान भइ सम्झौता भएको र सोही अनुसार भुक्तानी भएको हो। चालु आर्थिक वर्षमा निर्माण/खरिद कार्य गर्दा ठेक्का व्यवस्थापन गरि वोलपत्र आव्हान गर्दा योजनामा साईट अफिस लगायत अन्य खर्च आईटम समावेश नगरिएको व्यहोरा अनुरोध छ। **वागलुङ जिल्लाः** आ.व. २०७९/८० पश्चात कुनै पनि ठेक्कामा सवारी भाडाको रुपमा कुनै पनि रकमलाई लागत अनुमानमा समावेश नगरिएकोले नियमित गर्न मनासिव रहेको छ।	महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने।
२०	**माटो कटिङ्ग र फिलिङ्गः-** सडक विभागबाट स्वीकृत सडक निर्माणको स्टयाण्डर्ड स्पेसिफिकेसन फर रोड एण्ड ब्रिज वर्क्स, २०७३ को बुँदा नं. ९१७ (५) मा सडकको एलाइन्टमेन्ट, माटो काट्ने, पुर्ने र लेभल मिलाउनुपर्ने काममा दोहोरो हुने गरी नाप गर्न नमिल्ने व्यवस्था छ। पूर्वाधार विकास कार्यालय, स्याङ्जाले माटो काट्ने र पुर्ने काममा ५ योजनाको माटो पुरेको परिमाण घटाएर भुक्तानी	**सडकको माटो Cutting Filling सम्वन्धमाः** प्रतिवेदनमा सडक विभागबाट स्वीकृत सडक निर्माण स्टयान्डर्ड स्पेसिफिकेशन फर रोड एण्ड ब्रिज वर्कर्स २०७३ को बुँदा नं. ९१७(५) मा सडकको Alignment स्थित	महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन

दफा	बेरुजुको संक्षिप्त विवरण	मन्त्रालयको जवाफ	समितिको निर्णय
	गर्नुपर्नेमा नघटाई भुक्तानी गर्दा ५ निर्माण व्यवसायीलाई रु.४६ लाख ४७ हजार बढी भुक्तानी भएकोले असुल गर्नुपर्दछ ।	माटोको कटान गर्नुपर्ने परिमाणलाइ लेभल मिलाउन पुर्दा सो परिमाणलाइ माटोको कटान तर्फ र माटो पुरेको परिमाण तर्फ दोहोरो हुने गरी नाप गर्न नमिल्ने व्यवस्था रहेको प्रतिवेदनमा उल्लेख भएकोमा पनि उल्लेखित दफामा रहेका प्रावधानहरु तपसिल बमोजिमका भएको व्यहोरा अनुरोध छ । १.एउटै सेक्सनमा Cutting र Filling गर्नु पर्ने भएमा Filling को Quantity को पुरै भुक्तानी दिने तर cutting को भुक्तानी गर्दा Filling को Quantity घटाएर दिने व्यवस्था भएको । २.एउटै सडक खण्डमा Cutting र Filling को दुरी ५० मिटर भन्दा बढी भएमा दुबैको भुक्तानी दिने व्यवस्था भएकोमा। कार्यालयले भुक्तानी गर्दा एउटै Section cutting र Filling भएको स्थानमा Filling को पुरै भुक्तानी गरी Cutting को भुक्तानीमा Filling Quantity घटाइ भुक्तानी गर्ने गरेको । - Cutting र Filling को Section ५० मी भन्दा टाढा भएमा मात्र दुबैको भुक्तानी गर्ने गरिएको । यस कार्यालयबाट देहाय बमोजिमको निर्माण व्यवसायीलाई भुक्तानी भएको Filling को Quantity बेरुजुमा उल्लेख भए बमोजिमको नभई तपसिल बमोजिम भएको व्यहोरा अनुरोध छ। साथै यो वेरुजु कार्यालयको प्रतिवेदनमा असुल गर्ने नभई सैद्धान्तिकमा रहेकोले आगामी दिनमा यस विषयमा सुधार गर्दै लगिनेछ ।	दिने।

दफा	बेरुजुको संक्षिप्त विवरण	मन्त्रालयको जवाफ	समितिको निर्णय
२१	**ठेक्का फरफारकः-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ (७) र (८) मा खरिद सम्झौता बमोजिम कामको प्रगति नगरेमा सार्वजनिक निकायले सो कामका लागि राखिएको जमानत जफत गरी सम्झौता बमोजिम बाँकी रहेको कार्य पुरा गर्न लाग्ने रकम निजबाट सरकारी बाँकी सरह असुलउपर गरिने उल्लेख छ। पूर्वाधार विकास कार्यालय, बर्दघाट सुस्तापूर्वले सुन्दरचोकदेखि स्वास्थ्य चौकी दलित मार्ग सडक निर्माण कार्य २०७६।३।२५ भित्र सम्पन्न गर्ने गरी एक निर्माण व्यवसायीसँग २०७५।१२।२८ मा रु.३१ लाख ४२ हजारको ठेक्का सम्झौता गरेकोमा निर्माण व्यवसायीलाई ताकेता गर्दा समेत समयमा कार्यसम्पन्न नगरेको जनाइ कार्यसम्पादन जमानत रु.६ लाख ३४ हजार जफत गरी धरौटी खातामा राखेको छ। बाँकी कार्यको रु.६५ लाख ३८ हजार खर्च लाग्ने गरी लागत अनुमान स्वीकृत समेत गरेको छ। कानुन अनुसार बाँकी निर्माण कार्य गराउनुपर्दछ।	कार्यालयले निर्माण व्यवसायीसँग ठेक्का तोडी कालोसुचीमा राखिएको छ। असुल उपरको लागि पत्राचार गरिसकिएको छ।पत्रिकामा समेत सूचना प्रकाशनको तयारीमा रहेको। कुमारी चोक तथा केन्द्रिय तहसिल कार्यालयमा सरकारी बाँकी सरह असुलउपरको लागि लगत कस्न पठाउने तयारीमा कार्यालय रहेको छ।	महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने।
२२	**डिजाईनः-** पूर्वाधार विकास कार्यालय, बर्दघाट सुस्ता पूर्वले जयश्री खोला पुल निर्माण गर्न रु.६ करोड७३ लाख ८१ हजारमा २ वर्षभित्र कार्यसम्पन्न गर्ने गरी २०७८।७।३ मा सम्झौता भएकोमा हालसम्म मूल्य समायोजन समेत रु.४ करोड ५६ लाख १८ हजार भुक्तानी गरेको छ। निर्माण व्यवसायीले पुल निर्माण गर्दा पुलको पायरको बायाँ पट्टिको पाईल खन्ने क्रममा ड्रिलिङ्ग मेसिनको भाग बीचमै चुडिन गई सो स्थानमा पाईल राख्न नमिल्ने जनाई १६ मध्ये एक पाईल पुरानो स्थान भन्दा १.५ मिटर बायाँ पट्टि राख्ने गरी नयाँ डिजाईन स्वीकृत गरेको छ। पुलको विस्तृत परियोजना प्रतिवेदन निर्माण एक डेभ्लपर्स एण्ड डिजाइनर्सबाट गरिएकोमा सोही परामर्शदाताबाट पुनः डिजाईन गर्न लगाइ पाईलको लम्बाई १८.५ मिटरको सट्टा १५ मिटर बनाइ डिजाइन परिवर्तन गरिएको छ। सम्झौता अनुसार उक्त निर्माण कार्यसम्पन्न गर्नुपर्दछ ।	जमिनमुनिको अवस्था पूर्वानुमान गर्न नसकिएकोले निर्माणको चरणमा Design Revised गरि भेरिएशन स्वीकृत गरिएको। परिमार्जित स्वीकृत डिजाइन बमोजिम निर्माण कार्यसम्पन्न भईसकेको।	महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने।
	यातायात व्यवस्था कार्यालयहरू		
२३	**राजस्व बक्यौताः-** यातायात व्यवस्था कार्यालय सवारी, कास्कीमा २०८१ आषाढ मसान्तसम्म बस कार, भ्यान, माईक्रो बस, टेम्पो, मोटरसाईकल र टेक्ट समेत जम्मा ३ लाख २१ हजार ७१६ सवारी	कार्यालयले प्रयोग गर्दै आइरहेको TMIS प्रणाली आन्तरिक अभिलेखन प्रयोजनको लागि मात्र प्रयोग गरिएको जसमा,	कार्यालयले प्रयोग गर्दै आइरहेको सवारी

दफा	बेरुजुको संक्षिप्त विवरण	मन्त्रालयको जवाफ	समितिको निर्णय
	साधन दर्ता भएकोमा यो वर्ष रु.१ अर्ब ४० करोड ४९ लाख ९४ हजार राजस्व सङ्कलन भई दाखिला भएको छ। दर्ता भएका सवारी साधनमध्ये नवीकरण एवं राजस्व दाखिला गर्न बाँकीको अभिलेख ट्र्याकिङ्ग प्रणाली अद्यावधिक गरेको देखिएन। कार्यालयले प्रयोग गर्दै आइरहेको सवारी व्यवस्थापन सूचना प्रणालीमा दर्ता अभिलेख राखी नवीकरण नगरेको साधनको बक्यौता अद्यावधिक गरी असुल गर्नुपर्दछ।	कर गणना र सवारी साधनको विवरण अभिलेखिकरण मात्र हुने र हाल यातायात व्यवस्था विभागले संचालन गरेको VRS, eVRS प्रणालीमा बक्यौता ट्रयाकिङ गर्ने व्यवस्था नरहेको हुँदा नविकरण नभएका सवारी साधनहरुको अभिलेख नरहने हुँदा VRS, eVRS प्रणालीमा सुधार गरी ट्रयाकिङ प्रणाली लागू गर्ने व्यवस्थाको लागि नेपाल सरकारको भौतिक पूर्वाधार तथा यातायात व्यवस्था मन्त्रालयसँग समन्वय भईरहेको र प्रणालीमा सुधार भएपश्चात सवारी साधनको वक्यौता अद्यावधिक गरी असूल गर्न सकिनेछ।	व्यवस्थापन सूचना प्रणालीमा सवारी साधनको दर्ता अभिलेख राखी नवीकरण नगरेको सवारी साधनको बक्यौता रकम असुलीको व्यवस्था गर्न निर्देशन दिने।
२४	**सवारी व्यवस्थापन सूचना प्रणालीः-** यातायात व्यवस्था कार्यालय सवारी, कास्कीले सवारी नम्बरकाआधारमा रिफरेन्स डाटाबेस तयारी गरी सम्पूर्ण तथ्याङ्कहरू प्रविष्टि तथा अद्यावधिक गर्न यातायात व्यवस्था विभागले जडान गरेको e-VRS प्रणालीको अतिरिक्त कम्प्युटरमा आधारित सवारी व्यवस्थापन सूचना प्रणाली (TMIS) विकास गरी सञ्चालन गरेको छ। सफ्टवेयर सञ्चालन गर्न एक इञ्जिनियरिङ्ग कन्सल्ट्यान्ट प्रा.लि. सँग सम्झौता गरी यो वर्ष रु.९ लाख ९८ हजार भुक्तानी दिई ३ लाख १९ हजार १०६ सवारी साधनको फाइल डिजिटाइजेसन गरेको छ। सफ्टवेयरले दैनिक सेवाग्राहीबाट लिनुपर्ने करको गणना पश्चात भिआरएसमा पुनः प्रविष्टि गर्ने गरेको छ। राजस्व दाखिला गर्ने रिम्स र सवारी चालक अनुमतिपत्र सम्बन्धी कार्य गर्ने अनलाईन सर्भर भिआरएस र कार्यालयले प्रयोग गरिरहेको टि.एम.आइ.एस.बीच सम्बन्ध नदेखिँदा दैनिक राजस्व आम्दानी फरक फरक लेखाङ्कन हुने गरेको पाइयो। कर गणना, अपरेटिङ्ग र राजस्व सङ्कलन गर्ने प्रणालीबीच तालुक निकायले अनुगमन एवं मूल्याङ्कन गरी प्रणालीमा एकरुपता ल्याउनुपर्दछ ।	कार्यालयले प्रयोग गर्दै आइरहेको TMIS प्रणाली आन्तरिक अभिलेखन प्रयोजनको लागि मात्र प्रयोग गरिएको जसमा, कर गणना र सवारी साधनको विवरण अभिलेखिकरण हुने तर यातायात व्यवस्था विभागले संचालन गरेको नेपालभरिका यातायात व्यवस्था कार्यालयहरुमा प्रयोग हुने VRS System मा मात्र करको लेखाङ्कन हुने गरेको छ। VRS system को विभागबाट प्रणाली व्यवस्थापनमा प्रदेशलाई पहुँच प्राप्त भएमा TMIS सँग अन्तरआवद्धता गर्न सकिने अवस्था रहेको छ ।सो को लागि नेपाल सरकारसँग आवश्यक पहल र समन्वय भईरहेको छ।	मन्त्रालय मातहत रहेका यातयात व्यवस्था कार्यालयहरुबाट सवारी साधनको दर्ता सम्बन्धी विकास गरेको सवारी व्यवस्थापन सूचना प्रणाली (TMIS) लाई अद्यावधिक गरी राजस्व दाखिला गर्ने रिम्स, अनलाईन सर्भर भि.आर.एस. र टि.एम.आइ.एस. बीच एकरुपता कायम हुने गरी प्रणालीको विकास गरी

दफा	बेरुजुको संक्षिप्त विवरण	मन्त्रालयको जवाफ	समितिको निर्णय
			कार्यान्वयन गर्न निर्देशन दिने।
२५	**घर जग्गा बहालः-** यातायात व्यवस्था कार्यालय (चालक अनुमती) कास्कीको स्वामित्वमा रहेको जग्गाबहालमा लिने गरी सामुदायिक अस्पतालसँग २०७१ असार २५ मा भएको सम्झौताको बुँदा नं. १ (ख) बमोजिम व्यापारिक भवन तथा कार्यालय भवन र ४ रोपनी जग्गा समेतको पहिलो र दोस्रो वर्षको मासिक भाडा रु.२ लाख ५० हजार र तेस्रो वर्षदेखि भाडामा १० प्रतिशतको दरले वृद्धि हुने र घर जग्गाको सम्झौता अवधि ३ वर्षसम्म हुने व्यवस्था छ। कार्यालयलाई सम्झौता अनुसार २०७५।७६ देखि २०८०।८१ सम्म रु.४ करोड २९ लाख ८४ हजार बुझाउनु पर्नेमा २०८१ फाल्गुसम्म रु.२ करोड २१ लाख प्राप्त गरेकोले बाँकी रकम व्याज सहित असुल हुनुपर्दछ।	१.तत्कालिन नेपाल कर्पोरेशन कम्पनी लिमिटेड (NCCN) को नाममा रहेको पोखरा ९ पृथ्वीचोक स्थित १२३९४.९ वर्गमिटर जग्गा मध्ये दक्षीण तर्फबाट ४-०-०-० रोपनि जग्गा र उक्त जग्गामा बनेको व्यापारिक भवन जम्मा कोठा १३, कार्यालय भवन जम्मा कोठा ९ र त्यसमा बनेका टहरा मध्येबाट जम्मा कोठा ५ समेतमा अस्पताल सञ्चालन गर्न मिति २०७१ असार २५ गते सम्झौता भएको र २०७३ असार सम्म म्याद रहने गरी मासिक रु. २ लाख ५० हजार भाडा तिर्ने र तेस्रो वर्षदेखि प्रत्येक वर्ष १० प्रतिशतका दरले भाडा बृद्धि हुने शर्तमा तत्कालिन नेपाल कर्पोरेशन कम्पनी लिमिटेड (NCCN) र तत्कालिन सहिद स्मृति स्वास्थ्य सहकारी संस्था लि. (हाल पश्चिमाञ्चल सामुदायिक अस्पताल) बीच सम्झौताको भएको देखिन्छ । २.नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७१।०४।२२ को निर्णयले साविक नेपाल कर्पोरेशन कम्पनी लिमिटेड (NCCN) खारेज भएको र (NCCN) को स्वामित्वमा रहेको ३४५२, ३४५४ समेतका २१ कित्ता (हाल कायम कि.नं. ७) क्षेत्रफल १२३९४.९ वर्गमिटरको जग्गा यातायात व्यवस्था कार्यालय सवारीचालक अनुमतिपत्र कास्कीको नाममा स्वामित्व हस्तान्तरण भई २०७४।०४।१७ मा श्रेष्ता	यातायात व्यवस्था कार्यालय (चालक अनुमती) कास्कीको स्वामित्वमा रहेको जग्गा बहालमा लिने गरी सामुदायिक अस्पातालसँग २०७१ असार २५ मा भएको सम्झौता अनुसारको हालसम्म बुझाउन बाँकी सम्मूर्ण रकम असुल गर्न निर्देशन दिने।

दफा	बेरुजुको संक्षिप्त विवरण	मन्त्रालयको जवाफ	समितिको निर्णय
		समेत कायम भएको विभिन्न कागजातहरुबाट देखिन्छ । ३.यसरी सम्झौताको समयावधी मिति २०७३ असार मसान्तमा समाप्त भएपधात त्यसपश्चात नयाँ अवधिका लागि कुनै पनि सम्झौता भएको नदेखिएको र यस कार्यालयले च.नं. २६९ मिति २०७४।२।२८ मा घर जग्गा खालि गर्न पत्राचार गरेको तथा मिति २०७४।०४।०८, २०७४।५।२, २०७४/५/२५ लगायतका मितिमा उक्त घरजग्गा खालि गर्न सूचना प्रकाशन गरेकोमा उक्त पत्राचार तथा सूचनाका विरुद्धमा पश्चिमाञ्चल सामुदायिक अस्पतालले मिति २०७४।०६।०२ मा सम्मानित सर्वोच्च अदालतमा रिट नं. ०७४-wo-०२०१ को मुद्दामा कार्यालयको मिति २०७४।२।२८ को पत्र तथा नेपाल सरकार मन्त्रिस्तरको मिति २०७३।१२।२१ को निर्णय खारेजीको माग गर्दै उत्प्रेषण परमादेश समेतको रिट दायर गरेको उपलब्ध अभिलेखबाट देखिन्छ। ४.सम्मानित अदालतले रिट नं. ०७४-wo-०२०१ को मिति २०७४।०६।०४ मा मुद्धाको अन्तिम किनारा नलाएसम्म अस्पताल सन्चालन गर्न दिन आदेश दिएकोमा सम्मानित सर्वोच्च अदालतको मिति २०८०/०६/०२ मा उक्त मुदा ०७४-७०-०२०१ को सम्बन्धमा गरेको अन्तिम फैसलाको निश्कर्ष खण्डमा करारको अवधि समाप्त	

दफा	बेरुजुको संक्षिप्त विवरण	मन्त्रालयको जवाफ	समितिको निर्णय
		भए पश्चातसमेत रिट निवेदक पश्चिमाञ्चल सामुदायिक अस्पतालले आफूले ३ वर्षको लागि भनि मिति २०७०।०४।०१ देखि लागू हुने गरी घरजग्गा भाडामा दिने करार गरी अस्पताल संचालन गर्दै आई रहेको र हालसम्म सो घरजग्गा भोग गर्दै आएको भएपनि यो करारको विषयमा एकतर्फि रुपमा यस अदालतले रिट निवेदकको मागबमोजिमको आदेश जारी गर्नसक्ने अवस्थाको विद्यमानता रहेको नदेखिएकोले प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ भन्ने उल्लेख भएको देखिन्छ । यसपश्चात कार्यालयले पटक पटक विभिन्न मितिमा भाडा बापतको मलेपले औंल्याएको बेरुजु बक्यौता रकम दाखिला गरी जग्गा तथा संरचना खाली गर्नुहुन भनी पटक पटक पत्राचार गरिरहेको तर उक्त अस्पतालले हालसम्म वेरुजु बक्यौता रकम दाखिला नगरेको तर अस्पताल सञ्चालन गरिरहेको अवस्था छ। ५.महालेखा परीक्षकको आर्थिक वर्ष २०८०।८१ को सातौं प्रतिवेदन, २०८२ (आ.व. २०८१।८२ को मलेप सम्पन्न भएपनि प्रारम्भिक प्रतिवेदन प्राप्त नभएको) अनुसार उक्त सामुदायिक अस्पताल २०७०।७१ देखि नै बसिराखेको अवस्था र अर्को सम्झौता गरेको नदेखिएकोले २०७५।७६ देखिको मासिक भाडा रु.२,५०,००० ले वार्षिक रु.३०,००,०००।- को हिसाबमा सम्झौताको शर्त अनुसार साविकदेखि गणना गर्दा आ.व. को १०	

दफा	बेरुजुको संक्षिप्त विवरण	मन्त्रालयको जवाफ	समितिको निर्णय
		प्रतिशतले वृद्धि गर्दा हुने देखिन्छ भनी उल्लेख भएको छ। उपरोक्त अनुसार २०७५।७६ देखि २०८१ फाल्गुनसम्म व्याजसहित रु.४ करोड ८४ लाख ४ सय ३४ भाडा वापत बुझाउनु पर्नेमा हालसम्म रू.२ करोड २१ लाख बुझाएकोले बाँकी २०८१ फाल्गुनसम्म रु.२ करोड ८ लाख ८४ हजार ४ सय ३४ असुल गर्नका लागि पत्राचार गरिएको तर हालसम्म पनि उक्त रकम दाखिला नभएकोले बेरुजु फछ्र्यौटको प्रगति हुन नसकेको बहोरा अनुरोध छ। ६.कार्यालयबाट घर बहाल बक्यौता दाखिला गरी जग्गा तथा संरचना खाली गर्ने सम्बन्धमा मिति २०८३।०१।०९ गते पश्चिमाञ्चल सामुदायिक अस्पताललाई पुनः ताकेता गरिएको छ।	
	अनुगमनः- गत विगतका प्रतिवेदनमा लमसम्म प्रकृतिको डिजाईन एण्ड विल्ट खरिद सम्झौतामा मूल्य समायोजन भुक्तानी गरेको, सम्झौताका बखत पेस गरेको मूल्य समायोजन डाटा भन्दा फरक हुनेगरी बढी मूल्य समायोजन दिएको, कन्टिन्जेन्सी खर्चको योजनागत अभिलेख नराखेको, परामर्श सेवा खरिदको नर्म्स तयार नगरेको लगायतका बेहोरा औंल्याइएकोमा यस सम्बन्धमा सुधार भएको देखिएन।	नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७८।११।१६ गतेको निर्णयानुसार सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० उपनियम (२) अनुसार डिजाइन र निर्माण सम्झौताको दर विश्लेषणको नर्म्स स्वीकृत भए बमोजिम मुल्य समायोजन गर्ने गरिएकोमा हाल महालेखाको विभिन्न मितिको प्रतिवेदनमा प्राप्त सुझावका आधारमा नयाँ ठेक्का व्यवस्थापन गर्दा सम्झौता कागजातमा नै उक्त प्रावधान हटाउने गरिएको छ।	महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने।

दफा	बेरुजुको संक्षिप्त विवरण	मन्त्रालयको जवाफ	समितिको निर्णय
	बेरुजु रकमको विवरणः- मन्त्रालय तथा मातहत समेत २० निकायमा यो वर्ष रु.२९ करोड ५३ लाख९३ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि ५ निकायबाट रु.५ करोड ६७ लाख ७७ हजार फछ्र्यौट र प्रतिक्रियाबाट रु.१० लाख ३३ हजार थप समेत रु.२३ करोड ९६ लाख ५० हजार बेरुजु बाँकी रहेको छ। सो मध्ये रु.४ करोड ८७ लाख ७६ हजार म्याद नाघेको पेस्की बाँकी रहेको छ। यस सम्बन्धी विवरण अनुसूची-९ मा रहेको छ।	आ.व २०८०।८१ को रु २३ करोड ९६ लाख ५० हजार बेरुजु मध्ये ३ करोड ८३ लाख ४० हजार फछ्र्यौट भइसकेको छ र बाँकी बेरुजु फछ्र्यौटको लागि कार्यालयहरुलाई निर्देशन गरिएको छ।	

३.८ सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय

३.८.१ महालेखा परीक्षकको सातौं बार्षिक प्रतिवेदन, २०८२ उपर भएका निर्णयहरु

दफा	बेरुजुको संक्षिप्त विवरण	मन्त्रालयको जवाफ	समितिको निर्णय
१	**लेखापरीक्षण अङ्कः-** यो वर्ष मन्त्रालय र मातहतका समेत ५४ निकायको रु.४ अर्ब ७९ करोड ४६ लाख ४२ हजारको लेखापरीक्षण सम्पन्न भएको छ।	-	-
२	**बजेट खर्चः-** महालेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त मन्त्रालयको यस वर्षको आर्थिक विवरण अनुसार चालु तर्फ ६६.४४% तथा पुँजीगत तर्फ ६९.४९ गरी समग्रमा ६७.०६% वित्तीय प्रगति भएको छ।	• समग्र वित्तीय प्रगति अपेक्षाभन्दा केही कम देखिए पनि योजनाहरूको कार्यान्वयन प्रक्रियामा सुधार भइरहेको छ। आगामी दिनमा कार्यगत तीव्रता बढाई लक्षित प्रगति हासिल गरिनेछ।	-
३	**वार्षिक नीति तथा कार्यक्रमः-** प्रदेश सरकारको यो वर्षको वार्षिक नीति तथा कार्यक्रममा समावेश कार्यक्रममध्ये प्रदेश मातहतका अस्पतालहरूमा विद्युतीय स्वास्थ्य अभिलेख प्रणाली लागु, प्रदेशभित्र सुविधा सम्पन्न बाल अस्पताल सञ्चालन, तनहुँ, स्याङ्जा र बाग्लुङ्गमा प्राथमिक ट्रमा उपचार केन्द्र स्थापना, ठुला विद्यालय, लिड विद्यालय, आवासीय विद्यालय सञ्चालन गर्न स्थानीय तहलाई प्रोत्साहित, सामुदायिक र निजी शैक्षिक संस्थाबाट सञ्चालन गरिने विषयहरूमा एकद्वार प्रणाली मार्फत् प्राविधिक शिक्षालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न छाता ऐन बनाउने, पोखरास्थित प्रदेश संग्रहालयलाई "गण्डकी प्रदेश एकीकृत कला संस्कृति	• प्रदेश सरकारले प्रदेश सशर्त अनुदान अन्तर्गत प्रदेशभित्रका ४ वटा नमूना आवासीय विद्यालय छनौट गरी ती विद्यालयहरूको निरन्तर विकास र स्तरोन्नतिका कार्यहरू भइरहेको छ। • साथै, संघीय सशर्त अनुदानतर्फबाट प्रदेशका ३ वटा ठूला विद्यालय विकास कार्यक्रमका लागि बजेट विनियोजन भई निर्माण तथा स्तरोन्नतिको कार्य भइरहेको छ। • लिड विद्यालय स्थापनाका लागि कार्यविधि तर्जुमा भएतापनि अत्यधिक	नीति तथा कार्यक्रममा उल्लेख गर्ने तर बजेट विनियोजन नगर्नु उपयुक्त नभएकोले महालेखापरीक्षकको सुझाव अनुसार नै नीति कार्यक्रमको

दफा	बेरुजुको संक्षिप्त विवरण	मन्त्रालयको जवाफ	समितिको निर्णय
	संग्रहालय" को रूपमा विकास गर्ने लगायतका कार्यक्रमहरूमा बजेट विनियोजन गरेको पाईएन। वार्षिक नीति तथा कार्यक्रममा समावेश भएका योजना तथा कार्यक्रममा बजेट विनियोजन गरी कार्यान्वयन हुनुपर्दछ ।	बजेट आवश्यक पर्ने हुँदा पर्याप्त बजेट विनियोजन हुन नसक्दा प्रक्रिया अगाडि बढ्न सकेको छैन। • विद्यालय शिक्षाका उल्लेखित कार्यक्रमहरूमा दोहोरोपन नदेखिएको छ। • प्रदेश संग्रहालयको मुख्य प्रवेशद्वारसँगै रहेको जीर्ण भवन भत्काई नयाँ कोशेली घर निर्माण कार्य भइरहेको छ। • वार्षिक नीति तथा कार्यक्रममा समावेश भएका योजना तथा कार्यक्रममा बजेट विनियोजन गरी कार्यान्वय गरिने सुझाब कार्यान्वयन गरिने।	कार्यान्वयनलाई प्राथमिकतामा राखि अनिवार्य बजेट व्यवस्थापन गर्न निर्देशन दिने ।
४	**कार्यक्रम कार्यान्वयनः-** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३३ मा केन्द्रीय निकायले भौतिक र वित्तीय पक्षको कार्यालयगत र केन्द्रीय निकायगत समीक्षा गर्नुपर्ने, समीक्षा गर्दा प्रगति कम भएको देखिएमा सोको कारण पहिचान गरी सुधारको लागि चाल्नुपर्ने कदम उल्लेख गर्नुपर्ने र केन्द्रीय निकायको सचिव वा प्रशासकीय प्रमुखले बजेट तथा कार्यक्रम अनुसार प्रगति भए नभएको मूल्याङ्कन गरी बाधा अड्काउ परेको भए सो फुकाई दिने र निर्देशन दिनुपर्ने भए सो समेत दिनुपर्ने उल्लेख छ। मन्त्रालयको विनियोजित बजेट तथा कार्यक्रममध्ये रु.११ करोड ७५ लाखका ९ योजना कार्यान्वयन भएको छैन। पर्याप्त अध्ययन, आवश्यकता पहिचान, लागत लाभ तथा कार्यान्वयन योग्यता समेत विश्लेषण गरी बजेट व्यवस्था गर्ने र बजेटमा समावेश भएको योजना प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्दछ।	• मन्त्रालय र अन्तर्गत निकायको आवधिक प्रगति समिक्षा गर्ने गरिएको छ। • अपेक्षित उपलब्धि हुन नसकेका कार्यक्रम तथा योजनाहरूका सम्बन्धमा कारण विश्लेषण गरिएको छ। • आगामी अवधिमा आवश्यकता पहिचान, कार्यान्वयन योग्यता तथा बजेट व्यवस्थापनलाई थप सुदृढ गर्दै योजनाहरू प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।	महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने।
५	**प्रयोगशाला स्तरोन्नति अनुदानः-** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३६(५) मा जिम्मेबार व्यक्तिले कार्यक्रमअनुसार भुक्तानी दिँदा रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। विद्यालयहरूलाई	• विद्यालयहरूलाई प्रयोगशाला स्तरोन्नति अनुदान प्रदान गर्दा स्थानीय तहको लागत सहभागिता भएका विद्यालयहरूमा त्रिपक्षीय सम्झौता (CTEVT समेत) गर्ने गरिएको छ र स्थानीय तहको लागत सहभागिता नभएको अवस्थामा	मन्त्रालयले सामुदायिक क्याम्पस तथा

दफा	बेरुजुको संक्षिप्त विवरण	मन्त्रालयको जवाफ	समितिको निर्णय
	प्रयोगशाला स्तरोन्नति अनुदान शीर्षकमा सङ्घ तथा स्थानीय तहबाट समेत खर्च गर्ने गरेकोमा मन्त्रालयले प्राविधिक तथा व्यवसायिक शिक्षा सञ्चालन भएका विद्यालयहरूलाई प्रयोगशाला स्तरोन्नति अनुदानमा प्रति विद्यालय रु.५ लाखका दरले १० विद्यालयलाई रु.५० लाख अनुदान वितरण गरेको छ। मन्त्रालयले विद्यालयमा यस्तो कार्यक्रम सञ्चालन गर्दा विद्यालय, स्थानीय तह र मन्त्रालयबीच त्रिपक्षीय सम्झौता नगरी विद्यालयसँग मात्र सम्झौता गरेको तथा स्थानीय तहले कार्यक्रम दोहोरो नपरेको बेहोरा समेत नखुलाएकोले कार्यक्रम दोहोरो नपरेको यकिन गरेर मात्र अनुदान उपलब्ध गराउनुपर्दछ ।	यस्तो सम्झौता गर्ने नगरिएको । • प्रयोगशाला स्तरोन्नतिका लागि विद्यालयबाट प्रस्ताव पेश गर्दा नै स्थानीय तहबाट दोहोरो बजेट विनियोजन नभएको सिफारिस संलग्न गर्नुपर्ने प्रावधान राखिएको छ। • कार्यक्रमको अनुगमन तथा निरीक्षण स्थानीय तहका सम्बद्ध अधिकारीहरूको समेत सहभागितामा गर्ने गरिएको छ। • कार्यान्वयनको प्रभावकारिताका सम्बन्धमा स्थानीय तहको अनुगमन प्रतिवेदन समेत समावेश गरी दोहोरोपन नभएको यकिन गरेर मात्र भुक्तानी गर्ने गरिएको छ।	विद्यालयहरुलाई अनुदान वितरणका कार्यक्रम सञ्चालन गर्दा सम्बन्धित स्थानीय तहसँगको समन्वयमा स्थानीय तहका कार्यक्रमसँग दोहोरो नपर्ने गरी सामुदायिक क्याम्पस तथा विद्यालयहरुसँग सम्झौता गरेर मात्र अनुदान वितरण गर्न निर्देशन दिने।
६	**युवा उद्यम तथा स्वरोजगार कार्यक्रमः-** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३६ (५) मा कुनै रकम भुक्तानी दिंदा रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। मन्त्रालयले युवा उद्यम तथा स्वरोजगार कार्यक्रमको लागि रु.१ करोड बजेट विनियोजन गरी ५८ युवा उद्यमीलाई टनेल तरकारी खेती, बाख्रा, बङ्गुरको खोर निर्माण लगायतका कार्यक्रमको लागत अनुमान र कार्यसम्पन्न प्रतिवेदन बेगर रु.१ लाखका दरले रु.५८ लाख उपलब्ध गराएकोमा रोजगारी सिर्जना भएको अभिलेख र रकम प्राप्त गर्नेको विवरण सार्वजनिक गरेको छैन। यसरी प्रदान गरिएकोको रकम उद्देश्यअनुरुप अनुदान रकम सदुपयोग भए नभएको सुनिश्चित गर्नुपर्दछ ।	• अधिकांश युवाहरूले उपकरण तथा मेसिनरी औजारहरू खरिद गरेका छन्। • निर्माणसम्बन्धी कार्यका लागि स्थानीय तहका प्राविधिकबाट लागत अनुमान तयार गराई कार्यसम्पन्न प्रतिवेदनका आधारमा कार्यक्रमअन्तर्गत भुक्तानी गरिएको छ। • स्वरोजगार तथा रोजगारी सिर्जनासम्बन्धी प्रतिवेदन तयार गरी मन्त्रालयमा पेश हुने गरेको। • रकम प्राप्त गर्नेहरूको विवरण तत्कालीन समयमा सार्वजनिक गर्ने अभ्यास	मन्त्रालयबाट युवा उद्यम तथा स्वरोजगार कार्यक्रमको अनुदान वितरण गर्दा अनुदान रकमको सदुपयोग भए नभएको सुनिश्चित गरी सोको विवरण वेभसाइटमा

दफा	बेरुजुको संक्षिप्त विवरण	मन्त्रालयको जवाफ	समितिको निर्णय
		नरहेको हुँदा आगामी दिनहरूमा यस्ता कार्यक्रम कार्यान्वयन गर्दा उक्त सुधारका कार्यहरू अवलम्बन गरिनेछन्।	सार्वजनिक गर्न निर्देशन दिने ।
७	**सामुदायिक क्याम्पसहरूलाई अनुदानः-** प्रदेश विनियोजन ऐन, २०८० को दफा ५(७) मा गण्डकी प्रदेश सरकारको कुनै निकायबाट कार्यान्वयन हुने गरी रकम विनियोजन भएको आयोजना तथा कार्यक्रम स्थानीय तहमार्फत कार्यान्वयन गर्नुपर्ने भएमा सम्बन्धित स्थानीय तहको पूर्व सहमति लिई खर्च गर्न अख्तियारी दिने व्यवस्था छ। मन्त्रालयले यो वर्ष मागका आधारमा सामुदायिक क्याम्पसको स्तरोन्नति गर्न सशर्त अनुदानअन्तर्गत ३० सामुदायिक क्याम्पसलाई रु.७४ लाख ६१ हजार र सामुदायिक क्याम्पसहरूको क्षमता तथा कार्यसम्पादनका आधारमा ३२ सामुदायिक क्याम्पसलाई रु.५८ लाख ७२ हजार समेत जम्मा रु.१ करोड ३३ लाख ३३ हजार भवन मर्मत, पुस्तकालय व्यवस्थापन तथा फर्निचर व्यवस्थापन गर्न अनुदान दिएको छ। अनुदान दिँदा स्थानीय तहसँग समन्वय नभएकोले दोहोरो नपरेको यकिन हुन नसकेको, अधिकांश क्याम्पसहरूले तयार गरेको लागत अनुमानमा प्राविधिक कर्मचारीले प्रमाणित नगरी क्याम्पस प्रमुखले हस्ताक्षर गरेको लगायतका बेहोरा देखिएका छन्। मापदण्ड र क्याम्पसको आवश्यकता विश्लेषण गरेर मात्र अनुदान उपलब्ध गराई सो को अनुमगन गर्नुपर्दछ।	• सामुदायिक क्याम्पसको सञ्चालन एवं व्यवस्थापनसम्बन्धी कार्य प्रदेश सरकारको कार्यक्षेत्रभित्र पर्ने भएकाले अधिकांश स्थानीय तहहरूले सामुदायिक क्याम्पसलाई बजेट विनियोजन नगर्ने र बजेट माग गर्दा स्थानीय तहको समेत सिफारिस माग गरिने हुँदा दोहोरोपन पर्ने सम्भावना कम रहेको छ। • क्याम्पस प्रमुख लेखा उत्तरदायी अधिकारीसमेत रहेकोले प्राविधिकले तयार पारेको लागत इस्टिमेट र कार्यसम्पन्न प्रतिवेदन क्याम्पस प्रमुखबाट प्रमाणित हुनुपर्ने अवस्था रहेको छ। • स्थानीय तहका प्राविधिक कर्मचारीहरूले लागत अनुमान तयार पारे पनि कार्यसम्पन्न प्रतिवेदनमा छाप नहानेको पाइएकाले त्यसपछिका आर्थिक वर्षहरूमा प्राविधिक कर्मचारीबाट प्रमाणित प्रतिवेदनका आधारमा मात्र भुक्तानी दिने व्यवस्था गरिएको। • मन्त्रालयले क्याम्पसका आवश्यकताहरूको सूची छनौटका लागि मार्गदर्शन गरेको र सञ्चालन समितिको निर्णयअनुसार सम्बन्धित क्याम्पसको माग र सिफारिसको आधारमा मन्त्रालय र सामुदायिक क्याम्पसबीच सम्झौता गर्ने गरिएको। • स्थानीय तहको सिफारिससहित कार्यक्रम कार्यान्वयनको अनुगमन प्रतिवेदनका आधारमा भुक्तानी गरिएको ।	मन्त्रालयले सामुदायिक क्याम्पस तथा विद्यालयहरुलाई अनुदान वितरणका कार्यक्रम सञ्चालन गर्दा सम्बन्धित स्थानीय तहसँगको समन्वयमा स्थानीय तहका कार्यक्रमसँग दोहोरो नपर्ने गरी सामुदायिक क्याम्पस तथा विद्यालयहरुसँग सम्झौता गरेर मात्र अनुदान वितरण गर्न निर्देशन दिने।
८	**वैदेशिक भ्रमणः-** मन्त्रालयले गण्डकी विश्वविद्यालयलाई सशर्त चालु अनुदान रु.७ करोड तथा सशर्त पुँजीगत अनुदान रु.१० करोड ४२ लाख ८१ हजार गरी जम्मा रु.१७ करोड ४२ लाख ८१ हजार उपलब्ध गराएकोमा सो अनुदानको अनुगमन गरेको देखिएन। साथै प्रदेश सरकारको पूर्व स्वीकृति नलिई विश्वविद्यालयका ३	• विश्वविद्यालयको ऐनमा न्यासिक परिषद्बाट चालु तथा पुँजीगत खर्चको अनुमानित लागत तयार गरी स्वीकृत गर्ने र सोही बमोजिम कार्य गर्ने प्रचलन रहेको। • गण्डकी विश्वविद्यालय शैक्षिक तथा संगठन नियमावली, २०७७ मा	महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने।

दफा	बेरुजुको संक्षिप्त विवरण	मन्त्रालयको जवाफ	समितिको निर्णय
	पदाधिकारीले भ्रमण गरेको देशको विश्व विद्यालयसँग सम्बन्ध स्थापित गर्ने जनाइ रु.१२ लाख ९२ हजार विदेश भ्रमणमा खर्च गरेका छन्। पूर्व स्वीकृती बेगर प्रयोजन नखुलाई वैदेशिक भ्रमण गरी व्ययभार बढाउनु औचित्यपूर्ण देखिएन।	वैदेशिक भ्रमणसम्बन्धी प्रावधान रहेतापनि पदाधिकारीहरू वैदेशिक भ्रमणमा जाँदा लिनुपर्ने पूर्वस्वीकृतिका सम्बन्धमा स्पष्ट उल्लेख नभएको। • आगामी दिनमा वैदेशिक भ्रमणको प्रयोजन स्पष्ट गरी प्रदेश सरकारको अनुमति लिएर मात्र विदेश भ्रमणमा जाने व्यवस्था मिलाउन विश्वविद्यालयलाई सचेत गराइने। • मन्त्रालयले उपलब्ध गराएको अनुदान रकमको मितव्ययी, प्रभावकारी र औचित्यपूर्ण उपयोगकोलागि मन्त्रालयले गण्डकी विश्वविद्यालयका पदाधिकारी तथा कर्मचारीसग नियमित सम्पर्क, समन्वय र छलफल गरिरहेको। • उपलब्ध गराइएको अनुदानको अनुगमनलाई अनुगमन संयन्त्र सुदृढ गरी प्रभावकारी कार्यान्वयन सुनिश्चित गरिनेछ।	
९	**कोभिड कोषः-** प्रदेश सरकारले कोभिड महामारी नियन्त्रण कार्यलाई आवश्यक स्रोत साधनको व्यवस्थापन गर्न कोभिड कोषको स्थापना गरेको थियो। कोभिड कोषमा यो वर्षसम्म रु.२५ करोड २० लाख ६० हजार मौज्दात रहेकोमा उक्त रकम परिचालन गर्ने सम्बन्धमा आवश्यक नीतिगत व्यवस्था नभएकोले उक्त रकम निष्कृय रहेको छ। यो वर्ष विभिन्न १० कार्यालय, ७ अस्पताल तथा ३ पालिकाबाट कोभिड नियन्त्रण कार्यको लागि निकासा भएको रकम खर्च नभई रु.४५ लाख ४८ हजार फिर्ता भएर कोषमा जम्मा भएको छ। कोभिड नियन्त्रण प्रयोजनको लागि प्रदेश सञ्चितकोषबाट लिएको रकम यकिन गरी सञ्चितकोष फिर्ता दाखिला हुनुपर्दछ।	स्वास्थ्य मन्त्रालयसँग सम्बन्धित	महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने।
१०	**विद्युतीय स्वास्थ्य सूचना प्रणालीः-** प्रदेश अन्तर्गतका सबै स्वास्थ्य संस्थाहरूले प्रयोग गर्ने वेबमा आधारित विद्युतीय प्रणाली सञ्चालनमा आएको छ। यस सम्बन्धमा देखिएका बेहोरा देहाय अनुसार छन्:	गण्डकी प्रदेश सभा सचिवालय, गण्डकी प्रदेश, पोखराको च.नं. ३५४, मिति २०८२/१२/३० को पत्रानुसार सार्वजनिक लेखा समितिले दिएको निर्देशन अनुसार यो प्रतिवेदन तयार गरिएको छ। महालेखा परीक्षकको सातौं वार्षिक	"महालेखा परीक्षकको सातौं वार्षिक प्रतिवेदन,

दफा	बेरुजुको संक्षिप्त विवरण	मन्त्रालयको जवाफ	समितिको निर्णय
	१०.१. प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३७ मा अधिकार प्राप्त अधिकारीले उपलब्ध स्रोत साधन तथा सम्पत्तिको समुचित उपयोग भएको र सम्पत्ति हानी नोक्सानी नहुने गरी सम्भार तथा संरक्षणको उचित व्यवस्था गरेको सुनिश्चित भएर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ। यस निर्देशनालय र काठमाडौंस्थित एक प्रा.लि. बीच गण्डकी प्रदेश अन्तर्गतका ४ जिल्लाका ११ स्थानीय तहअन्तर्गतका ५८ स्वास्थ्य संस्थाहरूको लागि विद्युतीय स्वास्थ्य सूचना अभिलेख तथा प्रतिवेदन प्रणाली सञ्चालन गर्न २०८१।२।२४ मा ३ वर्षको लागि सम्झौता गरेको छ। यो वर्ष प्रति स्वास्थ्य संस्था रु.१५ हजारका दरले मूल्य अभिवृद्धि कर सहित रु.९ लाख ८३ हजार भुक्तानी भएको र बाँकी २ वर्ष प्रति स्वास्थ्य संस्था वार्षिक रु.५ हजारका दरले प्रत्येक वर्ष सपोर्ट सेवा बापत भुक्तानी गर्नुपर्ने शर्त रहेको छ। १०.२. निर्देशनालयले गण्डकी प्रदेशअन्तर्गतका सबै स्वास्थ्य संस्थाहरूको लागि सार्वजनिक खरिद कानूनको पालना गरी प्रतिस्पर्धा गराएर ठेक्का प्रक्रियाबाट लागत मितव्ययी हुने गरी प्रणाली खरिद गरी एकीकृतरुपमा सञ्चालनमा ल्याउनुपर्नेमा निर्देशनालय र गण्डकी प्रदेशअन्तर्गतका जिल्ला स्वास्थ्य कार्यालय र स्थानीय तहले समेत एउटै प्रणाली सञ्चालन गर्न एउटै सेवा प्रदायकसँग सोझै खरिद गरेका छन्। सोही सेवा प्रदायकसँग सम्झौता गरेर स्थानीय तहहरूले छुट्टै भुक्तानी दिएको खर्चको विवरण प्राप्त नभएकोले प्रणालीमा भएको जम्मा खर्च र दोहोरो भुक्तानी नभएको सम्बन्धमा यकिन गर्न सकिएन। सम्झौता भएका सबै स्वास्थ्य संस्थाको लागि वार्षिक मर्मत तथा सपोर्ट शुल्क बापत प्रति संस्था रु.५ हजारका दरले भविष्यका लागि समेत थप दायित्व सिर्जना भएको छ। १०.३. निर्देशनालयले यसरी सफ्टवेयर बनाएपछि निर्देशनालय र मातहतका	प्रतिवेदन, २०८२ मा उल्लेख भएअनुसार eHMIS को बेरुजु सम्बन्धमा साविकको स्वास्थ्य निर्देशनालय सहित ११ स्वास्थ्य कार्यालयहरूबाट ३८२ वटा स्वास्थ्य संस्थाका लागि भुक्तानी भएको रकम रु. ६२ लाख ७० हजारको सम्बन्धमा दोहोरो भुक्तानी भए वा नभएको यकिन गरी जानकारी माग गरिएको थियो। छानबिन तथा यस प्रादेशिक जनस्वास्थ्य केन्द्रमा प्राप्त विवरणहरूबाट कुनै पनि एउटै स्वास्थ्य संस्थाका लागि दोहोरो भुक्तानी भएको देखिँदैन। गण्डकी प्रदेश सरकार मातहतका स्वास्थ्य निर्देशनालय (साविक), जिल्ला स्वास्थ्य कार्यालयहरू र स्थानीय तहहरू स्वतन्त्र खर्च केन्द्र हुन् । उनीहरूले आ-आफ्नो स्वीकृत बजेटको परिधिमा रही प्रचलित खरिद कानुनबमोजिम आपूर्तिकर्तासँग छुट्टाछुट्टै सम्झौता गरी प्रणाली सञ्चालन गरेका हुन्। तत्कालीन सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयको कार्यक्रम सञ्चालन मापदण्डअनुसार, स्वास्थ्य कार्यालयहरूको बजेटले समेट्ने पालिका बाहेकका पालिकाहरू अन्तर्गतका स्वास्थ्य संस्थाहरूलाई छनौट गरी यो कार्यक्रम लागू गरिएको थियो, जसले गर्दा एउटै संस्थामा दुईवटा निकायबाट रकम भुक्तानी भएको छैन। विभिन्न १२ वटा निकायहरू स्वास्थ्य निर्देशनालय (साविक), स्वास्थ्य कार्यालयहरू र स्थानीय तहहरू) बाट जम्मा ३८२ स्वास्थ्य संस्थाका लागि कूल रु. ६२,७०, २२० भुक्तानी भएको हो। यसमा साविकको प्रादेशिक स्वास्थ्य निर्देशनालयबाट रु. ९,८३,१०० र स्वास्थ्य कार्यालयहरु तथा स्थानीय तहहरूबाट रु. ५२,८७,१२० भुक्तानी भएको देखिन्छ।सो विवरणको विस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ।	२०८२" मा उल्लेखित सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयगत स्वास्थ्य निर्देशनालय सहित १२ स्वास्थ्य कार्यालयहरुबाट ३८२ स्वास्थ्य संस्थाको लागि भुक्तानी भएको रु ६२ लाख ७० हजार सम्बन्धमा थप छानबिन गरी दोहोरो भुक्तानी भए नभएको एकिन गरी महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने।

दफा	बेरुजुको संक्षिप्त विवरण	मन्त्रालयको जवाफ	समितिको निर्णय
	कार्यालय तथा स्थानीय तहसँग एउटै सेवा प्रदायकले छुट्टै सफ्टवेयर बनाएको देखाएको पाईयो। स्वास्थ्य निर्देशनालय सहित १२ स्वास्थ्य कार्यालयहरूबाट ३८२ स्वास्थ्य संस्थाको लागी भुक्तानी भएको रु.६२ लाख ७० हजार सम्बन्धमा थप छानबिन गरी असुल गर्ने व्यवस्था मिलाउनु पर्दछ। साथै प्रणालीको युजर स्थानीय तहलाई समेत दिएर अतिरिक्त शुल्क लिएको विषयमा समेत निर्देशनालयले यकिन गर्नुपर्दछ । १०.४. प्रणाली सञ्चालनबाट सिर्जित सरकारी तथ्याङ्कको भण्डारण तथा सुरक्षाको सुनिश्चितता हुने गरी सार्वजनिक खरिद कानूनको पालना गरी मितव्ययी र प्रतिस्पर्धी तरिकाले एकीकृत रुपमा खरिद गर्ने र प्रणालीको सञ्चालन र व्यवस्थापन हुनुपर्दछ।		
	स्वास्थ्य निर्देशनालय		
११	**पेस्की फर्छ्यौंटः-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ (६) मा निर्माण व्यवसायीले खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौतामा उल्लिखित समयावधिभित्र सम्पादन नगरेको कारणले यस नियम बमोजिमको पेस्की फस्यौंट हुन नसकेमा सार्वजनिक निकायले उपनियम (३) बमोजिमको बैङ्क जमानतको रकम सम्बन्धित वैङ्कबाट प्राप्त गरी पेस्की फछ्यौंट गर्नु पर्ने र निजबाट त्यस्तो पेस्की रकमको सयकडा दश प्रतिशत ब्याज समेत असुल उपर गर्नुपर्ने व्यवस्था छ। मुस्ताङ जिल्लाको जोमसोममा २५ शय्याको अस्पताल भवन निर्माण गर्न जोमसोम अस्पताल र एक निर्माण व्यवसायीबीच २४ महिनामा कार्यसम्पन्न गर्ने गरी २०७७।१२।२ मा रु.१० करोड २१ लाख ८२ हजारको सम्झौता भएको थियो। सम्झौताबमोजिम रु.१ करोड ७८ लाख पेस्की दिएकोमध्ये रु.९७ लाख ४० हजार हालसम्म फस्र्योट भएको छैन। निर्माण व्यवसायीसँग भएको		पेश्की फछ्यौंट भईसकेको हुँदा नियमानुसार मलेपबाट सम्परीक्षण गराई लगत कट्टा गर्न निर्देशन दिने ।

<table>
<tr><th>दफा</th><th>बेरुजुको संक्षिप्त विवरण</th><th>मन्त्रालयको जवाफ</th><th>समितिको निर्णय</th></tr>
<tr><td></td><td>सम्झौताको विशेष शर्त नं. ५७.३ मा ठेक्का सम्झौताको अवधि ८० प्रतिशत व्यतित भइसक्दा रु.९७ लाख ४० हजार पेस्की बाँकी रहेको छ। कानुन बमोजिम फरफारक गर्नुपर्दछ।</td><td></td><td></td></tr>
<tr><td colspan="4">प्रदेश खेलकुद परिषद्</td></tr>
<tr><td>१२</td><td>खेलकुदको माध्यमबाट प्रदेश एवं मुलुकको राष्ट्रिय एकता प्रवर्धन गर्दै स्वस्थ, सक्षम र अनुशासित खेलाडी तथा सिर्जनशील नागरिक तयार गर्न तथा खेलाडीको व्यावसायिक सुरक्षा गर्दै प्रदेशस्तरमा खेलकुदको संरक्षण, सम्वर्धन र विकास गर्ने उद्देश्यले यस परिषद्को स्थापना भएको हो।

आय-व्यय स्थितिः- यो वर्ष परिषद्को आय-व्यय स्थिति निम्नानुसार रहेको छः

(रु.हजारमा)
<table><tr><th>सुरु मौज्दात</th><th>यस वर्षको आय</th><th>जम्मा आय</th><th>कुल खर्च</th><th>मौज्दात रकम</th></tr><tr><td>१८२</td><td>१३५३८</td><td>१३७२०</td><td>१३४५३</td><td>२६७</td></tr></table></td><td>खेलकुदको माध्यमबाट प्रदेश एवं मुलुकको राष्ट्रिय एकता प्रवर्धन गर्दै स्वस्थ, सक्षम र अनुशासित खेलाडी तथा सिर्जनशील नागरिक तयार गर्न मन्त्रालयबाट निरन्तर कार्यक्रमहरु गरी प्रदेशस्तरमा खेलकुदको संरक्षण, संवर्धन र विकास गर्ने प्रयास भई रहेको।</td><td></td></tr>
<tr><td>१३</td><td>स्वीकृत कार्यक्रम बेगरको खर्चः- प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ को नियम ३६(१) मा कार्यालय प्रमुखले सरकारी रकम खर्च गर्दा बजेट तथा कार्यक्रमको सीमाभित्र रही खर्च गर्नुपर्ने व्यवस्था छ। परिषद्ले यो वर्ष स्वीकृत वार्षिक कार्यक्रममा समावेश नभएको बाह्खरी गल्फ प्रतियोगिताको सातौं संस्करण खेल सञ्चालन गरेबापत एक मिडियालाई रु.९ लाख ४६ हजार भुक्तानी गरेको छ। स्वीकृत वार्षिक कार्यक्रममा समावेश नभएका, प्रचलित कानुन बमोजिम विनियोजन गर्न नमिल्ने तथा खरिद प्रक्रिया प्रतिकुल हुने गरी बजेट विनियोजन गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।</td><td>• बाह्खरी गल्फ प्रतियोगिताको सातौं संस्करण मिति २०८०/१२/०२ देखि ४ गतेसम्म पोखरामा सञ्चालन गर्न रु. ४० लाखको अपेक्षासहित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा निवेदन पेश गरिएको सन्दर्भमा साविक सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयबाट उक्त प्रतियोगिताका लागि बजेट व्यवस्थापन गर्न प्रदेश खेलकुद परिषद्लाई पत्राचार गरिएको।
• उक्त कार्यक्रम सञ्चालनका लागि विनियोजित बजेट अपुग हुने व्यहोरा मन्त्रालय तथा सम्बन्धित पक्षलाई जानकारी गराइएकोमा सो पश्चात आर्थिक मामिला मन्त्रालयबाट रु. १० लाख बजेट तथा अख्तियारी थप प्राप्त भएकाले प्रदेश खेलकुद परिषद्ले सम्बन्धित संस्थालाई कार्यक्रम</td><td>मन्त्रालयले आर्थिक वर्ष २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रममा समावेश नभएको बाह्खरी गल्फ प्रतियोगिताको सातौं खेल सञ्चालन गरेबापत एक मिडियालाई रु ९</td></tr>
</table>

दफा	बेरुजुको संक्षिप्त विवरण	मन्त्रालयको जवाफ	समितिको निर्णय
		सञ्चालन गरेबापत केही रकम भुक्तानी गर्नुपरेको हो। • खेलकुद परिषद्ले निजी संस्थालाई खेलकुद प्रतियोगिताका लागि रकम उपलब्ध गराएको सम्बन्धमा, अधिकांश प्रतियोगिताहरू निजी क्षेत्र, क्लब तथा खेलकुदसँग सम्बन्धित संघ-संस्थाहरूले आयोजना गर्ने तथा खेलकुद र खेलाडीको प्रोत्साहनका लागि यस्ता संस्थाहरूलाई सहयोग गर्न वार्षिक रूपमा बजेट नै विनियोजन हुने हुँदा उक्त कार्यलाई नियमविपरीत भन्न मिल्ने अवस्था देखिँदैन। • साथै, गल्फ प्रतियोगिताको भुक्तानी गर्दा कार्यालयले भ्याट बिल—बिजकका आधारमा अग्रिम आयकर तथा कुल मूल्य अभिवृद्धि करको ३० प्रतिशत सरकारी खातामा जम्मा गरी एकमुष्ट रु. ९,४६,००० मात्र भुक्तानी गरेको। • यस प्रतियोगितामा विभिन्न २१ मुलुकका अति विशिष्ट पदाधिकारीहरू (राजदूतहरू समेत) को सहभागिता रहेको र सो कार्यक्रममा गण्डकी प्रदेश सरकारको प्रतिष्ठासमेत जोडिएको हुँदा उक्त खर्चमा अनियमितता नभएको ठम्याइ रहेको। • साथै, संलग्न बिल-भरपाई तथा श्रेस्ताहरूको अध्ययन गर्दा उक्त बजेटबाट गण्डकी प्रदेशभित्रकै खेल क्षेत्रको विकासमा योगदान पुगेको देखिँदा यसबाट कुनै सरकारी हानी-नोक्सानी भएको भन्न नमिल्ने।	लाख ४६ हजार भुक्तानी गरेको यथार्थ विवरण मन्त्रालयको रायसहित ३० दिनभित्र यस समितिलाई उपलब्ध गराउन निर्देशन गर्ने।
	गण्डकी विश्वविद्यालय		
१४	समृद्ध राष्ट्र निर्माण गर्न जीवनोपयोगी र गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्देश्यले गण्डकी विश्वविद्यालय ऐन, २०७६ बमोजिम २०७६ फाल्गुण ४ मा यस विश्वविद्यालयको स्थापना भएको हो। वित्तीय विवरण: विश्व विद्यालयको विगत ३ वर्षको आम्दानी, खर्च र मौज्दातको		महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने।

<table>
<tr><th>दफा</th><th>बेरुजुको संक्षिप्त विवरण</th><th>मन्त्रालयको जवाफ</th><th>समितिको निर्णय</th></tr>
<tr><td></td><td>विवरण देहाय अनुसार छः

(रु.हजारमा)
<table><tr><th>क्र.सं.</th><th>विवरण</th><th>२०७८।७९</th><th>२०७९।८०</th><th>२०८०।८१</th></tr><tr><td>१</td><td>सुरु मौज्दात</td><td>५५३</td><td>१६५६६</td><td>५१७७९</td></tr><tr><td>२</td><td>आम्दानी</td><td>१८२५३४</td><td>२४७९१७</td><td>२१८४१३</td></tr><tr><td>३</td><td>खर्च</td><td>१६६५२२</td><td>२१२७०३</td><td>२१२५३५</td></tr><tr><td>४</td><td>अन्तिम मौज्दात</td><td>१६५६६</td><td>५१७७९</td><td>५७६५७</td></tr></table>
१४.१. विश्वविद्यालयबाट प्राप्त विवरणअनुसार गत वर्षको मौज्दात रु.५ करोड १७ लाख ७९ हजारमा यो वर्षको आय रु.२१ करोड ८४ लाख १३ हजार थपसहित जम्मा आय रु.२७ करोड १ लाख ९१ हजार भएकोमा यो वर्ष रु.२१ करोड २५ लाख ३५ हजार खर्च भई वर्षान्तमा रु.५ करोड ७६ लाख ५७ हजार मौज्दात बाँकी रहेको छ । विश्वविद्यालयको गत आर्थिक वर्षमा मौज्दात रहेको रकम नयाँ आर्थिक वर्षमा दोहोरो लेखा प्रणालीका सिद्धान्त अनुसार लेखाङ्कन गरी जिम्मेवारी सार्नुपर्नेमा गोश्वारा भौचर तयार नगरी बैङ्कलाई पत्र लेखेर तथा टिप्पणीका आधारमा ट्रान्सफर गरी सोझै खर्च गर्ने गरेको छ। विश्वविद्यालयले आय जिम्मेवारी सार्दा दोहोरो लेखा प्रणालीको सर्वमान्य सिद्धान्तको पालना गर्नुपर्दछ ।</td><td>• गत बर्षको अन्तिम मौज्दातको अल्या (जिम्मेवारी सारिएको) र रकम ट्रान्सफर गर्दा गोश्वारा भौचर तयार गरी मलेपको सुझाव कार्यान्वयन गरिएको ।</td><td></td></tr>
<tr><td>१५</td><td>शिक्षक विद्यार्थी संख्याः- गण्डकी प्रदेशमा कला, विज्ञान, प्रविधि, व्यवस्थापन, कानून, शिक्षा लगायतका विषयमा अनुसन्धानमूलक तथा व्यवसायिक उच्च शिक्षा प्रदान गर्नका लागि स्थापना गरिएको विश्वविद्यालय २०७८ सालबाट सुरू भई हाल स्नातक तहमा ५ विषयको र स्नातकोत्तर तहमा १ विषयको पठनपाठन भइरहेकोमा हालसम्म कुनै पनि कलेजलाई सम्बन्धन दिएको छैन। हालसम्मको विद्यार्थी र शिक्षकको सङ्ख्या देहायअनुसार रहेको छः</td><td>• विश्वविद्यालयको भौतिक संरचनाको थप बिकास र विस्तारसँगै थप विषयको पठनपाठन संचालन गर्दै र विद्यार्थी सङ्ख्या वृद्धि गर्दै लैजाने योजना रहेको ।</td><td>महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने।</td></tr>
</table>

दफा	बेरुजुको संक्षिप्त विवरण	मन्त्रालयको जवाफ	समितिको निर्णय
	विवरण / २०७८।७९ / २०७९।८० / २०८०।८१ विद्यार्थी संख्या / ६५ / ३४८ / ५०१ शिक्षक संख्या / १४ / २३ / २९		
१६	**कल्याणकारी कोषः-** विश्वविद्यालय ऐन, २०७६ को दफा ३३(१) मा विश्व विद्यालयको आफ्नो छुट्टै कोष हुने व्यवस्था छ। विश्वविद्यालयले कल्याणकारी कोष खडा गरी कोषमा आर्थिक वर्ष २०७७।७८ देखि हालसम्म जम्मा भएको रु.८० लाखमध्ये यो वर्ष रु.२० लाख जम्मा गरेको छ। विश्वविद्यालयले कोष सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा कुनै कार्यविधि समेत तयार गरेको छैन। कानुन बमोजिम कार्यविधि तयार गरी कोष सञ्चालन गर्नुपर्दछ।	• विश्वविद्यालयको आन्तरिक स्रोतबाट आर्थिक व्यवस्थापन गर्ने गरी गण्डकी विश्वविद्यालय शिक्षक तथा कर्मचारीको सेवा सर्त, नियुक्ति तथा बढुवाका लागि सिफारिस गर्ने मापदण्ड र पदस्थापनसम्बन्धी नियमावली, २०८१ को नियम ४३ बमोजिम कल्याणकारी कोष स्थापना गरिएको छ। कार्यकारी परिषद्को मिति २०८०/०३/२४ को निर्णयअनुसार उक्त कोषमा रकम जम्मा गरिएको हो। हालसम्म सो कोषबाट कुनै रकम खर्च भएको छैन। साथै, उक्त कोष सञ्चालनका लागि कार्यविधि निर्माण कार्य अन्तिम चरणमा रहेको हुँदा कार्यविधि निर्माण भएपछि मात्र कोषको रकम खर्च गरिने।	विश्वविद्यालय ऐन २०७६ को दफा ३३(१) मा विश्वविद्यालयको आफ्नो छुट्टै कोष हुने व्यवस्था बमोजिम गण्डकी विश्वविद्यालयले कल्याणकारी कोष खडा गरी रकम जम्मा गरेकोमा उक्त कोषको सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा आवश्यक कानून बमोजिमको कार्यविधि तयार गरी कोष सञ्चालन गर्न निर्देशन दिने।

दफा	बेरुजुको संक्षिप्त विवरण	मन्त्रालयको जवाफ	समितिको निर्णय
१७	**फर्निचर खरिदः-** विश्वविद्यालयले फर्निचर खरिद गर्न एक फर्निचर उद्योगसँग २०८०।३।२५ मा कार्यसम्पन्न गर्ने गरी मिति २०८०।२।८ मा रु.१ करोड २४ लाख ३० हजारको सम्झौता गरेकोमा म्याद थप भएको अबधि मिति २०८१।३।२५ मा रु.१ करोड १८ लाख ७० हजारको कार्यसम्पन्न गरेको छ। सुरु सम्झौताको अवधिभन्दा ३६५ दिन अर्थात् ७७७ प्रतिशत ढिलो गरी कार्यसम्पन्न गरेको उक्त खरिदमा सम्झौता अवधिको विओक्युमा विभिन्न आईटमहरू परिवर्तन गरी भेरिएसन स्वीकृत गरेर रु.१ करोड २४ लाख ३० हजारबाट रु.१ करोड १८ लाख ७० हजार मूल्य कायम भएको छ। फर्निचरको मोडल, डिजाईन, परिमाण, आकार आदि सम्झौता गर्दाका बखत नै निश्चित हुने भएकोले फर्निचर आपूर्ति तथा जडान गर्ने कार्यमा सुरु सम्झौताको ३६५ दिनपछि भेरिएसन स्वीकृत गरेर सुरु सम्झौतामा तोकिएभन्दा फरक स्पेसिफिकेसनका फर्निचर समेत आपूर्ति गरेको देखिन्छ। आपूर्ति गरिएका फर्निचरहरू तोकिएबमोजिमको स्पेसिफिकेसन अनुसारको भए नभएको सबन्धनमा अनुगमन गरी (पिडिआई) प्रतिवेदन तयार गरेको देखिएन। आपूर्ति गरेको फर्निचरको गुणस्तर परीक्षण हुनुपर्दछ ।	• यस सम्बन्धमा, सम्झौता बमोजिमको फर्निचरको मोडल, डिजाइन, परिमाण र आकारमा कुनै फेरबदल नभएको साथै दुई आइटममा मात्र घटी भेरियशन अर्डर भएको, सो कारणले कामको मुख्य सारमा फरक नपरेको, नयाँ दररेट माग गरी कम मूल्य मूल्याङ्कन गरी भुक्तानी गरिएको जसले गर्दा विश्वविद्यालयलाई आर्थिक हानी नोक्सानी नभएको। • फर्निचर आपूर्ति तथा जडान गर्ने कार्य सम्झौताको सम्बन्धमा आर्थिक बर्षको अन्त्य सम्ममात्र मिति २०८०/०२/०८ देखि २०८०/०३/२५ सम्म गरी करिव ४५ दिन मात्र राखिएकोमा तत् पश्चात सार्वजनिक खरिद नियमावलीको २०६४ (तेह्रौं संशोधन) को नियम १२० क को १ बमोजिम म्याद थप गर्दा ३६५ अर्थात् १ वर्ष म्याद थप गरिएको । • आर्पूति गरिएका फर्निचरहरु तोकिए बमोजिमको स्पेशिफिकेशन अनुसार भए नभएको सन्दर्भमा अनुगमन गर्न तेस्रो पक्षबाट निरीक्षण प्रतिवेदन प्राप्त गरे पश्चात् मात्र रकम भुक्तानी गरिएको । • प्राप्त सुझावलाइ मनन गरि आगामी दिनमा खरिद प्रक्रियालाई अझ बढी नियमसंगत बनाउदै लगिने।	महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने ।
१८	**आई.सि.टी.ल्याव निर्माणः-** विश्वविद्यालय परिसरमा आई.सि.टी.ल्याव स्थापनाको लागि सूचना प्रविधि यन्त्र उपकरण खरिद गर्न एक प्रा.लि.सँग २०८१।३।२२ मा कार्यसम्पन्न गर्नेगरी २०८०।१२।२२ मा मूल्य अभिवृद्धि करसहित रु.६९ लाख ९० हजारको सम्झौता गरेकोमा रु.६८ लाख ७२ हजार भुक्तानी भएको छ। आई.सि.टी. ल्यावको लागि डेल सर्भर, भर्चुलाईजेसन सफ्टवेयर, फायरवाल, म्यानेज्ड स्वीच, ना.स. स्टोरेज, सर्भर र्‍याक लगायत ११ प्रकारका ३६ थान सूचना	• विश्वविद्यालयले आई.सी.टी. ल्याब स्थापनाका लागि सूचना प्रविधि यन्त्र उपकरण खरिद गर्न बोलपत्र आह्वान गरी छनोट भएको व्यवसायी Cloud Tech Solutions Pvt. Ltd., Kathmandu सँग मिति २०८०/१२/२२ मा सम्झौता गरेकोमा सोही सम्झौता बमोजिम ११ प्रकारका ३६ थान सूचना प्रविधि यन्त्रहरू खरिद गरिएको। • हाल सबै यन्त्र तथा उपकरणहरू जडान गरी सञ्चालनमा ल्याइएको।	महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने ।

दफा	बेरुजुको संक्षिप्त विवरण	मन्त्रालयको जवाफ	समितिको निर्णय
	प्रविधिसम्बन्धी यन्त्र उपकरण आपूर्ति भएकोमा जडान गरी ल्याब सञ्चालनमा ल्याएको छैन। खरिद बमोजिमको उद्देश्य प्राप्त हुने गरी यन्त्र उपकरण जडान गरेर तोकिएअनुसारको वारेण्टी सुविधा समेत लिने र थप व्ययभार नपर्नेगरी आई.सि.टी. ल्याब सञ्चालनमा ल्याउनुपर्दछ।	• साथै, आपूर्तिकर्ता Cloud Tech Solutions Pvt. Ltd., Kathmandu ले मिति २०८२/०१/०६ को पत्रमार्फत नियमानुसार प्रदान गरिने १ वर्षको DLP (Defect Liability Period) सेवासहित थप ६ महिना निःशुल्क सेवा प्रदान गर्ने प्रत्याभूति गरेको हुँदा विश्वविद्यालयलाई थप आर्थिक दायित्व तथा लागत वहन गर्नुपर्ने नभएको।	
१९	**अनुगमन -** गत विगतका प्रतिवेदनमा प्रतिस्पर्धात्मक खरिद विधि अवलम्बन नगरेको, मन्त्रालय मातहतको संरचना भएता पनि अन्य निकायबाट खर्च गरेको, दरबन्दी अनुसार पदपूर्ति नभएको, स्वास्थ्य सम्बन्धी उपकरणहरूको पुर्ण उपयोग नभएको, वार्षिक लक्ष्य अनुसार प्रगति हासिल नगरेको, कार्यसञ्चालनस्तरीय कार्य मन्त्रालयबाट सम्पादन गरेको लगायतका बेहोरा औंल्याइएकोमा यस सम्बन्धमा सुधार भएको देखिएन।	• अनुगमन प्रतिवेदनमा औंल्याइएका विषयहरूमा अपेक्षित सुधार हुन नसकेको स्वीकार गर्दै आगामी दिनमा प्रतिस्पर्धात्मक खरिद, दरबन्दी पूर्ति तथा लक्ष्यअनुसार प्रगति हासिल गर्ने गरी सुधारात्मक कदम चालिनेछ।	-
२०	**बेरुजु रकमको विवरणः-** यो वर्ष मन्त्रालय र मातहत निकायको लेखापरीक्षणबाट देखिएको बेरुजुको स्थिति देहायअनुसार छः सरकारी कार्यालयतर्फ ३५ निकायमा यो वर्ष रु.६ करोड २० लाख २१ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि ३ निकायबाट रु.१० लाख ५६ हजार फछ्र्यौट गरेकोले रु.६ करोड ९ लाख ६२ हजार बेरुजु बाँकी रहेको छ । सो मध्ये रु.१९ लाख म्याद नाघेको पेस्की बाँकी रहेको छ। यस सम्बन्धी विवरण अनुसूची-९ मा रहेको छ।	• मन्त्रालयले बेरुजु फछ्र्यौट तथा सम्परीक्षण कार्यलाई प्राथमिकताका साथ अघि बढाइरहेको छ र बाँकी बेरुजु रकम क्रमशः फछ्र्यौट गर्ने कार्य जारी राखिने छ।	-
२१	अन्य संस्था तथा समितितर्फ १८ निकायमा रु.१५ करोड ८७ लाख ९ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि ३ निकायबाट रु.४ करोड ९२ लाख २१ हजार फछ्र्यौट र प्रतिक्रियाबाट रु.१३ लाख ७३ हजार	• मन्त्रालयले बेरुजु फछ्र्यौट तथा सम्परीक्षण कार्यलाई प्राथमिकताका साथ अघि बढाइरहेको छ र बाँकी बेरुजु रकम क्रमशः फछ्र्यौट गर्ने कार्य जारी राखिने छ।	-

दफा	बेरुजुको संक्षिप्त विवरण	मन्त्रालयको जवाफ	समितिको निर्णय
	थप भई रु.११ करोड ८ लाख ६१ बेरुजु बाँकी रहेको छ। सो मध्ये रु.५७ लाख ८२ हजार म्याद नाघेको पेस्की रहेको छ। सो सम्बन्धी विवरण अनुसूची-१० मा रहेको छ।		

३.९ प्रदेश नीति तथा योजना आयोग

३.९.१ महालेखा परीक्षकको सातौं बार्षिक प्रतिवेदन, २०८२ उपर भएका छलफलका निर्णयहरुः

दफा	बेरुजुको संक्षिप्त विवरण	आयोगको जवाफ	समितिको निर्णय
१	**लेखापरीक्षण अङ्कः-** यो वर्ष आयोगको रु.३ करोड ९६ लाख २१ हजारको लेखापरीक्षण सम्पन्न भएको छ।	*महालेखापरीक्षकको कार्यालयबाट तोकिएको मितिमा आयोगबाट लेखापरीक्षण कार्यमा सहजीकरण गरिएको।	-
२	**बजेट खर्चः-** महालेखा नियन्त्रक कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त आयोगको यस वर्षको आर्थिक विवरण अनुसार चालु तर्फ ५७.३२% तथा पुँजीगत तर्फ ८५.१६% गरी समग्रमा ५९.४४% वित्तीय प्रगति भएको छ।	* दरबन्दी अनुसार कर्मचारी व्यवस्थापन नहुँदा र चालू खर्चमा मितव्ययिता अपनाउँदा चालू खर्च कर्म भएको। * कार्यक्रम कार्यान्वयन हुने बखत कर्मचारीको सरुवा हुने तथा सरुवा भई आउने नयाँ कर्मचारीमा कार्यक्रमको अवधारणा र यसको उद्देश्यको बुझाईमा अभाव रहने भएकाले यस उप्रान्त बजेट निर्माणको चरणमा नै कार्यक्रमको अवधारणा पत्र तयार भएमा मात्रप्रस्ताव गर्ने नीति अवलम्बन गरिएको।	-
३	**आवधिक योजनाः-** दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण गर्नको लागि प्रदेशको प्रथम पञ्चवर्षीय योजना (२०७६।७७-२०८०।८१) मा विभिन्न क्षेत्रको परिमाणात्मक लक्ष्यहरू निर्धारण गरेको छ। प्रथम योजना समाप्त भई दोस्रो आवधिक योजना लागु भइसकेको छ। प्रथम आवधिक योजनाको केही सूचकको लक्ष्य र प्राप्तिको अवस्था निम्नानुसार रहेको छः	दिगो विकास लक्ष्य हासिल नहुनुको कारण केवल बजेट अभाव मात्र नभईप्राथमिकता निर्धारण, निकायगत समन्वय, कार्यान्वयन र अनुगमन प्रणालीबीचको सामाञ्जस्यता लगायतको व्यवस्थापकीय अभाव पनि हो। त्यसैले, सबै निकायवीच समन्वय तथा शासकीय	आवधिक योजनासँग सामन्जस्यता हुने गरि वार्षिक नीति, कार्यक्रम तथा बजेट निर्माण गरी

<table>
<tr><th>दफा</th><th>बेरुजुको संक्षिप्त विवरण</th><th>आयोगको जवाफ</th><th>समितिको निर्णय</th></tr>
<tr><td></td><td>
<table>
<tr><th>क्र. सं.</th><th>सूचक</th><th>एकाई</th><th>२०७५।७६ को स्थिति</th><th>२०८०।८१ को लक्ष्य</th><th>२०८०।८१ सम्म को उपलब्धि</th></tr>
<tr><td>१</td><td>वार्षिक आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा)</td><td>प्रतिशत</td><td>७.१</td><td>१०.२</td><td>४.२३</td></tr>
<tr><td>२</td><td>गरिबीको दर</td><td>प्रतिशत</td><td>१४.२</td><td>७.३</td><td>११</td></tr>
<tr><td>३</td><td>कुल गार्हस्थ्य उत्पादन (आधारभूत मूल्यमा)</td><td>रु. करोडमा</td><td>२९६३२</td><td>४६८७९</td><td>४५७६६</td></tr>
<tr><td>४</td><td>प्रतिव्यक्ति आय (अमेरिकी डलर)</td><td>डलर</td><td>१०४३</td><td>१९५६</td><td>१५९६</td></tr>
<tr><td>५</td><td>बहुआयामिक गरिबीमा रहेको जनसङ्ख्या</td><td>प्रतिशत</td><td>१४.२</td><td>७.३</td><td>९.५</td></tr>
<tr><td>६</td><td>मानव विकास सूचकाङ्क (एच.डि.आर. २०२०)</td><td>सूचकाङ्क</td><td>०.५९</td><td>०.६५</td><td>०.६१८</td></tr>
<tr><td>७</td><td>जलविद्युत् उत्पादन (जडित क्षमता)</td><td>मेगावाट</td><td>४४८.५</td><td>१५००</td><td>९००</td></tr>
<tr><td>८</td><td>आधारभूत खानेपानी सुविधा प्राप्त जनसङ्ख्या</td><td>प्रतिशत</td><td>९१.१</td><td>१००</td><td>९५</td></tr>
<tr><td>९</td><td>स्वास्थ्य बिमामा आबद्ध जनसङ्ख्या</td><td>प्रतिशत</td><td>७</td><td>६४</td><td>३०.६</td></tr>
<tr><td>१०</td><td>साक्षरता दर (१५ वर्षमाथि)</td><td>प्रतिशत</td><td>५५.६</td><td>९९.५</td><td>७१.५८</td></tr>
<tr><td>११</td><td>आधारभूत तह (१-८) मा खुद भर्नादर</td><td>प्रतिशत</td><td>९४.८</td><td>९९</td><td>९५.७</td></tr>
<tr><td>१२</td><td>सामाजिक सुरक्षा योजनामा समावेश हुने प्रतिष्ठान र रोजगारदाताको सङ्ख्या</td><td>हजार</td><td>१७</td><td>६६</td><td>३५</td></tr>
<tr><td>१३</td><td>मातृ मृत्युदर (प्रति लाख जीवित जन्ममा)</td><td>सङ्ख्या</td><td>२३९</td><td>१५</td><td>१५०</td></tr>
<tr><td>१४</td><td>श्रमशक्ति सहभागिता दर (१५ वर्षमाथि)</td><td>प्रतिशत</td><td>३५.७</td><td>५०</td><td>४१.५</td></tr>
<tr><td>१५</td><td>रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा</td><td>प्रतिशत</td><td>३९.९</td><td>५५</td><td>४४.१</td></tr>
<tr><td>१६</td><td>कुल गार्हस्थ्य उत्पादनको संरचना द्वितिय क्षेत्र</td><td>प्रतिशत</td><td>१७.४</td><td>२२.४</td><td>१६.८</td></tr>
</table>
तालिका अनुसार प्रथम पञ्चवर्षीय योजनाले लिएको लक्ष्य अनुरुप उपलब्धि हासिल भएको देखिएन। आवधिक योजनालाई वार्षिक बजेट तथा कार्यक्रमहरूसँग आबद्ध गरी निर्धारित लक्ष्य हासिल गर्नुपर्दछ।</td><td>सुधारका लागि आयोगले पहल गर्नेछ।

*आवधिक योजनामा दिगो विकास लक्ष्य केन्द्रित लक्ष्य निर्धारण गरिए तापनि बजेट तर्जुमामा पुरानै शैली अपनाउँदा समस्या भएको देखिन्छ। त्यसैले,प्रत्येक मन्त्रालयको वार्षिक विकास कार्यक्रम पञ्चवर्षीय योजनाको सूचकसँग अनिवार्य रूपमा जोडिने गरी बजेट तर्जुमा हुनुपर्छ। “कुन कार्यक्रमले कुन SDG सूचकमा योगदान गर्छ?” भन्ने स्पष्ट म्याट्रिक्स बनाउनु आवश्यक देखिन्छ।बजेट विनियोजन गर्दा परिणाम (results-based budgeting) लाई आधार बनाइनुपर्छ।बहुवर्षीय आयोजना (multi-year projects) मा पर्याप्त बजेट सुनिश्चितताका लागि स्पष्ट निर्देशिका तथा“मध्यमकालीनखर्चसंरचना” अनिवार्य कार्यान्वयनको व्यवस्था मिलाउनु पर्दछ।*प्रथम योजनामा कतिपय लक्ष्य प्रदेशको वित्तीय तथा प्रशासनिक क्षमताको तुलनामा महत्त्वकांक्षी हुनसक्छ। प्रदेश स्थापनाको अवधि भएकाले सबल र दुर्बल पक्ष यकिन नहुँदा पनि आवधिक योजनाका लक्ष्य महत्त्वकांक्षी हुनसक्ने देखिन्छ।तसर्थ, दोस्रो आवधिक योजना निर्माण गर्दा आधाररेखा तथ्याङ्क (baseline data);उपलब्ध स्रोत रजनशक्ति; अन्तरतह तथा अन्तरनिकाय समन्वय एवम् सहकार्य रमापनयोग्य लक्ष्यको अपिरहार्यतालाई मध्यनजर गरी तयार गर्ने प्रयास गरिएको छ।</td><td>कार्यान्वयन गर्न निर्देशन दिने।</td></tr>
<tr><td>४</td><td>मध्यमकालीन खर्च संरचनाः- प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा५ मा प्रत्येक आर्थिक वर्षको बजेट तर्जुमा गर्नु अघि मन्त्रालयले आगामी ३ वर्षको आम्दानी र खर्च प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने र त्यस्तो खर्च</td><td>*हाल अधिकांश कार्यक्रम आवधिक योजनाका आधारमा नभई वार्षिक छनौट (मापदण्डबिहीन) अनुसार समावेश हुने प्रवृत्ति छ।यस समस्यालाई संबोधन गर्न सबै मन्त्रालयले प्रत्येक वार्षिक विकास</td><td>महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न</td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>बेरुजुको संक्षिप्त विवरण</th><th>आयोगको जवाफ</th><th>समितिको निर्णय</th></tr>
<tr><td></td><td>संरचना बनाउँदा आवधिक योजनालाई मार्गदर्शनको रुपमा लिनुपर्ने व्यवस्था छ। मध्यमकालीन खर्च संरचना अनुसार प्रदेश सरकारको २०८०।०८१ को चालु तथा पुँजीगत बजेटको अनुमान देहायअनुसार छः
(रु.हजारमा)
<table>
<tr><th>शीर्षक</th><th>आवधिक योजनाको अनुमान</th><th>मध्यमकालीन खर्च संरचनाको अनुमान</th><th>वार्षिक बजेटको अनुमान</th><th>प्रतिशत</th></tr>
<tr><td>चालु खर्च</td><td>७७१२००००</td><td>३६०७१३४३</td><td>१२७०९६९०</td><td>३५.२३</td></tr>
<tr><td>पुंजीगत खर्च</td><td>१३५७५१००</td><td>१११४४५४५</td><td>२०२१७५१०</td><td>१८१.४१</td></tr>
<tr><td>वित्तीय व्यवस्था</td><td>०</td><td>०</td><td>५०००००</td><td>०</td></tr>
<tr><td>जम्मा</td><td>९०६९५१००</td><td>४७२१५८८८</td><td>३३४२७२००</td><td>७०.७९</td></tr>
</table>
उपर्युक्त तालिका अनुसार वार्षिक बजेट अनुमान, आवधिक योजनाको तुलनामा ३६.३१ प्रतिशत, मध्यमकालीन खर्च संरचनाको तुलनामा चालुतर्फ ३५.२३. पुँजीगततर्फ १८१.४१ प्रतिशत र समग्रमा ७०.७९ प्रतिशत रहेको देखिन्छ। आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेटबीच तादम्यता मिलाई तोकिएको लक्ष्य हासिल गर्ने गरी विकास कार्यक्रम तर्जुमा गर्नुपर्दछ।</td><td>कार्यक्रम आवधिक योजनाको लक्ष्यसँग आबद्ध हुने व्यवस्था गर्नुपर्छ।, “कुन कार्यक्रमले कुन आवधिकलक्ष्य हासिल गर्न निर्देशित गर्छ?” भन्ने स्पष्ट आधार बिना बजेट समावेश नगर्ने व्यवस्थाका लागि नयाँ आयोजना समावेश गर्दा आवधिक योजना र MTEF सँगको तादात्म्यता अनिवार्य गरिनुपर्छ।

*हाल औपचारिकतामा सिमित MTEF प्रभावकारी बनाउन आयोगले सबैमन्त्रालयलाई ३ वर्षे खर्च अनुमान यथार्थ आधारमा तयार गर्न लगाउने, स्रोत सुनिश्चित नभएका आयोजना MTEF मा समावेश नगर्ने, बहुवर्षीय आयोजनाको सम्पूर्ण लागत र समयसीमा स्पष्ट उल्लेख गर्ने र MTEF अनुसार नै वार्षिक बजेट सीमा (budget ceiling) निर्धारण गर्ने व्यवस्था गर्नुपर्ने देखिन्छ।</td><td>निर्देशन दिने।</td></tr>
<tr><td>५</td><td>दिगो विकासः- प्रदेशले दिगो विकास लक्ष्य आन्तरिकीकरणका लागि दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्र २०७९-२०८७ तयार गरेको छ। आयोगबाट प्राप्त विवरणअनुसार प्रदेशको दिगो विकास लक्ष्य र तिनको उपलब्धि स्थिति निम्नानुसार छः</td><td>*स्पष्ट, मापनयोग्य र समयबद्ध लक्ष्य निर्धारण (SMART Targets) गर्न आयोगले दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्र निर्माण गर्नुपर्ने देखिन्छ।

*धेरै सूचक “सबैको जिम्मा” हुँदा कसैले जिम्मेवारी नलिने अवस्था रहन्छ। त्यसैले, प्रत्येक SDG सूचकको Lead Ministry तोक्ने र Supporting agencies स्पष्ट गर्नुपर्दछ।

*दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्र २०७९—२०८७ मा</td><td>दिगो विकास लक्ष्य आन्तरिकीकरणका लागि दिगो विकास लक्ष्य स्थानीयकरण मार्गचित्र २०७९-२०८७ तयार गरेको सन्दर्भमा लक्ष्य बमोजिम प्रगति हासिल</td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>बेरुजुको संक्षिप्त विवरण</th><th>आयोगको जवाफ</th><th>समितिको निर्णय</th></tr>
<tr><td></td><td>
<table>
<tr><th>सि.नं</th><th>सूचक</th><th>एकाई</th><th>२०८०।८१ सम्मको लक्ष्य</th><th>२०८०।८१ सम्मको प्रगति</th></tr>
<tr><td>१</td><td>गरिवीको अन्त्य</td><td>डलर</td><td>१९५६</td><td>१५९६</td></tr>
<tr><td>२</td><td>भोकमरीको अन्त्य</td><td>के.जी. प्रतिवर्ष</td><td>२०१</td><td>१९०</td></tr>
<tr><td>३</td><td>स्वच्छ पिउनेपानी तथा सरसफाई</td><td>प्रतिशत</td><td>१००</td><td>९४.२५</td></tr>
<tr><td>४</td><td>किफायती स्वच्छ उर्जा</td><td>मेगावट</td><td>१५००</td><td>९००</td></tr>
<tr><td>५</td><td>मर्यादित काम र आर्थिक बृद्धि</td><td>प्रतिशत</td><td>१०.२</td><td>४.२३</td></tr>
<tr><td>६</td><td>उद्योग नविन खोज र पूर्वाधार</td><td>प्रतिशत जिडिपीमा</td><td>लक्ष्य नराखेको</td><td>२०७९।८० सम्म ३.२९ प्रतिशत योगदान</td></tr>
<tr><td>७</td><td>दिगो शहर</td><td>जनसंख्या</td><td>लक्ष्य नराखेको</td><td>२४ पालिकाले विपद उत्थानशील प्रोफाईल तयार गरेका छन् भने बाँकी ६१ ले गरेका छैनन्।</td></tr>
<tr><td>८</td><td>जलवायु</td><td>संख्या</td><td>लक्ष्य किटान नभएको</td><td>जलवायु मैत्री गाँउ ४८ रहेको। उपलब्धि मुल्याङ्कन नभएको</td></tr>
<tr><td>९</td><td>वन, जलाधार र जैविक विविधता</td><td>प्रतिशत</td><td>४१</td><td>३७.८</td></tr>
</table>
उल्लिखित विवरणअनुसार प्रदेश सरकारले ९ वटा लक्ष्य निर्धारण गरी उपलब्धि मूल्याङ्कन गरेकोमा ३ सूचकमा स्पष्ट लक्ष्य किटान गरेको छैन। दिगो विकासको लक्ष्य बमोजिम प्रगति हासिल हुने गरी कार्यक्रम कार्यान्वयन हुनुपर्दछ ।</td><td>कतिपय सूचकका स्पष्ट आधाररेखा, परिमाणात्मक लक्ष्य,जिम्मेवार निकाय तथा उपलब्धि मापन प्रणाली स्पष्ट नभएको अवस्था देखिएकोले दिगो विकास लक्ष्य हासिल हुनेगरी आवधिक योजना, मध्यमकालीन खर्च संरचना तथा वार्षिक बजेटसँग तादम्यता कायम गरी मापनयोग्य सूचक, जिम्मेवारी निर्धारण, स्रोत सुनिश्चितता तथा नतिजामुखी अनुगमन प्रणाली विकास गरी कार्यक्रम कार्यान्वयन गरिनु पर्दछ।</td><td>हुने गरी कार्यक्रम कार्यान्वयन गर्न निर्देशन दिने।</td></tr>
<tr><td>६</td><td>बजेट सीमा:- प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ६ मा स्रोत अनुमान र खर्चको सीमा निर्धारण गर्नुपर्ने व्यवस्था छ। आयोगले २०८०।८१ को विभिन्न मन्त्रालय तथा मातहत समेत १३ निकायहरूको लागि रु.३३ अर्ब ४२ करोड ७२ लाखको बजेटको सीमा निर्धारण गरेकोमा आधार खुलाएको छैन। वस्तुनिष्ठ आधारमा बजेटको सीमा निर्धारण गरी सोको कार्यान्वयन गर्नुपर्दछ ।</td><td>*प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ६ बमोजिम स्रोत अनुमान तथा खर्चको सीमा निर्धारण गर्दा राजस्व क्षमता, सङ्घीय हस्तान्तरण, बहुवर्षीय दायित्व, मन्त्रालयगत कार्यसम्पादनका आधारमा आगामी आर्थिक २०८३/८४को स्रोत अनुमान तथा बजेट सीमा निर्धारण सम्बन्धी प्रतिवेदन तयार गरी सोही बमोजिम मन्त्रालयगत सीमा प्रदान गरिएको छ।</td><td>वस्तुनिष्ठ आधारमा यथार्थपरक बजेटको सिमा निर्धारण गरी सो को कार्यान्वयन गर्न निर्देशन दिने।</td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>बेरुजुको संक्षिप्त विवरण</th><th>आयोगको जवाफ</th><th>समितिको निर्णय</th></tr>
<tr>
<td>७</td>
<td>
प्रदेश गौरव तथा रुपान्तरणकारी आयोजनाः- प्रदेश सरकारको प्रथम पञ्चवर्षीय योजना (२०७६।७७-०८०।८१) को अनुसूची-२ मा प्रदेश गौरवका १३ र नेपाल सरकारसँग स्रोत माग गरी सञ्चालन गर्ने रुपान्तरणकारी ५ आयोजनाहरू पहिचान गरिएको छ।
(रु.हजारमा)
<table>
<tr><th>क.सं.</th><th>आयोजनाको नाम</th><th rowspan="2">लागत अनुमान</th><th colspan="2">२०७९।८० को</th><th colspan="2">आ.व २०८०।८१ को</th><th>२०८०।८१</th></tr>
<tr><th>(क)</th><th>प्रदेश गौरवका आयोजनाहरू:</th><th>बजेट</th><th>खर्च</th><th>बजेट</th><th>खर्च</th><th>सम्मको खर्च</th></tr>
<tr><td>१</td><td>प्रदेश सदरमुकाम पोखरादेखि स्थानीय तहका केन्द्र जोड्ने सडक निर्माण आयोजना</td><td>३९१७८९५</td><td>७१७२२०</td><td>३९०९५२</td><td>५९०१४९</td><td>४८७५८३</td><td>२३७४००९</td></tr>
<tr><td>२</td><td>एकीकृत प्रदेश प्रशासनिक केन्द्रको निर्माण आयोजना</td><td>नखुलेको</td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>३</td><td>मुख्यमन्त्री वातावरणमैत्री नमुना कृषि गाउँ आयोजना</td><td>११०००००</td><td>४८०००</td><td>४०९०७</td><td>१५०००</td><td>९३७४</td><td>४२४५६१</td></tr>
<tr><td>४</td><td>गण्डकी गाई फार्म तथा दुग्ध विकास आयोजना</td><td>३२०००</td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>५</td><td>स्याउमा आत्मनिर्भर हुने आयोजना ।</td><td>५०६५००</td><td>१७५०००</td><td>१४२३१४</td><td>४००००</td><td>८४१५</td><td>२९६६९४</td></tr>
<tr><td>६</td><td>घरबास होमस्टे विस्तार र सुदृढीकरण आयोजना</td><td>५५००००</td><td>१००००</td><td>७२३६</td><td>४००००</td><td>३८८७७</td><td>४८५२४२</td></tr>
<tr><td>७</td><td>नवलपुरको लोकाहाखोलामा प्रदेश स्तरीय औद्योगिक क्षेत्र निर्माण आयोजना</td><td>नखुलेको</td><td>६०००</td><td></td><td>३०००</td><td>१००४</td><td>२३११</td></tr>
<tr><td>८</td><td>गण्डकी विश्व विद्यालय स्थापना र सञ्चालन आयोजना</td><td>नखुलेको</td><td>२२८५६४</td><td>२२१११८</td><td>१५००००</td><td>१०४२८१</td><td>१५३१४०८</td></tr>
<tr><td>९</td><td>गण्डकी प्राविधिक प्रतिष्ठान स्थापना र सञ्चालन आयोजना</td><td>१८१३८९१</td><td>८०००</td><td>१६०६६८२</td><td>१९२००</td><td>१६१५०</td><td>७२७४६९८</td></tr>
<tr><td>१०</td><td>प्रदेश क्रिकेट मैदान निर्माण आयोजना</td><td>१६३००</td><td>२०००</td><td>०</td><td>०</td><td>०</td><td>१९५०</td></tr>
<tr><td>११</td><td>सूचना प्रविधि पार्क निर्माण आयोजना</td><td>नखुलेको</td><td>३७००००</td><td>०</td><td>०</td><td>०</td><td>५२४५</td></tr>
<tr><td>१२</td><td>प्रदेश प्रहरी तालिम केन्द्रको निर्माण आयोजना</td><td>नखुलेको</td><td>१३५००</td><td>८५१०</td><td>०</td><td>०</td><td>९०९१४</td></tr>
<tr><td>१३</td><td>ईगभरनेन्स आयोजना</td><td>नखुलेको</td><td>२०००</td><td>१८४८</td><td>०</td><td>०</td><td>६१९०</td></tr>
<tr><td>(ख)</td><td>रुपान्तरणकारी योजनाहरु</td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>१</td><td>पोखरा, डेडगाउँ, दुम्किबास, त्रिवेणी सडक निर्माण आयोजना</td><td>४४०००००</td><td>२३३१०५</td><td>१५१२७१</td><td>२३५२११</td><td>२१८९१९</td><td>७५५५९७</td></tr>
<tr><td>२</td><td>उत्तरगंगा जलाशयुक्त विद्युत् आयोजना</td><td>१३०००००</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>३</td><td>फेवातालको संरक्षण र सौन्दर्यकरण आयोजना</td><td>४९२००००</td><td>३०००</td><td>२६५८</td><td>२०००</td><td>१९५५</td><td>१५४९७</td></tr>
<tr><td>४</td><td>कास्की र तनहुँको बिचमा पर्ने तल्लो पुडिटार क्षेत्रमा प्रदेश स्तरीय औद्योगिक क्षेत्र निर्माण आयोजना</td><td>४००००००</td><td>१०००</td><td>९६०</td><td>२२०००</td><td></td><td>२२६७</td></tr>
</table>
</td>
<td>
*प्रदेश गौरव तथा रुपान्तरणकारी आयोजनामा देखिएका समस्या समाधान गर्न सर्वप्रथम योजनाको यथार्थपरक तयारी र आधार स्पष्ट हुनु आवश्यक छ। मन्त्रालयले लागत अनुमान नै तयार नगरी आयोजना छनोट गर्ने प्रवृत्तिले कार्यान्वयनमा अन्योलता सिर्जना भएकाले प्रत्येक गौरवका आयोजनाको विस्तृत सम्भाव्यता अध्ययन, लागत—लाभ विश्लेषण र कार्यान्वयन समयरेखा तयार गर्नुपर्छ। यसले बजेट विनियोजनलाई यथार्थपरक बनाउनुका साथै स्रोतको दुरुपयोग रोक्न सहयोग पुऱ्याउँछ। सोही प्रयोजनका लागि आयोजना बैक प्रणाली विकास गरिएको भए तापनि विषयगत निकायको सक्रियता र प्रतिबद्धताको अभावमा आयोजना बैक प्रणालीको प्रभावकारी कार्यान्वयन हुन सकेको छैन।
*मन्त्रालयकोविनियोजित बजेट खर्च नहुनु वा प्रगति शून्य हुनु प्रशासनिक कमजोरी र समन्वय अभावको पनि सङ्केत हो। त्यसैले बजेट सुनिश्चित भएका आयोजना समयमै सम्पन्न गर्न जिम्मेवार निकाय र आयोजना प्रमुखतोक्न, दक्ष प्राविधिक तथा व्यवस्थापकीय जनशक्ति परिचालन गर्न र आवश्यक कानूनी तथा कार्यविधिगत अवरोध समयमै हटाउन प्रदेश सरकारले नीतिगत पहल गर्नुपर्छ।
*अनुगमन र मूल्याङ्कन प्रणाली कमजोर हुँदा आयोजना कार्यान्वयन ढिलाई वा अवरोध हुने समस्या देखिन्छ। यसलाई सुधार गर्न नियमित प्रगति समीक्षा, कार्यसम्पादन सूचक निर्धारण, डिजिटल अनुगमन प्रणालीको प्रयोग तथा जिम्मेवारी तोकिएको निकायलाई जवाफदेही बनाउनु पर्ने हुन्छ।
</td>
<td>पर्याप्त सम्भाव्यता अध्ययन गरेर मात्र प्रदेश गौरवका आयोजनामा समावेश गरी पर्याप्त बजेटको सुनिश्चितता, दक्ष जनशक्तिको व्यवस्था, निकायगत समन्वय, प्रभावकारी अनुगमन र मुल्यांकन गरी आयोजना कार्यान्वयन गर्न निर्देशन दिने।</td>
</tr>
</table>

दफा	बेरुजुको संक्षिप्त विवरण	आयोगको जवाफ	समितिको निर्णय
	उल्लिखित तालिकाअनुसार देखिएको बेहोरा निम्नानुसार छः ७.१. प्रदेश गौरवका आयोजना १३ मध्ये ६ आयोजनाको लागत अनुमान नै तयार नगरी प्रदेश गौरवका आयोजनाकोस्तरमा राखिएको छ। ७.२. प्रदेश गौरवका आयोजनाहरूमध्ये गण्डकी गाई फार्म तथा दुग्ध विकास आयोजनामा २०८०।८१ मा रु.११ करोड बजेट विनियोजन भएकोमा खर्च भएको छैन। बजेट सुनिश्चित भएका गौरवका आयोजना कार्यान्वयन हुनुपर्दछ । ७.३. प्रदेश गौरवका आयोजनाहरूमध्ये एकीकृत प्रदेश प्रशासनिक केन्द्र निर्माण, गण्डकी गाई फार्म तथा दुग्ध विकास आयोजना र रुपान्तरणकारी आयोजनामध्ये मुटु, मृगौला र क्यान्सरको एकीकृत प्रदेश अस्पतालको निर्माण र उत्तरगंगा जलाशयुक्त विद्युत आयोजनामा कुनै प्रगति भएको छैन। ७.४. प्रदेश गौरवका आयोजना सञ्चालनमा प्रभावकारिता एवं तीव्रता ल्याउन आवश्यक कार्यविधि/मापदण्ड निर्माण गरी लक्ष्यअनुरुप सम्पन्न गर्ने र सुरुवात नै नभएका आयोजनाका सम्बन्धमा अध्ययन तथा पूर्व तयारी गरी समयमै कार्यान्वयन भए नभएको सम्बन्धमा अनुगमन गर्नुपर्दछ । गौरवका आयोजना तथा रुपान्तरणकारी आयोजना छनोटको आधार, बजेट विनियोजन, विनियोजन अनुसारको खर्च न्यून र प्रगति शुन्य समेत भएको देखिएकोले पहिचान भएका आयोजनाहरूको लागि पर्याप्त बजेटको सुनिश्चितता, दक्ष जनशक्तिको व्यवस्था, निकायगत समन्वय, प्रभावकारी अनुगमन र मूल्याङ्कनका साथै अर्थतन्त्रमा पार्ने प्रभावको आँकलन गरी आयोजना कार्यान्वयन हुनुपर्दछ ।	*मन्त्रालयले प्रस्ताव गर्ने आयोजनाले प्रदेशको समग्र अर्थतन्त्रमा पार्ने प्रभावको पूर्वआँकलन गर्दै प्राथमिकताका आधारमा स्रोत विनियोजन हुनुपर्छ। दीर्घकालीन लाभ दिने आयोजनालाई प्राथमिकता दिँदै पर्याप्त बजेट, नीति स्थायित्व, र संस्थागत क्षमता विकासमा पर्याप्त ध्यान दिएमा मात्र प्रदेश गौरव तथा रुपान्तरणकारी आयोजना प्रभावकारी रूपमा अघि बढ्न सक्छन्।	
८	**आयोजना बैङ्कः-** प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा १६ मा बजेट प्रस्ताव गर्ने विभिन्न आधारमध्ये आयोजना बैङ्कमा प्रविष्ट भएका आयोजनाको लागि	*आयोजना बैङ्क सञ्चालनका लागि दक्ष जनशक्ति व्यवस्थापन अत्यन्त आवश्यक हुन्छ। योजना, अर्थ, र प्राविधिक क्षेत्रका	प्रदेश नीति तथा योजना आयोगले

दफा	बेरुजुको संक्षिप्त विवरण	आयोगको जवाफ	समितिको निर्णय
	बजेट विनियोजन गर्न प्रदेश आयोजना बैङ्क दिग्दर्शन, २०७९ तयार गरेकोमा हालसम्म आयोजना बैङ्क तयार गरेको छैन। राष्ट्रिय योजना आयोगको सहयोगमा प्रदेश आयोजना बैङ्क व्यवस्थापन सूचना प्रणाली प्रयोगमा ल्याउन काम भई रहेको आयोगले जनाएको छ। आयोजनाको पहिचान, मूल्याङ्कन, छनोट तथा प्राथमिकीकरण प्रक्रिया प्रभावकारी बनाउँदै प्रदेश पञ्चवर्षीय योजनाले राखेको "समृद्ध प्रदेश र सुखी प्रदेशबासी" को लक्ष्य प्राप्त गर्न तथा उपलब्ध स्रोत र साधनको अधिकतम र दक्षतापूर्वक उपयोग गर्न आयोजना बैङ्क तयार गरी कार्यान्वयन गर्नुपर्दछ।	जनशक्तिलाई तालिम तथा क्षमता विकास कार्यक्रममार्फत सशक्त बनाउनुका साथै सम्बन्धित निकायबीच समन्वय र सूचना आदानप्रदानलाई व्यवस्थित गर्नुपर्छ। स्थानीय तहसम्मबाट आयोजना संकलन र अद्यावधिक गर्ने प्रणाली विकास गरी अनुगमन तथा मूल्याङ्कन पक्षलाई मजबुत बनाउन आयोजना बैङ्कलाई नियमित रूपमा अद्यावधिक गर्ने, प्रगति ट्र्याक गर्ने र बजेट विनियोजनसँग प्रत्यक्ष जोड्ने व्यवस्थाका लागि नेपाल सरकारसँग समन्वय गर्ने प्रयास भइरहे तापनि प्रणालीगत विविधता कारण जटिलता उत्पन्न भइरहेको छ।	आयोजना बैंकमा योजना प्रविष्टि गर्दा आयोजनाको पहिचान, मूल्याङ्कन, छनोट तथा प्राथमिकिकरण प्रक्रिया प्रभावकारी र सरलीकृत बनाउँदै उपलब्ध साधन र स्रोतको अधिकतम र दक्षतापूर्वक उपयोग हुने गरी आयोजना प्रविष्टिको स्पष्ट आधार तथा मापदण्ड बनाई आयोजना बैंकको कार्यान्वयन गर्न निर्देशन दिने।
९	**प्रतिवेदन कार्यान्वयनः-** प्रदेश नीति तथा योजना आयोगको (गठन तथा कार्य सञ्चालन) आदेश, २०७८ को दफा ८ मा आयोगले अध्ययन, अनुसन्धान तथा अन्वेषण सम्बन्धी काम गर्ने उल्लेख छ। आयोगले यो वर्ष विभिन्न ४ विषयको अध्ययनमा रु.५० लाख ७० हजार खर्च गरेकोमा आयोजनाको विस्तृत अध्ययन प्रतिवेदन, लागत र स्रोत व्यवस्थापन एवं कार्य सम्पादनको ढाँचा खुलाएको देखिंदैन। अध्ययन गर्दा विषयगत मन्त्रालयको कार्यक्षेत्रका विषयमा सम्बन्धित मन्त्रालयसँग समन्वय नगरी अध्ययन गरिएको विषयले अपनत्व र नतिजा	*अध्ययन तथा अनुसन्धान पश्चात् सम्बन्धित निकायमा कार्यान्वयनका लागि पठाइने परिपाटीको शुरुवात गरिएको छ। यस आर्थिक वर्षदेखि कार्यक्षेत्रगत शर्त निर्धारण गर्दा समेत सम्बन्धित निकायको सुझाव लिने गरिएको छ। *प्रतिवेदनको मस्यौदामामन्त्रालयको राय सुझाव समावेश गरी	महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने।

दफा	बेरुजुको संक्षिप्त विवरण	आयोगको जवाफ	समितिको निर्णय
	दिने अवस्था देखिएन। तसर्थ तयारी अवस्थामा रहेका अध्ययन प्रतिवेदनलाई समन्वय गरी कार्यान्वयन गराउनुपर्दछ।	अपनत्व (ownership) बढाउने र कार्यान्वयनको सम्भावना उच्च बनाउन आयोगले विषयगत मन्त्रालयसँग समन्वय गरी पुनरावलोकन गर्ने गरेको छ। *प्रदेश सरकारका निकायले गर्नेयस्ता अध्ययनका लागि स्पष्ट मापदण्ड, कार्यविधि र समन्वय संयन्त्र विकास गर्नुपर्ने देखिन्छ। साथै अनुगमन तथा मूल्याङ्कन पक्षलाई पनि सुदृढ बनाउँदै अध्ययन प्रतिवेदन कार्यान्वयनको प्रगति नियमित रूपमा समीक्षा गर्ने,जिम्मेवार निकाय तोक्ने र उपलब्धि मापन गर्न सूचक निर्धारण गर्न आयोगले पहल गर्नेछ।	
१०	**निर्णय कार्यान्वयनः-** प्रदेश तथा स्थानीय तहमा विकास कार्यक्रम र आयोजनाहरू कार्यान्वयन गर्दा देखा परेका नीतिगत, व्यवहारगत, कानुनी, कार्यविधिगत तथा अन्य समस्याहरू समाधानका लागि प्रदेश विकास समस्या समाधान समितिको व्यवस्था छ। समितिको बैठक दुई पटक बसी २९ निर्णय गरेकोमा ४कार्यान्वयन, ११ आंशिक कार्यान्वयन र १४ कार्यान्वयन भएका छैनन्। समस्याहरू समाधान गर्न समितिको काम कारवाहीलाई प्रभावकारी बनाउनुपर्दछ । आर्थिक वर्ष २०८०।८१ मा आयोगको १२ पटक बैठक बसेको छ। बैठकले प्रदेशका समष्टिगत आर्थिक सूचकहरू समीक्षा गरी सम्बन्धित मन्त्रालयहरूलाई निर्देशन दिने, दोस्रो पञ्चवर्षीय योजनाको निर्माण प्रकृया अगाडि बढाउने, बजेट सीमा निर्धारण गर्ने, मध्यमकालीन खर्च संरचना स्वीकृत गर्ने लगायतका १९ वटा निर्णयहरू गरेको छ। आयोगले गरेका निर्णयहरू कार्यान्वयन हुनुपर्दछ।	*प्रदेश विकास समस्या समाधान समितिका निर्णय कार्यान्वयनको नियमित अनुगमन र समीक्षा प्रणाली मजबुत बनाउन प्रदेश विकास समस्या समाधान समिति तथा आयोगका निर्णयको प्रगति सबै पक्षसँग माग गरी प्राप्त प्रगति विश्लेषण गर्ने कार्यको सुरुवात गरिएको छ।समितिका निर्णयको कार्यान्वयन अवस्था लगतै बस्ने अको बैठकमा पेश गर्ने गरिएको छ। *अन्तर-निकाय समन्वयको अभावले पनि निर्णय कार्यान्वयनमा समस्या रहेकोले मन्त्रालयबीच समन्वय संयन्त्र सक्रिय बनाउनु पर्ने देखिन्छ।	प्रदेश विकास समस्या समाधान समितिबाट विभिन्न मितिमा भएका निर्णयहरु कार्यान्वयन गर्न निर्देशन दिने।
११	**एकीकृत तथ्याङ्क प्रणालीः-** प्रदेश नीति तथा योजना आयोग (गठन तथा कार्यान्वयन आदेश), २०७८ को दफा ८ मा आयोगको काम, कर्तव्य तथा अधिकारको व्यवस्था छ। आयोगले	*प्रदेश तथ्याङ्क ऐनको अभाव महसुस गरी अवधारणा विकासको कार्य अघि बढाइएको छ। तथ्याङ्क पद्धतिको आधार निर्माण गर्न	मन्त्रालय तथा निकायले अध्ययन

दफा	बेरुजुको संक्षिप्त विवरण	आयोगको जवाफ	समितिको निर्णय
	हालसम्म प्रदेशको एकीकृत तथ्याङ्क व्यवस्थापनको लागि कुनै पनि संयन्त्र स्थापना गरेको छैन भने वार्षिक प्रतिवेदन तथा विभिन्न अनुसन्धानात्मक कार्यहरू केन्द्रीय तथ्याङ्क कार्यालय र मन्त्रालयहरूबाट पटके रुपमा विवरण माग गरी तयार गर्ने गरेको देखिन्छ। विगत वर्षमा परामर्शदाताबाट गण्डकी प्रदेशको आर्थिक सामाजिक सूचकाङ्क सहितको वस्तुगत/डिजिटल प्रोफाईल नामको एकीकृत तथ्याङ्क पोर्टल स्थापना गरे पनि अद्यावधिक नभएको तथा सम्बन्धित मन्त्रालयबाट तथ्याङ्क प्रविष्टि नहुँदा निष्क्रिय रहेको छ। कार्यालयले एकीकृत तथ्याङ्क प्रणाली अद्यावधिक (विकास) गरी विश्वसनीय तथा भरपर्दो तथ्याङ्कका आधारमा आफ्ना काम कारबाही अगाडि बढाउनु पर्दछ।	प्रदेश तथ्याङ्क ऐन तर्जुमा गरिनेछ।	अनुसन्धान तथा अनुगमन प्रतिवेदनहरु आयोजनागत रुपमा तयार पारी ती प्रतिवेदनहरुको आधारमा एकीकृत तथ्याङ्क प्रणालीको विकास गरी प्रतिवेदन तयार पार्ने व्यवस्था गर्न निर्देशन दिने।
१२	**प्रणाली जडानः-** आयोगले यो वर्ष वेब बेस्ड ईन्फर्मेसन म्यानेजमेन्ट एण्ड भिजुअलाईजेसन (एम.आई.एस) सिस्टम निर्माण गरी सञ्चालन गर्न एक परामर्शदातासँग २०८०।१०।८ मा रु.१८ लाख ३० हजारको खरिद सम्झौता गरेको छ। परामर्शदाताले सम्झौताका शर्त अनुसार कार्य नगरेको अवस्थामा पनि सबै रकम भुक्तानी गरेको छ। सफ्टवेयर वेबमा आधारित हुने सम्झौता रहेकोमा हालसम्म प्रणालीमा तथ्याङ्क प्रविष्टि गरेको छैन। यसरी प्रणाली विकास गरी सञ्चालनको लागि गरिएको सम्झौता साथ संलग्न गरेको कार्यक्षेत्रगत शर्तअनुसारको सबै कार्य समयमै सम्पादन नहुँदा आयोगको उद्देश्यअनुरुपको कार्य हुन सकेको छैन। प्रणाली सञ्चालन भएको सुनिश्चितता सहित सम्झौताको शर्तको पालना गर्नुपर्दछ	*आयोगले वेब बेस्ड ईन्फर्मेसन म्यानेजमेन्ट एण्ड भिजुअलाईजेसन (एम.आई.एस) सिस्टम निर्माण गरी हाल यो प्रणाली सञ्चालनमा रहेको छ । यस प्रणालीमा क्षेत्रगत तथ्याङ्क प्रविष्टीका लागि सम्बन्धित मन्त्रालय तथा निकायबाट तथ्याङ्क प्राप्ती एवम् आवधिक अध्यावधिक कार्य व्यवस्थित गर्नुपर्ने देखिन्छ। साथै उक्त प्रणाली वेबमा आधारित रहेको छ। *प्रणाली सञ्चालनका लागि दक्ष जनशक्ति र क्षमता विकास पनि अत्यन्त महत्त्वपूर्ण पक्ष हो। तथ्याङ्क व्यवस्थापन,विश्लेषण र सूचना प्रविधिमा दक्ष जनशक्ति व्यवस्था गर्नुका साथै सम्बन्धित कर्मचारीलाई तालिम प्रदान गरिएको छ भने आगामी दिनमा थप क्षमता विकासका कार्यक्रम सञ्चालन गरिने छ।	महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने।

दफा	बेरुजुको संक्षिप्त विवरण	आयोगको जवाफ	समितिको निर्णय
	अनुगमनः- गत विगतका प्रतिवेदनमा अध्ययन अनुसन्धानको प्रतिवेदन, प्रदेश गौरवका आयोजनाहरूको अनुगमन प्रतिवेदन तयार नगरेको, प्रदेश विकास समस्या समाधान समितिको निर्णय कार्यान्वयन नगरेको लगायतका बेहोरा औंल्याइएकोमा यस सम्बन्धमा सुधार भएको देखिएन।	*विगतका प्रतिवेदनले औंल्याएका विषयलाई प्राथमिकतामा राखी सुधार कार्ययोजना (reform action plan) तयार हुनेगरी अनुगमन तथा मूल्याङ्कन ऐनको अवधारणा पत्र तयार गरिएको छ। आगामी आर्थिक वर्षमा ऐन तर्जुमा गरी अनुगमन तथा मूल्याङ्कन पद्धतिको आधार तयार गरिनेछ। अनावश्यक समिक्षा तथा अनुगमनलाई निरुत्साहित हुने व्यवस्था ऐनमार्फत सुनिश्चित गरिनेछ। *अध्ययन अनुसन्धान तथा अनुगमन प्रतिवेदन नियमित रूपमा तयार गर्ने र त्यसलाई निर्णय प्रक्रियासँग जोड्ने व्यवस्था गर्न प्रतिवेदनको गुणस्तर र उपयोगिता सुनिश्चित गर्न मापदण्ड विकास गरी नीतिगत पहल गरिनेछ। एकिकृत वार्षिक अनुगमन प्रतिवेदन कानूनमार्फत अनिवार्य गरिनेछ।	-
	बेरुजु रकमको विवरण - आयोगको यो वर्ष लगती बेरुजु देखिएको छैन। यस सम्बन्धी विवरण अनुसूची-९ मा रहेको छ।	*उल्लिखित सैद्धान्तिक बेरूजु सम्बोधन गर्न आयोग प्रतिबद्ध रहेको छ।	-

३.१० प्रदेश लोक सेवा आयोग

३.१०.१ महालेखा परीक्षकको सातौं बार्षिक प्रतिवेदन, २०८२ उपर भएका छलफलका निर्णयहरुः

दफा	बेरुजुको संक्षिप्त विवरण	आयोगको जवाफ	समितिको निर्णय
१	**लेखापरीक्षण अङ्कः-** यो वर्ष आयोगको रु.१९ करोड ६१ लाख १ हजारको लेखापरीक्षण सम्पन्न भएको छ।	-	-
२	**बजेट खर्चः-** महालेखा नियन्त्रकको कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त सचिवालयको यस वर्षको आर्थिक विवरण अनुसार चालु तर्फ ७९.९०% तथा पुँजीगत तर्फ ३०.१७% गरी समग्रमा ७५.९४% वित्तीय प्रगति	-	-

दफा	बेरुजुको संक्षिप्त विवरण	आयोगको जवाफ	समितिको निर्णय
	भएको छ।		
३	**दरखास्त र राजस्वको स्थितिः-** प्रदेश लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०८० को दफा११ मा आयोगले प्रकाशन गरेको विज्ञापनमा आवेदन गर्ने उम्मेदवारले दरखास्त दस्तुरबापत तोकिएको शुल्क बुझाउनुपर्ने व्यवस्था रहेको छ। आर्थिक वर्ष २०८०।८१ मा १ लाख २७ हजार ७०१ उम्मेदवारबाट २ लाख ४४ हजार ११२ दरखास्त प्राप्त गरी रु.११ करोड ३७ लाख ९२ हजार परीक्षा दस्तुर सङ्कलन भएको छ।	-	-
४	**पाठ्यक्रम निर्माणः-** प्रदेश लोकसेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०७८ को दफा ५ मा पाठ्यक्रम निर्माण सम्बन्धी व्यवस्था छ। आयोगले हालसम्म विभिन्न सेवा समूहका प्राविधिक र अप्राविधिकतर्फका चौथो तहदेखि एघारौं तहसम्म १०७ प्रकारका पदको पाठ्यक्रम निर्माण गरेको छ। प्रदेश निजामती सेवा ऐन तथा नियमावली बमोजिम तोकिएको सबै पदको पाठ्यक्रम तयार गर्नुपर्दछ ।	आवश्यकता अनुसार विभिन्न सेवा समूहका प्राविधिक तथा अप्राविधिक तर्फका चौथौं तहदेखि एघारौं तहसम्म १०७ प्रकार का पाठ्यक्रम निर्माण गरिएको।	महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने।
	बेरुजु रकमको विवरणः- आयोगको लेखापरीक्षणबाट यस वर्ष लगती बेरुजु देखिएको छैन। यस सम्बन्धी विवरण अनुसूची-९ मा रहेको छ।	-	-

३.११ मुख्य न्याधिवक्ताको कार्यालय

३.११.१ महालेखा परीक्षकको सातौं बार्षिक प्रतिवेदन, २०८२ उपर भएका छलफलका निर्णयहरुः

दफा	बेरुजुको संक्षिप्त विवरण	आयोगको जवाफ	समितिको निर्णय
१	**लेखापरीक्षण अङ्कः-** यो वर्ष कार्यालयको रु.१ करोड ४६ लाख ९७ हजारको लेखापरीक्षण सम्पन्न भएको छ।	-	-
२	**बजेट खर्चः-** महालेखा नियन्त्रकको कार्यालयको वित्तीय व्यवस्थापन सूचना प्रणालीबाट प्राप्त सचिवालयको यस वर्षको आर्थिक विवरण अनुसार चालु तर्फ ८७.८७% तथा पुँजीगत तर्फ ५७.१५% गरी समग्रमा ८४.३१% वित्तीय प्रगति भएको छ।	यस कार्यालयमा प्राप्त बजेटको लक्ष्य अनुसारको प्रगति हासिंल गर्न आगामी आ.ब.मा प्रयत्नसिल रहने व्यहोरा अनुरोध	-

दफा	बेरुजुको संक्षिप्त विवरण	आयोगको जवाफ	समितिको निर्णय
		छ।	
३	**बहस पैरवीः-** कार्यालयले यस वर्ष गण्डकी प्रदेश सरकार र यस अन्तर्गत कार्यालयहरूलाई विपक्षी बनाई दर्ता गरिएको उत्प्रेषण, परमादेश, प्रतिषेध अधिकारपृच्छा, निषेधाज्ञा अदालतको अवहेलना रिट निवेदन तथा अन्य मुद्दाको १२९ लगत रहेकोमा प्रदेश र मातहतको निकायको तर्फबाट ४६ मुद्दाको बहस पैरवी भई ८३ मुद्दा बाँकी रहेको छ।	गण्डकी प्रदेश सरकारलाई विपक्षि बनाई दायर भएका रिट निवेदन मुद्धाहरुको बहस पैरवी प्रतिरक्षा लिखित जवाफ दर्ता तथा अन्य मुद्धाको संख्या क्रमिक रुपमा बढ्दै गइरहेको हुँदा यस आ.ब.मा समेत नयाँ दर्ता ६० वटा थप भइ कायम भएका कुल १४३ वटा मुद्धामा ५० वटा मुद्धाको फैसला भई ९३ वटा मुद्धा बाँकी रहेको व्यहोरा अनुरोध छ।	महालेखापरीक्षकको प्रतिवेदनको सुझाव कार्यान्वयन गर्न निर्देशन दिने।
	बेरुजु रकमको विवरणः- कार्यालयको यो वर्ष लेखापरीक्षणबाट देखिएको लगती बेरुजु रु.१७ हजार बेरुजु देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि **फछर्यौट नभएकोले सोही बेरुजु बाँकी रहेको छ।** यस सम्बन्धी विवरण अनुसूची-९ मा रहेको छ।	यस दफामा उल्लेखित बेरुजु रकम रु १७०००।— असुल भइ सम्परिक्षणका लागि महालेखा परीक्षकको कार्यालयको नाम्स सिष्टममा अपलोड गरिएको तर संपरिक्षणको जानाकारी आउन बाँकी रहेको व्यहोरा अनुरोध छ।	-

खण्ड चार
निष्कर्ष र सुझाव

स्रोत साधनको प्राप्ति र प्रभावकारी परिचालनद्वारा तीव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्न प्रदेशले आवश्यक नीति तथा कानून तर्जुमा गरी सोअनुसार संगठनात्मक संरचना व्यवस्थापन, पूर्वाधार विकास, सामाजिक विकास, आर्थिक क्रियाकलाप सञ्चालन तथा परिचालन लगायतका कार्यहरू गर्नुपर्दछ । प्रदेश सरकारको कार्य सञ्चालनमा आर्थिक अनुशासन र वित्तीय सुशासन कायम गर्न देहायका पक्षहरूमा सुधार गर्नुपर्ने देखिएको छः

नीतिगत तथा कानुनी व्यवस्था

१. **नीति निर्माण -** प्रदेश सरकारको कार्य जिम्मेवारी पूरा गर्न विभिन्न मन्त्रालय तथा निकायसँग सम्बन्धित दीर्घकालीन तथा अल्पकालीन नीति निर्माण र सोको कार्यान्वयनको लागि वित्तीय एवम् अन्य स्रोतसाधन व्यवस्थापन गरी अनुगमन समेत गर्नुपर्दछ ।

२. **कानून तर्जुमा -** प्रदेशले नेपालको संविधानको अनुसूचीमा उल्लेख भएका प्रदेशको एकल तथा साझा अधिकार सूची अनुसारका आवश्यक सबै कानून तर्जुमा गरी कार्यसम्पादन प्रभावकारी बनाउनुपर्दछ ।

३. कानून कार्यान्वयन - प्रचलित कानूनको पालना मार्फत आर्थिक अनुशासन, वित्तीय जवाफदेहिता एवम् कार्यान्वयन पारदर्शिता कायम गर्नुपर्दछ । कर्मचारी एवम् पदाधिकारीलाई कानून पालना गर्न सजग र जिम्मेवार बनाउनुपर्दछ ।

४. **सेवा/सुविधा -** प्रदेश सभाका पदाधिकारी तथा सदस्यको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन अनुसार तोकिएका सेवा/सुविधा मात्र प्रदान गर्ने विषयलाई कडाइका साथ पालना गर्नुपर्दछ। कानूनमा व्यवस्था नगरी पदाधिकारी तथा कर्मचारीलाई सुविधा प्रदान गर्ने कार्य नियन्त्रण गर्नुपर्दछ ।

संगठन तथा मानव संसाधन व्यवस्थापन

५. **संरचना हेरफेर -** प्रदेश मन्त्रालयहरूको संख्या तथा संरचना पटक-पटक थपघट हुँदा कार्य जिम्मेवारीमा समेत हेरफेर भएको छ। जसका कारण प्रशासनिक खर्च बढ्नुका साथै जनशक्ति एवम् भौतिक पूर्वाधार व्यवस्थापनमा कठिनाई हुने तथा जिम्मेवारी र जवाफदेहिता कमजोर हुने लगायतका समस्या देखिएकोले यसमा सुधार हुनुपर्दछ ।

६. **मानव संशाधन व्यवस्थापन -** प्रदेश तहमा यथा समयमा दरबन्दी बमोजिम जनशक्तिको पदपूर्ति हुन नसकेकोले विषयगत र विकास निर्माण लगायतका कार्यसम्पादन गर्न दक्ष प्राविधिक जनशक्ति कमी रहेको छ । तसर्थ दरबन्दीअनुसार पदपूर्ति गरी सेवा प्रवाह तथा कार्यसम्पादन प्रभावकारी बनाउनु पर्दछ ।

७. **संगठन संरचना -** संघीय तथा स्थानीय तहबाट सम्पादन हुने कार्यका लागिसमेत प्रदेश छुट्टै कार्यालय स्थापना गरेका कारण संगठन संरचनामा दोहोरोपना देखिएको छ । संघ, प्रदेश र स्थानीय तहबीच काममा दोहोरोपना नहुने गरी संगठन संरचना निर्माण गर्नुपर्दछ । संगठन संरचना चुस्त र छरितो बनाई सेवा प्रवाह प्रभावकारी बनाउन ध्यान दिनुपर्दछ ।

८. **सेवा प्रवाह -** सार्वजनिक सेवा प्रवाह मितव्ययी, प्रभावकारी र दक्षतापूर्वक सञ्चालन गर्न टोकन प्रणाली, विद्युतीय व्यवस्थापन प्रणाली, एकद्वार सेवा तथा हेल्पडेस्क व्यवस्थापन लगायतका व्यवस्था कार्यान्वयनमा ल्याउनुपर्दछ । सार्वजनिक तथा सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, सेवाग्राही सन्तुष्टि सर्वेक्षण जस्ता माध्यमबाट सार्वजनिक सेवाका सम्बन्धमा पृष्ठपोषण लिई सेवा प्रवाहलाई पारदर्शी र जवाफदेही बनाउनु पर्दछ ।

सङ्घीयता कार्यान्वयन

९. **अन्तरतह समन्वय -** नेपालको संविधानको धारा २३५ मा सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वय कायम गर्न संघीय संसदले आवश्यक कानून बनाउने व्यवस्था छ। विकास कार्यक्रम र आयोजनाको वर्गीकरण तथा बाँडफाँट सम्बन्धी मापदण्ड, २०७६ अनुसार सङ्घ, प्रदेश तथा स्थानीय तहबीच आयोजना तथा कार्यक्रम विभाजन गरी कार्यान्वयन गर्नुपर्दछ। कार्यक्रम सञ्चालन गर्दा सङ्घ, प्रदेश र स्थानीय तहबीच दोहोरो पर्ने समस्या देखिएकोले आवश्यक समन्वय गरी यस्ता समस्या निराकरण गर्नुपर्दछ।

१०. **प्रदेश समन्वय परिषद् -** प्रदेश तथा स्थानीय तहले गर्ने काम, कारबाहीमा नीतिगत सामञ्जस्यता, साझा अधिकार क्षेत्रको प्रयोग, प्राकृतिक स्रोतसाधनको बाँडफाँट सम्बन्धमा समन्वय गर्न प्रदेश समन्वय परिषद्ले प्रभावकारी भूमिका निभाउनु पर्दछ।

बजेट व्यवस्थापन

११. **बजेट तर्जुमा -** क्षेत्रगत प्राथमिकता, स्रोत साधनको उपलब्धता, पूर्वाधार विकासको अवस्था, सरोकारवालाको अपेक्षा तथा जनसहभागिता लगायतका पक्षमा ध्यान दिई कार्यान्वयनयोग्य बजेट तर्जुमा गर्नुपर्दछ।

१२. **बजेट अनुशासन -** पूर्व अनुमान गर्न सकिने प्रयोजनका लागिसमेत अर्थ विविध वा अवण्डामा बजेट राखे र वर्षान्तमा रकमान्तर गर्ने परिपाटीबाट वित्तीय अनुशासन कमजोर हुने र वर्षान्तमा भएका विकास निर्माण कार्यको गुणस्तरमा समेत समस्या आउन सक्ने हुँदा यस्तो प्रवृत्तिमा सुधार हुनुपर्दछ।

१३. **विनियोजन दक्षता -** बजेट अनुसार खर्च हुन नसकेका कारण मन्त्रालयहरूको विनियोजन दक्षता सन्तोषजनक देखिदैन। क्षमता विश्लेषण गरी बजेट विनियोजन तथा कार्ययोजना अनुसार बजेट तथा कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ।

१४. **अनुदान -** उपयोग उद्यमशीलता तथा क्षमता विकास, व्यवसायीकरण, आधुनिकीकरण, रोजगारी प्रवर्द्धन लगायतका आधारमा अनुदान प्रदान गर्नुपर्दछ। उत्पादन र उत्पादकत्व वृद्धि हुनेगरी नतिजामूलक क्षेत्रमा अनुदान दिने व्यवस्था गर्नुपर्दछ। अनुदान वितरणको मापदण्ड बनाई वितरित अनुदानको परिपालन बारे अनुगमन गर्नुपर्दछ। अनुदानबाट आम नागरिकले प्राप्त गर्ने सुविधा सुनिश्चित गर्नुपर्दछ।

१५. **चालु खर्च नियन्त्रण -** प्रदेश सरकारको चालु खर्च वर्षेनी बढ्दै गएको देखिन्छ। छरितो सङ्गठन संरचना र कार्य प्रणाली तर्जुमा गरी चालु खर्चलाई वाञ्छित सीमाभित्र राख्नु पर्दछ।

१६. **आन्तरिक नियन्त्रण -** प्रदेश मन्त्रालय र अन्तर्गत निकायबाट सम्पादन गरिने कार्य मितव्ययी, दक्षतापूर्वक र प्रभावकारी ढंगबाट सम्पादन गर्न कामको प्रकृतिअनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्दछ।

१७. **आयोजना व्यवस्थापन -** प्रदेशले निहित सूचक र मापदण्डको आधारमा आयोजनाको प्राथमिकीकरण तया छनौट गर्नुपर्दछ। दिगो विकास लक्ष्य, आवधिक योजना, मध्यमकालीन खर्च संरचना तथा बजेट बीच सम्बन्ध हुने गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ। आयोजना बैंक तयार गरी सो भन्दा बाहिरका आयोजना बजेटमा समावेश नगर्ने व्यवस्था गर्नुपर्दछ।

१८. **परामर्श सेवा तथा प्रतिवेदन कार्यान्वयन -** संगठनको जनशक्तिबाट गर्न सकिने कार्य बाहा परामर्शदाताबाट गराउने प्रवृत्तिमा सुधार हुनु पर्दछ। सम्भाव्यता अध्ययन तथा विस्तृत आयोजना प्रतिवेदनको अभिलेख राखी वार्षिक कार्यक्रम र बजेटसँग आबद्ध गर्नुपर्दछ।

खरिद व्यवस्थापन

१९. **नर्म्स निर्माण -** कार्य एवम् परामर्श सेवाको लागत अनुमान तयार गर्न प्रयोग हुने मान्यतालाई प्रविधिमा भएको परिवर्तन अनुसार अद्यावधिक गर्नुपर्दछ। साथै स्वीकृत मान्यताको पालना गरी खर्च गर्नुपर्दछ।

२०. **खरिद सम्झौता कार्यान्वयन -** खरिद कार्यको प्रारम्भिक चरणमा गरि सक्नु पर्ने जग्गा प्राप्ति, बाताबरणीय प्रभाव अध्ययन, अन्तर निकाय समन्वय लगायतका कार्यहरू सम्पन्न भएपछि माग खरिद गर्नु पर्दछ। सम्झौता अनुसारको काम समयमै सम्पन्न गर्न कार्यतालिका बनाई कार्यान्वयन गर्ने, समयमा कार्य सम्पन्न नगरेकोमा क्षतिपूर्ति लिने व्यवस्था कडाइका साथ कार्यान्वयन गर्ने, सार्वजनिक खरिद कानूनको पालना गर्ने, खरिद कार्यमा संलग्न पदाधिकारीले जिम्मेवारी र जवाफदेहिता पालना गर्न अनुगमनलाई प्रभावकारी बनाउने लगायतका कार्य गरी खरिद कार्य व्यवस्थित गर्नुपर्दछ।

२१. **प्रतिस्पर्धा -** सार्वजनिक खरिदमा प्रतिस्पर्धा सिमित हुने गरी कामलाई टुक्रा पारी सोझै खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ। खरिदलाई प्रतिस्पर्धायुक्त बनाउन विद्युतीय बोलपत्र सूचना प्रणाली अवलम्बन गर्नुपर्दछ।

२२. **उपभोक्ता समिति परिचालन -** सार्वजनिक खरिद नियमावलीमा उल्लिखित सीमाभन्दा बढीको काम टुक्रा पारी उपभोक्ता समितिलाई दिने, उपभोक्ता समितिले निर्माण व्यवसायीबाट काम गराउने बोलपत्र प्रतिस्पर्धा गर्नुपर्ने कार्यसमेत उपभोक्ता समितिबाट गरे, गराएको देखिंदा यस्तो परिपाटी नियन्त्रण गर्नुपर्दछ।

२३. **गुणस्तर परीक्षण -** सार्वजनिक निर्माण कार्य दिगो र प्रतिफलमुखी बनाउन डिजाइन, स्पेसिफिकेशन र गुणस्तर आश्वस्तता योजनाअनुसार निर्माणमा प्रयोग हुने सामग्री र सम्पन्न निर्माण कार्यको गुणस्तर परीक्षण गर्ने व्यवस्था अनिवार्य गर्नुपर्दछ। सम्पन्न आयोजनाको प्रभाव समेत मूल्याङ्कन गर्नुपर्दछ।

भौतिक पूर्वाधार विकास

२४. **पूर्वाधार विकास** - प्रदेश मातहतका सबै जिल्लामा सडक, सिँचाइ, खानेपानी, पर्यटन, दूरसञ्चार, विद्युत, विद्यालय, स्वास्थ्य लगायतका पूर्वाधारको विकास हुने गरी श्रोत व्यवस्थापन गर्नुपर्दछ। त्यसैगरी प्रदेश राजधानी रहने स्थानमा भवन सहितका पूर्वाधार संरचनाको विकास गर्नुपर्दछ।

२५. **जोखिम न्यूनीकरण -** विपद् व्यवस्थापन अन्तर्गत जोखिमको आंकलन, पूर्व तयारीको व्यवस्था, राहत तथा पुनर्स्थापना एवम् पुनर्निर्माण र समन्यायीकरणको अवस्था निर्माण गर्न आवश्यक योजना र तयारीको कार्य गर्नुपर्दछ। सोका लागि आवश्यक पर्ने स्रोतसाधनको व्यवस्थापनमा ध्यान दिनुपर्दछ।

सार्वजनिक स्रोत र सम्पत्ति संरक्षण

२६. **सम्पत्ति व्यवस्थापन -** संघबाट प्रदेश तथा स्थानीय तहमा प्राप्त जिन्सी सामान, सवारी साधन, भवन लगायत हस्तान्तरण भएका सम्पत्ति तथा विद्यमान अन्य सम्पत्तिको अभिलेख सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा अद्यावधिक गर्नुपर्दछ। त्यसैगरी ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पुरातात्विक महत्वका सम्पदा लगायत अन्य सार्वजनिक जग्गा, भवन लगायतको सम्पत्तिको उचित अभिलेख राखी उपयोग र संरक्षण गर्नुपर्दछ।

राजस्व परिचालन

२७. **आन्तरिक राजस्व -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम प्रदेश सरकारको अधिकार क्षेत्रमा पर्ने जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन शुल्क लगायतका क्षेत्रमा अध्ययन गरी राजस्वको दायरामा बढोत्तरी गर्नुपर्दछ। काममा व्यवस्था नगरी कर तथा शुल्कमा छुट दिने कार्य नियन्त्रण गर्नुपर्दछ।

२८. **विभाज्य कोष -** संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार अन्तर्गत सङ्कलन भएको सबै राजस्व सम्वन्धित विभाज्य कोषमा जम्मा गरी समयमै बाँडफाँट गर्नुपर्दछ।

वित्तीय प्रशासन तथा आर्थिक अनुशासन

२९. **आन्तरिक लेखापरीक्षण -** आन्तरिक लेखापरीक्षणको प्रभावकारिता अभिवृद्धि गर्न पेशागत कार्यमा स्वतन्त्रता र समानता अभिवृद्धि गर्ने र आन्तरिक लेखापरीक्षणबाट औंल्याइएका व्यहोरा अन्तिम लेखापरीक्षण हुनु अगावै सुधार गर्ने गरी निकायहरूले भूमिका खेल्नु पर्दछ।

३०. **आचारसंहिता पालना -** सार्वजनिक जवाफदेहिताको पदमा बहाल पदाधिकारीका लागि प्रचलित कानूनमा उल्लेख भएका वातावरणीय व्यवस्था कडाइका साथ परिपालना एवम् सोको अनुगमन गर्ने व्यवस्था मिलाउनु पर्दछ। सार्वजनिक पदाधिकारी वित्तीय पारिवारिक तथा व्यवसाय लगायतका स्वार्थ बाझिने क्रियाकलापमा संलग्न हुन नपाउने व्यवस्था गर्नुपर्दछ।

३१. **प्रतिवेदन कार्यान्वयन -** आन्तरिक र अन्तिम लेखापरीक्षण प्रतिवेदन र अन्य नियमनकारी निकायबाट पेश भएका प्रतिवेदनमा औंल्याइएका व्यहोराको सम्बन्धमा समयमा कारबाही टुङ्गो लगाई बार्षिक अनुशासन कायम गर्नु, गराउनु पर्दछ।

३२. **अनुगमन र मूल्याङ्कन -** प्रदेशको वित्तीय प्रशासन वार्षिक अनुशासन सवल बनाउन अनुगमन, मूल्याङ्कन, जिम्मेवारी र जवाफदेहिता पालना गर्नुपर्ने व्यवस्था कार्यान्वयनमा ल्याउनु पर्दछ।

उपर्युक्त अनुसारका नीतिगत, कानुनी, व्यवस्थापकीय र प्रकियागत विषयमा सुधार गरी असल वित्तीय व्यवस्थापनका माध्यमबाट सार्वजनिक जवाफदेहिता, आर्थिक सुशासन तथा पारदर्शिता प्रवर्द्धन भई सेवा प्रवाह प्रभावकारी हुने, पूर्वाधारको विकासका माध्यमबाट अधिकतम प्रतिफल प्राप्त भई जीवनस्तरमा सुधार आउने अपेक्षा गरिएको छ।

अनुसूची

अनुसूची -१ सार्वनजिक लेखा समितिका पदाधिकारीहरु

सभापित मा. सुधिर कुमार पौडेल

मा. कल्पना तिवारी

मा. कृष्ण प्रसाद पाठक
(मिति २०८३/२/१३ गतेबाट)

मा. गोविन्द बहादुर नेपाली
(मिति २०८३/१/२ गतेसम्म)

मा. जित प्रकाश आले मगर

मा. डा. टकराज गुरुङ
(मिति २०८३/२/१३ गतेबाट)

मा. जित बहादुर शेरचन
(मिति २०८३/१/२ गतेसम्म)

मा. टिका कुमारी बस्याल

मा. नन्दकला दमै नेपाली

मा. दोर्ण बहादुर कुँवर

मा. पञ्चराम गुरुङ्ग

मा. फणिन्द्र देवकोटा
(मिति २०८३/२/१३ गतेबाट)

मा. निर्मला थापा

मा. बेद बहादुर गुरुङ्ग

मा. भिम बहादुर कार्की
(मिति २०८३/१/२ गतेसम्म)

मा. रेशम बहादुर जुग्जाली

मा. सरस्वती गुरुङ्ग

मा. सुशिला सिंखडा

अनुसूची -२ समितिका कर्मचारीहरु

श्री गोविन्द पौडेल
प्रदेश सभा सचिव

श्री पदमराज बराल
समिति सचिव/लेखा अधिकृत

श्री चन्द्रकला बस्नेत
समिति कर्मचारी/अधिकृत छैठौं

श्री बिमल के.सी.(६९ बैठकसम्म)
समिति कर्मचारी/नायब सुब्बा

श्री जागृती गिरी
समिति कर्मचारी/सहायक लेखापाल चौथौं

श्री कल्पना त्रिपाठी
समिति कर्मचारी/माइक संचालक

श्री धन बहादुर प्याकुरेल
समिति कर्मचारी/कार्यालय सहयोगी

अनुसूची -३ सार्वजनिक लेखा समितिको बैठकका केही झलकहरु

-समितिको बैठक (माननीय मुख्यमन्त्रीज्यू तथा नि. प्रमुख सचिवज्यू, सार्वजनिक लेखा समितिका पदाधिकारी तथा कर्मचारीहरु)

भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालय मन्त्रीज्यू तथा लेखाउत्तरदायी अधिकृतज्यू, सार्वजनिक लेखा समितिका पदाधिकारी तथा कर्मचारीहरु

गण्डकी प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष तथा लेखाउत्तरदायी अधिकृतज्यू, सार्वजनिक लेखा समितिका पदाधिकारी तथा कर्मचारीहरु

समितिको बैठकमा माननीय सदस्यहरु

समितिको बैठकमा माननीय सदस्यहरु

उद्योग तथा पर्यटन मन्त्रालय मन्त्रीज्यू, वन तथा वातावरण मन्त्रालय मन्त्रीज्यू, मन्त्रालयका लेखाउत्तरदायी अधिकृतज्यू, सार्वजनिक लेखा समितिका पदाधिकारी तथा कर्मचारीहरु

आर्थिक मामिला मन्त्रालय मन्त्रीज्यू, मन्त्रालयका लेखाउत्तरदायी अधिकृतज्यू, सार्वजनिक लेखा समितिका पदाधिकारी तथा कर्मचारीहरु

सामाजिक विकास, युवा तथा खेलकूद मन्त्रालय मन्त्रीज्यू, मन्त्रालयका लेखाउत्तरदायी अधिकृतज्यू, सार्वजनिक लेखा समितिका पदाधिकारी तथा कर्मचारीहरु

उर्जा, जलश्रोत तथा खानेपानी मन्त्रालय मन्त्रीज्यू, मन्त्रालयका लेखाउत्तरदायी अधिकृतज्यू, सार्वजनिक लेखा समितिका पदाधिकारी तथा कर्मचारीहरु

स्वास्थ्य मन्त्रालय मन्त्रीज्यू, मन्त्रालयका लेखाउत्तरदायी अधिकृतज्यू, सार्वजनिक लेखा समितिका पदाधिकारी तथा कर्मचारीहरु

कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय मन्त्रीज्यू, मन्त्रालयका लेखाउत्तरदायी अधिकृतज्यू, सार्वजनिक लेखा समितिका पदाधिकारी तथा कर्मचारीहरु

समिति बैठक (गण्डकी प्रदेशका लागि जिम्मेवार नायब महालेखा परीक्षक विभिन्न मन्त्रालयका लेखा उत्तरदायी अधिकृतहरुलाई जानकारी गराउँदै)

समिति बैठक (गण्डकी प्रदेश अन्तर्गत विभिन्न मन्त्रालयका लेखा उत्तरदायी अधिकृतहरु)

समिति बैठक (गण्डकी प्रदेश अन्तर्गत विभिन्न मन्त्रालयका लेखा उत्तरदायी अधिकृतहरु)

समिति बैठक (गण्डकी प्रदेशका लागि नायब महालेखा परीक्षक र गण्डकी प्रदेश अन्तर्गत विभिन्न मन्त्रालयका लेखा उत्तरदायी अधिकृतहरु)

गण्डकी प्रदेशका लागि महालेखा परीक्षकको कार्यालयका निर्देशक र गण्डकी प्रदेश अन्तर्गत विभिन्न मन्त्रालयका लेखा उत्तरदायी अधिकृतहरु)

समिति बैठक (गण्डकी प्रदेशका लागि महालेखा परीक्षकको कार्यालयका निर्देशक र गण्डकी प्रदेश अन्तर्गत विभिन्न मन्त्रालयका लेखा उत्तरदायी अधिकृतहरु)

समिति बैठक (गण्डकी प्रदेश अन्तर्गत विभिन्न मन्त्रालयका लेखा उत्तरदायी अधिकृतहरु)

गण्डकी प्रदेशको गौरवका आयोजना शालिग्राम करिडर तथा कोरोला-पोखरा-त्रिवेणी लोकमार्ग वरिपरि पर्ने योजना /कार्यक्रमहरुको स्थलगत अनुगमन

गण्डकी प्रदेशको गौरवका आयोजना शालिग्राम करिडर तथा कोरोला-पोखरा-त्रिवेणी लोकमार्ग वरिपरि पर्ने योजना /कार्यक्रमहरुको स्थलगत अनुगमन

गण्डकी प्रदेशको गौरवका आयोजना शालिग्राम करिडर तथा कोरोला-पोखरा-त्रिवेणी लोकमार्ग वरिपरि पर्ने योजना /कार्यक्रमहरुको स्थलगत अनुगमन

प्रदेशको गौरवका आयोजना शालिग्राम करिडर तथा कोरोला-पोखरा-त्रिवेणी लोकमार्ग वरिपरि पर्ने योजना /कार्यक्रमहरुको स्थलगत अनुगमन

त्रिवेणी लोकमार्ग वरिपरि पर्ने योजना /कार्यक्रमहरुको स्थलगत अनुगमन

गण्डकी प्रदेशको गौरवका आयोजना शालिग्राम करिडर तथा कोरोला-पोखरा-त्रिवेणी लोकमार्ग वरिपरि पर्ने योजना /कार्यक्रमहरुको स्थलगत अनुगमन

गण्डकी प्रदेशको गौरवका आयोजना शालिग्राम करिडर तथा कोरोला-पोखरा-त्रिवेणी लोकमार्ग वरिपरि पर्ने योजना /कार्यक्रमहरुको स्थलगत अनुगमन

गण्डकी प्रदेशको गौरवका आयोजना शालिग्राम करिडर तथा कोरोला-पोखरा-त्रिवेणी लोकमार्ग वरिपरि पर्ने योजना /कार्यक्रमहरुको स्थलगत अनुगमन

गण्डकी प्रदेशको गौरवका आयोजना शालिग्राम करिडर तथा कोरोला-पोखरा-त्रिवेणी लोकमार्ग वरिपरि पर्ने योजना /कार्यक्रमहरुको स्थलगत अनुगमन

गण्डकी प्रदेशको गौरवका आयोजना शालिग्राम करिडर तथा कोरोला-पोखरा-त्रिवेणी लोकमार्ग वरिपरि पर्ने योजना /कार्यक्रमहरुको स्थलगत अनुगमन

शालिग्राम करिडर तथा कोरोला-पोखरा-त्रिवेणी लोकमार्ग वरिपरि पर्ने योजना /कार्यक्रमहरुको स्थलगत अनुगमन

गण्डकी प्रदेशको गौरवका आयोजनाको स्थलगत अनुगमनको क्रममा

गण्डकी प्रदेशको गौरवका आयोजना शालिग्राम करिडर तथा कोरोला-पोखरा-त्रिवेणी लोकमार्ग वरिपरि पर्ने योजना /कार्यक्रमहरुको स्थलगत अनुगमन

गण्डकी प्रदेशको गौरवका आयोजना शालिग्राम करिडर तथा कोरोला-पोखरा-त्रिवेणी लोकमार्ग वरिपरि पर्ने योजना /कार्यक्रमहरुको स्थलगत अनुगमन

प्रदेश गौरवका आयोजना कोरोला-पोखरा-त्रिवेणी लोकमार्गको स्थलगत अनुगमन

प्रदेश गौरवका आयोजना कोरोला-पोखरा-त्रिवेणी लोकमार्गको स्थलगत अनुगमन

------------ ईति शुभम् ------------